# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

गीतकार ज्ञानेन्द्र गदालको जन्म वि.सं. २०२० साल माघ ३ गते शुक्रबार माता भक्तकुमारी गदाल र पिता स्वर्गीय चन्द्रबहादुर गदालका तेस्रो सन्तानका रूपमा इलाम जिल्लाको फिक्कल गा.वि.स. वडा नं. ६ फिक्कल बजारमा भएको हो । मध्यम वर्गीय शिक्षित परिवारमा जन्मिएका गदाल सानैदेखि साहित्यमा रुचि राख्थे, नेपाली साहित्यका स्रष्टाहरू तारानाथ शर्मा, विष्णु नवीन, पासाङ्ग गोपर्माको सिर्जनाशीलता र जन्मस्थल इलामको प्राकृतिक सुन्दरताबाट प्रभावित भएका गदाल २०४१ सालमा रेडियो नेपालमा 'हृदय भरि सजाइदिन्छु मायाको सम्झना' बोलको गीत रेकर्ड गराएर नेपाली गीतसाहित्यको क्षेत्रमा प्रवेश गरेका हुन् । हालसम्म १५० भन्दा बढी गीत रचना गरिसेकेका गदालका २ वटा गीतसङ्ग्रह **मलाई छुने मन** (२०६०) र **झरीपछिको आकाश** (२०७०) अनि ५ वटा एल्बमहरू **यौवन** (२०५५), **आँखीझ्यालैमा** (२०५३), **मौनता** (२०५४), **परदेश** (२०६१) र **सम्झनाका छालहरू** (२०७०) प्रकाशित छन् । उनले मानवीय प्रेम, जीवनदर्शन, देशप्रेम, प्रकृतिचित्रण, मातृप्रेम, व्यङ्ग्य भावलगायतका विषयवस्तुलाई अँगालेर गीत रचना गरेको पाइन्छ । उनका गीतहरूमा प्रणयात्मक र प्रणयेतर दुबै विषय समेटिएका गीतहरू रचना गरेका गदालले मानवीय प्रेमअर्न्तगत संयोग र विप्रलम्भ दुवै विषयवस्तु आएका छन् भने उनले त्यहाँ देशप्रेमका गीतमा वीर गोर्खालीको वीरगाथाको वर्णन गर्दै देश विकासमा लाग्न सम्पूर्ण नेपालीलाई आह्वान गरेका छन् । उनका प्रणयेतर अर्न्तगत जीवन दर्शनका गीतमा जीवनसुन्दर बनाउन शान्तिको बाटो अपनाउनुपर्ने भाव व्यक्त गरेका छन् भने प्रकृतिको सुन्दरताको वर्णनका साथै आमाको निःस्वार्थ प्रेमको वर्णन गर्दै देशमा हावी रहेको राजनीतिक अस्तव्यस्ततालाई व्यङ्ग्य पनि प्रहार गरिएको छ । यसरी विविध विषयलाई आधार बनाएर गीत रचना गरेका गदालले नेपाली गीतसाहित्यमा दिएको महत्त्वपूर्ण योगदान र उनको साहित्यिक व्यक्तित्व र रचनाको अध्ययन एवं विश्लेषण गर्नुपर्ने देखिन्छ । यसरी गदालका सिर्जनाहरूका आधारमा उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु प्रस्तुत शोधकार्यको विषय रहेको छ ।

## १.२ समस्याकथन

नेपाली साहित्यको गीत लेखन क्षेत्रमा रहेर विविध विषयवस्तुप्रधान गीत रचना गरी नेपाली गीतसाहित्यलाई महत्त्वपूर्ण योगदान दिने गदालका बारेमा अध्ययन गर्न प्रस्तुत शोधपत्र निम्ननुसारका समस्याहरूमा केन्द्रित रहेर तयार पारिएको छः

१. ज्ञानेन्द्र गदालको जीवनी केकस्तो रहेको छ ?

२. ज्ञानेन्द्र गदालको व्यक्तित्वका केकस्ता पक्षहरू रहेका छन् ?

३. ज्ञानेन्द्र गदालको साहित्य यात्रा केकस्तो छ ?

४. ज्ञानेन्द्र गदालका साहित्यिक कृतिहरू केकस्ता छन् ?

## १.३ शोधकार्यका उद्देश्यहरू

नेपाली गीत साहित्यका क्षेत्रमा कलम चलाएर यसलाई समृद्ध तुल्याउने स्रष्टामध्येका एक गीतकार गदालको बारेमा समग्र रूपमा अध्ययन गर्नु यस शोधपत्रको मूल उद्देश्य रहेको छ । प्रस्तुत शोधपत्र निम्नालिखित उद्देश्यमा केन्द्रित भई तयार पारिएको छ-

१. ज्ञानेन्द्र गदालको जीवनीको अध्ययन गर्नु,

२. ज्ञानेन्द्र गदालका व्यक्तित्वका विविध पक्षहरूको अध्ययन गर्नु,

३. ज्ञानेन्द्र गदालको साहित्यिक यात्राको निरूपण गर्नु,

४. ज्ञानेन्द्र गदालका साहित्यिक कृतिहरूको अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

ज्ञानेन्द्र गदाल नेपाली गीतसाहित्यका क्षेत्रमा सक्रिय सर्जक हुन् । चालिसको दशकदेखि हालसम्म उनका विभिन्न गीतसङ्ग्रह र एल्बमहरू प्रकाशित भएका छन् । लोकगीत, आधुनिक तथा राष्ट्रिय गीतहरू रचना गरेका गदालको यसबाहेक अन्य विधासँग सम्बद्ध कुनै पनि सिर्जनात्मक कृतिहरू देखापरेका छैनन् । यिनका यिनै कृतिहरूका बारेमा विभिन्न समयमा विभिन्न विद्वानहरूले चर्चा गरेका छन् । उनका बारेमा विभिन्न

पुस्तकहरूमा जेजति कार्य भएका छन् तिनलाई कालक्रमिक रूपमा तल प्रस्तुत गरिएको छ ।

तारानाथ शर्माले **मलाई छुने मन** (२०५९) गीतसङ्ग्रहको "छाति भित्र भुल्भुलिएका गीत" शीर्षकको भूमिका लेख्ने क्रममा ज्ञानेन्द्र नैतिकताको सीमाभित्र रही युवक-युवतिको चोखो प्रेमका कवितामय उद्‍गारलाई प्रकृतिको पृष्ठभूमिमा सजाएर गीत रचना गर्छन् भनी उल्लेख गरेका छन् ।

बुलु मुकारूङ्गले **मलाई छुने मन** (२०५९) गीतसङ्ग्रहको "कुन शहरमा घुम्दै होला मलाई छुने मन" शीर्षकको भूमिका लेख्ने क्रममा ज्ञानेन्द्र मातृभूमिप्रति अथाह माया पोख्दै सलल बग्ने गीत सिर्जना गर्न सफल छन् भनी उल्लेख गरेका छन् ।

कृष्णहरि बरालले **गीत सिद्धान्त र इतिहास** (२०६०) पुस्तकमा ज्ञानेन्द्र प्रेम गीतभित्र हृदयका भाव र देशभक्ति गीतमा राष्ट्रको भूगोल तथा ऐतिहासिक वीरहरूको राम्रो वर्णन गर्न सिपालु छन् भनी उल्लेख गरेका छन् ।

प्रतीक ढकालले **झरीपछिको आकाश** (२०७०) गीतसङ्ग्रहको "मन छुने गीत लेख्छन् ज्ञानेन्द्र" शीर्षकको भूमिका लेख्ने क्रममा ज्ञानेन्द्र माटोसँगको भावनालाई मनमा संगालेर मुटु छुने गीत लेख्छन् भनी उल्लेख गरेका छन् ।

कृष्णप्रसाद पराजुलीले **झरीपछिको आकाश** (२०७०) गीतसङ्ग्रहको "ज्ञानेन्द्रका गीतमाथि अलिकति फूलपात" शीर्षकको भूमिका लेख्ने क्रममा ज्ञानेन्द्र विश्वाश र पीडा, देश, समाज राष्ट्रियता अनि मान्छेका रूप र आप्रवासी हुनुको भाव चित्रण गर्न सफल छन् भनी उल्लेख गरेका छन् ।

कृष्णहरि बरालले **झरीपछिको आकाश** (२०७०) गीतसङ्ग्रहको "आकाश पक्कै खुल्छ" शीर्षकको भूमिका लेख्ने क्रममा ज्ञानेन्द्र जन्मभूमिप्रतिको श्रद्धाभाव व्यक्त गर्दै कोही नेपाली आधारभूत आवश्यकताबाट वञ्चित हुन नपरोस् भन्ने भावका गीत लेख्छन् भनी उल्लेख गरेका छन् ।

यसरी ज्ञानेन्द्र गदालको सामान्य समीक्षा केही भए पनि उनको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन हुन सकेको देखिदैन । यही परिप्रेक्ष्यमा उनको समग्र जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन गरी प्रस्तुत शोधपत्र तयार पारिएको हो ।

## १.५ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता

प्रस्तुत अध्ययनद्वारा गीतकार ज्ञानेन्द्र गदाललाई नेपाली गीत साहित्यको माध्यमबाट सबैमा चिनाउने प्रयास गरी उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित रहि आउने पिढी तथा उनको जीवनी र कृतित्वका बारेमा अध्ययन गर्ने अध्येता र नेपाली गीत साहित्यभित्र गीतको इतिहास लेख्न र गतिविधिको मूल्याङ्कन गर्ने जो कोहीलाई पनि सहायता मिल्ने साथै नेपाली गीत साहित्यका क्षेत्रमा गदालले पुऱ्याएको योगदानलाई विश्लेषण गर्नु यस अध्ययनको औचित्य रहेको छ । सङ्ख्यात्मक रूपमा प्रकाशित कृति थोरै भए पनि गुणात्मक रूपमा सशक्त कृतिको रचना गरेका गदाल ओझेलमा रहेका हुनाले उनका बारेमा थप अध्ययन गर्न चाहने जिज्ञासु पाठकहरुलाई प्रस्तुत शोधपत्रबाट प्रर्याप्त मात्रामा सहयोग पुग्नेछ । त्यसकारण प्रस्तुत शोधकार्यबाट ज्ञानेन्द्र गदाललाई नेपाली गीतिसाहित्य जगत्मा चिनाउँदै उनको योगदानको मूल्याङ्कन गरिने भएकाले प्रस्तुत अध्ययन औचित्पूर्ण रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

यस ज्ञानेन्द्र गदालको जीवनी, व्यक्तित्व र कृतित्व सम्बन्धी शोधपत्रका उनका गीतसङ्ग्रहरुको अध्ययन गरिएको छ भने उनका प्रसारित गीतहरूको सामान्य परिचय मात्र दिइएको छ । यहि नै यस शोधकार्यको सीमा हो ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा पुस्तकालयीय अध्ययन विधिलाई नै सामग्री सङ्कलनको प्रमुख आधार बनाइएको छ । यसका साथै गदाल स्वयं अनि उनका बारेमा विभिन्न समयमा गरिएका अध्ययन र उनका परिवारका सदस्य, आफन्त अनि उनलाई चिने जानेका व्यक्तिहरूसँग भेटघाट गरी प्रश्नावली, अन्तवार्ता आदिबाट आवश्यक सामग्री जुटाइएको छ ।

## १.८ शोधविधि

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा खगेन्द्रप्रसाद लुइटेलले **हाम्रो देश हाम्रै भविष्य** नामक गीतसङ्ग्रहको भूमिका लेख्ने क्रममा प्रस्तुत गरेको गीतविश्लेषणको नवीन संरचनावादी प्रारूपलाई आधार मानी सोहीअनुरूप गीतको विश्लेषण गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : ज्ञानेन्द्र गदालको जीवनी

तेस्रो परिच्छेद : ज्ञानेन्द्र गदालको व्यक्तित्व

चौथो परिच्छेद : ज्ञानेन्द्र गदालको साहित्ययात्रा

पाँचौं परिच्छेद : गीत विश्लेषणको प्रारूप

छैटौं परिच्छेद : ज्ञानेन्द्र गदालको गीतसङ्ग्रहको अध्ययन

सातौं परिच्छेद : ज्ञानेन्द्र गदालका गीति एल्बमको अध्ययन

आठौं परिच्छेद : उपसंहार तथा निष्कर्ष

परिशिष्ट

सन्दर्भ सामग्री सूची

# दोस्रो परिच्छेद

# ज्ञानेन्द्र गदालको जीवनी

## २.१ जन्म र जन्मस्थान

मेची अञ्चल इलाम जिल्लाको फिक्कल गा.वि.स. वडा नं. ६ फिक्कल बजारमा वि.सं. २०२० साल, माघ ३ गते शुक्रवार माता भक्तकुमारी गदाल र पिता स्व. चन्द्रबहादुर गदालका माइला छोराका रूपमा ज्ञानेन्द्र गदालको जन्म भएको हो ।[१] स्वर्गीय चन्द्र बहादुरका नौ सन्तानमध्ये पाँच छोरा र चार छोरी रहेका छन् । परिवारमा तेस्रो सन्तानका रूपमा जन्म लिएका ज्ञानेन्द्रभन्दा माथि एक दाजु इन्द्रप्रसाद गदाल र एक दिदी मुनादेवी गदाल रहेका छन् । उनका भाइहरू पूर्ण, पुष्कल र प्रद्युम्न गदाल रहेका छन् भने बहिनीहरू उमा, सावित्रा र अम्बु गदाल रहेका छन् ।[२]

## २.२ बाल्यकाल

बाल्यअवस्था मानव जीवनको पहिलो चरण हो । यस अवस्थामा जो कोही पनि पवित्र निश्छल र निष्कलङ्क हुन्छन् । मानिसका लागि पारिवारिक वातावरण, सामाजिक र साँस्कृतिक वातावरण र तिनलाई ग्रहण गर्दै लैजाने उसको क्षमताले नै जीवनको अगाडिको मार्ग निर्धारण हुन्छ । ज्ञानेन्द्र गदालको पारिवारिक अवस्था आर्थिक र शिक्षित रूपले सुसंस्कृत भएकाले यिनको बाल्यअवस्था राम्ररी बितेको थियो ।[३] उनी बाल्यकालमा एक पटक अज्ञात रोगले सिकिस्त भए उपचारको निम्ति विभिन्न डाक्टर, वैद्य आदि कहाँ लैजादा पनि निको नभएकाले एक प्रकार उनी नबाँच्ने भनेर परिवारले माया मारिसकेका थिए तर गाउँघरमै ज्योतिष र झाँक्रीहरूको घरेलु औषधी र जडिबुटी प्रयोगबाट नै उनी क्रमशः ठिक हुँदै गए । लामो समयको घरेलु उपचार र व्यायामले उनलाई निको पार्न मदत गर्‍यो ।[४] उनी सानै उमेरदेखि प्रकृतिप्रेमी, अध्ययनशील र जिज्ञासु स्वभावका थिए । मानवीय

[१] ज्ञानेन्द्र गदालसँग लिइएको इमेल अन्तरवार्ताबाट प्राप्त जानकारी ।
[२] ऐजन ।
[३] ऐजन ।
[४] आमा भक्तकुमारी गदालबाट प्राप्त जानकारी ।

समवेदनामा बढी चासो राख्ने भएकाले कसैको पीडामा चाँडै दु:खी हुन्थे ।[५] समाजमा मध्यम वर्गीय परिवारले दिनसक्ने सुविधामा हुर्किन पाएका ज्ञानेन्द्रको बाल्यकाल बिनाकठिनाइ बितेको पाइन्छ ।

## २.३ शिक्षादीक्षा

### २.३.१ अक्षरारम्भ, प्राथमिक र माध्यमिक तहको शिक्षा

ज्ञानेन्द्र गदालको प्रारम्भिक शिक्षादीक्षा स्थानीय फिक्कल निम्न माध्यमिक विद्यालयमा भयो ।[६] त्यहाँबाट उनले शिशुकक्षादेखि कक्षा सातसम्मको शिक्षा हासिल गरे । फिक्कलमा माध्यमिक स्तरको विद्यालय नभएकाले करिब तीन कि.मी. पश्चिममा पर्ने करफोक माध्यमिक विद्यालयमा २०३६ देखि २०३९ सम्म अध्ययन गरी त्यहीँबाट २०३९ सालमा एस.एल.सी. उत्तीर्ण गरे । विद्यालयमा उनको पढाइको स्तर ज्यादै राम्रो थियो । बाल्यकालमा लामो समय बिमारी भएका कारण उनी पढाइमा दुई वर्ष जति पछि परे । त्यसैले उनका दौँतरी साथीहरू उनलाई उछिनेर अघि गए पनि पढाइमा तेज र मिलनसार स्वभावका कारण उनी गुरुलगायत सम्पूर्ण साथीभाइहरूका प्रिय थिए ।[७] विद्यालयमा आयोजना हुने साहित्यिक, साङ्गीतिक कार्यक्रममा उनको रूचि थियो र हरेक कार्यक्रममा सहभागी हुन्थे ।[८]

### २.३.२ उच्च तहको शिक्षा

एस.एल.सी. पछि २०३९ सालमा उच्च शिक्षा अध्ययनका लागि काठमाडौँ गई शङ्करदेव क्याम्पसबाट २०३९-४१ मा आइ.कम. र २०४२-४५ मा वि.कम. उत्तीर्ण गरे भने २०४५-४७ मा त्रि.वि. बाट व्यवस्थापनमा स्नातकोत्तर पूरा गरे । २०५४ मा उच्च शिक्षा अध्ययनका लागि अमेरिका गएका गदालले कोलोराडो टेक्निकल युनिर्भसिटिबाट MBA in Account गरेका छन् ।[९]

---

[५] ऐजन ।

[६] ऐजन ।

[७] फिक्कल मा.वि. का तत्कालीन प्रधानाध्यापक नरहरि रिमालबाट प्राप्त जानकारी ।

[८] ज्ञानेन्द्र गदालसँग लिइएको इमेल अन्तवार्ताबाट प्राप्त जानकारी ।

[९] ऐजन ।

## २.४ विवाह तथा सन्तान

ज्ञानेन्द्र गदाल अध्ययनका क्रममा काठमाडौंमा थिए । पढाइको अतिरिक्त साहित्यिक एवं साङ्गीतिक क्षेत्रमा पनि यिनी उत्तिकै सक्रिय थिए । पढाइ सकेर जागिरे जीवन सुरू गरेपछि उनको परिवारले विवाहकोलागि उचित समयको अनुभूत गरी उनका लागि योग्य बधु र परिवारका लागि कुशल बुहारीको खोजी गर्न थाल्यो । यस क्रममा पारिवारिक मित्रवत सम्बन्धमा रहेका एक धार्मिक गुरुको सिफारिसमा विराटनगर निवासी रामबहादुर र कृष्णकुमारी विश्वकर्माकी छोरीसँग कुरा चलाए ।[१०] केटी पक्षको परिवार पनि शुद्ध शाकाहारी (प्रणामी) सम्प्रदायको भएकाले आफ्नो पारिवारिक आस्थासँग मेल खाएका कारण र केटी पनि मनपरेकाले उनीसम्म कुरा आयो । आफ्नो परिवार र केटी पक्षको आग्रहमा उनी विराटनगर गए तर उमेर आफूभन्दा करीब १६ वर्ष कान्छी भएका कारण बिहे नगर्ने मनसायले काठमाडौं नै फर्किए । बाबुआमाको पटकपटकको आग्रह र स्वयं केटीको एकतर्फी प्रेमका सामु उनको केहि लागेन । अरूको आग्रहलाई कहिल्यै नकार्न नसक्ने आफ्नो बाल्यकालदेखिको स्वभावका कारण यस परिस्थितिलाई नकार्न सकेनन् । अन्ततः २०५४ साल असार ७ गते उनीसँग बिवाह भयो । त्यस समयमा गदाल ३४ वर्षका थिए भने लता १८ वर्षकी थिइन् । सामान्य शिक्षित परिवारमा जन्मिएकी लताले एस.एल.सी. सम्मको अध्ययन गरेकी छन् ।[११]

ज्ञानेन्द्र गदालका दुई छोराहरू सरगम (जन्म सन् २००२) र सरल (जन्म सन् २००७) छन् र दुवै छोराहरू अमेरिकामा नै छन् । जेठाछोरा सरगम हाल आठौं कक्षामा र कान्छा छोरा सरल तेस्रो कक्षामा अध्ययनरत छन् ।[१२] मिलनसार स्वभाव र पढाइमा अब्बल रहेका दुवै छोराहरूमध्ये सरगम खेलकुद र साहित्यमा रूचि राख्छन् भने सरलको रूचि संगीतमा छ ।[१३]

---

[१०] ऐजन ।
[११] ऐजन ।
[१२] ऐजन ।
[१३] ऐजन ।

## २.५ बसोबास

ज्ञानेन्द्र गदालको पुर्ख्यौली घर इलाम हो । हाल आमा लगायत परिवारका अन्य सदस्यहरु इलाममा नै छन् । अध्ययनको क्रममा २०३९ सालमा उनी काठमाडौं आए । औपचारिक अध्ययन अर्न्तगत त्रि.वि.बाट व्यवस्थापनमा स्नातकोत्तर गरेका उनी थप अध्ययनका लागि अमेरिका प्रस्थान गरे र हाल उतै बसोबास गर्दै आएका छन् ।[१४]

## २.६ पारिवारिक अवस्था

बुबा स्वर्गीय चन्द्रबहादुर गदाल र आमा भक्तकुमारी गदालका तेस्रो सन्तानका रूपमा जन्मिएका ज्ञानेन्द्र गदालका दाजु इन्द्र गदाल र दिदी मुनादेवी गदाल रहेका छन् भने भाइहरू पुस्कल, पूर्ण र प्रद्युम्न गदाल रहेका छन् भने बहिनीहरू उमा, सावित्रा र अम्बु गदाल छन् । २०५३ सालमा विराटनगर निवासी लता विश्वकर्मासँग विवाह गरेका गदालका दुई छोराहरू सरल र सरगम गदाल अनि श्रीमती लता रहेका छन् ।[१५]

## २.७ शैक्षिक अवस्था

ज्ञानेन्द्र गदालले त्रि.वि. बाट व्यवस्थापन विषयमा स्नातकोत्तर गरेका छन् भने अमेरिकाको कोलोराडो टेक्निकल यूनिर्भसिटिबाट MBS in Accounting गरेका छन् । श्रीमती लताले SLC सम्मको अध्ययन गरेकी छिन् भने छोराहरू सरल र सरगम क्रमश : Class VIII र Class III मा अध्ययनरत छन् ।[१६] यसरी हेर्दा गदालको परिवार शिक्षित देखिन्छ ।

## २.८ आर्थिक स्थिति

ज्ञानेन्द्र गदालको घरको आर्थिक अवस्था मध्यम थियो । गाउँमा खेतीपातीसहित उनका बुबा सुनचाँदी व्यवसायमा संलग्न थिए । त्यसताका उनका बुबाको सुनचाँदी व्यवसाय इलामको पशुपतिनगर, मानेभन्ज्याङ्ग, जौबारी र झापाको धुलाबारी, बुधवारे चारआली आदि स्थानमा सञ्चालित थियो । यस व्यवसायबाट राम्रो आम्दानी हुन्थ्यो । यसैले गर्दा उनको विद्यालय तहदेखि काठमाडौंमा स्नातकोत्तर तह सम्मको अध्ययन सम्भव भएको

---

[१४] ऐजन ।
[१५] ऐजन ।
[१६] ऐजन ।

थियो ।[१७] व्यक्तिगत रूपमा ज्ञानेन्द्र गदालले करिब एक दशकको सरकारी सेवामा कुनै आर्थिक उपलब्धि हासिल गर्न सकेनन् । उनका नाममा फिक्कलमा केही पैत्रिक सम्पत्ति र झापामा केहि जग्गा रहेको छ भने अमेरिकामा उनको आफ्नै व्यापार व्यवसाय रहेको छ ।[१८]

## २.९ कार्य क्षेत्रमा संलग्नता

### २.९.१ पेसागत संलग्नता

गीतकार ज्ञानेन्द्र गदालको मुख्य पेसा नोकरी रहेको छ । उनले विभिन्न समयमा नेपाल र अमेरिकाका विभिन्न सरकारी गैरसरकारी सङ्घसंस्थामा जागिर खाँदै हाल अमेरिकामा नोकरीका साथ आफ्नै निजी व्यवसाय समेत सञ्चालन गर्दै आएका छन् ।[१९] नेपालबाट र वि.सं. १९९८ को नोभेम्बरमा अमेरिका प्रस्थान गरेपछि उनले निम्न लिखित सङ्घसंस्थाहरूमा काम गरेको देखिन्छ ।

१. २०४१-२०४७ सालसम्म खाद्यसंस्थान, राष्ट्रिय कम्प्युटर केन्द्र, रेडियो नेपालमा कर्मचारीका रूपमा कार्य गरेका ।

२. २०४७-२०५४ साल सम्म तत्कालिन श्री ५ को सरकारको निजामति सेवामा रही निर्वाचन आयोग र वन मन्त्रालयमा अधिकृतका रूपमा कार्य गरेका

३. सन् २०००-२००५ सम्म State of Colorado अर्न्तगत Auraria Higher Education Center मा Financial Assistant

४. सन् २००६-२००९ सम्म American Health and Science university मा Senior Accountant

५. सन् २०१०-२०१३ सम्म विभिन्न कम्पनिहरूमा Database Administrator (It professional).

---

[१७] ऐजन ।

[१८] ऐजन ।

[१९] ऐजन ।

यसरी विभिन्न सङ्घसंस्थाहरूमा लामो समयसम्म काम गरी जागिरे जीवन विताएका गदाल हाल अमेरिकामा जागिरका साथै आफ्नै व्यवसायमा समेत संलग्न रहेका छन् ।[२०]

## २.९.२ संस्थागत संलग्नता

ज्ञानेन्द्र गदाल साहित्य र समाज सेवामा संलग्न व्यक्ति हुन् । यी क्षेत्रहरूमा रहेर उनका विविध साहित्यिक रचनाहरू प्रकाशित र प्रसारित भएका छन् । नेपाली साहित्य र गीत सङ्गीतको उन्नयनमा विभिन्न सङ्घसंस्थाहरूको स्थापनाका साथै स्थापित सङ्घ संस्थाहरूमा रहि साहित्य र सङ्गीतको प्रचार प्रसार र विकासमा निरन्तर लागिरहेका छन् । नेपालभित्र र नेपाल बाहिर अमेरिकामा स्थापित नेपाली भाषा साहित्य सम्बन्धी बिविध संस्था तथा सेमिनारहरूमा उनको संलग्नता रहँदै आएको छ ।[२१] ती निम्न रूपमा उल्लेख गरिन्छ :

### १. नेपालमा रहँदा

(१) नेपाल साहित्य पत्रकार सङ्घको आजीवन सदस्य (२०४३)

(२) इलामेली समाज काठमाडौंको संस्थापक सदस्य (२०४३)

(३) नेपाल साँस्कृतिक सङ्घ काठमाडौंका संस्थापक सदस्य (२०४७)

(४) राजा पुस्तकालय फिक्कलका संस्थापक सदस्य (२०४८)

(५) नारायण गोपाल संगीत कोषका कार्यकारी सदस्य (२०४८ देखि २०५४)

### २. अमेरिकी जीवनमा रहँदा

(१) संस्थापक सदस्य Academy of Nepalese pots and writers D.C. America (2001)

(२) विशिष्ट सदस्य International Society of poets U.S.A. (2001)

---

[२०] ऐजन ।
[२१] ऐजन ।

(३) Counselor Nepalese Academy of North America (2009)

(४) सल्लाहकार विश्व साहित्य महासङ्घ (2001)

(५) प्रथम निर्वाचित अध्यक्ष अनेसास केन्द्रीय कार्य समिति (२०१०-२०१२)

(६) सल्लाहकार Nepali Association in South east America (2013-2015)

(७) Chairmen MD/SG Publications, Colorado U.S.A. 2013 to present

(८) सल्लाहकार Rocky Mountain Friends of Nepal Colorado (2015)

(९) सल्लाहकार अन्तर्राष्ट्रिय नेपाली कलाकार समाज कोलोराडो अमेरिका (२०१५)

**३. विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय गोष्ठी तथा सेमिनारको आयोजनामा संलग्नता**

(१) Coordinator Poetry and literature committee ANDA convention 2003 U.S.A.

(२) Member of coordination committee poetry and literature committee (2004)

(३) Advisor of coordination committee poetry and literacute committee ANA convention 2005 U.S.A.

(४) Sub coordinator 1$^{st}$ International Nepalese literary festival 15 August 2009 New York

(५) Chief coordinator INCS/NRN Literacy festival on 2$^{nd}$ NRN Global conference in Kathmandu October 12, 2009.

(६) Chair for 2$^{nd}$ international Nepalese literacy festival organized by INLS in London UK 2011.

(७) Chair for INLS NRN literacy festival on 3$^{rd}$ Global conference in Kathmandu October 2011.

यिनै क्रियाकलापहरूमा संलग्न रहि देश तथा बिदेशमा समेत नेपाली भाषा, साहित्य र संस्कृतिको सेवा गर्दै आएका छन् ।[२२]

## २.९.३ सामाजिक संलग्नता

मेहनतबाट नथाक्ने दुःखबाट पर नभाग्ने जे जस्तो परिआउँछ जीवनमा त्यसलाई सहज साथ सामना गर्न सदा तत्पर रहने गदाल सधैं उत्साही देखिन्छन् । आफूले पाएको जिम्मेवारीलाई पूरागर्न जस्तोसुकै परिस्थितिमा पनि दृढ रूपमा लागिपर्ने गदाल त्यसलाई आफ्नो कर्तव्य र धर्म ठान्छन् । उनी आफ्नो चेतनाले काम गरेदेखि नै गाउँघरमा हुने सामाजिक साँस्कृतिक कार्यमा संलग्न हुन्थे । हाम्रा मौलिक संस्कार र संस्कृतिको संरक्षण गर्नुपर्छ भन्ने सोच सानैदेखि बोकेका उनी मौलिक कला र संस्कृति बाँचे मात्र समाज र देश बाँच्छ भन्ने यथार्थ कुराले प्रभावित देखिन्छन् । मानवीय सेवाबाट नै वास्तविक धर्म मिल्छ भन्ने गदाल मन्दिर गएर ईश्वरलाई पुज्नु भनेको केवल मनलाई सान्त्वना दिनु मात्र हो भन्दै समाजसेवाबाट नै आत्मसन्तुष्टि पाइने कुरामा विश्वास गर्छन् ।[२३]

## २.१० व्यक्तिगत रुचि

ज्ञानेन्द्र गदाल प्रतिभावान व्यक्तित्व हुन् । सादा जीवन र उच्च विचारका अनुयायी गदाल सात्विक भोजन गर्दछन् भने धुम्रपान र मध्यपानबाट उनी सदा टाढा छन् । घरमा आफ्नो काम प्रायः आफै गर्छन्, सादा खाना बनाउन मन पराउने गदाल भड्किलोपनका सक्त बिरोधी हुन् ।[२४] साहित्य कला र संस्कृतिका पारखी गदाल साहित्य सिर्जना गर्ने क्षमता भएका कारण उनको उपस्थिति नेपाली साहित्यमा विशेष छ । साहित्य भित्र पनि उनको विशेष रूचिको विषय गीतसङ्गीत रहेको हुनाले उनी यही क्षेत्रमा जागरूक रूपमा अघि छन् ।[२५] सामाजिक कार्यमा पनि अभिरूचि राख्ने गदाल शिक्षा, स्वास्थ्य र सामाजिक विपद्का समयमा सकेसम्म उद्धारमा लाग्ने सदिक्षा रहेको बताउँछन् । सेवा नै धर्म हो भन्ने मान्यता राख्ने उनको अनाथ, असहाय, बालक र बृद्धहरूको सेवामा बढी लगाव रहेको पाइन्छ । सामाजिक गतिविधिमा समेत अधिक क्रियाशिल गदाल साहित्यिक, साँस्कृतिक एवं

[२२] ऐजन ।
[२३] ऐजन ।
[२४] ऐजन ।
[२५] ऐजन ।

साङ्गीतिक गतिविधिमा अग्रपंक्तिका साधक हुन् ।[२६] नेपाली साहित्यलाई विश्व समुदायमाझ चिनाउन विभिन्न सङ्घसंस्थाहरूको स्थापना र कुशलतापूर्वक सञ्चालनमा सक्रिय संलग्न रँहदै आएका गदाल नेपालीहरू रहे बसेका विश्वका विभिन्न स्थानहरूमा यस्ता कार्यमा लाग्न अरूलाई प्रोत्साहन गर्छन् र नयाँ कार्य गर्न आफू पनि रूचि राख्छन् ।[२७]

## २.११ व्यक्तिगत स्वभाव र बानी व्यवहार

मानिसको स्वभाव निर्माणमा उसको पारिवारिक, सामाजिक, साँस्कृतिक वातावरणले ठूलो प्रभाव पारेको हुन्छ । ऊ जन्मिएको हुर्केको बढेको समाज र वातावरण अनुरूप नै विकसित हुँदै जान्छ । ज्ञानेन्द्र गदालमा पनि यो कुरा लागु भएको पाइन्छ । सुसंस्कृत र शिक्षित परिवारमा जन्मिएका गदालको स्वभाव शान्त र सौम्य किसिमको छ । आफूभन्दा ठूलाको आदर र सानालाई माया गर्ने अनि दीनदु:खीहरूलाई सेवा गर्ने स्वभाव उनमा रहेको छ ।[२८]

आफ्ना कारणबाट अरूलाई हानी नहोस् भन्ने चाहाना बोकेका गदाल पैसालाई भन्दा प्रतिष्ठालाई बढी महत्त्व दिन्छन् । व्यवहारिक शिक्षालाई बढी महत्त्व दिने उनी शिक्षा जीवन उजिल्याउने साधन हो भन्छन् ।[२९] मिठो बोली र नरम अभिव्यक्तिले सबैमा आफ्नो प्रभाव छाड्न सफल गदाल समयअनुसार अगाडि बढ्न सके मात्र जीवन सार्थक बन्छ भन्छन् । हँसिलो अनुहारका गदाल आफ्नो बोलीले साथीभाइहरूलाई एकैचोटि प्रभावित पार्छन् । प्रकृतिका विविध दृश्यहरूको अवलोकनमा रमाउनु उनको स्वभाव हो ।[३०]

## २.१२ भ्रमण

ज्ञानेन्द्र गदालले विभिन्न पेसामा रहदा र अध्ययनको क्रममा नेपाल भित्र र नेपाल बाहिरका विभिन्न स्थानको भ्रमण गरेका छन् । उनले नेपालभित्र काठमाडौं, पोखरा, इलाम, गोरखा, ताप्लेजुङ्ग, तेरथुम, मनाङ्ग, मुस्ताङ लगायत ६० भन्दा बढी जिल्लाको भ्रमण गरेका

[२६] ऐजन ।
[२७] ऐजन ।
[२८] प्रतीक ढकालबाट प्राप्त जानकारी ।
[२९] ज्ञानेन्द्र गदालसँग लिइएको इमेल अर्न्तवार्ताबाट प्राप्त जानकारी ।
[३०] ऐजन ।

छन् भने नेपाल बाहिर भारत, जापान, सिङ्गापुर, मलेसिया, टर्की दुबई, हङ्कङ, कोरिया सम्मको भ्रमण गरका छन् ।[३१]

## २.१३ अविस्मरणीय क्षण

ज्ञानेन्द्र गदालको जीवनको अविस्मरणीय क्षण २०४७ सालको पौष १४ गते तत्कालीन राजा वीरेन्द्रसँग नारायणहिटी राजदरबारमा प्रत्यक्ष पाएको दर्शनभेट र सन् २०११ सेप्टेम्बर २७ तारिकमा कोलोराडोस्थित लिंकन हाइस्कुलमा अमेरिकी राष्ट्रपति बाराक ओवामासँग भएको प्रत्यक्ष भेट् नै उनको जीवनको अविस्मरणीय क्षण रहेको छ ।[३२]

## २.१४ सुख दुःखका क्षणहरू

मानिसको जीवनमा विभिन्न किसिमका घटनाहरू घटिरहन्छन् । औपचारिक, अनौपचारिक रूपमा ज्ञानेन्द्र गदालका जीवनमा पनि यस्ता विविध घटनाहरू घटेका छन् जसले उनलाई जीवनभर झस्काइरहन्छन् । उनको जीवनको सबैभन्दा खुशीको क्षण भनेको २०४१ सालमा पहिलो पटक आफ्नो रचनाको गीत रेकर्ड गराउँदा र २०५४ सालमा रेडियो नेपालबाट सर्वोत्कृष्ट गीतकार घोषित हुँदाको क्षणलाई उनी कहिल्यै बिर्सन सक्दैनन् । यो उनको जीवनको सबैभन्दा सुखको क्षण हो भने सबैभन्दा दुःखको क्षण भनेको आफैले सहयोग र साथ दिएका प्रिय मानिने जनहरूबाट कुनै दिन धोका पाउँदाको क्षण अत्यन्तै पीडादायी भएको उनी बताउँछन् ।[३३]

## २.१५ जीवन दर्शन

ज्ञानेन्द्र गदाल सङ्कीर्णताबाट माथि उठ्न सकेमात्र जीवनले असल मार्ग पहिल्याउन सक्छ भन्ने मान्यता राख्छन् । आर्दशका कुरा गर्ने मात्र होइन त्यसलाई व्यवहारमा उतारेर आफू उदाहरणीय बन्नुपर्छ भन्ने गदाल आफ्नो व्यवहार असल छैन भने अरूलाई असल व्यवहार सिकाउन खोज्नु ढोंगीपना हो भन्दै सबैलाई व्यवहारिक भई सत्मार्गमा लाग्न प्रेरित गर्छन् । मानिसले जानी जानी होस गुमाएर गल्ति दोहोऱ्याएका कारण जीवनभर दुःख पाउँछ भन्दै पलपलमा होस सम्हालेर काम गर्नसके गल्ति दोहोरिने सम्भावना कम रहन्छ र दुःख

[३१] ऐजन ।
[३२] ऐजन ।
[३३] ऐजन ।

कम हुन्छ भन्ने दृष्टिकोण उनमा रहेको पाइन्छ । मन, वचन र व्यवहारद्वारा कसैको चित्त दुखाउनु पाप हो र यिनै तीन चिजद्वारा कसैको भलाई हुन्छ भने त्यो नै धर्म हो, पुजाआजा गरेर मात्र धर्म होइन भन्छन् । साहित्य समाजको ऐना हो । साहित्यले समाजको चित्रण गर्न सक्नुपर्छ भन्ने दृष्टिकोण राख्ने गदाल यसका लागि पहिला समाज बुझ्न आवश्यक छ र लेखनप्रति इमान्दार बन्नुपर्छ भन्छन् । समाजको चित्रण साहित्यमा हुन सकेमा त्यो सही अर्थमा साहित्य हुन्छ भन्ने सोच उनको रहेको छ ।[३४]

## २.१६ साहित्यिक दृष्टिकोण

ज्ञानेन्द्र गदाल साहित्य समाजको ऐना हो भन्छन् ।[३५] साहित्यले समाजका विकृति विसङ्गतिलाई देखाई त्यसलाई हटाउन आवाज उराल्नुपर्छ भन्दै सत्यको पक्षमा रहेर सबैलाई अहिंसात्मक बन्न प्रेरणा जगाउन सक्ने हुनुपर्छ भन्छन् । साहित्य कला, संस्कृति र भाषाको संरक्षण गर्दै देशको विकासमा लाग्न आह्वान गर्ने खालको हुनुपर्छ अनि समाजका असमानताको अन्त्यका लागि आवाज उठाउनु पर्छ भन्दै यस्तो साहित्य अमर रहन्छ भन्छन् ।[३६]

## २.१७ लेखन/प्रकाशन

### २.१७.१ लेखनको प्रेरणा र लेखनारम्भ

साहित्य लेखनमा लाग्न साहित्यकारका साथै रचना र वातावरणको पनि प्रभाव परेको हुन्छ । ज्ञानेन्द्र गदालले वि.सं. २०४० देखि औपचारिक रूपमा साहित्य क्षेत्रमा प्रवेश गरेको पाइन्छ । जन्मथलो इलामको रमणीय प्राकृतिक वातावरण र आफ्नै गाउँघर फिक्कलबाट राष्ट्रिय क्षेत्रमा ख्याति प्राप्त तारानाथ शर्मा, पासाङ्ग गोर्पमा, वीरेन्द्रनाथ खुजेली विष्णु नवीन जस्ता अग्रज साहित्यिक हस्तिहरूको प्रेरणा र स्नेहीसङ्गतबाट उनी साहित्य लेखनका फाँटमा लाग्न प्रभावित भए ।[३७]

---

[३४] ऐजन ।
[३५] ऐजन ।
[३६] ऐजन ।
[३७] ऐजन ।

विद्यार्थी जीवनदेखि नै लेख्न सुरूगरेपनि २०४० सालमा सेवा पत्रिकामा पहिलो पटक कविता प्रकाशन भएको थियो तर उक्त कवितामा के थियो भन्ने कुरा आफूले भुलेको बताउँछन् ।[३८] २०४१ सालमा रेडियो नेपालमा 'हृदय भरि सजाइ दिन्छु मायाको सम्झना' बोलको गीत गायक शम्भु राईको आवाजमा रेकर्ड भएको थियो । २०४० सालदेखि साहित्य सिर्जनामा अनवरत सक्रिय रहँदै आएका गदालले हालसम्म विभिन्न पुस्तक र गीति एल्बमहरू प्रकाशन गरिसकेका छन् । उनले आफ्ना गीतहरूमा प्रेम, प्रणय र राष्ट्रभक्तिभाव एवं परदेशको पीडालाई सरल रूपमा प्रस्तुत गरेका छन् । बाल्यकालमा अनुभव गरेका परिस्थिति, आफू जन्मिएको ठाउँको रमणीयता गुरूबाट पाएको शिक्षा, अग्रजहरूको मार्गदर्शन र परिवार नै उनका साहित्य लेखनका प्रेरणाका स्रोत हुन् ।[३९]

## २.१७.२ पुस्तककार कृति तथा एल्बमहरू

ज्ञानेन्द्र गदालले नेपाली साहित्यको विशेष गरी गीत सङ्गीतका क्षेत्रमा कलम चलाएका छन् । उनीद्वारा रचिएत गीतहरू नेपाली तथा भारतीय नयाँ पुराना धेरै कलाकारहरूले गाइसकेका छन् । हालसम्म उनका २ वटा मझौला आयामका गीतसङ्ग्रह र एकल रचनाका ५ वटा गीति एल्बमहरू प्रकाशित भइसकेका छन् । ती निम्न छन् :

**गीतसङ्ग्रह**

१. **मलाई छुने मन** (२०६०)

२. **झरीपछिको आकाश** (२०७०)

---

[३८] ऐजन ।

[३९] ऐजन ।

**गीति एल्बमहरू**

१. **यौवन** (२०५१)

२. **आँखीझ्यालैमा** (२०५३)

३. **मौनता** (२०५४)

४. **परदेश** (२०६२)

५. **सम्झनाका छालहरू** (२०७०)

## २.१८ सम्मान तथा पुरस्कार

ज्ञानेन्द्र गदालले जीवनका विभिन्न कालखण्डमा विभिन्न पद र पेसामा रहेर प्रशंशायोग्य काम गरेवापत् आफ्नो कार्यकुशलता र सामाजिक योगदानका आधारमा विभिन्न सम्मान र पुरस्कार प्राप्त गरेका छन् । उनले प्राप्त गरेका सम्मान र पुरस्कारहरू निम्न छन् :-

१. उत्कृष्ट लेखक पुरस्कार तथा सम्मान (२०५०) दायित्व प्रकाशन काठमाडौं ।

२. सर्वोत्कृष्ट गीत रचना पुरस्कार (२०५४) रेडियो नेपाल काठमाडौं ।

३. उत्कृष्ट गीत लेखनका लागि अनेसास हरिभक्त कटुवाल स्मृति पुरस्कार (२०६०) अमेरिका ।

४. एपेक सम्मान (२०६८ APE – Nepal) काठमाडौं ।

५. लेखनका माध्यमद्वारा विश्वमा नेपाली साहित्यको प्रचार प्रसारमा योगदान गरेवापत काभ्रे जिल्लाका विभिन्न १६ वटा साहित्यिक सङ्घसंस्थाद्वारा सामूहिक रूपमा अभिनन्दन तथा सम्मान (२०६८) बनेपा काभ्रे ।

६. व्यथित काव्य पुरस्कार (२०६८) काठमाडौं ।

७. अभियान श्री सम्मान (२०६८) काठमाडौं ।

८. ज्योति साहित्य सम्मान (२०६९) काठमाडौं ।

९. नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा सम्मान (२०६९) काठमाडौं ।

१०. इलामेली समाजद्वारा सम्मान (२०६९) काठमाडौं ।

११. Dr. Ambedkar International Brotherhood Award (2012) भारतीय दलित साहित्य एकेडेमी नयाँ दिल्ली ।

१२. INLS Florida chapter and INLS Colorado chapter द्वारा सम्मान (2012), USA.

१३. नेपाली साहित्यमा योगदान गरेवापत Rocky mountain friends on Nepal Colorado द्वारा सम्मान (2006) अमेरिका

यी लगायत विभिन्न सङ्घसंस्थाबाट प्रशंसापत्र समेत प्राप्त गरेका छन् ।[४०]

## २.१९ निष्कर्ष

२०२० साल माघ ३ गते इलाम जिल्लाको फिक्कल गा.वि.स. वडा नं. ६ मा बुबा स्वर्गीय चन्द्रबहादुर गदाल र आमा भक्तकुमारी गदालका तेस्रो सन्तानका रूपमा जन्मिएका ज्ञानेन्द्र गदालको बाल्यकाल सामान्य रूपमा बितेको थियो । बाल्यअवस्थामा लागेको अज्ञात रोगका कारण अलिक ढिलो मात्र विद्यालय जान पाएका उनले स्थानीय फिक्कल नि.मा.वि. मा शिशु कक्षा देखि कक्षा ७ सम्म अध्ययन गरे भने एस.एल.सी. २०३५ सालमा करफोक मा.वि. बाट उत्तीर्ण गरेका थिए । २०३९ सालमा उच्च शिक्षा अध्ययनका लागि काठमाडौं आएका गदालले त्रि.वि.बाट व्यवस्थापन विषयमा स्नातकोत्तर गरी अमेरिकाको कोलोराडो युनिभर्सिटिबाट MBS in Accounting गरेका छन् । २०५४ सालमा विराटनगर निवासी लता विश्वकर्मासँग विवाह बन्धनमा बाँधिएका गदालका २ जना छोराहरू सरल र सरगम रहेका छन् । हाल अमेरिकामा नै बसोबास गर्दै आएका गदालको परिवार शिक्षित देखिन्छ । पुरानो पारिवारिक पृष्ठभूमि र उनी अमेरिकामा व्यवसाय सञ्चालन गरी बसेकाले उनको परिवारको आर्थिक अवस्था राम्रो छ । अध्ययनकै क्रममा विविध सङ्घसंस्थानमा काम गरेका

[४०] ऐजन ।

गदालले २०४१-२०४७ सम्म खाद्यसंस्थान राष्ट्रिय कम्प्युटर केन्द्र, अनि २०४७-२०५४ सम्म निजामती सेवामा रही निर्वाचन आयोगमा कार्य गरेका छन् । नेपाल पत्रकार सङ्घको आजीवन सदस्य (२०४३) नेपाल सांस्कृतिक सङ्घ काठमाडौंका संस्थापक सदस्य (२०४७), सल्लाहकार विश्व साहित्य महासङ्घ (२००१) प्रथम निर्वाचित अध्यक्ष अनेसास केन्द्रीय कार्य समिति लगायतका संस्थाहरूमा कार्य गरेका छन् ।

साहित्य र कलाका पारखी गदाल साहित्य रचनामा रुचि राख्छन् । नेपाली साहित्यको विकासमा लाग्न सबैलाई प्रोत्साहन गर्छन् । आफ्ना कारणबाट अरूलाई हानी नहोस भन्ने चाहाना राख्ने गदाल मिठो बोलि र नरम स्वभावले सबैलाई प्रभाव पार्छन् । नेपाल भित्र काठमाडौं, इलाम, पोखरा लगायत ६० भन्दा बढी जिल्लाको भ्रमण गरेका गदालले नेपाल बाहिर अमेरिका, जापान, कोरिया आदि देशको भ्रमण गरेका छन् । २०४७ सालमा तत्कालिन राजा वीरेन्द्रसँग नारायणहिटी राजदरबारमा भएको भेट र सन् २०११ मा अमेरिकी राष्ट्रपति बाराक ओवामासँग लिङ्कन हाइस्कुलमा भएको प्रत्यक्ष भेट उनको जीवनको अविष्मरणीय क्षण हो । २०५४ सालमा उत्कृष्ट सर्जक पुरस्कारबाट पुरस्कृत हुँदा उनी धेरै भाग्यमानी महसुस गर्छन् भने आफैले सहयोग गरेका मित्रले दिएको धोका उनको दुःखको क्षण हो । जीवनलाई सङ्घर्षको पर्याय मान्ने गदाल मानिसको मन हँसाउन सक्नुपर्छ भन्छन् । साहित्यलाई जीवन जगत उजिल्याउने साधन हो भन्ने गदाल विद्यालय स्तरबाटै कविता, गीत लेख्दै आए पनि काठमाडौ आएर मात्र आफ्नो रचना प्रकाशन गर्न पुग्छन् । आफ्नै क्षेत्र इलामको प्राकृतिक परिवेश र इलामबाटै उदाएका बरिष्ठ साहित्यकारका प्रेरणाले साहित्य लेखनमा लागेको बताउने गदालका हालसम्म २ वटा गीतसङ्ग्रह र ५ वटा एल्बमहरू प्रकाशित छन् । नेपाली साहित्यका क्षेत्रमा दिएको योगदानका कारण विभिन्न नेपाली तथा भारतीय साहित्यिक संस्थाबाट पुरस्कृत भएका गदाल आजपर्यन्त यस क्षेत्रमा अनवरत रुपमा लागिरहेका छन् ।

# तेस्रो परिच्छेद

# ज्ञानेन्द्र गदालको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिको व्यक्तित्व उसको पहिलो परिचय हो । व्यक्तित्व निर्माणमा पारिवारिक वातावरण, सामाजिक परिवेश साथै संस्कार र समकालीन साथीहरूले उल्लेखनीय भूमिका खेलेका हुन्छन् । ज्ञानेन्द्र गदालको व्यक्तित्व विकासमा परिवार, अग्रज तथा साथीभाई एवं शिक्षकहरूको प्रभाव महत्त्वपूर्ण थियो ।[४१] गदालका साहित्यका, समाजसेवी, गीतकार सम्पादक जस्ता प्रमुख पाटाहरू अनुकरणीय छन् ।

## ३.२ शारीरिक व्यक्तित्व

ज्ञानेन्द्र गदाल ४ फिट ११ इन्च उचाई र ६० किलो वजन भएका व्यक्ति हुन् । छ वर्षको बाल्यअवस्थामा लागेको अज्ञात रोगका कारण उनको शारीरिक बनावटमा असर पर्न गई शरीरको पछाडि मेरूदण्ड बाङ्गिएर छातीको भाग केही माथि उठेको छ, तापनि यसले शरीरको बनावटमा अस्वभाविक तवरले फरक पारेको देखिँदैन । सरल व्यक्तित्वका धनी गदाल मझौला कदका छन् । बाटुलो अनुहार मिलेका दाँत भएका उनी बोल्दा प्रायः हाँसेर बोल्ने गर्छन् । सदा सत्यको पक्षमा रहेर अन्यायको डटेर बिरोध गर्ने स्वभावका गदाल पहिरनमा भने प्रायजसो सर्ट, पाइन्ट र ज्याकेट नै लगाउँछन् ।[४२]

## ३.३ व्यक्तित्वका विभिन्न पाटा

ज्ञानेन्द्र गदाल आफूले पाएको कुनैपनि जिम्मेवारीलाई लगनशीलताका साथ पुरा गर्न लागि पर्छन् । साहित्यका क्षेत्रमा पुऱ्याएको योगदानले उनको व्यक्तित्व महत्त्वपूर्ण छ । उनको व्यक्तित्वलाई निम्न पाटाहरूमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

---

[४१] ज्ञानेन्द्र गदालसँग लिइएको इमेल अन्तरवार्ताबाट प्राप्त जानकारी ।

[४२] ऐजन ।




## ३.३.१ साहित्यक व्यक्तित्व

ज्ञानेन्द्र गदाल नेपाली साहित्यका कम विधामा कलम चलाएर पनि महत्त्वपूर्ण योगदान दिन सफल छन् । कविता विधाबाट लेखनको आरम्भ गरेतापनि उनलाई परिचित गराउने विधाचाँही सङ्गीत नै हो । उनको लेखनको रूचिको विषय पनि यहि हो ।[४३] गदालको साहित्यिक व्यक्तित्वलाई क्रमशः अध्ययन गर्न सकिन्छ ।

### १. गीतकार व्यक्तित्व

ज्ञानेन्द्र गदालको व्यक्तित्वको सबल र सशक्त पाटो गीतकार व्यक्तित्व हो । उनी एक चर्चित गीतकार हुन् । उनका गीतहरू **मलाई छुने मन** (२०६०) र **झरीपछिको आकाश** (२०७०) गीतसङ्ग्रहमा सङ्गृहीत छन् । यसका साथै उनका साङ्गीतिक एल्बमहरू **यौवन** (२०५१), **आँखीभ्यालैमा** (२०५३), **मौनता** (२०५४), **परदेश** (२०६१) र **सम्झनाका छालहरू** (२०६९) प्रकाशित छन् ।[४४] उनका गीतहरूमा मायाको संयोग-वियोग दुबै अवस्थाका

[४३] ऐजन ।
[४४] ऐजन ।

भावनात्मक अभिव्यक्ति, प्राकृतिक परिवेशको सुन्दर चित्रण राष्ट्रिय भावनाले ओतप्रोत भै पोखिएका उद्‌गार नै बिशेष पाइन्छ । यसका साथै मानवीय जीवनका यथार्थ भोगाइ र अनुभवहरूलाई ऐना झैं छर्लङ्‌ग पार्ने शब्दभाव उनका गीतमा पाइन्छ । सामाजिक असमानता, लैंगिक वा जातिय बिभेद आदिलाई पनि उनले गीतमा उतारेका छन्‌ भने धर्म संस्कृति, रीतिरिवाज र सामाजिक मान्यताका अवसरलाई पनि गीत बनाएका छन्‌ ।

## २. सम्पादक व्यक्तित्व

ज्ञानेन्द्र गदालले विभिन्न समयमा विभिन्न समाचारमुलक र साहित्यिक पत्रिकाहरूको सम्पादन पनि गरेकाले उनको सम्पादक व्यक्तित्व पनि महत्त्वपूर्ण रहेको छ । उनले निम्न पत्रिकाहरूमा रहेर सम्पादक र प्रधान सम्पादकको महत्त्वपूर्ण कार्य सम्पन्न गरेका छन्‌ ।

१. सम्पादक, क्षितिज पत्रिका, शंकरदेव क्याम्पस, विद्यार्थी युनियनको मुखपत्र (२०४१) ।

२. प्रधान सम्पादक तलास मासिक काठमाडौं (२०४६)

३. सम्पादक, अनुगमन त्रैमासिक, वन तथा भू-संरक्षण मन्त्रालय, काठमाडौं (२०५२-२०५४)

४. सम्पादक अर्न्तदृष्टि साहित्यिक चौमासिक प्रकाशक अनेसास अमेरिका (२००३-२००५)

५. प्रधानसम्पादक अन्तर्दृष्टि साहित्यिक चौमासिक प्रकाशक अनेसास अमेरिका (२००५-२०१०)

६. अतिथि सम्पादक, विश्व सन्देश पाक्षिक पत्रिका, अमेरिका (२००९-२०११)

७. प्रधानसम्पादक, Shikharsansar.com अनलाइन पत्रिका (२०१६)

८. अतिथि सम्पादक, अभिव्यक्ति साहित्यिक पत्रिका अमेरिका विशेषांक (२०१६)

यसरी हेर्दा विभिन्न संघसंस्थाका साहित्यिक पत्रिका सहित साप्ताहिक, पाक्षिक, मासिक पत्रपत्रिकाहरूमा काम गरिसकेका ज्ञानेन्द्र गदालको सम्पादक व्यक्तित्व पनि सफल रहेको देखिन्छ ।

### ३.३.२ साहित्येत्तर व्यक्तित्व

#### ३.३.२.१ समाजसेवी व्यक्तित्व

ज्ञानेन्द्र गदाल सहयोगी मन भएका व्यक्ति भएका कारण समाजमा हुने बिपत्तका समयमा जुझारू रूपमा संलग्न हुन्छन् । समाजका असहाय दीनदुःखी र गरिबप्रति सदा सहयोगी भावले कार्य गर्दछन् । समाजसेवालाई सबैभन्दा ठूलो धर्म मान्ने उनी यसैबाट पुण्य मिल्ने भएकाले मन्दिर धाइरहनु पर्दैन भन्छन् ।[४५] आफूले आफ्नो स्थानबाट जति सकिन्छ त्यति सामाजिक सेवामा योगदान गरिरहन पाऊँ भन्ने उनको सदिक्षा रहेको छ ।[४६]

#### ३.३.२.२ जागिरे व्यक्तित्व

ज्ञानेन्द्र गदालको जागिरे व्यक्तित्व पनि महत्त्वपूर्ण रहेको छ । अध्ययनका लागि काठमाडौं आएदेखि नै उनले आफ्नो जागिर यात्रा सुरू गरेका थिए ।[४७] उनले विभिन्न समयमा विभिन्न संघसंस्थानमा जागिरेका रूपमा काम गरेका थिए । यसलाई निम्न लिखित प्रस्तुत गरिन्छ :

१. २०४७-२०५४ सम्म निजामति कर्मचारीका रूपमा वन मन्त्रालयमा अधिकृत पदमा रही कार्य सञ्चालन

२. सन् २०००-२००५ सम्म state of Colorado अर्न्तगत Auraria higher education center मा Financial Assistant.

३. सन् २००६-२००९ सम्म American Health and science university मा senior Accountant

४. सन् २०१०-२०१३ सम्म विभिन्न कम्पनिहरूमा Database administrator (IT Professional)

---

[४५] ऐजन ।
[४६] ऐजन ।
[४७] ऐजन ।

यसरी विभिन्न समयमा नेपाल तथा अमेरिकाका संघसंस्थाहरूमा कुशल रूपमा कार्य गरेका गदालको जागिरे व्यक्तित्व सफल रहेको देखिन्छ ।

### ३.३.२.३ सङ्गठक व्यक्तित्व

ज्ञानेन्द्र गदालले नेपाली साहित्यका क्षेत्रमा रहेर विभिन्न संघसंस्थाहरूको स्थापना र स्थापित संस्थाको विकासमा महत्त्वपूर्ण भुमिका खेलेकाले उनको सङ्गठक व्यक्तित्व पनि महत्त्वपूर्ण छ । नेपाली साहित्यलाई विश्वस्तरमा पुऱ्याउन र विश्वमा चिनाउन उनले विभिन्न संघसंस्थाहरूको स्थापना र विकासमा ठूलो भूमिका खेलेका छन् । यसलाई निम्नलिखित प्रस्तुत गरिन्छ :

१. इलामेली समाज काठमाडौंका संस्थापक सदस्य (२०४३)

२. नेपाल साहित्य पत्रकार सङ्घका आजीवन सदस्य (२०४३)

३. नेपाल साँस्कृतिक सङ्घ काठमाडौंका संस्थापक सदस्य (२०४७)

४. राजा पुस्तकालय फिक्कलका संस्थापक सदस्य (२०४८)

५. नारायण गोपाल संगीत कोषका कार्यकारी सदस्य (२०४८ देखि २०५४)

६. संस्थापक सदस्य Academy of Nepalese poets and writers America (2001)

७. सल्लाहकार विश्व साहित्य महासंघ - (2001)

८. संस्थापक अध्यक्ष, अर्न्तराष्ट्रिय नेपाली साहित्य समाज, कोलोराडो च्याप्टर (२००३)

९. प्रथम निर्वाचित अध्यक्ष अनेसास केन्द्रीय कार्यसमिति (२०१०-२०१२)

१०. चेयरमेन, संगमगृह प्रकाशन, कोलोराडो २०१३ देखि ।

विभिन्न सङ्घसंस्थाको संस्थापक र सदस्य रहेर उनले गरेको कार्यका आधारमा ज्ञानेन्द्र गदालको सङ्गठक व्यक्तित्व महत्त्वपूर्ण रहेको छ । नेपाली भाषा, संस्कृति र कलाको

विकास विस्तारका साथै यसको उन्नयनमा नेपाल र अमेरिका जहाँ रहेतापनि उनी सक्रिय रूपमा लागिरहेका छन् ।

### ३.३.२.४ अन्तरवार्ताकार व्यक्तित्व

ज्ञानेन्द्र गदालको २०४९ सालमा **मलाई छुने मन** गीतसङ्ग्रहमा सङ्गृहीत 'दिन ढल्यो अँधेरी रातमा' गीत रेडियो नेपालमा रेकर्ड र प्रशारण भइसकेपछि जनमानसमा उनको चर्चा र प्रसार भयो । यस क्रममा उनले विभिन्न रेडियो र पत्रपत्रिकामा अन्तरवार्ता दिएका छन् । यस भन्दा अगाडि पनि उनी अर्न्तवार्ता दिइरहन्थे ।[४८] यो क्रम यसपछि अझ बाक्लिएको देखिन्छ । यस्ता अर्न्तवार्ताहरू **रेडियो नेपाल, नेपाल टेलिभिजन, कान्तिपुर एफ.एम. अन्नपूर्ण पोष्ट, दृष्टि साप्ताहिक, राजधानी दैनिक** लगायत विभिन्न अनलाईन पत्रिकामा पनि छापिएका छन् ।

### ३.३.२.५ चिन्तनशील व्यक्तित्व

ज्ञानेन्द्र गदालको प्रमुख पेशा जागिर नै हो । यसका अतिरिक्त आफ्नो नीजि व्यवसायमा पनि संलग्न छन् । जागिर र व्यवसायबाट बचेको समय साहित्य सिर्जनामा खर्च गर्ने उनी आफू संलग्न परिवेश र वातावरणबाट नै साहित्य सिर्जनाका विविध खुराक प्राप्त भइरहने बताउँछन् ।[४९] कोमल मन दयालु स्वभावका कारण कुनै सानो घटनाले पनि उनमा सिर्जनाको लहर चल्ने गरेको उनी बताउँछन् ।[५०] साहित्य सर्जक भएका कारण उनको व्यक्तित्व चिन्तनशील रहेको छ ।

### ३.३.२.६ प्रेरक व्यक्तित्व

अनेसासका प्रथम निर्वाचित केन्द्रीय अध्यक्ष एवं सुपरिचित र प्रसिद्ध गीतकार परिचय भएका ज्ञानेन्द्र गदालको जीवन प्रेरणादायी छ । जीवनका अनेक आरोह अवरोह सामना गर्दै पनि नेपाली साहित्य र सङ्गीतको समृद्धिका लागि महत्त्वपूर्ण योगदान पुऱ्याउने गदालबाट जो कसैले पनि धेरै कुराहरू सिक्न सक्छन् । गदालको निरन्तर, साधनारत जीवन

---

[४८] ऐजन ।
[४९] ऐजन ।
[५०] ऐजन ।

र विभिन्न क्षेत्रमा भएको संलग्नता अनि सुझारूपनबाट उनको जीवन सबैका लागि प्रेरणादायी बनेको छ ।

## ३.४ जीवनी, व्यक्तित्व र कृतित्वबिच अर्न्तसम्बन्ध

ज्ञानेन्द्र गदालको जन्म पूर्वी नेपालको इलाम जिल्लामा भएर आफ्नो मेहनत र सङ्घर्षले अगाडि बढ्दै नेपाली साहित्यका क्षेत्रमा योगदान दिन सफल छन् । नेपाली साहित्यको गीत लेखन विधामा कलम चलाएका गदालले साहित्यको विकास, प्रचारप्रसार र उन्नयनका लागि धेरै कामहरू गरेका छन् । जीवनमा शिक्षालाई ज्यादै महत्त्व दिने गदाल शिक्षा जीवन उजिल्याउने माध्यम हो भन्छन् । सिर्जनामा सरल भाषाशैलीको प्रयोग गरी जनमानसमा पाच्य कुराहरूले मात्र साहित्यलाई जिवनतता दिन सक्छ भन्ने उनी पाठक वा स्रोताका जीवनका सुख दुःख सिर्जनामा अटाउनुपर्छ भन्छन् । साहित्यकारले आफ्ना जीवनका घटनाहरूलाई सिर्जनामा व्यक्त गर्न सके सिर्जना यथार्थवादी बन्दछ भन्ने उनको मान्यता रहेको छ । साहित्यकारको लेखन जीवनी र व्यक्तित्वको त्रिवेणीले मात्र पाठकमा गहिरो प्रभाव पार्न सक्छ भन्ने मान्यता उनको रहेको छ ।

साहित्यमा सर्जकले अवाज बिहिनहरूको आवाज उठाएर समाजका तमाम वर्गले भोगेका पीडा दुःख व्यक्त गर्न सके त्यो साहित्य अमर रहन्छ र सर्जकलाई पनि समाजले भुल्न सक्दैन । समाजको छायाँ साहित्यमा पर्नुपर्छ अनि मात्र त्यो साहित्य पाठकको मन छुन सफल हुन्छ । नराम्रा कुरीतिहरू हटाएर अगाडि बढ्ने चेतना साहित्यले दिन सक्नुपर्छ तबमात्र साहित्यको महत्त्व बढेर जान्छ अनि यसप्रति सबैको आकर्षण बढ्छ । समाजको विकास, कुसंस्कार, विभेद जस्ता जातिय, वर्गीय मुक्तिको आधार अनि समग्र देशको विकासका लागि साहित्य क्षेत्र सचेत हुनुपर्छ । देशका सम्पूर्ण मानव समुदायलाई एकताको सुत्रमा बाँधेर देशको विकासमा लाग्न प्रेरणा प्रदान गर्न पनि साहित्य सक्षम हुनुपर्दछ । साथै ग्रामीण जनबोलिका भाषाहरूलाई लिएर साहित्य रचना गर्न सके ती हराउन पाउँदैनन् र रोचक पनि हुन्छन् । जनतामा आएको परिवर्तनको चाहनालाई पनि साहित्यले अभिव्यक्त गर्नुपर्दछ ।

## ३.५ निष्कर्ष

यसरी हेर्दा ज्ञानेन्द्र गदालका साहित्यिक रचनाहरूमा उनको जीवनी र व्यक्तित्वको प्रभाव परेको देखिन्छ । आफूले देखे भोगेका सामाजिक पीडालाई उनले आफ्ना सिर्जनामा उठाएका छन् भने संघर्ष गरी पाएको फल व्यक्त गरेका छन् । समाजमा रहेको सामाजिक कुसंस्कारलाई बदल्न आग्रह गर्दै उनले समाज विकासमा अग्रसर हुन सबैलाई आह्वान गरेका छन् । जीवनमा आउने सम्भावित सुख दुःख, हर्ष, पीडा अनि जीवन यात्रामा भेटिने आरोह अवरोह वा संघर्षहरूलाई आफ्ना सिर्जनामा उठान गरेका छन् । यीनैलाई हृदयंगमन गरी सबैमा अगाडि बढ्ने चेतना जगाउने जमर्को गरेका छन् । देशको कला संस्कृति नै देशबाशीको पहिचान हो यसलाई संरक्षण गर्नु प्रत्येकको कर्तव्य हो भन्दै सम्पूर्ण नेपाली एक भएर संस्कृतिको संवर्द्धन गर्दै देश विकासमा लाग्न आग्रह गरेका छन् । देशमा हावी रहेको राजनीतिक अस्तव्यस्ततालाई व्यंग्यात्मक पाराले आफ्ना सिर्जनामा अटाएर सम्बन्धित क्षेत्रलाई सचेत भै देशको हितखातिर संवेदनशील बन्न झक्झक्याएका छन् । जीवन जिउने क्रममा आएका बिविध आरोह अवरोहलाई आफ्ना सिर्जनामा सरल रूपमा व्यक्त गरेका गदालले सफलताले दिएको खुसीको पललाई पनि अभिव्यक्त गरेका छन् । मायाप्रेमका सन्र्दभमा आएका कतिपय तितामिठा क्षणहरूलाई उनले आफ्ना सिर्जनाका माध्यमबाट व्यक्त गरेका छन् । परदेशमा रहदा देशप्रतिको मायालाई आफ्ना गीतमार्फत व्यक्त गर्न सफल रहेका गदालले सबैमिली देशको विकासमा लाग्न आग्रह गरेका छन् । समग्रमा ज्ञानेन्द्र गदालको जीवनी र व्यक्तित्वको प्रभाव उनका कृतिहरूमा परेको देखिन्छ ।

# चौथो परिच्छेद

# ज्ञानेन्द्र गदालको साहित्य यात्रा

## ४.१ पृष्ठभूमि

ज्ञानेन्द्र गदाल विद्यालयस्तर देखि नै साहित्य लेखनमा रुचि राख्थे तर औपचारिक रूपमा लेखनको आरम्भ भने २०३९ सालमा अध्ययनका क्रममा काठमाडौं आगमन पछि मात्र भएको हो । २०४१ सालमा रेडियो नेपालमा गायक शम्भू राईको आवाजमा 'हृदय भरी सजाइदिन्छु मायाको सम्झना' बोलको गीत रेकर्ड गराएका थिए । यसपछि आफ्नो औपचारिक गीत लेखन यात्रा आरम्भ भएको उनी बताउँछन् ।[५१] ज्ञानेन्द्र गदालको सिर्जनाको मुख्य विधा गीत नै हो । हाल सम्म उनले **मलाई छुने मन** (२०६०) र **झरीपछिको आकाश** (२०७०) नामक २ वटा गीतसङ्ग्रह प्रकाशन गरिसकेका छन् । त्यस्तै गदालका **यौवन** (२०५१), **आँखी झ्यालैमा** (२०५३), **मौनता** (२०५४), **परदेश** (२०६२) र **सम्झनाका छालहरू** (२०७०) गीति एल्बमहरू पनि प्रकाशित छन् । प्रकाशित **मलाई छुने मन** (२०६०) र **झरीपछिको आकाश** (२०७०) नेपाली आधुनिक तथा राष्ट्रभक्ति गीतहरू सङ्गृहीत गीतसङ्ग्रह हुन् । गदालका प्रकाशित ५ एल्बमहरूमध्ये **यौवन** (२०५१), **मौनता** (२०५४), **परदेश** (२०६२) र **सम्झनाका छालहरू** (२०७०) आधुनिक नेपाली गीति एल्बम हुन् भने **आँखी झ्यालैमा** (२०५२) नेपाली लोकगीतहरू समेटिएको एल्बम हो । मुख्य रूपमा गीत लेखन क्षेत्रमा कलम चलाएका गदालका गीतहरू नेपाली समाज र माटो सुहाउँदा छन् । उनका गीतहरूमा माया, प्रेम, विरह, वेदना, राष्ट्रभक्ति भावहरू नै समेटिएका छन् । माया र प्रेमका संयोग भन्दा वियोगका भावहरू उनका गीतहरूमा ज्यादा पाइन्छ । नेपाली साहित्यका क्षेत्रमा रहेर लामो समय गीत लेखनमा कलम चलाएका गदालको साहित्य यात्रालाई २ चरणमा बिभाजन गरी निम्नलिखित तल प्रस्तुत गरिएको छ :

१. पहिलो चरण - (२०४० देखि २०६० सम्म)

२. दोस्रो चरण - (२०६१ देखि हालसम्म)

---

[५१] ज्ञानेन्द्र गदालसँग लिइएको इमेल अन्तवार्ताबाट प्राप्त जानकारी ।

### ४.१.१ पहिलो चरण (२०४० देखि २०६० सम्म)

साहित्यकार ज्ञानेन्द्र गदालको पहिलो चरण उनको साहित्य लेखनको प्रारम्भ २०४० देखि २०६० साल सम्मलाई लिन सकिन्छ । गदालको पहिलो चरण लेखन र प्रकाशनका दृष्टिले उर्वर मान्न सकिन्छ । यस चरणमा उनका धेरैजसो गीति एल्बमहरू प्रकाशित छन् भने एउटा गीतिसङ्ग्रह प्रकाशित छ । यस चरणमा उनका **यौवन** (२०५१) **आँखीभ्यालैमा** ( २०५३) **मौनता** (२०५७) नामक गीति एल्बमहरू प्रकाशित भएका छन् । यसै चरणमा उनको एक गीतसङ्ग्रह **मलाई छुने मन** (२०६०) प्रकाशित भएको छ । ८० वटा गीतहरू सङ्गृहीत यस सङ्ग्रह भित्र आधुनिक र राष्ट्रभक्ति भावका गीतहरू रहेका छन् । यस गीतसङ्ग्रह भित्र उनले २०४० साल देखि २०६० साल सम्म रचना गरेका गीतहरू समावेश गरिएको छ । २०४० साल देखि गीत लेखनमा लागेका गदालले २०५० पछि मात्र प्रकाशनतिर ध्यान दिएको देखिन्छ । २०५० पछि वार्षिक रूपमा एक-एक वटा गीति एल्बमहरू र ५ वर्षको अन्तर पछि २०६० सालमा गीतसङ्ग्रह प्रकाशन गरेको देखिन्छ । यस चरणमा उनले लेखन वा प्रकाशन दुवैलाई सँगसँगै अगाडि बढाएको देखिन्छ । यस चरणमा प्रकाशित एल्बम र गीतसङ्ग्रहले उनको परिचय राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तर सम्म फैलियो । नेपाली साहित्य क्षेत्रमा उनको नाम यसै चरणदेखि नै उल्लेखनीय रूपमा चर्चित बन्न पुग्यो । उनका यस चरणमा रचना गरिएका गीतहरूले नेपाली दर्शक स्रोताको मन जित्न सफल भए ।

### ४.१.२ दोस्रो चरण (२०६१ देखि हाल सम्म)

साहित्यकार ज्ञानेन्द्र गदालको साहित्य यात्राको यस दोस्रो चरणलाई हेर्दा प्रकाशनभन्दा लेखनतिर ज्यादा लागेको देखिन्छ । यस दोस्रो चरणमा उनका **परदेश** (२०६२) र **सम्भनाका छालहरू** (२०७०) नामक २ वटा आधुनिक गीति एल्बम प्रकाशन भएपछि लगभग ७ वर्ष सम्म उनका कुनै पनि कृतिहरू प्रकाशन भएको देखिदैन । जागिर र व्यापार व्यवसायमा व्यस्त भएका कारण उनले कृति प्रकाशनका लागि समय  दिन नसकेको देखिन्छ । यस चरणमा प्रकाशित उनका **परदेश** (२०६२) र **सम्भनाका छालहरू** (२०७०) नामक एल्बमहरू आधुनिक नेपाली गीत समेटिएका एल्बमहरू हुन् भने यस चरणको एकमात्र गीतिसङ्ग्रह **भरीपछिको आकाश** (२०७०) नेपाली आधुनिक र राष्ट्रिय भावका गीतहरू समावेश गरिएको गीतसङ्ग्रह हो । यस सङ्ग्रहमा उनका २०६० साल देखि २०७०

साल सम्म रचना गरेका ६५ वटा गीतहरू सङ्गृहीत छन् । यस चरणका उनका गीतहरू भाषाशैली र कलात्मकताका दृष्टिले उत्कृष्ट छन् । उनका यस चरणमा रचिएका गीतहरूले नेपालीपन र नेपाली मनको गुणगान गाएका छन् भने माया प्रेमका कुरा पनि उठाएका छन् । यस चरणका उनका गीतहरूमा माया प्रेमको संयोग भन्दा वियोग अवस्थाको नै ज्यादा चित्रण गरिएको पाइन्छ । यस चरणका उनका गीतहरू प्रथम चरणका भन्दा उत्कृष्ट छन् । साहित्यकार ज्ञानेन्द्र गदालको आफ्नो साहित्य यात्राको प्रथम चरणमा रचेका गीतहरूमा माया, प्रेम, विरह, वेदना अनि आफू जन्मिएको जन्मथलोप्रतिको श्रद्धा भावलाई मुख्य विषयवस्तु बनाएका छन् भने यस दोस्रो चरणमा उनले मानवीय पक्षमा केन्द्रित भएर गीतहरू रचना गरेको पाइन्छ । परदेशमा रहदाको पीडा, घरको सम्झना अनि मातृभूमि प्रतिको मायालाई उनका यस चरणका गीतहरूले बढी मात्रामा उठाएका छन् । माया, प्रेमको संयोग भन्दा वियोगको अवस्थालाई ज्यादा देखाएको पाइन्छ । उनको दोस्रो चरणमा रचिएका गीतहरूमा मायाप्रेम, देशप्रेम, स्थानको वर्णन र विद्याकी देवी सरस्वतीको स्तुति गाइएको पाइन्छ । यस चरणका उनका गीतहरू मानवीय संवेदना र देशप्रेमले ओतप्रोत छन् । मानवीय भाव र प्राकृतिक परिवेशको वर्णन उनका यस दोस्रो चरणका सिर्जनामा प्रशस्त पाइन्छन् । यो दोस्रो चरणले नेपाली साहित्यलाई अमूल्य योगदान दिएको छ ।

### ४.१.३ निष्कर्ष

गीतकार ज्ञानेन्द्र गदाल विद्यालयस्तर देखि नै साहित्य लेखनमा रुचि राख्थे तर औपचारिक रुपमा लेखन र प्रकाशनको आरम्भ भने उच्च शिक्षाको अध्ययनका लागि काठमाडौं आगमनपछी २०३९ बाट मात्र आरम्भ भएको हो । २०४१ सालमा रेडियो नेपालमा गीत रेकर्ड गराएर उनको यस यात्राले निरन्तरता पाएको देखिन्छ । साहित्य यात्राको प्रथम चरणमा उनका ३ वटा गीति एल्बम र एउटा गीतसङ्ग्रह प्रकाशन भएको छ । यस चरणका उनका गीतहरुमा मानवीय प्रेमसँग सम्बन्धित गीतहरु प्रकाशित प्रसारित भएका छन् । माया प्रेमको मिलन भन्दा बिछोड अवस्थाको ज्यादा वर्णन गरिएका यस चरणका गीतहरु नेपाली तथा भारतीय गायक सङ्गीतकारद्वारा स्वर सङ्गीतवद्ध भएकाले गेयात्मक रुपमा सफल देखिन्छ । यस प्रथम चरणका गदालका गीतहरु प्रेमको मिलन भन्दा बिछोड अवस्थाको चित्रण गरिएका छन् ।

ज्ञानेन्द्र गदालको साहित्य यात्राको दोस्रो चरण प्रकाशन भन्दा लेखनतर्फ ज्यादा लागेको देखिन्छ । २०६२ सालमा **परदेश** नामक एल्बम प्रकाशन भएपछि लामो सयमको अन्तरमा २०७० सालमा मात्र कृति प्रकाशित भएको छ । यस समयमा उनी प्रकाशन भन्दा लेखनमा अग्रसर देखिन्छन् । यस चरणका उनका गीतहरुमा मानवीय पक्ष प्रखर रुपमा आएको छ । यस चरणका उनका गीतहरु मानवीय संवेदना र राष्ट्रप्रेमले ओतप्रोत छन् । यसका साथै उनका यस चरणका गीतहरुमा व्यङ्ग्य भाव पनि आएको छ । यस चरणका गीतहरु विभिन्न नेपाली र भारतीय गायक सङ्गीतकारद्वारा स्वर सङ्गीतवद्ध भएकाले गेयात्मक रुपमा सफल छन् । यस दोस्रो चरणमा गदाल एक परिपक्क गीतकारका रुपमा खारिएका प्रतिभा भई देखा परेका छन् । उनका सिर्जनाहरुले नेपाली गीतसाहित्यका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिन सफल छन्

# पाँचौ परिच्छेद

## गीतविश्लेषणको प्रारूप

कुनै भाव, विचार वा घटनाको सरल, संक्षिप्त, आख्यानरहित आत्मनिष्ठ र एकान्वित अभिव्यक्ति भएको विशिष्ट लयात्मक एवं गेयात्मक भाषिक संरचनालाई गीत भनिन्छ ।[५२] गीतको प्रचलन नेपालमा लामै भएता पनि यसको अध्ययन र मूल्याङ्कन कम भएको पाइन्छ । आधुनिक संरचनावादी सिद्धान्त अनुसार त झन् कम भएको पाइन्छ । गीतको विश्लेषणका लागि सर्वप्रथम प्रारूप तयार पार्नुपर्ने हुन्छ र यसका लागि गीतको स्वरूप बुझ्नुपर्ने हुन्छ । "कृतिको विश्लेषण एवं मूल्याङ्कन गर्ने सुव्यवस्थित प्रक्रिया र सुनिश्चितता संहिता वा नियमको रूपरेखालाई प्रारूप भनिन्छ" ।[५३] यो कुनै न कुनै सिद्धान्त वा दृष्टिकोणको अवधारणाका आधारमा तयार पारिएको हुन्छ । यहाँ संरचनावादी अवधारणाका आधारमा प्रारूप तयार पारिएको छ । गीतविश्लेषणको यस प्रारूपका आधारमा सबै प्रकारका गीतको विश्लेषण र मूल्याङ्कन गर्न सकिन्छ ।


गीतको विश्लेषण र मूल्याङ्कनकालागि नेपालीमा कम मात्रामा चर्चा भएको छ । विभिन्न विद्वानहरूले विभिन्न समयमा बिविध अवधारणा प्रस्तुत गरे तापनि तीनले गीतको समग्र पक्षको अध्ययन/मूल्याङ्कन गर्न सकिरहेका थिएनन् । यसरी गीत विश्लेषणको समग्रतालाई समेट्न नसकिरहेको अवस्थामा डा. खगेन्द्रप्रसाद लुइटेलले **हाम्रो देश हाम्रै भविष्य** नामक गीतसङ्ग्रहको "पुराना पिढीका नयाँ कवि हरिभक्त बुढाथोकीको सिर्जनधर्मिता" शीर्षकको भूमिका लेख्ने क्रममा प्रस्तुत गरेको संरचनावादी अवधारणा उपयुक्त रहेको छ । उनको गीत विश्लेषणसम्बन्धी आधार तल प्रस्तुत गरिन्छ :[५४]

---

[५२] खगेन्द्रप्रसाद लुइटेल, 'पुराना पिढीका नयाँ कवि हरिभक्त बुढाथोकीको सिर्जनधर्मिता', हरिभक्त बुढाथोकी, **हाम्रो देश हाम्रै भविष्य** (काठमाडौं : विराज बुढाथोकी, २०६२) पृ.४ ।

[५३] खगेन्द्रप्रसाद लुइटेल **कविताको संरचनात्मक विश्लेषण** (अप्रकाशित विद्यावारिधि, शोधप्रबन्ध, त्रि.वि.२०५८) पृ. २२५ ।

[५४] खगेन्द्रप्रसाद लुइटेल 'पुराना पिढीका नयाँ कवि' हरिभक्त बुढाथोकीको सिर्जनधर्मिता, पूर्ववत पृ.६ ।


वस्तु/भाव वा विचार
प्रणयमूलक/रागात्मक
प्रणयेतर/रागेतर
पर्याधार
वैयक्तिक
सामाजिक
ढाँचा
वृतात्मक
चक्रात्मक
भाषाशैलीय विन्यास
भाषा
शैली
अभिव्यक्ति
एकालापीय
संवादात्मक
प्रस्तुति
वक्तव्यपरक
सम्बोधनात्मक
विम्ब/प्रतीक/अलङ्कार
लय/गेयता/सङ्गीतात्मकता
अग्रभूमीकरण

यसरी गीत विश्लेषणका लागि कुनै गतिलो आधार नरहेको अवस्थामा लुइटेलले प्रस्तुत गरेको यस अवधारणा उपयुक्त रहेको छ । गीतमा प्रयुक्त समग्र विषयवस्तुको सरल र सशक्त रूपमा अध्ययन/मूल्याङ्कन् गर्न सकिने यसै अवधारणालाई आधार मानेर ज्ञानेन्द्र गदालका गीतहरूको विश्लेषण गरिएको छ । तिनको संक्षिप्त परिचय तल प्रस्तुत गरिन्छ :

## ५.१ वस्तु/भाव वा विचार

गीतको वस्तुले भाव/विचार, घटना वा यसको मूलवस्तु मूलकथ्य वा बीज विचारलाई बुझाउँछ । यो अनेक प्रकारको भएतापनि मूलतः प्रेम प्रयणमूलक रागात्मक र प्रणयेतर/रागेतर गरी २ प्रकारले वर्गीकरण गर्न सकिन्छ ।[५५]

### ५.१.१ प्रणयात्मक/रागात्मक विषयवस्तु

प्रणयमूलक विषयवस्तु मूलतः प्रेम, मिलन, वियोग विरह वेदना जस्ता मानवीय सम्बन्धसँग सम्बन्धित हुन्छ ।[५६] यस्तो विषयवस्तु प्रेमपरक पनि हुन्छ र वियोगमूलक पनि हुन्छ ।

### ५.१.२ प्रणयेतर/रागेतर विषयवस्तु

यस प्रकारका गीतहरू मानवीय प्रेम भन्दा भिन्न मानवीय, जीवनसँग सम्बद्ध हुन्छन् । यसमा मिलन, बिछोडसँग सम्बद्ध विषयवस्तु नभएर सामाजिक सांस्कृतिक सन्दर्भहरू रहेका हुन्छन् ।[५७]

## ५.२ पर्याधार

विषयवस्तुको फैलावटलाई पर्याधार भनिन्छ । प्रत्येक गीतमा आ-आफ्नै पर्याधार हुन्छ र यसैभित्र रहेर गीतको कथ्य फिजिएको हुन्छ । यो वैयक्तिक र सामाजिक गरी दुई प्रकारको हुन्छ ।[५८]

---

[५५] ऐजन पृ. ५ ।
[५६] ऐजन पृ. ५ ।
[५७] ऐजन पृ. ५ ।
[५८] ऐजन पृ. ५ ।

### ५.२.१ वैयक्तिक पर्याधार

अन्तर्मुखी अनुभूतिको भावनात्मक अभिव्यक्ति भएको गीतलाई वैयक्तिक पर्याधारयुक्त गीत भनिन्छ ।[५९] गीतकारको आफ्नै मनको अनुभुति प्रकट हुने यस्ता गीत व्यक्तिगत घेराभित्र सीमित हुन्छन् ।

### ५.२.२ सामाजिक पर्याधार

बहिर्मुखी अनुभूति र मानवीय जीवन वा समाजका मार्मिक पक्षको प्रस्तुति भएको गीतलाई सामाजिक पर्याधारयुक्त गीत भनिन्छ ।[६०] बाह्य जगतका विषयवस्तुलाई समेटेका यस्ता गीतहरूले सत्यतालाई पनि अंगालेका हुन्छन् ।

### ५.३ ढाँचा

गीतको स्वरूपगत बुनोटलाई ढाँचा भनिन्छ । यसलाई गीतको आकार वा स्वरूप पनि भन्न सकिन्छ । यो वृत्तात्मक र चक्रात्मक गरी २ प्रकारको हुन्छ ।[६१]

### ५.३.१ वृत्तात्मक ढाँचा

केन्द्रीय भाव वा विचारको पुनरावृत्तीय विस्तार भई उही भावनामा समाप्त गरिएका गीतको ढाँचा वृत्तात्मक हुन्छ ।[६२] गीतको आरम्भको भाव र अन्त्यको भाव एउटै भएमा वृत्तात्मक ढाँचायुक्त हुन्छ । जुन विषयवस्तुलाई गीतको आरम्भमा प्रस्तुत गरिएको हुन्छ सोही विषयवस्तु गीतको अन्त्यमा पनि आउँछ भने त्यसलाई वृत्तात्मक ढाँचा भनिन्छ ।

### ५.३.२ चक्रात्मक ढाँचा

चक्रात्मक ढाँचा भएको गीतमा विषयवस्तुको भाव वा प्रस्तुति नागबेली ढङ्गमा विस्तार भई गीतको आरम्भमा आएको विषयवस्तु विस्तारै जेलिदै गएको हुन्छ ।[६३]

---

[५९] ऐजन पृ. ५ ।
[६०] ऐजन पृ. ५ ।
[६१] ऐजन पृ. ५ ।
[६२] ऐजन पृ ५ ।
[६३] ऐजन पृ. ६ ।

## ५.४ भाषाशैलीय विन्यास

गीतमा प्रयुक्त विषयवस्तुलाई क्रमबद्धरूपले मिलाएर राख्ने क्रमलाई विन्यास भनिन्छ । यस अर्न्तगत अभिव्यक्ति प्रस्तुति, भाषाशैली, लय संङ्गीत, गेयता र अग्रभूमीकरण पर्दछन् गीतको भाषा अत्यन्त सरल, लयालु, हुन्छ ।[६४] यिनिहरूको चर्चा क्रमश तल प्रस्तुत गरिन्छः

### ५.४.१ अभिव्यक्ति

अभिव्यक्ति भनेको सम्बोधकका माध्यमबाट गीतको वर्णन गरिनु वा अभिव्यक्त गरिनु हो । यो एकालापीय र संवादात्मक गरी २ प्रकारको हुन्छ ।[६५]

**१. एकालापीय**

एकालापीय गीत भनेको वर्णनकर्ता वा सम्बोधकका माध्यमबाट अभिव्यक्त गरिने प्रथम पुरूषप्रधान गीत हो ।[६६] एकालापका रूपमा संरचित गीत कसैप्रति उद्‌दिष्ट हुन पनि सक्छ र नहुन पनि सक्छ । यसका वक्ताले आफ्ना मात्र भनाइ राख्दछ त्यसको उत्तर वा प्रत्युत्तर हुँदैन ।

**२. संवादात्मक**

एकभन्दा बढी पात्रका मुखबाट भनाइने गीत संवादात्मक गीत हो । यस्ता गीतमा वक्ता र श्रोता परिवर्तन भई वक्ता श्रोता र श्रोता वक्ता हुनेक्रम चलिरहन्छ ।[६७] यसमा वक्ता एकभन्दा बढी हुन्छन् भने एकअर्काबीच संवाद हुँदै भावना, विचार वा अभिव्यक्तिको समर्थन, खण्डन, सोधाइ आदि हुन्छ ।

---

[६४] ऐजन पृ. ५ ।
[६५] ऐजन पृ. ५ ।
[६६] ऐजन पृ. ५ ।
[६७] ऐजन पृ. ५ ।

### ५.४.२ प्रस्तुति

गीतलाई अरूका सामु उपस्थापन गर्ने तरिका नै प्रस्तुति हो ।[६८] भाषाशैलीय विन्यास अर्न्तगत आउने यो वक्तव्यपरक र सम्बोधनात्मक गरी २ प्रकारको हुन्छ ।

**१. वक्तव्यपरक**

वाह्य वा आन्तरिक अनुभूतिको बयान वा वर्णन वक्तव्यका रूपमा भएको गीत नै वक्तव्यपरक गीत हो ।[६९] यसमा सर्जकले आफ्ना मनका भावहरू वक्तव्यका रूपमा व्यक्त गरेको हुन्छ । यस्ता गीतमा रचनाकारले कसैप्रति सम्बोधन नगरी आफ्ना भनाई वा वक्तव्यलाई क्रमशः प्रस्तुत गरेको हुन्छ । आफ्ना इच्छा, गुनासा वा दुखेसोलाई गीतमा सम्बोधन रहित तरीकाले प्रस्तुत गरिएको हुन्छ ।

**२. सम्बोधनात्मक**

पात्र वा सहभागीलाई सम्बोधन गरिएको गीत नै सम्बोधनात्मक प्रस्तुति भएको गीत हो ।[७०] यस्ता गीतमा सम्बोधित वस्तु सजीव/निर्जीव जे पनि हुन सक्छ ।

### ५.४.३ बिम्ब/प्रतीक/अलङ्कार

बिम्ब, प्रतीक, अलङ्कार पनि भाषाशैलीय विन्यास अर्न्तगत आउँछन् । गीतमा सरल, सुबोध, बिम्ब, प्रतीक एवं अलङ्कारको प्रयोग गरिन्छ ।[७१] गीतको विश्लेषण गर्दा यसलाई विशेष ध्यान दिनुपर्छ ।

### ५.४.४ लय/गेयता/सङ्गीतात्मकता

यी तत्व गीतमा अर्न्तभूत भएर रहेका हुन्छन् । गीतमा प्रयुक्त गेयता सङ्गीतसँग सम्बन्धित हुन्छ । यी कुराहरू गीतका अनिवार्य घटक हुन् ।[७२]

---

[६८] ऐजन पृ. ५ ।
[६९] ऐजन पृ. ५ ।
[७०] ऐजन पृ. ६ ।
[७१] ऐजन पृ. ३ ।
[७२] ऐजन पृ. ३ ।

## ५.४.५ अग्रभूमीकरण

पाठकको ध्यानाकर्षण हुने गरी नवीन र विशिष्ट ढङ्गले गरिने भाषिक प्रयोगलाई अग्रभूमीकरण भनिन्छ ।[७३]

यसै गरी गीतको विश्लेषणका लागि अन्य तत्त्वहरू पनि जस्तै सहभागी, परिवेशलाई पनि लिए त्यो गीतको विश्लेषणका लागि सम्पूर्णतामा पूर्ण हुन्छ भन्ने संरचनावादी धारणा रहेको छ ।

---

[७३] खगेन्द्रप्रसाद लुइटेल **कविताको संरचनात्मक विश्लेषण,** पूर्ववत पृ. ७८ ।

# छैटौँ परिच्छेद

# ज्ञानेन्द्र गदालका गीतसङ्ग्रहको अध्ययन

## ६.१ विषयप्रवेश

२०४० सालदेखि नेपाली गीति क्षेत्रमा प्रवेश गरेका गदालले हालसम्म १५० वटा भन्दा बढी गीतहरू रचना गरेका छन् । २०४१ सालमा रेडियो नेपालमा 'हृदयभरि सजाइदिन्छु मायाको सम्झना' बोलको गीत रेकर्ड गराएर औपचारिक रूपबाट गीति क्षेत्रमा प्रवेश गरेका गदाल जन्मस्थान इलामको रमणीय प्राकृतिक परिवेश र आफ्नै क्षेत्रबाट राष्ट्रिय स्तरमा ख्याति प्राप्त डा. तारानाथ शर्मा, पासाङ्ग गोपर्मा, वीरेन्द्रनाथ खुजेलीजस्ता राष्ट्रिय व्यक्तित्वहरूको प्रभावबाट गीत लेखन क्षेत्रमा प्रवेश गरी हालसम्म यस यात्रालाई निरन्तरता दिइरहेका छन् ।[७४] गदालका केही गीतहरू नेपाल र भारतका ख्यातिप्राप्त गायक गायिकाद्वारा स्वरबद्ध गरिएका छन् । हालसम्म उनका दुईवटा गीतसङ्ग्रह मलाई छुने मन र झरीपछिको आकाश प्रकाशित भएका छन् । यसको विश्लेषण तल गरिन्छ :

## ६.२ ज्ञानेन्द्र गदालको मलाई छुने मन गीतसङ्ग्रहको विश्लेषण

### ६.२.१ परिचय

ज्ञानेन्द्र गदालको **मलाई छुने मन** गीतसङ्ग्रह २०६० सालमा प्रकाशन भएको हो । अन्तराष्ट्रिय नेपाली साहित्य समाज अमेरिकाद्वारा प्रकाशित यस सङ्ग्रहमा डा. तारानाथ शर्मा, पुरूषोत्तम सुवेदी होमनाथ सुवेदी, बुलु मुकारूङ्ग, गगन विरही र गीतकार स्वयंको मन्तव्य रहेको छ । २०४० सालदेखि २०६० सालसम्म रचना गरिएका ८० वटा विविध शीर्षकका गीतहरू समावेश गरिएको यस गीतसङ्ग्रहको नाम यसैभित्र पृष्ठ ३० मा सङ्गृहीत मलाई छुने मन शीर्षकको गीतबाट राखिएको छ ।

**मलाई छुने मन** गीतसङ्ग्रहको बाहिरी आवरण रङ्गिन चित्रले ढाकिएको छ । कलाकार ज्ञानेश्वर उदय पाल्पालीले बनाएको उक्त सुन्दर चित्रले सङ्ग्रहको आवरणमा आकर्षण भरेको छ । पृष्ठगत लम्बाइको आयाम ९१ पृष्ठ रहेको यस सङ्ग्रहको पृष्ठ क देखि

---

[७४] ज्ञानेन्द्र गदालसँग लिइएको इमेल अन्तवार्ताबाट प्राप्त जानकारी

पृष्ठ ढ सम्म भूमिका र विषयसूची रहेको छ। पृष्ठ १ देखि पृष्ठ ८० सम्म विविध शीर्षकका ८० वटा गीतहरू रहेका छन् । यस सङ्ग्रहभित्र प्रणयभाव, विरह, वेदना, राष्ट्रभक्ति, ईश्वरभक्ति प्रकृति वर्णन, जीवनचिन्तन र मानवताभाव लगायतका विषयवस्तु समेटीएका गीतहरू रहेका छन्। राष्ट्रभक्ति भावका गीतहरूमा देश विकासमा लाग्न सम्पूर्ण नेपालीहरू एक जुट हुनुपर्छ भन्दै नेपाली प्राकृतिक वातावरणको चर्चा गरिएको छ । परदेशमा रहदा नेपाली माटो र नेपाली प्रतिको माया र श्रद्धाभावलाई अभिव्यक्त गरिएको पाइन्छ । प्रणय भावका गीतहरूमा प्रणयको संयोग भन्दा वियोगको अवस्थालाई ज्यादा वर्णन गरिएको छ । नेपालको हिमाली र पहाडी प्राकृतिक परिवेशको चर्चा गरिएका उनका गीतहरूले समग्रतामा नेपाली सुन्दरताको गुणगान गाएका छन्।

यस **मलाई छुने मन** गीतसङ्ग्रह भित्र सङ्गृहीत केही गीतहरू विभिन्न समयमा नेपाली तथा भारतीय गायक गायिकाद्वारा स्वर सङ्गीतवद्ध गरिएका छन् । जसलाई निम्न प्रस्तुत गरिन्छ :

| **क.सं.** | **शीर्षक** | **गायक/गायिका** | **रेकर्ड समय** |
|---|---|---|---|
| १. | वर्णन | शम्भु राई | २०४० |
| २. | साँचो बोल्न पर्दा | उषाकिरण अधिकारी र प्रदिप राज पाण्डे | २०४२ |
| ३. | थाहा छैन | शम्भु राई | २०४२ |
| ४. | तिम्रो निम्ति | शम्भु राई | २०४२ |
| ५. | सम्झना | शम्भु राई | २०४२ |
| ६. | हेराई | सुदीप रिजाल | २०४२ |
| ७. | मायाका कुरा | केशव उप्रेती | २०४२ |
| ८. | बिछोड | बिमल गदाल | २०४३ |
| ९. | सुम्पेको छु | उषाकिरण अधिकारी | २०४३ |
| १०. | प्रेयसीको सम्झना | कुबेर राई | २०४३ |
| ११. | टाढा टाढा | लेखु विवश | २०४४ |
| १२. | घरको सम्झना | जगदिश समाल | २०४५ |
| १३. | म सक्तिन | धन बहादुर गोपाली | २०४७ |

| | | | |
|---|---|---|---|
| १४. | दिन ढल्यो | यसोदा पराजुली | २०४९ |
| १५. | साहस | रामकृष्ण ढकाल | २०५० |
| १६. | झझल्को | कुबेर राई/लोरेटो सिंह | २०५१ |
| १७. | झुटो माया | कुबेर राई | २०५१ |
| १८. | चन्चल मन | सुक्मित गुरूङ्ग/बिमला राई | २०५१ |
| १९. | जिन्दगीको परिभाषा | प्रकाश श्रेष्ठ | २०५१ |
| २०. | मलाई छुने मन | लेखु विवश | २०५१ |
| २१. | दुर्लभ | कमल गुरूङ्ग | २०५२ |
| २२. | ईच्छा | शम्भु राई | २०५३ |
| २३. | खुल्नुपर्छ | विजय अधिकारी | २०५३ |
| २४. | जीवन | शम्भु राई | २०५४ |
| २५. | हल्का नठान | कुवेर राई | २०५७ |
| २६. | भरोशा हुन्न | कुबेर राई/विमला राई | २०५८ |
| २७. | सँगै जिउनु पर्छ | धिरज श्रेष्ठ | २०६२ |
| २८. | बाडुली | सम्झना भण्डारी | २०६२ |
| २९. | बेग्लै भयौ | मदनकृष्ण श्रेष्ठ | २०६२ |
| ३०. | जुनीभरीलाई | निलम श्रेष्ठ | २०६२ |
| ३१. | वैंश | निलम श्रेष्ठ | २०६२ |
| ३२. | दाम्पत्य जीवन | विजय अधिकारी | २०६२ |
| ३३. | मेरो फिककल | टिका भण्डारी | २०६२ |
| ३४. | साथी | यम बराल | २०६२ |
| ३५. | तिमीलाई बधाई | बालन्द राई | २०६२ |

## ६.२.२ संरचना

ज्ञानेन्द्र गदालको **मलाई छुने मन** गीतसङ्ग्रह मझौला आयामको छ । विविध विषयवस्तुलाई समेटेर रचना गरिएका ८० वटा गीतहरू समावेश गरिएको यस सङ्ग्रहमा ९१ पृष्ठहरू रहेका छन् । यस सङ्ग्रहभित्रका गीतहरू बढीमा चार अनुच्छेददेखि घटीमा तीन

अनुच्छेद सम्मका छन् । कुनै अनुच्छेद ६ पङ्क्तिका छन् भने कुनै २ र ३ पङ्क्तिका पनि छन् । गदालको अनुच्छेद योजना र पङ्क्ति योजनामा विविधता पाइन्छ । उनका गीतहरूमा आत्मपरकता ज्यादा पाइन्छ । प्रणय भाव अर्न्तगत माया प्रेमका गीतहरूमा संयोग भन्दा बियोगको अवस्थालाई बढी चित्रण गरेका छन् । राष्ट्रभक्ति भावका गीतहरूमा नेपालप्रतिको माया र स्नेहलाई व्याख्या गरेको पाइन्छ । परदेशमा रहदा नेपाल र नेपालीपन प्रतिको माया र सम्झना उनका गीतहरूमा आएका छन् भने नेपाली प्राकृतिक छटाहरूको वर्णन गर्दै सम्पूर्ण नेपालीहरू मिलेर देश विकासमा लाग्न आह्वान गरेका छन् । आयामगत रूपमा सानो रहेतापनि भावगत रूपमा उत्कृष्ट रहेको यस गीतसङ्ग्रह भित्रबाट केही उदाहरण तल प्रस्तुत गरिन्छ :

दुःख झेल्नु माया हो कि सुखमा खेल्नु हो
पीरमा झुल्नु माया हो कि आँखामा फुल्नु हो
किन एउटा मनले अर्को मुटुभित्र छुन्छ
भनि देउन कोही किन अति प्यारो हुन्छ ।

("दुर्लभ" पृ. २४)

काडाँ बीच टेकेको छु हुरी बतास छेकेको छु
जे जे देखे जति भोगे मनमनै लेखेको छु
जति दुःख सुख सहेको छु
म ठान्छु जीवनको सार हो
उकाली ओराली यात्रामा मैले पाएको प्यार हो ।

("मेरो माया" पृ. २७)

कुन शहरमा घुम्दै होला मलाई छुने मन
जहाँ जहाँ जान्छु त्यहीँ लाग्छ नयाँ पन ।

("मलाई छुने मन" पृ. ३०)

## ६.२.३ वस्तु : भाव वा विचार

ज्ञानेन्द्र गदालका गीतको केन्द्रीय विषयवस्तुलाई हेर्दा उनका गीतहरू गीतकारको मूल मर्मलाई बोकेर प्रस्तुत भएका छन् । गीतकारले गीतमार्फत व्यक्त गर्न चाहेका आफ्ना भावनाहरूलाई सरल रूपमा व्यक्त गर्न सफल छन् । विषयवस्तु वा भावका आधारमा हेर्दा

गदालका गीतहरूको मुख्य विषयवस्तु प्रणयात्मक र प्रणयेतर दुवै रहेका छन् । गदालले २०४०-२०६० सालसम्म रचना गरेका र यस **मलाई छुने मन** गीतसङ्ग्रहभित्र सङ्गृहीत ८० वटा गीतहरूमध्ये ६३ वटा गीतहरू प्रणय भावनामा आधारित छन् भने १७ वटा गीतहरू प्रणयेतर भावनामा आधारित रहेका छन् । प्रणयका मुलतः मानवीय प्रेम, राष्ट्रप्रेम, ईश्वरप्रेम गरी तीन रूपहरू रहेका छन् भने प्रणयेतरका मुलतः जीवनचिन्तन, मानवता, प्रकृति वर्णन रहेका छन् । यसरी हेर्दा गदालको यस सङ्ग्रहभित्रका गीतहरूमा प्रणय र प्रणयेतर भावहरूको उपस्थिति पाइन्छ । यसमा पनि मानवीय प्रेमसँग सम्बन्धित गीतहरूको सङ्ख्या अधिक रहेको छ । मानवीय प्रेममा संयोग भन्दा वियोगको अवस्थालाई उनका गीतहरूले चित्रण गरेका छन् । प्रणयभित्र आउने उच्छृङ्खल अभिव्यक्तिहरू यिनका गीतहरूमा देखिदैन भने यिनी सदैव आत्मिक प्रेमका पक्षपाती देखिन्छन् । प्रणयको संयोग र वियोग दुवै अवस्थाको वर्णन सरल रूपमा गरेका गदालले प्रेम भावनाको अभिव्यक्ति दिदा प्रेममा निहित सौन्दर्यको खोजी गरेका छन् । प्रेमको वर्णनमा उनले सरल र मीठासयुक्त शब्दहरूको प्रयोग गरेका छन् ।

यसैगरी प्रणय अर्न्तगतको राष्ट्रप्रेम पनि गदालका गीतहरूमा पाइन्छ । आफू जन्मिएको देशलाई प्रगतिका क्षेत्रमा अगाडि बढाउन सम्पूर्ण देशवासी एकजुट भएर लाग्न आह्वान गरेका छन् । राष्ट्रभक्ति भावका गीतहरूमा उनको देशप्रतिको माया छताछुल्ल पोखिएको छ । परदेशमा रहदा आफ्नो जन्मभूमि प्रतिको मायालाई उनले आफ्ना गीत मार्फत पोखेका छन् । नेपाली माटो यहाँको प्राकृतिक छटा र नेपाली मनबाट पाउने माया र आनन्दको अनुभूति अन्त कतै पाउन नसकिने भन्दै उनी सल्लाघारी र गुराँसघारीमा लुकामारी खेल्न र पहाडको काखमा रमाउन आउने इच्छा व्यक्त गर्छन् । शान्त, सुन्दर र स्वर्गको आभाष पाइने आफ्नो देशलाई जहाँ रहेपनि भुल्न नसकिने रहेछ भन्दै गदाल नेपाली पनमा गर्व गर्छन् । परदेशको भौतिक सुख सुविधाले आत्मिक सुख र चैन नमिल्ने रहेछ भन्दै उनी नेपाल आमाको काखमा रम्न आउने बाचा गर्छन् ।

यसैगरी गदालका केही गीतहरूमा ईश्वरप्रेम सम्बन्धी मान्यता पनि अभिव्यक्त भएको छ । उनका गीतहरूमा ईश्वरको भक्तिभाव गाइएको नभएर आफ्नो इच्छा पुरा गर्ने आशामा उनले ईश्वरलाई सम्झिएका छन् । पूर्ण रूपमा ईश्वरको भक्तिभाव नगरे तापनि उनले ईश्वरलाई आफ्ना गीत मार्फत सम्झिएका छन् । उनका गीतहरूमा ईश्वरको नाम

इच्छा पूर्तिका रूपमा आएको पाइन्छ । गदालका गीतमा प्रणयेतर विषयवस्तुको पनि प्रयोग गरिएको पाइन्छ । यस अन्र्तगत उनका गीतमा मुख्य रूपमा जीवनचिन्तन, प्रकृति वर्णन आदि आएका छन् । जीवनलाई सुख र दुःखको मिश्रणका रूपमा चित्रण गरेका गदालले आशाहरू बोकेर हिड्ने जीवन कहिले दुःखमा परेर रून्छ भने कहिले सुखमा मुस्कुराउँछ भन्दै आफ्ना गीत मार्फत हिम्मत नहारी निरन्तर अगाडि बढ्न प्रेरणा दिएका छन् । जीवन एक गतिशिल यात्रा हो भन्दै उनले जीवनलाई बगेको खोलासँग तुलना गरेका छन् । जीवनलाई कसैले निराशा र वेदनाको अर्थका रूपमा लिएर रोएर व्यथित गर्छन् भने कोही बाटो पहिल्याउन नसकेर भूमरीमा फस्न पुग्छन् । त्यस्ता व्यक्तिहरूलाई गदालका जीवनवादी गीतहरूले जीवनप्रतिको आशा र उज्यालो देखाइदिएका छन् । काँडाहरूको बीचमा गुलाव फुलेझैं दुःखहरूको बीचमा जीवन चलाउन सक्नुपर्छ भन्दै एकवारको मानवचोला सुखसँग हाँसेर बिताउन आग्रह गरेका छन् ।

यसरी हेर्दा गदालका गीतहरूमा विषयवस्तु र भावहरूको विविधता पाइन्छ । प्रणयात्मक विषय अन्र्तगत मानवीयप्रेम, राष्ट्रप्रेम र ईश्वरप्रेमसँग सम्बद्ध विषयवस्तु रहेका छन् भने प्रणयेतर अन्र्तगत जीवनचिन्तन, प्रकृति चित्रण आदि रहेका छन् । यी विषयवस्तुहरूलाई यहाँ संरचनावादी गीतविश्लेषण तत्वका आधारमा प्रत्येक उपशीर्षक अन्तर्गत राखेर अझ विस्तृत रूपमा व्याख्या र विश्लेषण गरिन्छ ।

### १. मानवीयप्रेम

प्रेमले मानवलाई मात्र नभएर सृष्टिका सम्पूर्ण प्राणीहरूलाई समेत प्रभावित पारेको हुन्छ । मानिसले आफ्नो मायाकै कारण अरूलाई आफूमा विश्वासयोग्य बनाउन सकेको हुन्छ । यहाँ मूलतः युवासुलभ हृदयको प्रेमको चर्चा गर्नुपर्ने हुन्छ । प्रेम वासनामुलक अवस्थाबाट आरम्भ भएर आध्यात्मिक स्तरसम्म पुगेको हुन्छ । साहित्यकारले पवित्र र निस्वार्थ प्रेमलाई आफ्ना रचनाहरूमा व्यक्त गरेको हुन्छ । ज्ञानेन्द्र गदालका गीतहरूमा पनि प्रणयका भावनालाई यस्तै किसिमले व्यक्त गरिएको छ । अधिकांश गीतहरूमा प्रणयको मुख्यतः संयोग वियोग घातप्रतिघात आदि रूपहरूलाई व्याख्या गरिएको पाइन्छ । गीतकारले कतै चोखो मायाको वर्णन गरेका छन् भने कतै बिछोड र बेदनाको वर्णन गरेका छन् । यिनै प्रणयजन्य विविध क्रिया प्रतिक्रियाको माध्यमबाटै उनले आफ्नो प्रेमसम्बन्धी दर्शनलाई पनि प्रस्तुत गरेका छन् । प्रणयभित्र उच्छृङ्खलता नभएर आत्मिक प्रेमलाई प्रस्तुत गरेका

गदालले गीतमार्फत प्रेमिकालाई सदा आफ्नो साथमा रहिदेउ भन्दै आफ्नो इच्छाभाव यसरी व्यक्त गर्छन् :

हरेक दिन रातहरूमा मैले हिड्ने बाटोहरूमा
सबै सबैका परेलीहरूमा
प्रित बनिरहुँ गीत बनिरहुँ
चोखो मायाको होडबाजीमा
जित बनी बाँचिरहुँ

("इच्छा" पृ. १२)

यहाँ आफू सदैव अरूको नजरमा असल बनेर रहन पाउँ भन्ने इच्छा व्यक्त गरेका छन् । जिन्दगीका हरेक सुख अनि दुःखहरूमा आफ्ना साथमा रहेर प्रेरणा दिइरहने प्रेमिकाको आशा गरेका लेखकले मायाको संसारमा चोखो मायाको होडबाजीमा एक सफल प्रेमी बनेर त्यो जित सदैव आफू बन्न सकौँ भन्ने चाहना अभिव्यक्त गरेका छन् । माया प्रतिको आफ्नो चाहानालाई उनले गीतहरूमा सुन्दर रूपले व्यक्त गरेका छन् ।

युवासुलभ हृदयमा पलाएको मायाको भावनालाई उनी गीतमार्फत पोख्न सफल छन् । खोलाजस्तै बगिरहेको दुई जीवनको भेट भई एकापसमा मिलन हुन पुगेको बेग्लाबेग्लै कथा व्यथा भएता पनि भेट भई सँग सँगै जीवन बिताउन सफल भएको भाव उनी यसरी व्यक्त गर्छन्

कथा हाम्रो बेग्ला बेग्लै व्यथा बेग्लै थियो
हामी हिड्ने बाटो फरक यात्रा एक्लै थियो
भेट हुन लेख्या रैछ हामी दुई माझ
दुई खोलाको संगम बनी नदी भयौ आज

("सँगै जिउन पर्छ" पृ. ६२)

यसैगरी गीतकार गदालले आफ्नी प्रेयसीलाई सम्झाउदै सदा सामिप्यतामा रहेर मनमा आघात नपुऱ्याउने कसम खान्छन् । मनका सारा तितामीठा कुराहरू सुनाएर सकेसम्म खुसी र सुखी बनाउने छु भन्दै उनी आफ्ना भावना यसरी व्यक्त गर्छन् :

भरसक म अबदेखि तिम्रो चित्त दुखाउँदिन

मनका कुरा सबै भन्छु तिमी सामु लुकाउँदिन

("अबदेखि" पृ. ६४)

यहाँ गीतकार सम्बन्धलाई दह्रो बनाउने सुत्र विश्वासलाई मान्छन् । आपसमा विश्वासको अभाव भएमा सम्बन्धमा फाटो आउने कुरा बुझेका उनले मनको कुरा सबै खोल्ने प्रण आफ्नी प्रेयसीका सामुन्ने गरेका छन् ।

मन मिल्ने साथीका रूपमा आफ्नी प्रेमिकालाई लिएका गदाल मित्रताको त्यो उचाइलाई आकाशसँग दाँज्छन् । हजारौमा एक मात्र तिमी नै हो भन्दै उनी आफ्नो भावना यसरी व्यक्त गर्छन् :

हजार मान्छेहरू माझ तिमी एक मात्र मन मिल्ने साथी

तिम्रो उचाई मेरा लागि आकाश भन्दा पनि माथि ।

("तिमी" पृ. ७७)

आफ्नो जीवनको एक अंगका रूपमा प्रेमिकालाई लिएका गदाल हरेक क्षेत्रमा उनैलाई मात्र देख्छन् । वसन्तको हरियाली पातहरूमा अनि अध्यारो रातलाई चिरेर उज्यालो फैलाउने दियोका रूपमा प्रेमिकालाई लिदै गदालले आफ्नो भावना यसरी व्यक्त गरेका छन् :

वसन्तको डाली डाली पात पातमा तिमी

झलमल्ल दियो बन्यौ मेरो रातमा तिमी ।

("मेरो रातमा" पृ. ८०)

यसरी ज्ञानेन्द्र गदालका गीतहरूमा प्रणय भावना तीव्र रूपमा अभिव्यक्त भएको छ । उनका गीतहरूमा प्रेमीप्रेमीकाको प्रेम भावदेखि प्रेमदर्शन सम्मको चित्रण पाइन्छ । ५९ वटा गीतहरूमा मायाको भावना अभिव्यक्त गरेका गदालका सम्पूर्ण गीतहरू सरल र स्तरीय पनि छन् । गदालका मायाप्रेम सम्बन्धी भाव व्यक्त भएका गीतहरूमा पाइने मूल भावको संक्षिप्त रूप तल प्रस्तुत गरिन्छ :

| शीर्षक | मूलभाव |
|---|---|
| दाम्पत्य जीवन | जिन्दगीभरि सुमधुर साथको अपेक्षा गर्दै हर क्षेत्रमा सहयात्री बनेर लामो यात्रा सहज रूपमा गर्नका लागि साहारा बनिदेऊ भन्ने भाव व्यक्त । |
| खुल्नुपर्छ | सुख र दुःख जीवनमा आइरहन्छन् दुःखमा आतिने र सुखमा पातिने नभई एकनास जीवनयात्रा सहज रुपमा गरिरहनु पर्छ भन्ने भाव व्यक्त । |
| मलाई बुझेनौ | आफूले दिएको मायाले मूल्य नपाएको र सजाएका सपनाहरू मात्र सपनामै सिमित भई मूल्यहीन हुनुपरेको भाव व्यक्त । |
| वैस | युवतीको सुन्दरताले मन तुलबुल भएपछि अनायासै एकतर्फी माया बस्न पुगेको भाव व्यक्त । |
| हल्का नठान | आफ्नी प्रेयसीलाई आफूले दिएको माया अमूल्य रहेको भन्दै बिहानीको शितसँग मायालाई नदाँज्न आग्रह । |
| जुनीभरीलाई | सम्पूर्ण जिन्दगी नै तिम्रै नाममा समर्पण गरिसकेको छु भन्दै प्रेयसीलाई जुनीभरी हृदयमा बासदेऊ भन्ने आग्रहपूर्ण भाव व्यक्त । |
| तिमीलाई बधाई | धोका दिने मायालाई आफ्नो चोखो माया लत्याएर गएपनि सदैव माया गरिरहने छु भन्दै जिन्दगीमा बहार छाओस् भन्ने कामना भाव व्यक्त । |
| बेग्लै भयौ | स्वाभिमानी र अहंकारी बिचको भेदलाई देखाउँदै आफूले दिएको माया प्रेम र स्नेहलाई घृणा गर्ने मायालुलाई सम्झिएको भाव व्यक्त । |
| इच्छा | मन्द मुस्कानका साथ मिठो मायाको आशा गर्दै जीवनभर साथ पाइरहु भन्ने भाव व्यक्त । |
| मनका कुरा | मायाको मूल्य हुँदैन भन्दै चोखो माया भूल्न नसकिने र माया बलजफ्ती नभई स्वतस्फूर्त हुने चिज हो भन्ने भाव व्यक्त । |
| छुन सकेनन् | आफ्नो मनलाई बुझ्ने अर्को मन भेट्न नसकेको अनि बेदनामा रूनेहरूपनि सच्चा साथी हुनै नसकेको भाव व्यक्त । |
| सुम्पेको छु | आफ्नो सम्पूर्ण जिन्दगी नै सुम्पिसके भन्दै पूर्णत : तिम्रो भइसके भन्ने भाव व्यक्त । |
| चोट | मनभित्रका चोटहरू मेटाउन गाह्रो हुने र यसले ओठको मुस्कानलाई नै फिका बनाइदिन्छ भन्दै जीवनका सम्पूर्ण खुसीहरू बसाइ सरिसकेको भाव व्यक्त । |

| | |
|---|---|
| शुभकामना | आफ्नो मात्र होइन अरूको दुःखमा पनि साथ र सहयोगी बनेर उसलाई बाँच्न सिकाउन सक्नु पर्दछ भन्ने भाव व्यक्त । |
| सम्झिरहन्छु | मायालुसँग बिताएका पलहरूले हरबखत सताएर जिन्दगी नै बेचैन भएर खुसीहरू पलायन भई आँशु मात्र आफ्नो साथी बन्न पुगेको भाव व्यक्त । |
| चाहिदैन | आशाहरू हराएर उजाडिएको जिन्दगीलाई अब तिमी साथ दिएर आफ्नो जीवन नै बर्बाद नपार भन्दै आफ्नी प्रेयसीलाई सम्झाएको भाव व्यक्त । |
| दुर्लभ | अहिलेको समयमा चोखो माया पाउन नसकिने भन्दै माया किन यति मूल्यवान हुन्छ भन्ने भाव व्यक्त । |
| भ्रम | आफूलाई दिएको माया प्रेम देख्दा जिन्दगीमा अपनाई हाल्ने रहर जागेता पनि कतै बनावटी माया हैन त्यो भन्दै शंका उब्जिएको भाव व्यक्त । |
| दिन ढल्यो | साटिएका मनहरू अनायासै फाटिएर जीवनका सम्पूर्ण रहरहरू हराएर यो संसार नै अध्यारो भएको र बाँच्ने रहरपनि हराएर गएको भाव व्यक्त । |
| मलाई छुने मन | छाडेर जाने निष्ठूरीको सम्झनाले हरपल सताउँदा मनमा निराशाले बास गरी सम्पूर्ण कुराहरू नौलो लाग्न थालेको भाव व्यक्त । |
| थाहा भएपछि | माया लगाउने रहर भएपनि व्यक्त गर्न नसक्दा अर्कैसँग माया प्रिती गाँसिइसकेपछि मात्र थाहा भएको र माया अभिव्यक्त गर्न नसक्दा धोका खान पुगेको भाव व्यक्त । |
| यो मनको आँधी | साहारा नभएर मनका सारा आशाहरू त्यसै मरिसके, समयको गतिसँगै मनको वेदना बढ्दै गएको भाव व्यक्त । |
| प्रेयसीको सम्झना | टाढा रहेकी प्रेयसीलाई मायाको सम्झना बोकेर चाडै आउदैछु भन्दै बिछोडमा शुन्य बनेका लेकबेँसी अनि आफ्ना सुन्दर सपनाहरू पुरा गर्न आउँदैछु भन्ने भाव व्यक्त । |
| आँखा हुने अन्धो | पराईलाई प्रेम गरी हृदयमा घाउमात्र उपहार पाएको र निष्ठूरीको सम्झनाले सताउँदा घायल हुने गरेको भाव व्यक्त । |
| टाढा- टाढा | बिछोडको वेदनाले सताउँदा सँगै रहेर बाँच्ने आशाहरू मनमा संगालेर प्रेमीले प्रेमिकाको बाटो हेरिरहेको छु भन्ने भाव व्यक्त । |
| जलन | जीवनका सारा खुसीहरू हराएर केवल दुःखको वास मनमा भएपछि आभाष हुने एक्लो पनको नरमाइलो भाव व्यक्त । |

| | |
|---|---|
| झूटो माया | मायालुको बोलि मिठो भएतापनि व्यवहार नराम्रो भएका कारण जिन्दगीको बाटो अर्कैतिर मोडिएको छ भन्ने भाव व्यक्त । |
| विश्वास | प्रेयसीलाई आफ्नो सम्पूर्ण जीवन सुम्पिसकेका कारण अब जीवनले कस्तो मोड लिने उसैमा भर पर्ने भाव व्यक्त । |
| कुत्कुती | मनमा नयाँपनको आभाष भएको चोखो प्रित पाएपछि जिन्दगीमा खुसीको बहार छाएको भाव व्यक्त । |
| चन्चल मन | मनमा नयाँ उत्साह र उमंगले बास पाएपछि मन चञ्चल भएको र यसले जीवनमा नयाँ जोश र जाँगर बढेर गएको भाव व्यक्त । |
| दीन लाग्दा | मनमा पलाएका सम्पूर्ण आशाहरू अनायासै हराएर सारा जिन्दगी नै अध्यारो भई केवल निराशा मात्र बाँकी रह्यो भन्ने भाव व्यक्त । |
| बाडुली | अनायासै बाडुली लाग्दा छाडेर गएकी मायालुले सम्झिएर होकि भन्दै आफूले सम्झदा उसलाई पनि त्यस्तै हुदो हो, मायाका पुराना पलहरूले उसलाई पनि सताउँदो हो भन्ने भाव व्यक्त । |
| निराशा | सोचेका हर कुराहरू पुरा हुन नसक्दा जिन्दगी आशा बिहीन भएर केवल आँशुमात्र आफ्नो साथी बन्न पुगेको भाव व्यक्त । |
| बिछोड | जिन्दगीको यात्राको क्रममा कुनै मोडमा मनमिल्ने साथीसँग भेट भएर केही क्षण सँगै बिताएता पनि आफूले नचाहेर हुन पुगेको विछोडले मनमा गहिरो चोट पारेर छाडेको भाव व्यक्त । |
| तिम्रा बाचाहरू | क्षणिक मायाका झूटा आशा र विश्वासहरू दिएर जीवन संगाल्ने कसम खाएर टाढा हुने मायालुलाई ती बाचा कसमले सजिलोसँग जिउन नदिएका कारण फिर्ता लैजाउ भन्ने भाव व्यक्त । |
| घरको संझना | परदेशमा रहदा आफ्नी प्रेयसीको यादले बारम्बार सताउँदा अब चाडै फर्किएर तिमीलाई भेट्न आउँदैछु भन्ने भाव व्यक्त । |
| म सक्दिन | मनका हर रहरहरू पुरा हुन नसकेर अध्याँरो छाइसकेको हृदयबाट मायाका नयाँ सौगातहरू प्रवाह हुन कदापि सक्दैनन् भन्ने भाव व्यक्त । |
| सम्झना | बितेका कुराहरूले हरपल सताउँदा पुराना यादहरूले मनलाई बेचैन पारी मनमा अध्याँरो छाउने र वर्तमानलाई नरमाइलो तुल्याई रमाएर बाँच्नै नसकिने भाव व्यक्त । |

| | |
|---|---|
| तिम्रो निम्ति | आफ्नी मायालुलाई मायाको कस्तो सौगात पस्किदिउँ, तिमीलाई खुसी तुल्याउन म के गर्न सक्छु भन्दै मायालुको मनको कुरा बुझ्न पाउँ भन्ने भाव व्यक्त । |
| थाहा छैन | आफूले दिएको चोखो मायालाई कसरी पो भूल्न सक्यौ नि भन्दै प्रेयसीलाई प्रश्न गर्दै विगतका यादहरूले आफूलाई सदा झस्काइरहने भाव व्यक्त । |
| बल्झिदैछु | मायालुसँग बिताएका पलहरूलाई सम्झिएर हरेक क्षण पागलसरी मनलिएर एकोहोरो भावमा बाँच्ने गरेको छु भन्ने भाव व्यक्त । |
| अपजस | आफ्नाहरू बैरी भएका र सबैले आफूलाई नगरेको कामको भागीदार बनाएपछि बाध्य भएर गाली खानु परेको भाव व्यक्त । |
| सँगै जिउनुपर्छ | मायाको साइनोले एकापसमा बाँधिएपछि जिन्दगीका हर मोडहरूमा एक साथ पाइला चलाउँदै मिलेर बाँच्नुपर्छ भन्ने भाव व्यक्त । |
| अबदेखि | आफ्नो प्रेयसीका हरेक कदमहरूमा साथ दिएर उनको मनमा चोट पुग्ने कुनै पनि कार्य गर्ने छैन भन्ने भाव व्यक्त । |
| मिलन | सदासदा एक आपसमा मिलेर सारा जिन्दगी बिताउँ, मायाको यो संसारमा एउटा नयाँ उदाहरण बनोस् हाम्रो माया भन्ने भाव व्यक्त । |
| भरोसा हुन्न | सुन्दरता भनेको क्षणिक हुन्छ यो त केबल केही क्षणको पाहुना मात्र हो भन्दै माााया लगाउदा मानिसको रूपलाई हेरेर होइन उसको व्यवहार बुझेर लगाउनु पर्छ भन्ने भाव व्यक्त । |
| उपमा | संसारका सम्पूर्ण कुराहरू एक दिन नास भएर जान्छन् । आफ्नो प्रेयसीलाई कहिले नाश नहुने के उपमा दिएर बोलाउँ भन्दै मायालुलाई सदा अमर राख्न चाहने भाव व्यक्त । |
| वहार | खुसीले जिन्दगीको हरक्षणमा नौलो पनको आभाष दिलाउने रहेछ भन्दै प्रेयसी सँगको मिलनपछि आफ्नो जीवनमा नयाँपनको सुरूवात भई सबै वस्तु राम्रा लाग्न थालेको भाव व्यक्त । |
| झझल्को | आफ्नो मनमा कसैले बास पाइसकेका कारण सम्पूर्ण जीवन नै उल्लासमय बन्न पुगेको भाव व्यक्त । |
| साँचो बोल्न पर्दा | आफ्नी प्रेयसीलाई सदा माया नै मायाले सजाउन सक्छु भनेर कसम खान नसकिने भन्दै दुःख पनि जिन्दगीको आधा हिस्सा भएका कारण कुनै समय |

| | |
|---|---|
| | दु:ख आएपनि जीवन्त माया दिन्छु भन्ने भाव व्यक्त । |
| सहनुको सीमा | जिन्दगीमा धेरै कुराहरू सहेर मानिस बाँचेको हुन्छ तर पीडाहरू धेरै भएपछि सहन नसकेर त्यसले सीमा नाघेपछि नराम्रो रूप लिनपुग्छ भन्ने भाव व्यक्त । |
| कस्तो हुन्छ पीर व्यथा | जीवनमा पीर र वेदना ज्यादा भएपछि मुहारको हाँसो हराउँछ अनि शुन्यताले वासगर्छ भन्दै पीर व्यथा कस्तो हुन्छ भन्ने परेकै मान्छेलाई मात्र थाहा हुन्छ भन्ने भाव व्यक्त । |
| तिमी र म | माया लगाएपछि प्रेमी प्रेमिकाको जीवन एउटै हुन्छ भन्दै मेरो अभावमा मलाई तिमीभित्र खोज्नु म त्यहीँ हुनेछु भन्ने भाव व्यक्त । |
| व्यर्थैमा | एकोहोरो मायाको फल पीडा र वेदना मात्र रहेछ, अन्ततः मायाका कारण जिन्दगी नै बर्वाद बन्न पुगेको भाव व्यक्त । |
| तिमी | मनले चाहेको र आँखाले खोजेको मन मिल्ने साथी नै आफ्नी प्रेयसी हो भन्दै प्रेयसीलाई उनी आफूलाई एकपल पनि छाडेर टाढा नहुन आग्रह गरेको भाव व्यक्त । |
| चिठी लेख है | टाढा रहेकी प्रेयसीलाई मलाई सम्झिएर धेरै नरूनु म चाडै फर्किएर आउँछु भन्दै आफ्नो ख्याल गर्नु मेरो चिन्ता नलिनु भन्ने भाव व्यक्त । |
| आफ्नो हुन्न | संसारमा आफ्नो भन्ने केही हुन्न भन्दै आफ्नो काम आफैले गर्नुपर्दछ, यो स्वार्थी संसारमा जोगिएर बाँच्नुपर्छ भन्ने भाव व्यक्त । |
| मेरो रातमा | आफ्नो जीवनको सबैभन्दा श्रेष्ठ वस्तु आफ्नी प्रेयसीलाई मान्दै वसन्तको फूल र पूर्णिमाको जुनको रूपमा लिएको छु भन्ने भाव व्यक्त । |

प्रेमसम्बन्धी ज्ञानेन्द्र गदालका गीतहरूको मूलभावलाई हेर्दा उनका गीतमा प्रेमका मुख्यत संयोग र वियोग परिस्थितिको वर्णन गरिएको पाईन्छ । उनका गीतहरूमा प्रणयको सरल र सजिव चित्रण गरिएको पाइन्छ । प्रणय भाव रहेता पनि तिनमा अश्लिलताको तडक भडक नभएर शिष्टताको आभाष पाइन्छ । उनका गीतहरूमा अहम्को भावना नभएर गल्ती र क्षमाको याचना गरिएको पाइन्छ । माया प्रेमका कतिपय अवस्थामा उनले पाएको धोकालाई आफ्नै कमजोरी पनि ठानेका छन् । उनका गीतमा पाइने शिष्टताको प्रवाहलाई यहाँ हेर्न सकिन्छ ।

बिहानी घामको लालीमा
छरिए झै क्षितिज भरि
जीवनको ज्योती बनी
आइदेउ सधै भरि
उजाड पाखा पखेरामा बहार बनी छाइदेऊ
मुटुभित्र माया रोपी, सुन्दर गीत गाइदेऊ ।

("जुनीभरिलाई" पृ. ७)

यसरी उनले आफ्नी प्रेयसीलाई आफ्ना गीतमार्फत आफ्नो जीवनमा ज्योती बनेर आउन आग्रह गरेका छन् । माया भनेको बिहानीको घाम जस्तो क्षितिजमा छरिएर सारा जगतलाई नै उज्यालोको प्रवाह गर्ने हुनुपर्दछ भन्दछन् । जसरी रातको अन्धकारलाई हटाएर सारा जगतमा उज्यालो छर्नसफल बिहानीको किरण हुन्छ त्यस्तै मायाले पनि सबैमा नौलो बहार छर्न सक्नुपर्दछ । माया अमूल्य वस्तु हो जसलाई न कतै किन्न पाइन्छ न त बेच्न नै यो त मूल्यमा अतुलनिय छ उनी यसरी गीतमा व्यक्त गर्छन् :

भीरपाखा वनभरि माया टिप्न पाइदैन
खोजि हिडे बजारभरि किन्न कतै पाइदैन
चोखो माया गढेपछि बिर्सनलाई गाह्रो रैछ
केहि छिनलाई बिर्सेपनि जनमभर त साह्रो रैछ ।

("मायाका कुरा" पृ. १३)

माया अमूल्य छ यो कतैपनि किन्न र बेच्न पाइदैन भन्दै यो पवित्र मनबाट व्यक्त हुन्छ भनेका छन् । यस्तो माया गढेपछि भूल्न गाह्रो हुने भाव व्यक्त गरेका छन् । चोखो र पवित्र माया पाउन जति गाह्रो छ पाएपछि त्यसलाई भूल्न त्यो भन्दा गाह्रो हुने अभिव्यक्ति दिएका छन् ।

माया प्रेम भनेको भावनाको अभिव्यक्ति हो । माया भन्ने शब्द आफैमा प्रिय छ । अर्थ बुझ्न नसक्नेका लागि माया लगाउनु व्यर्थ हुन्छ जसरी पुजा गर्न नजान्नेलाई मन्दिरको महत्त्व नै थाहा हुँदैन त्यसरी नै माया के हो भनेर नबुझ्नेलाई पनि यसको महत्त्व थाहा हुँदैन । माया मनको भित्रि तहबाट व्यक्त हुने भावना हो भन्दै गीतकारले यसरी व्यक्त गरेका छन् ।

माया के हो नबुझ्नेलाई माया लगाउनु व्यर्थ हुन्छ
पूजा गर्न नजान्नेलाई मन्दिरको के अर्थ हुन्छ ।

("महसुस" पृ. १७)

यसरी मायाको भावलाई जसले बुझ्न सक्छ उसलाई मात्र मायाको सही अर्थ थाहा हुने कुरा व्यक्त गर्छन् । आफ्नो मनमा धेरै मायालु मनहरूले बास माग्न आएपनि कुनै मनको मायाले पनि आफ्नो मनलाई छुन नसकेको भाव यसरी व्यक्त गर्छन् ।

धेरै आए आजसम्म मलाई माया गर्नेहरू
किन होला मेरो मनलाई छुन सकेनन् ।

("छुन सकेनन्" पृ. १४)

आफ्नो मनलाई छुनसक्ने माया नपाएको भाव व्यक्त गर्ने गीतकार गदाल कतै मायामा हराउन थालेको आभाष हुने गरेको भाव पनि व्यक्त गर्छन् । चोखो मायाको अनुभूति पाउन थालेको भाव उनी आफ्ना गीतमार्फत यसरी अभिव्यक्त गर्छन् ।

किन किन हिजो आज
आफैभित्र हराउँदैछु
जिन्दगीमा चोखो प्रितको
अनुभूति पाउँदैछु

("सुम्पेको छु" पृ.१५)

गीतकार गदालले चोखो मायाको बदलामा धोका पाएको कुरा आफ्ना गीतमार्फत व्यक्त गरेका छन् । निष्ठुरीलाई दिएको चोखो मायाको बदलामा आफूले कहिल्यै नबिर्सने घृणाको चोट पाएको भाव यसरी व्यक्त गरेका छन् ।

चोखो मायाले गला रेटियो
दिलको बारीमा ढुंगा भेटियो
पलाएका आशाहरू सबै मेटियो

("दिन ढल्यो" पृ. २९)

गीतकारले आफ्ना गीतमार्फत मनका भावनाहरू सरल रूपमा पोखेका छन् । यसरी पोख्ने क्रममा कतै आफ्नी प्रेयसीलाई सम्झिएका छन् भने कतै मायाको सन्देश पनि

पठाएका छन् । उनले सँगसँगै हाँसेर रमाइलोसँग बिताउने क्षण कहिले आउला भन्दै यसरी आफ्ना भावहरू गीतमार्फत व्यक्त गरेका छन् :

बाँच्नलाई खप्नुपर्ने सयौ घामपानी
एक्लै छाडि गयौ मलाई मेरै जिन्दगानी
कहिले आउला सँगै बसी हास्ने खेल्ने दिन
सपनीमा साथै हुन्छयौ विपनीमा छैन ।

("टाढा टाढा" पृ. ३६)

यसरी गीतकार गदाल आफ्ना मनका भावबाट सबैको भावनालाई मुखरित गर्न सफल छन् । उनी आफ्ना भावहरूलाई मानवीय भावसँग मिल्ने गरी कलात्मकताका साथ प्रस्तुत गर्छन् । एकातिर प्रेमको वियोग अवस्थाको चित्रण गर्ने गदाल कतै प्रेमको संयोग अवस्थाको यसरी सुन्दर रूपमा चित्रण गर्छन्

बिहानीको शीतको थोपा सिचिदिए फूल्न सक्छ
फालिदिए लत्याएर अनायासै मर्न सक्छ
नमेटिने तस्वीर तिम्रै कलेजीमा खोपेको छु
सम्हाल या बिर्सिदेउ तिम्रै भरमा छोडेको छु । ("विश्वास" पृ. ४०)

आफ्ना गीतहरू मार्फत एकातिर वियोगका भावहरू व्यक्त गर्छन् भने अर्कातिर प्रेमको हर्ष र आनन्दका भावहरू सजीव रूपमा व्यक्त गर्छन् । मनमा रहेका मायाका कोमल भावहरूलाई गीतमार्फत सुन्दर रूपमा व्यक्त गर्छन् ।

प्रेमलाई व्याख्या र विश्लेषण गर्ने विविध तरिकाहरू छन् । संस्कृत साहित्यमा प्रचलित रसहरूमध्ये शृङ्गार रस अन्तर्गत राखेर विश्लेषण गरिएको पाइन्छ । शृङ्गार रसमा पनि सम्भोग र विप्रलम्भ गरी दुई आधारमा प्रेमको व्याख्या गरिएको पाइन्छ । सम्भोग शृङ्गार अर्न्तगत नायक नायिकाको मिलन र त्यस अर्न्तगतका विविध क्रियाकलापको वर्णन गरिन्छ भने विप्रलम्भ शृङ्गार अर्न्तगत प्रेमको वियोग अवस्थाको वर्णन गरिन्छ । शृङ्गार भन्नाले परस्पर अनुरागमा बाँधिएका नायक नायिकाको एक अर्का प्रतिको प्रेमको वर्णन गरिएको भएमा शृङ्गार रस हुन्छ । शृङ्गार रसमा आलम्बन अर्न्तत परस्पर प्रेममा बाँधिएका नायक नायिका हुन्छन् भने उद्दीपन एकान्त ठाउँ, उद्यान आदि हुन्छन् । ज्ञानेन्द्र गदालका

गीतहरूलाई पनि शृङ्गार अर्न्तगत राखेर हेर्न सकिन्छ । यसरी हेर्दा गदालका प्रायः गीतहरू शृङ्गार अर्न्तगत नै आउँछन् । उनका गीतमा सम्भोग भन्दा विप्रलम्भ शृङ्गारको भाव ज्यादा पाइन्छ । यहाँ गदालका मानवीय प्रेमसँग सम्बन्धित गीतहरूलाई संयोग र विप्रलम्भ शृङ्गार अर्न्तगत राखेर विश्लेषण गरिन्छ ।

### १. सम्भोग शृङ्गार

सम्भोग शृङ्गार अन्तर्गत नायक नायिकाको मिलनको अवस्थाको वर्णन हुन्छ । शृङ्गार आधुनिक गीतको प्राण हो । यस अवस्थालाई गदालका केही गीतहरूले बोकेका छन् र ती गीतहरूले सम्भोग शृङ्गारीक चेतनालाई व्यक्त गर्न सफल छन् । संयोग शृङ्गारीक चेतनाका विभिन्न अवस्थाहरूलाई गदालले आफ्ना गीतहरूमा अनुभूतिजन्य रूपमा व्यक्त गरेका छन् । उनले आफूले व्यक्त गर्ने भावहरू संयोगको चित्रण गर्ने क्रममा एकदमै भावुक रूपमा गरेका छन् । यसकारण उनका गीतहरूले पाठक श्रोताको मनलाई छुन सफल छन् । उनका गीतहरूमा मायाको अनुभूति छर्लङ्ग रूपमा अनुभव गर्न सकिने गरी व्यक्त भएका छन् । संयोग भाव भएका उनका गीतहरूमा मायाको प्रस्तुति आँखाले गर्दछ भन्दै हरसमय मायालुको सामिप्यतामा बिताउने चाहाना व्यक्त गरिएको पाइन्छ । आफ्नो सम्पूर्ण जीवन प्रेयसीको नाममा समेटेको छु भन्दै प्रेमको शिष्ट अभिव्यक्ति व्यक्त गरिएको पाइन्छ । गदालको प्रस्तुत **मलाई छुने मन** गीतसङ्ग्रह भित्रका ६४ वटा गीत मानवीय प्रेमसँग सम्बन्धित रहेका छन् भने त्यसमा केही गीतहरू सम्भोग शृङ्गारका भाव बोकेर व्यक्त भएका छन् । उनका सम्भोग शृङ्गारसँग सम्बन्धित गीतहरूको सङ्ख्या १७ वटा रहेको छ । ती संभोग शृङ्गार अन्तर्गत आउने गीतहरूको सूची यस प्रकार रहेको छ :-

१. दाम्पत्य जीवन

२. वैस

३. हल्का नठान

४. जुनीभरीलाई

५. इच्छा

६. सुम्पेको छु

७. प्रेयसीको संझना

८. विश्वास

९. कुत्कुती

१०. चञ्चल मन

११. सँगै जिउनुपर्छ

१२. अबदेखि

१३. मिलन

१४. भरोसा हुन्न

१५. उपमा

१६. मेरो रातमा

१७. तिम्रो निम्ती

यसरी ज्ञानेन्द्र गदालका गीतमा सम्भोग शृङ्गारको भावना कमै मात्र गीतहरूमा व्यक्त भएको पाइन्छ । कमै भएता पनि ती गीतहरू सम्भोग शृङ्गारीक भावलाई व्यक्त गर्न सफल छन् । उनका गीतमा नायिका वा प्रेमिका विषयलम्बन भएर आएको देखिन्छ भने नायक आश्रयलम्बनका रूपमा आएको देखिन्छ । आफ्नी प्रेमिकालाई हृदयको ढोका मात्र तिम्रा लागि खोलिदिएको छु भन्दै सारा खुशीहरू तिमीलाई नै दिउँ भन्दै उनी आफ्ना भावनाहरू यसरी पोख्छन् ।

हृदयको ढोका आज तिम्रै निम्ति खोली दिएँ
मेरा सारा खुशीहरू तिमीलाई नै सुम्पी दिएँ ।

("जुनीभरिलाई" पृ. ७)

गदालले यसरी सम्भोग शृङ्गारको भावलाई व्यक्त गर्दै आफ्नी प्रेयसीलाई हृदयमा बस्न आग्रह गरेका छन् । अब यो मनको मझेरीमा तिमीलाई बस्न मन्जुर छ भन्दै उनले गीतमार्फत व्यक्त गरेका छन् । गदालका विचारमा माया भनेको दुई आत्माको मिलन हो जसमा आत्मियता हुन्छ । सुख र दुःखको साथीका रूपमा उनले आफ्नी प्रेयसीलाई हृदयमा बास दिएका छन् । उनका सम्भोग शृङ्गारीक भावनाहरू व्यक्त भएका गीतमा प्रेमिकाको खुलेर प्रशंशा गरिएको भेटिन्छ ।

गदालका गीतहरूमा समर्पणको भाव पाइन्छ । आफ्नो सारा जीवन तिमीलाई दिइसकेको र यसलाई सम्हालिदेउ भन्ने आग्रह गरेका छन् ।

फूल फूलमा पात पातमा
सुम्पेको छु चोखो जीवन तिम्रै हातमा

("सुम्पेको छु" पृ. १५)

यसैगरी उनी आफ्नी प्रेयसीलाई सम्झना र मायाको कोशेली लिएर भेट्न आउँदैछु पर्खेर बस भन्ने आग्रह गीतमार्फत गर्छन् । वर्षौंको मायालाई मुटुमा साँचेर टाढाबाट भेट्न आउँदैछु भन्दै उनी आफ्नो भाव यसरी व्यक्त गर्छन् ।

पर्ख है मेरी प्रेयसी सम्झना बोकेर आउँदैछु
वर्षौंको माया मुटुमा साँची कोशेली लिएर आउँदैछु

("प्रेयसीको सम्झना" पृ. ३३)

यसैगरी प्रकृतिको सुन्दर मनोरम बसन्त ऋतुमा आफ्नी प्रेयसीलाई उनी हर पातपातमा नाचिरहेको देख्छन् । अँध्यारो चिरेर उज्यालो छर्ने दियो जस्तो देख्ने गरेको भन्दै विविध उपमाहरू दिएर यसरी आफ्नी प्रेयसीको गुणगान गाउँछन् -

वसन्तको डाली डाली पात पातमा तिमी
झलमल्ल दियो बन्यो मेरो रातमा तिमी ।

("मेरो रातमा" पृ. ८०)

ज्ञानेन्द्र गदालले आफ्ना गीतहरूमा प्रेमीप्रेमिका एकापसमा रहदाको अवस्थामा प्रेमीले गरेका अनुभवहरूको सरल रूपमा गीतमार्फत, व्यक्त गरेका छन् । यहाँ कतै उनी प्रेमीकालाई मनको ढोका उघारेर हृदयमा बास गर्न आग्रह गर्छन् भने कतै प्रेयसीलाई फूल र पातहरूमा नाचिरहेको देख्छन् । टाढा रहदाको समयमा साँचेका मायाका यादहरूलाई कोशेलीको रूपमा लिएर चाँडै आउने बाचा गरेका छन् । यस्तै बसन्त ऋतुको समयमा हरेक फूलको डाली डालीमा प्रेमिकाको रूप देखेर दङ्ग पर्छन् । आफ्नो जीवनमा उज्यालो दियो बनेर प्रकाश छर्दै आयौ भन्दै उनी अध्याँरो रातको उज्यालो ज्योतिका रूपमा प्रेमिकालाई लिन्छन् । यसरी वास्तविक प्रेमको अनुभूति उनका गीतहरूमा पाइन्छ । वास्तवमा जब प्रेमीप्रेमिका एकापसमा मिलेर रमाउँछन् तब प्रकृति पनि रमाउँछ भन्दै प्रेमको वास्तविक रूपलाई मनमोहक रूपले आफ्ना गीतहरूमा उतार्न सक्नु गीतकारको सिर्जनशील शक्तिको परिणाम हो । यसमा गदाल सफल देखिन्छन् ।

यसरी गदालले प्रेमको संयोग अवस्थाको चित्रण गरेर मायालाई कहिल्यै नटुट्ने गरी संगालेर राख्ने कसम खाएर मायालुसँगको मिलनको अनुभूतिलाई व्यक्त गरेका छन् । उनका सम्भोग शृङ्गार अर्न्तगत रहेका गीतहरूमा मायाका प्रेमिल पक्षहरूको सुन्दर वर्णन गरेर मायालाई अजम्बरी तुल्याउन सफल छन् ।

## २. विप्रलम्भ शृङ्गार

गीतकार ज्ञानेन्द्र गदालले आफ्ना गीति रचनाहरूमा विप्रलम्भ शृङ्गारको पनि प्रशस्त प्रयोग गरेका छन् । उनका यस अर्न्तगत रहेर रचिएका गीतहरूमा प्रेमीप्रेमिकाको कारूणिक अवस्थाको चित्रण गरिएको छ । विप्रलम्भ भनेको नायक र नायिकाको विछोडको अवस्था हो । यस अवस्थामा नायक नायिकाको मिलनको अवस्था रहन्छ भने यसलाई सामान्य विप्रलम्भ र विछोड भएपछि पुनः मिलनको कुनै पनि सम्भावना नरहेको अवस्थालाई असामान्य विप्रलम्भ अवस्था भनिन्छ । यस्तो विप्रलम्भको अवस्था बाध्यता, इच्छा र मृत्युको कारणले गर्दा सिर्जना भएको हुन्छ ।

गदालका विप्रलम्भ शृङ्गारका भाव भएका गीतमा वियोगको अवस्थाले निराशता पीडा र व्यथा बढ्दै गएको भाव व्यक्त गरिएको छ । कतै आफूले गरेका गल्तीको प्रायश्चित गरेका छन् भने कतै आफूले दिएको माया भन्दा धेरै अपेक्षा गरेर छाडेर गएकी प्रेयसीको भाव व्यक्त गरिएको छ । चोखो मायाको बदलामा चोखो मायाकै अपेक्षा गरेका गीतकारले मुटु बिझाउने उपहार पाएको भाव यसरी व्यक्त गरेका छन् ।

यो विश्वासको मुटु तिमीलाई दिएथेँ
बदलामा तिम्रो प्रिती चाहेथे
तर आज चोखो प्रित चाल पाएँ
मुटु बिझाउने उपहार पाएँ ।

("तिमीलाई बधाई" पृ. १०)

वियोगको अवस्थाको भाव व्यक्त गर्दै चोखो मायाको बदलामा पाएको मुटु बिझाउने उपहारले आफू विक्षिप्त भएको भाव व्यक्त गरेका छन् । यस प्रकारका वियोगका अनेक भावहरू उनका गीतहरूमा पाइन्छन् । प्रेमपीडाबाट घायल भएको प्रेमीको मनले बिर्सन चाहेर पनि बिर्सन नसकेको मायालुलाई कल्पिएर वियोगको अवस्थाको भाव व्यक्त भएको छ

तिमीलाई बिर्सु भन्थे हरपल याद आइरहयो
कोलाहाल या एकान्तमा सम्भनाले सताइरहयो ।

("सम्भिरहन्छु" पृ. २२)

यसरी हरपल हरक्षण मायालुको मायाले सताइरहदा आफूले आफ्नो लक्ष्य नै भुलिसकेको र प्रेममा एक पक्षको गल्ती दुवै पक्षले भोग्न बाध्य हुनुपर्दछ भन्ने भाव व्यक्त गरिएको छ । मायाको बदलामा चोट पाएपछि सम्पूर्ण आशाहरू मरेर जाने अनि जिन्दगी नै उजाड हुने भाव अभिव्यक्त गर्छन् । यस प्रकार चोखो मायाले मरेतुल्य बनाएको अवस्थालाई उनी यसरी व्यक्त गर्छन् ।

चोखो मायाले गला रेटियो
दिलको बारीमा ढुङ्गा भेटियो
पलाएका आशाहरू सबै मेटियो ।

("दिन ढल्यो" पृ. २९)

मायाको मुटु नै बिभ्काउने उपहारले निराशा छाउन पुगेको छ भन्दै जीवनका सम्पूर्ण आशाहरू मरेर गएको भाव व्यक्त गरिएको छ । पलपलमा चोखो मायाको आशमा मनको दैलो खोलेर पर्खिरहदा आखिरमा चोखो मायाको बदलामा गला रेट्ने उपहार प्राप्त भएको अवस्थाको वर्णन उनी गर्छन् । आशाहरू निराशामा बदलिएर मनमा आँधी चलिरहेको छ भन्ने भाव गदालका गीतमा व्यक्त भएका छन्

आशा उमारी पलपल खोली मुटुको दैलो
उज्यालो चुम्नलाई धोएर मनको मैलो
पर्खिबसे यतिञ्जेल रित्तो परेछ फेला
विक्षिप्त मनको आँधी यो कसले बुभिदेला ।

("यो मनको आँधी" पृ. ३२)

वियोगको यो अवस्थामा मुटुभरि मायाको सम्भनालाई संगालेर बिताएका पलहरूलाई मनमा राखेर परेलीहरूमा बिछोड र बेदनाको आँसुलाई च्यापेर लुकाई म तिम्रो साथबाट बिदा हुँदैछु तिम्रो साथमा रहदा पलाएका धेरै इच्छाहरूलाई मेटेर मायाको संसारबाट बिदा हुँदैछु भन्दै उनी यसरी आफ्नो भाव व्यक्त गर्छन् ।

मुटुभरि सम्झनाको छाँया बोकेर
परेलीले विछोडको आँसु छोपेर
तिमीसँग आजलाई बिदा हुँदैछु
इच्छाहरू कुल्चिएर बिदा हुँदैछु

("बिछोड" पृ. ५०)

यसरी नै वियोगको अवस्थामा अझ पनि मनमा पुराना यादहरू बल्झिएर हरपल सताइरहन्छन् भन्दै यादहरूले कलेजोमा गाँठो पारेर झक्कानो फुटाउँछन् भन्छन् । भीडहरूमा अलमल्ल भएपनि एकान्तमा यादले सताएर अनायास आँखाबाट आँसुको भेल बग्दछ भन्ने भावलाई उनले यसरी व्यक्त गरेका छन् ।

बिर्सु भन्छु अतित आई
कलेजोमा गाँठो पार्छ
भीडमा अल्मलिए पनि
एकान्तमा आँसु झर्छ
सुकिसकेका नयनहरू फेरी आज रसाउदैछन्
झरिसकेका रहरहरू फेरि आज पलाउँदैछन् ।

("बल्झिदैछु" पृ. ६०)

यसरी गदालका विप्रलम्भ शृङ्गार अर्न्तगत वियोग भावका गीतहरूमा वियोग अवस्थाका विविध पीडा, दुःख र बेदना अनि मिलनको झिनो आशामा प्रतीक्षारत पलहरू पनि कतै आएका छन् । वियोग अवस्थाको स्थितिलाई कतै उनले आफ्नै त्रुटिलाई अघि सारेका छन् भने कतै प्रेमिकाको त्रुटिलाई देखाएका छन् । उनले कतै गल्ती गरेकोमा प्रायश्चित गरेका छन् । प्रेमिकाले आफूलाई छाडेर गएको कारण उनले कतै पनि खोलेका छैनन् । उनका शृङ्गारीक भाव भएका गीतमा तिमी भनेर सम्बोधन गरिएको छ तर त्यो तिमी को हो भनेर स्पष्ट रूपमा खुलाइएको भने छैन । तिमी भनेर सम्बोधित पात्र आफ्नै प्रेयसी हो वा कल्पना लोकमा हुर्किएकी कुनै छाँया पात्र हो खुलाइएको छैन ।

गदालका सम्पूर्ण मानवीय प्रेमसँग सम्बन्धित गीतहरूलाई हेर्दा त्यहाँ विप्रलम्भ शृङ्गारको प्रयोग बढी गरिएको पाइन्छ । ६४ वटा गीतहरूमा विप्रलम्भ शृङ्गारको प्रयोग गरिएको छ भने बाँकी १७ वटा गीत सम्भोगसँग सम्बन्धित छन् । गदालले मानवीय प्रेमसँग

सम्बन्धित गीतमा सम्भोग र विप्रलम्भ शृङ्गारको भाव चेतनालाई सहज रूपमा प्रयोगगरी मायाका कोमल भावहरू व्यक्त गरेका छन् ।

## २. राष्ट्रप्रेम

आफू जन्मेको देशलाई आमा समान ठानेर त्यसको उन्नाति र प्रगतिकालागि लाग्नु र अरूलाई पनि लाग्न प्रोत्साहन गर्दै देशप्रतिको आफ्नो कर्तव्यलाई अनुभव गरी त्यसलाई पालना गर्नु नै राष्ट्रप्रेम हो । ज्ञानेन्द्र गदालको प्रस्तुत **मलाई छुने मन** गीतसङ्ग्रह भित्रका केही गीतहरूमा राष्ट्रभक्तिको भाव पाइन्छ । जन्मभूमि प्रतिको आफ्नो कर्तव्यलाई जब देशवासीहरूले महसुस गर्छन् तबमात्र देशको विकास हुन्छ । राष्ट्रभक्ति भावका गीतहरूको रचना धेरै पहिलाबाट नै भएको पाइन्छ । आफ्नो देशको महिमा र वीर गोर्खालीहरूको गुणगान गाउँदै तिनले देशको रक्षाका लागि दिएको ज्यानको बलिदानलाई गीतमा सरल भाषामा व्यक्त गर्ने काम गरिएको पाइन्छ । नेपाली प्राकृतिक छटा एवं विविध धर्म संस्कृतिको परिचय पनि अनि विश्वमै नेपाललाई चिनाउन सफल नेपाली धरोहरहरूको व्याख्या गीतहरूमा गरिएको पाइन्छ । साहित्यका माध्यमबाट देशप्रेमको भावलाई झल्काएर राष्ट्रियताको चेतनालाई प्रखर गर्ने काम भानुभक्त देवकोटा, माधव घिमिरे लगायतले गरेका छन् । यही देशको माटोमा जन्मिएर यहीको प्राकृतिक छटा र साँस्कृतिक परिवेशको गाथा गाएर नेपाल आमाका कैयौँ सन्तान गए भने कैयौँ सन्तान आज पनि नेपाली आस्था र भावनालाई जगाइरहन सिर्जनशीलतालाई निरन्तरता दिइरहेका छन् ।

राष्ट्रलाई आफ्नो सर्वस्व मानेर यसैको विकासको निम्ति लाग्न प्रेरणा र प्रोत्साहन दिदै ज्ञानेन्द्र गदालले आफ्ना गीतहरूमा राष्ट्रभक्ति भावलाई व्यक्त गरेका छन् । उनका राष्ट्रिय भाव चेतनाले ओतप्रोत भएका गीतहरूमा कतै नेपाली प्राकृतिक छटाहरूको वर्णन गरिएको छ त कतै शान्त र सुन्दर भूमिका रूपमा चित्रण गरिएको छ । नेपालको विकास गर्न सारा नेपाली एकजुट भएर लाग्नुपर्छ भन्दै आफू हुर्किएको पहाडको काखलाई सम्झिएर भक्कानिएका छन् । उनका गीत सिर्जनाका हिसाबले यस सङ्ग्रहभित्र रहेका ८० वटा गीतहरूमध्ये तीनवटा गीतहरूमा राष्ट्रभक्तिको भाव पाइन्छ । सङ्ख्यात्मक रूपले कम भए तापनि उनका राष्ट्रभक्ति भावका गीतहरू गुणात्मक रूपले उत्कृष्ट छन् । यसरी गुणात्मक र स्तरीयताका आधारमा सबल बन्न पुगेका गदालका राष्ट्रवादी गीतहरूको शीर्षक र मूलभावलाई क्रमशः प्रस्तुत गरिन्छ :

| शीर्षक | मूलभाव |
|---|---|
| अघि बढौ | आकाश चुम्ने हिमाली शिखरहरू हाम्रा शान हुन् । यहाँका खोलानाला र हरियाली परिवेश हाम्रो प्राण हो, सुन्दरताको खानी राता गुराँसले सजिएको पुज्य भूमि नेपाललाई प्रगतिपथमा अगाडि बढाउन सबै एकापसमा हातेमालो गरेर अगाडि बढौँ देशको नाम उच्च शिखर जस्तै माथि उठाऔँ भन्ने भाव व्यक्त । |
| घरको सम्झना | परदेशमा रहेर त्यहाँको भौतिक आनन्दमा रमेतापनि आत्मिक सुख र आनन्द पाउन नसकेको, तन रमाए पनि मन सदा बेखुसी भएको र मनलाई खुसी तुल्याउन आफ्नै मातृभूमि फर्केर आउने भाव व्यक्त । |
| परदेशीको कथा | सुन्दर शान्त र स्वर्गको आभाष मिल्ने मातृभूमि छाडेर परदेशमा रहदा आफ्नै देशको प्राकृतिक रमणियता र आफू हुर्किएको पहाडी परिवेशको यादले पलपल सताएर विक्षिप्त हुने गरेको अनि अशान्तिको वातावरणमा बाँच्न गाह्रो भएको भाव व्यक्त गर्दै शान्ति भूमि नेपालको सम्झना आइरहने भाव व्यक्त । |

यसरी ज्ञानेन्द्र गदालको राष्ट्रियगीतको भावलाई हेर्दा यहाँ राष्ट्र भावका विविध पक्षहरूको प्रस्तुत गरेको देखिन्छ । उनको पहिलो गीतलाई हेर्दा नेपाली प्राकृतिक सम्पदाको गुणगान गाउँदै सम्पूर्ण नेपालीलाई एकजुट भएर राष्ट्र निर्माणमा लाग्न आह्वान गरिएको छ । यहाँ देश विकासमा लाग्न मुख्यतः युवाहरूलाई आफ्नो तन मन र वचनले कर्म क्षेत्रमा सक्रिय भएर लाग्न आग्रह गरिएको छ । नेपालको नाम विश्व मानचित्रको सबैभन्दा उच्च शिखर जस्तै राख्न युवाहरूको भूमिका अपरिहार्य ठानिएको छ । प्राकृतिक सम्पदासँग जोड्दै उनले राष्ट्रको विकासमा लाग्न आह्वान गरेका छन् :

आकाश छुने शिखर हेर हाम्रो शान हो
खोला नाला हरियाली हाम्रो प्राण हो
वरिपरी गुराँस घारी हेरौ साथी हो
गाउँदै चढौ उकाली माथि माथि हो ।

("अघि बढौं" पृ. ४५)

देशको नामलाई सदा उच्च राखिरहन देशका सम्पूर्ण देशवासीहरूलाई आग्रह गर्दै नेपालीपन जोगाउन एकजुट हुनुपर्ने विचार व्यक्त गरिएको छ । विकासको गतिमा अगाडि

बढाएर देशलाई सुन्दर, शान्त र विशाल बनाउन मुख्य भूमिका देशवासीको नै हो भन्दै आपसमा मिलेर अगाडि बढ्न आग्रह गरेका छन् । परदेशमा रहदा नेपाली भूमिको सम्झनाले सताउँदा उनी आफ्ना मनका भावनाहरू पोख्छन् । बिदेशमा भौतिक सुख सुविधा मिलेता पनि आत्मिक सुख मिल्न नसकेका कारण उनी आफ्नै घर आँगन सम्झन पुग्छन् । नेपाली माया र स्नेहले दिने उर्जा पराई मायाको अगाडि महान् ठहर्छ, पराइको रूखो मायाले मनमा शान्ति दिलाउन नसकेका कारण आफ्नै देशमा फर्किएर आउने प्रण गर्दछन् । नेपाली मनको मायालाई सम्झिएर आफ्नै सँस्कृतिमा रमाउन चाँडै फर्किएर आउने अभिव्यक्ति यसरी पोख्छन् -

परदेशमा खान लाउन नपाएको होइन
पराइको माया पनि नचाखेको होइन
आफ्नै आँगन प्यारो अरू के पो छ र
यसपालीको दशैमा त आउँछु प्रिये घर ।

("घरको सम्झना" पृ. ५३)

यसरी गदालको राष्ट्रप्रेम उनका गीतहरूमा अभिव्यक्त भएको पाइन्छ । आज देशलाई माया मारेर बिदेश पलायन हुनेलाई बिदेशमा पुगेपछि मात्र स्वदेशको माया लाग्ने गरेको भाव उनका गीतहरूमा पाइन्छ । यहाँको प्राकृतिक वातावरणमा खेलेर हुर्किएको नेपाली मनलाई परदेशको बनावटी वातावरणमा खल्लो महसुस हुन्छ भन्दै शान्तिको अनुभव आफ्नै माटोमा मात्र पाइन्छ भन्ने भाव उनले व्यक्त गरेका छन् । विदेशमा रहँदा नेपालको सम्झनाले पलपल सताउँदा त्यहाँको मनोरम सल्लाघारी र सुन्दर पहाडी रमणीयतालाई कल्पिएर उनी आफ्नो भाव यसरी व्यक्त गर्छन् ।

बुट्टा बुट्टा गुराँसको सल्लाघारी लुकामारी
खेलीखेली हुर्किएको पहाडको काखभरि
त्यहीँ थियो शान्ति आखिर त्यहि नै स्वर्ग रहेछ
ती दिन गए यी दिन आए खुसीसारा चौपट्ट भएछ ।

("परदेशीको व्यथा" पृ. ७२)

आफ्नै देशको माटोमा नेपालीपन पाइने र आफ्नै लालीगुराँसको रङ्गमा नेपाली एकता पाउन सकिने अनि पहाडको काखमा आमाको मायालु स्पर्श पाइने भन्दै उनी आफ्नो

देशलाई स्वर्गसँग तुलना गर्छन् । गीतकार गदालका गीतहरूमा देशभक्तिको भावना प्रगाढ रूपमा झल्किएको पाइन्छ । परदेशमा रहेका कारण आफ्नो जन्मभूमिप्रतिको माया र स्नेहलाई उनले आफ्ना गीतमार्फत पोखेका छन् । नेपाली मनबाट पाइने माया परदेशको भौतिक सुख सुविधाको अगाडि आकाश पातालको भिन्नता हुने भन्दै सल्लाघारी र गुराँसघारीमा लुकामारी खेल्न र पहाडको काखमा रमाउन आउने इच्छा व्यक्त गर्छन् । परदेशको भौतिक सुख सुविधाले आत्मिक शान्ति मिल्न नसक्ने रहेछ भन्दै आफ्नै मातृभूमिको यादमा हरपल रहेर आकाश छुने हिमाली शिखर जस्तै उच्च नेपाली मनहरूलाई भेट्न चाँडै आउने बाचा गर्छन् । नेपाल राष्ट्रको उन्नति र विकास नेपाली पौरखमा नै भर पर्ने भएकाले समस्त नेपाली जनलाई एकसाथ लाग्न आग्रह गरेका छन् । नेपाली भाषा र सँस्कृतिको बचाउ गर्दै सदासर्वदा नेपाली मन लिएर बाच्न आह्वान गरेका छन् ।

### ३. प्रणयेतर/रागेतर वस्तु/भाव

ज्ञानेन्द्र गदालका गीतमा रागेतर विषयवस्तुका रूपमा जीवन सम्बन्धी चिन्तन, मानवता, प्रकृति आदि रहेको पाइन्छ । यसमा जीवनचिन्तन नै मुख्य रूपमा रहेको प्रणयेतर विषयवस्तु हो । जीवन जिउने क्रममा आउने आरोह अवरोह, सफलता, असफलता जीवन भोगाइका अनुभूति नै यहाँ मुख्य रूपमा आएका छन् । जीवनमा आफूले पाएका विविध अनुभवका आधारमा उसले जीवनको व्याख्या र विश्लेषण गरेका छन् । कसैले आफ्नो जीवनलाई आफ्नै परिश्रमका कारण अगाडि बढाएको हुन्छ भने कसैले अरूको सहयोगमा उन्नति र प्रगति गरेको हुन्छ । जीवन सम्बन्धी परिभाषा सबैको एकै प्रकारको हुँदैन । सबैले जीवनलाई आ-आफ्नै पाराले हेर्ने र व्याख्या गर्ने गरेका हुन्छन् । सबै स्रष्टाहरूको जीवनलाई हेर्ने दृष्टिकोण आ-आफ्नै हुन्छ ।

यसरी नै ज्ञानेन्द्र गदालले पनि आफ्ना रचनाहरूमा जीवन सम्बन्धी आफ्नै धारणा र मान्यता व्यक्त गरेका छन् । जीवनलाई व्याख्या गर्ने क्रममा कतै बगि जाने खोलासँग तुलना गरेका छन् भने कतै सुख दुःखको मिश्रणको रूपमा व्याख्या गरेका छन् । एकपटक मात्र पाइने मानव चोला रमाएर बिताउनुपर्छ भन्दै बाँचुञ्जेल राम्रो काम गरेर बाचौं भन्ने अभिव्यक्ति दिएका छन् । गदालको यस **मलाई छुने मन** गीतसङ्ग्रह भित्रका १६ वटा प्रणयेतर भावका गीतहरू मध्ये ५ वटा गीतहरूमा जीवन सम्बन्धी चिन्तन व्यक्त गरिएको पाइन्छ ।

यसरी गदालका रचनामा प्रस्तुत जीवनगत अभिव्यक्ति सामान्य नभएर विशिष्ट प्रकारको छ । उनले जीवनका हरेक पक्षहरूको गहिरो अध्ययन गरी व्याख्या र विश्लेषण गरेको पाइन्छ । मानिसले जीवनयापनका क्रममा भोगेका हरेक समस्यालाई नजिकबाट नियालेका गदालले आफ्ना सिर्जनामा तिनलाई कुशल रूपमा व्यक्त गरेका छन् । जीवनलाई संघर्षको पर्याय ठानेर सदा प्रगतिपथमा लाग्न हौसला पनि दिएका छन् । दुःख कष्टको सामना गरेर दृढ रूपमा अगाडि बढ्न सके लक्ष्यमा अवश्य पुग्न सकिन्छ भन्दै खुसी पाउन गाह्रो हुन्छ, त्यसैले त त्यो अमूल्य पनि छ । यदि सहज मिल्ने भए त त्यसको के महत्त्व हुन्थ्यो र भन्ने सरल अभिव्यक्ति दिएका छन् । लक्ष्यमा पुग्न संघर्ष नै नगरे जीवनको वास्तविकता पनि बुझ्न सकिदैन भन्ने सन्देश दिएका छन् ।

यसैगरी गदालका गीतमा प्रणयेतर विषयवस्तुका रूपमा मानवतावादी भावना पनि अभिव्यक्त भएको पाइन्छ । उनले मानवताको भावनालाई आफ्ना गीतमार्फत उजागर गर्दै कसैको बोलिमा रूखोपन भएपनि यदि परेको बखतमा मरिमेट्छ भने त्यो असल साथी हो भन्ने भाव व्यक्त गरेका छन् । मानव हितलाई धर्म मान्नुपर्छ भन्ने भावना उनका गीतमा अभिव्यक्त भएको पाइन्छ ।

गदालका सिर्जनामा आफ्नै सिर्जना सम्बन्धी मान्यता पनि व्यक्त भएको पाइन्छ । कृत्रिमता भन्दा स्वतस्फूर्त लेखनलाई उनले जोड दिएका छन् । जर्बजस्ती रचिएको रचनामा भावको सरलता पाइदैन भन्दै भित्री मनबाट निस्किएको भावनाले मात्र आफूले भन्न चाहेको कुरालाई व्यक्त गर्न सफल हुन्छ भन्ने कुरा उनका रचनाहरूमा पाउन सकिन्छ ।

यसरी नै उनका रचनाहरूमा प्रकृतिको प्रयोग पनि गरिएको छ । समाजका पीडा र बेदनाहरूलाई उनले प्रकृतिको माध्यमबाट व्यक्त गर्ने काम गरेका छन् । अर्कोतिर प्रकृतिका मनोरम छटाहरूको वर्णन पनि उनका गीतहरूमा पाइन्छ । नेपाली प्राकृतिक सम्पदाहरूको आकर्षण र त्यसले दिने मनमोहकतालाई प्रस्तुत गर्दै मानव र प्रकृति बिचको सम्बन्धलाई गीतमार्फत सरल रूपमा अभिव्यक्त गरेका छन् । उनका गीतहरूमा नेपाली हिमाली, पहाडी र तराइका प्राकृतिक छटाहरूको वर्णन अत्यन्त सुन्दर रूपमा गरिएको छ ।

यसैगरी समाजमा हुने सामाजिक विभेदलाई पनि उनले आफ्नो गीतको विषयवस्तु बनाएका छन् । सम्पूर्ण रूपले समान रहेका मानिस मानिस विचमा हुने भेदभावलाई उनले

आफ्ना गीत मार्फत सरल रूपमा अभिव्यक्ति गर्दै त्यस प्रकारका विभेदको अन्त्य हुनुपर्छ भन्ने भाव व्यक्त गरेका छन् । सम्पूर्ण मानिसको रगत रातो हुने भए विभेद किन गर्ने भन्दै उनले मानव जातिलाई आपसी मेलका लागि आग्रह गरेका छन् । जीवनचिन्तन

## १. जीवनचिन्तन

जीवन जिउने क्रममा आउने अनेक सुख दु:ख मिलन, बिछोड, पीडा, वेदना लगायतका विविध आरोह अवरोहले मानिसले जीवनको चिन्तन तथा मान्यतालाई अभिव्यक्त गर्न थाल्दछ । यसरी उसले एउटा दर्शनको विकास गर्दछ । साहित्यको पुरानो परम्परालाई हेर्दा पूर्व पश्चिम दुवैतिर साहित्य दर्शनबाट र दर्शन साहित्यबाट प्रभावित हुँदै आएको पाइन्छ । यस्तै ज्ञानेन्द्र गदालका गीतहरूमा पनि जीवन दर्शन व्यक्त भएको पाइन्छ । उनले आफ्ना गीतहरूमा जीवनको आशावादीतालाई नै मुख्य रूपमा अभिव्यक्त गरेका छन् । जीवनमा आइपर्ने चुनौतिलाई सामना गरेर आफू भित्रको विश्वासलाई सदैव सशक्त बनाउनु पर्छ भन्ने मान्यता उनका गीतमा पाइन्छ । संघर्ष र जीवनलाई पर्यायका रूपमा लिएर संघर्षशील जीवन बिताउनु पर्ने धारणा उनले आफ्ना गीतमार्फत दिएका छन् । जिन्दगीलाई बगेको खोलासँग तुलना गर्दै एकदिन मरेर जाने मानवचोला बाँचुन्जेल राम्रो काम गरेर सफल जिन्दगी बिताऔँ भन्ने अनुरोध गरेका छन् । यस प्रकार जीवनचिन्तनसम्बन्धी मान्यता प्रस्तुत गर्ने उनका गीतको मूल भावलाई संक्षिप्त रूपमा यहाँ प्रस्तुत गरिन्छ :-

| शीर्षक | मूलभाव |
|---|---|
| जीवनको रीत | मानिस आशाको त्यान्द्रोमा अल्झिएर बाँचेको हुन्छ । ऊ हर बिहान नयाँ आशा लिएर उठ्छ अनि साँझ फेरी छटपटीमा निदाउन बाध्य हुन्छ । मानिसलाई जगाइदिने त्यही एउटा आशा नै छ यदि त्यो नभए मानिस मानिस रहदैन थियो होला भन्ने भाव व्यक्त । |
| जीवन | जिन्दगी आफैलाई भार भइसकेको छ । छातिभरी पीडा र आँखामा हरबखत आँसु बोकेर मानिस जिउन बाध्य छ । जहाँ गएपनि खाली दु:ख मात्र साथ लाग्ने कतै हाँसो मिल्यो भने सबैले डाहा मात्र गर्दछन् भन्ने भाव व्यक्त |
| मेरो यात्रा | प्रयास गरे अवश्य पनि एकदिन लक्ष्यमा पुग्न सकिन्छ । नदी जसरी आफ्नै प्रयासले सागरमा पुग्छ त्यस्तै हामीले पनि निरन्तर परिश्रम गरे अवश्य पनि सफल भइन्छ भन्दै लक्ष्यमा पुग्ने आशा लिएर अघि बढौ भन्ने भाव व्यक्त । |

| | |
|---|---|
| हेराई | जिन्दगी दुःखमा होइन खुशीमा बिताउनु पर्छ । खुशी भएर बाँच्न सक्यो भने मात्र जिन्दगीको मजा लिन सकिन्छ, एक्लोपन र उदासीले त जिन्दगी नै निराश बनाउँछ भन्दै आशावादी बन्नुपर्छ भन्ने भाव व्यक्त । |
| जिन्दगीको परिभाषा | जिन्दगी भनेको बगेर जाने खोला जस्तै हो सुख, दुःख आउँछन् जान्छन् यसबाट अतालिएर होइन सामना गरेर अगाडि बढ्नुपर्छ । दुःखसँग आत्तिने होइन दुःख भित्रै सुखको आभाष पाइन्छ भन्दै सबै कुराहरू सहज रूपमा पाइने भए त्यसको महत्त्व नै हुँदैन, परिश्रम गरेको वस्तु पाएपछि सुन्दर र अमूल्य हुन्छ भन्ने भाव व्यक्त । |

यसरी गदालका गीतको मूलभावलाई हेर्दा जिन्दगीमा आशावादी भएर संघर्षको सामना गर्दै अगाडि बढ्नु पर्छ भन्ने मान्यता मुख्य रूपमा देखिन्छ । जीवनलाई सुख र दुःखको सङ्गम सम्झिएर कठिन मोडहरूमा पनि आशावादी बनेर गन्तव्यमा पुग्न निरन्तर पाइला चाल्नुपर्छ । गन्तव्यमा पुगेपछि सारा दुःख भूल्न सकिन्छ भन्ने भाव व्यक्त भएका छन् । मानिस आशावादी भएकै कारण संसारमा आफ्नो उपस्थिति देखाउन सफल छ भन्दै उनी आफ्ना भावनालाई यसरी व्यक्त गर्छन्

हरेक बिहान
एउटा झिनो आशा लिई उदाउँछ
साँझ पर्छ फेरि उही छटपटिमा निदाउँछ ।

("जीवनको रीत" पृ. ३)

जीवन भनेको सबैको यसरी नै बितिरहेको हुन्छ हरेक बिहानको उज्यालो सँगै नौलो आशाको साथमा मानिस जाग्छ अनि कति पुरा हुन्छन् कति हुँदैनन् त्यसैको गणना गर्दै निदाउन पुग्छ । क्रमिक रूपमा चलिरहने यही प्रकृयाले नै मानव अस्तित्व बचाएको छ । मानिसले आशावादी भएर अगाडि बढ्न बिगतदेखि वर्तमानसम्म नै प्रयासरत भएकै कारण आजको दिनमा धेरै कुराहरू पुरा भएका छन् । सदा आशावादी बन्ने मात्र होइन कर्मपनि गर्नुपर्छ भन्दै गदालले दुःख भित्र नै सुख पाइन्छ भन्ने भाव यसरी व्यक्त गरेका छन् :

झुपडिमा जिन्दगानी दुःख लुकाई हाँसेको छ
महल सधैं सन्त्रास र कोलाहलमा बाँचेको छ ।

("जीवनको रीत" पृ. ३)

महलले मानिसलाई सन्त्रास र कोलाहा मात्र दिएको छ भन्दै वास्तवमा सुख झुपडिमा नै मिल्छ भन्ने भाव उनले व्यक्त गरेका छन् । आफ्नो परिश्रममा बाँचेको झुपडीको मानिस सुखी छ तर महलमा हरदिनको छटपटीले मानिस खिन्न बन्न पुगेको छ भन्दै उनले दुःखभित्र सुखको आभाष पाउन सकिन्छ भन्ने भाव व्यक्त गरेका छन् ।

निरन्तरको प्रयासले एक दिन अवस्य पनि प्रगतिपथमा पुग्न सकिन्छ । आफू आफै बनिने हो । अरूले आफ्नो बारेमा केही सोच्दैनन् र केही गरिदिदैनन् । आफ्नो प्रयासलाई निरन्तरता दिनुपर्छ मनमा आशा जगाएर चालेका पाइलाले अवश्य लक्ष्यमा पुग्न सकिन्छ भन्दै उनी निरन्तर प्रयासरत रहन आग्रह गर्छन्

जहाँ सम्म आइ पुगेको छु
यो मेरो आफ्नो प्रयास हो
बाधा पन्छाउदै नदीसरि
लक्ष्यमा पुग्ने आशा हो ।

("मेरो यात्रा" पृ. २७)

प्रगतिपथमा नहडबडाई लम्कने मानिसले अवश्य नै लक्ष्य भेटाउँछ । निरन्तरको आफ्नै प्रयासले नै बाधाहरूलाई पन्छाएर गन्तव्यमा पुग्न सकिन्छ भन्ने उनको भनाई रहेको छ । जसरी नदीले आफ्नो बाटो आफै बनाएर विभिन्न बाधाहरूलाई पन्छाएर सागरलाई भेट्न पुग्छ त्यसरी नै निरन्तरको प्रयासले हामी सफल हुन सक्छौ भन्दै आशावादी सोचको विकास गर्न आग्रह गरेका छन् । निरन्तरको यात्रामा आएका बाधाहरू शिखरमा पुगेपछि भुलिन्छ भन्दै आफ्नै प्रयासले अगाडि बढ्नेले नै जीवन पनि बुझ्छ र प्रगति पनि गर्छ भन्ने आफ्ना अभिव्यक्तिलाई उनले नदीको उदाहरण दिएर पुष्टी गरेका छन् ।

जिन्दगीमा सधैंभरी असल सोचको विकास गर्न सके जीवन सफल हुन्छ भन्दै एकपटक मात्र पाइने मानवचोला रोएर होइन खुसी र सुखमा हाँसेर बिताउनुपर्छ । जीवन जसरी चलायो त्यसरी नै चल्छ भन्दै खुशी लिएर बाँचौ खुसीमै छ जिन्दगी भन्छन् । उदासी र निराशपनले त जीवन नै निस्सार बनाइदिन्छ भन्दै जिन्दगीलाई यसरी व्यक्त गर्छन् ।

खुशी लिई बाँच्नु पर्छ खुशीमा छ जिन्दगी
एक्लोपन र उदासीले खोक्रो पार्छ जिन्दगी ("हेराइ" पृ. ४३)

यसरी खुसीमा जिन्दगी देख्ने गीतकार गदालले सबै कुरा सहेर बाँच्न सक्नु नै सफल हुनु हो भन्ने भाव व्यक्त गरेका छन् । जति गरेपनि एक दिन मरेर जाने जिन्दगीलाई बाँचुञ्जेल हाँसोमा रमाएर बाँच्न सक्नुपर्छ । मरेपछि कहाँ पुगिन्छ थाहा छैन तर मरेपनि समाजमा एक असल मानिसको परिचय दिएर सबैको प्रेरणाको पात्र बन्न सकिन्छ भन्ने भाव यसरी व्यक्त गर्छन् ।

जसोतसो आँसु हाँसो जिन्दगीले सहन्छ नै
जति हत्ते हालेपनि आखिर एकदिन मरिन्छ नै
कसलाई थाहा मरेपछि कहाँ पुग्छ जिन्दगी
राम्रो काम केही गरे, सफल हुन्छ जिन्दगी

("हेराइ" पृ. ४३)

यस प्रकार सफल जिन्दगी बाँच्न सके मात्र पाएको जिन्दगीको सही उपयोग हुन्छ भन्दै मरेर गएपनि सदा बाँचिरहने असल काम गरेर जानुपर्छ भन्ने भाव व्यक्त गरेका छन् । गीत संगीत र तरंग भनेको मात्र मन बहलाउने माध्यम हुन् भन्दै जिन्दगीलाई बगेको खोलासँग तुलना गर्छन् । खोला बगेसरी बगेर जाने यो जिन्दगी सम्हालेर बाँच्नुपर्छ । घृणाहरूको बिचमा पनि माया खोज्न सक्नुपर्छ जसरी काँडाहरूको बिचमा पनि गुलाब फूल फुल्छ त्यसैगरी दुःखको बिचमा पनि सुखी जीवन बिताउनु पर्छ भन्ने भाव यसरी व्यक्त गर्छन् -

घृणादेखि नआत्तिनु माया त्यहि हुन्छ
कति राम्रो गुलाब हेर काँडा बीच फुल्छ ।

("जिन्दगीको परिभाषा" पृ. ४६)

निश्चय पनि दुःख भित्रै सुख लुकेर रहेको हुन्छ तर त्यसलाई चिन्न सक्नुपर्छ । संघर्ष गर्नुपर्छ अवश्य पनि सफल भइन्छ । हरेक परिस्थितिमा हार नमानेर अगाडि बढ्न सके जिन्दगीको यात्रालाई सफलताको चुचुरोमा पुऱ्याउन सकिन्छ । सफल त्यो हुन्छ जो निरन्तर प्रयास गरिरहन्छ भन्ने भावलाई शिरोपर गर्न सके खुसीका बहारहरू अवश्य मिल्छन् । समाजमा ठूलो होइन असल मानिस भएर बाँच्न सक्नुपर्छ भन्ने भाव गदालका गीतहरूले व्यक्त गरेका छन् । निरन्तरको प्रयासले सफल हुन सकिन्छ अनि सफल भएपछि जिन्दगी पाउनुको पनि अर्थ पुरा हुन्छ भन्ने भावहरू उनका गीतहरूमा पाइन्छन् ।

यसरी समग्रमा गदालका जीवनचिन्तन सम्बन्धी गीतहरूमा सार्थक जीवन जिउने प्रयास गर्नुपर्छ भन्ने मान्यता देखिन्छ । सुख र दुःखलाई जीवनका २ पाटोका रूपमा लिएर दुःखको समयमा निराश र सुखको समयमा हतास नभई निरन्तर संघर्ष गरेर लक्ष्यमा पुग्नुपर्छ भन्ने जीवनवादी धारणा व्यक्त गरेको पाइन्छ । हिड्ने मान्छे लड्छ भने जस्तै संघर्षका क्रममा आउने बाधा व्यवधानलाई पन्छाउने क्रममा कहिले सफल त कहिले असफल अवश्य भइन्छ तर निरन्तरता चाँहि दिनुपर्छ भन्ने भाव पाइन्छ । जीवनको यात्रामा सत्पक्षलाई अंगालेर अगाडि बढ्न सके अवश्य पनि जीवन सफल र सार्थक बन्न सक्छ भन्ने जीवनवादी धारणा उनका गीतमा भेटिन्छ ।

जिन्दगी जिउने क्रममा आउने विविध समस्याहरूको समाधान गर्न धैर्यता र निरन्तरता चाहिन्छ । निरन्तरको संघर्ष जारी राखे अवश्य पनि सफल भइन्छ भन्ने भावना बोकेका उनका गीतहरूले मानिसलाई जिउने आशा जगाउन सफल भएका छन् । उनका गीतहरूले आशावादीताको स्वरलाई मुख्य रूपमा मुखरित गरेका छन् । सत्मार्गमा हिडेर गरिएका सम्पूर्ण कार्यहरू सफल भएरै छाड्छन् भन्दै जीवनको अन्त्यसम्म नै आशावादी र कर्मवादी सोचलाई निरन्तरता दिन सक्नुपर्छ जसले मात्र मानव जीवनलाई प्रगतिपथमा पुऱ्याउन सक्छन् भन्ने उर्जाशील अभिव्यक्तिहरू उनका गीतमा पाइन्छन् । उनी आफ्ना गीतहरू मार्फत आशावादी सोच र कर्मवादी चिन्तनको मान्यतालाई मुखरित गरेर हर मानवको जीवनमा सकारात्मक सोचको विकास गराउन सफल छन् । उनको मुख्य अभिप्राय भनेकै जीवनको सार्थकता नै हो ।

**२. मानवता**

ज्ञानेन्द्र गदालले आफ्ना गीतहरू मार्फत मानवताका पक्षमा अभिव्यक्ति दिएका छन् । उनका गीतमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा मानवतावादी स्वर व्यक्त भएको पाइन्छ । उनको प्रस्तुत **मलाई छुने मन** गीतसङ्ग्रह भित्रका केही गीतहरूमा मानवताको भाव अभिव्यक्त भएको पाइन्छ । परेको समयमा सहयोग गर्ने नै वास्तवमा आफन्त हुन्छ भन्दै उनले मिठो बोलिले मात्र आफन्तको आभाष दिदैन भन्दै आइपरेको समयमा साथ दिएर समस्या समाधान गर्न सघाउने नै साँचो अर्थमा साथी हो भन्दै यसरी व्यक्त गरेका छन् -

मीठो बोली मात्र केबल आफन्तको माप होइन
पर्दा मरिमेट्छ भने रूखो बोली श्राप होइन
सारा संसार उल्टे पनि आफ्नो साथ जो रहन्छ
साँचो अर्थमा केबल साथी चाँही त्यही हुन्छ ।

("साथी" पृ. १६)

यसरी अप्ठ्यारो परेको समयमा सहयोग गर्नेको बोलि रूखो नै भएपनि त्यो महान् हुन्छ भन्दै उनले परेको समयमा एकले अर्कालाई सहयोग गर्नु नै मानवताको महानता हो भन्ने भाव व्यक्त गरेका छन् । उनले आफ्ना गीतमार्फत परेको समयमा सहयोग गर्नु नै मानव धर्म हो भन्ने कुरालाई प्रष्ट रूपमा उजागर गरेका छन् । मानवताको सच्चा परिचय अप्ठ्यारो परेको समयमा मात्र पाइन्छ भन्ने भनाईलाई उनको प्रस्तुत गीतले पुष्टि गरेको छ । यसरी उनले आफ्ना गीतमा मानवताको भावलाई अभिव्यक्त गरेका छन् । यसैगरी उनले आफ्ना गीतहरूमा मानवीय असमानताको भावलाई पनि व्यक्त गरेका छन् । मानिसको रगत रातो भएपछि किन सानो र ठूलोमा भेदभाव गर्ने भन्दै उनले यसरी व्यक्त गरेका छन् ।

आकाश हो जिन्दगानी लाखौ तारा यहाँ
जीवन एउटा सागर हो सयौ लहर यहाँ
उदाउनु निदाउनु त पर्छ सबले यहाँ
रगत सबको एउटै तर भेदभाव किन यहाँ ।

("असमानता" पृ. ५१)

यसरी सबैलाई समानताको नजरले हेर्नुपर्छ भन्दै उनले मानवीय रूप र स्वभाव अनि रगत पनि एउटै छ भने किन एक अर्का बिचमा असमान वातावरणको सिर्जना गर्ने भन्ने स्वर मुखरित गर्दै समानताको भाव व्यक्त गरेका छन् । उनको गीतले यस जगतका सम्पूर्ण मानव एकै हुन् भन्ने सन्देशलाई उजागर गरेको छ ।

यस प्रकार गदालका गीतमा मानवतालाई महत्त्वपूर्ण मानेर यसको भावनालाई सबैले बुझेर आत्मसात गर्न सक्नुपर्ने धारणा व्यक्त गरिएको पाइन्छ । मानव जातमात्र एक हो भन्दै धर्म र जातका आधारमा बिभाजित नभई मानवीयताको बोध गरेर उक्त भावनालाई अङ्गिकार गरी अगाडि बढ्न सबैमा आग्रह गरेका छन् । सम्पूर्ण मानव जातिलाई

मानवीयताको साङ्लोले बाँधेर एकापसमा भाइचाराको सद्भाव कायम गरी मिलेर बस्न आह्वान गरेका छन् ।

### ३. प्रकृति

गीतकार गदालले आफ्ना गीतहरूमा प्राकृतिक विषयवस्तुको पनि प्रयोग गरेका छन् । कतै प्रत्यक्ष रूपमा प्रकृतिको वर्णन गरेका छन् भने कतै उपमाको रूपमा वर्णन गरेका छन् । विविध विषयवस्तुलाई प्रस्तुत गर्ने क्रममा प्रकृतिको प्रयोग स्वच्छन्दतावादी भाव धारालाई आत्मसात गर्दै गरिएको पाइन्छ । मायाका विविध भावहरूको सम्प्रेषणका लागि गदालले प्रकृतिको सौन्दर्यलाई प्रयोग गरेका छन् । मानव जीवनको सुन्दर पक्षहरूको वर्णनका लागि उनले प्रकृतिका सुन्दर पक्षहरूको साहारा लिएका छन् भने विद्रुप पक्षको वर्णनका लागि प्रकृतिको उग्र रूपको साहारा लिएका छन् । हिमाली र पहाडी प्राकृतिक परिवेशको वर्णन उनका गीतहरूमा ज्यादा पाइन्छ । ग्रामीण परिवेशको प्रकृतिको सुन्दर चित्रण र उक्त सुन्दरतालाई निरन्तरता दिन सल्लाघारी र गुराँसघारी अन्य डाँडाहरूमा रहेका सुन्दर चियाबारीको वर्णन आफ्ना गीतमार्फत गरेका छन् । आफ्नो प्रेयसीलाई जीवनमा बिहानीको घामको न्यानो किरणजस्तै छाइदेऊ भन्दै उनी आफ्नो भाव यसरी पोख्छन् ।

बिहानी घामको लालीमा
छरिए झैं क्षितिज भरी
जीवनको ज्योति बनि
आइदेऊ सधैं भरि
उजाड पाखा पखेरामा बहार बनि छाइदेऊ
मुटुभरि माया रोपी सुन्दर गीत गाइदेऊ

("जुनीभरीलाई" पृ. ७)

यसरी उनी आफ्नो जिन्दगीमा बहार बनेर छाइदेऊ भन्दै प्रेयसीलाई आग्रह गर्दछन् । बिहानीको सूर्यको किरण क्षितिजमा छरिदा देखिने मनमोहक सुन्दरतालाई उनले जीवनमा छाउने बहारका रूपमा लिएका छन् । आफ्नो जिन्दगीमा छाएको उजाडपनलाई पाखा पखेरामा छाएको उजाडपनासँग तुलना गरेर त्यसलाई दूर गर्न जीवनमा आइदेउ भन्ने आशयपूर्ण अभिव्यक्ति उनले गीतमार्फत व्यक्त गरेका छन् ।

गीतकारले प्रणयको सम्भोग अवस्थाको चित्रण गर्ने क्रममा पनि प्रकृतिलाई माध्यम बनाएका छन् । आफ्नो प्रेयसीलाई सदा सुखमात्र मिलिरहोस् भन्ने कामना व्यक्त गर्न उनले प्रकृतिको वसन्त ऋतु र बिहानीको पहिलो किरणलाई प्रयोग गरेका छन् । उनले आफ्नो भाव यसरी व्यक्त गरेका छन् ।

बिहानीको पहिलो किरण मुहारमा छाइरहोस्
वसन्तले तिमीसँग चोखो प्रित लाइरहोस्

("शुभकामना" पृ. २१)

यसरी गीतकारले वसन्त ऋतुको रमणीयता र बिहानी घामको किरणको चोखो पन पिरतीमा पाइरहु भन्ने आशा गरेका छन् । मुहारमा हासोँ र जीवनमा सफलता मिलोस् भन्ने कामना गरेको भाव यहाँ पाउन सकिन्छ ।

यसैगरी गीतकार गदालले आफ्नो जन्मस्थानको रमणिय परिवेशलाई सुन्दर रूपमा गीतमा प्रस्तुत गरेका छन् । हरियाली चियावारीलाई सधैं अंगालेर रहिरहन पाउँ भन्ने आफ्नो मनको चाहनालाई उनले यसरी व्यक्त गरेका छन् ।

हरियाली चारैतिर थुम्का थुम्का चियाबारी
चुमिरहुँ जस्तो लाग्छ अंगालेर सधैंभरि

("मेरो फिककल" पृ. ३५)

यसरी उनले प्राकृतिक सुन्दरतालाई आफ्नो समिपमा सदैब पाइरहने आशा गरेका छन् । हरियो चारैतिर फैलिएको सुन्दर चियाबारीले मनका सबै पीडा भुलाउँछ । त्यही ठाउँमा रहेर जिन्दगी बिताउन पाउँ भन्ने आफ्नो मनको अपेक्षालाई उनले गीतमार्फत अभिव्यक्त गरेका छन् । मनको भावलाई गीतमार्फत अभिव्यक्त गरेर भएपनि जन्मभूमि प्रतिको माया र श्रद्धालाई सदा जिवित राखिरहने प्रण गरेका छन् । सुन्दरता त्यसमा पनि प्रकृतिको सुन्दरतालाई जो कोहीले पनि मनपराउँछन् । गीतकारले पनि जन्मस्थानको प्रकृतिको सुन्दर प्रस्तुति गीतमा गरेका छन् ।

यसरी गदालका गीतहरूमा प्रकृतिको प्रयोग विभिन्न रूपमा गरिएको पाइन्छ । उनले आफ्नो मनका सुखद या दुःखद दुवै प्रकारका अनुभूतिलाई व्यक्त गर्न प्राकृतिक छटालाई आफ्ना गीतहरूमा प्रस्तुत गरेका छन् । हिमालको लालीगुराँस देखि बिहानीको घामको प्रथम

झुल्कोलाई गीतमा अटाएका उनले मनका भावहरू व्यक्त गर्न कुनै न कुनै रूपमा प्रकृतिको प्रयोग गरेको पाइन्छ ।

### ४. लेखकीय प्रेमदर्शन वा मान्यता

ज्ञानेन्द्र गदालको **मलाई छुने मन** गीतसङ्ग्रहभित्रका गीतहरूमा लेखकको प्रेमसम्बन्धी मान्यता वा दर्शन पनि प्रस्तुत भएको पाइन्छ । कुनैपनि वस्तुप्रति लेखकले के कस्तो धारणा व्यक्त गर्दछ त्यो नै उसको मान्यता वा दर्शन हो । आफ्ना गीतहरूमा गदालले प्रस्तुत गरेको मायाप्रतिको जुन मान्यता धारणा वा दृष्टिकोण छ त्यो नै उनको प्रेमसम्बन्धी दर्शन वा मान्यता हो । गदालले यस्ता मान्यता वा दर्शनलाई मायाका विविध रूपहरूको वर्णन गर्ने क्रममा व्यक्त गरेका छन् । प्रेमलाई शारीरिक परिधिमा मात्र सिमित नराखेर उनले प्रेमको विशालतालाई आफ्ना गीतमार्फत प्रस्तुत गरेका छन् । दुई आत्माको मिलनबाट सुभारम्भ भएर मायाको स्वरूपलाई जब हेरिन्छ त्यो माया भौतिक नभएर आध्यत्मिक हुन्छ भन्ने उनको धारणा रहेको छ । मायालाई आध्यात्मिक दर्शनबाट हेरेर यसको क्षणिकतालाई होइन विशालतालाई बोध गराउने अभिव्यक्ति उनका गीतमा पाइन्छ । माया सदा अमर रहन्छ, यो एक प्रहरमा मात्र देखिने आकाशको तारा जस्तो होइन जो रातसँगै बिहानीमा बिलाएर जान्छ भन्दै उनी मायाको अमरतालाई बोध गराउँछन् । माया जीवन जिउने आधार हो, मानिसलाई बाँच्न मायाको आवश्यकता पर्दछ भन्दै उनी माया बाँडेमा मात्र माया पाउन सकिन्छ भन्छन् । कसैलाई माया नगर्ने तर अरूबाट मायाको अपेक्षा राख्नेलाई उनी मायाको अर्थ बुझ्न नसकेको भन्छन् । जब दुईमुटु एक हुन्छ तब त्यसको संसारिक मूल्य हुँदैन र मान्छेले त्यसको मुल्य बुझ्न पनि सक्दैन भन्दै अमूल्य मायाबिना कोही पनि यस संसारमा जिवित रहन सक्दैन भन्ने भाव यसरी व्यक्त गर्छन् -

बाँच्नलाई पराइको माया चाहिने
माया दिए बदलामा मायै पाइने

("वैस" पृ. ५)

यसरी मायालाई जीवन मरणको अस्थित्वसँग दाँजेर उनले मायाको विशालतालाई उजागर गरेका छन् । माया दिन सकेमात्र बदलामा माया पाइन्छ भन्दै गदालले मायाको शाश्वत सत्यतालाई अभिव्यक्त गरेका छन् । पवित्र मनबाट पाएको माया अजर अमर हुन्छ । यो एकसरको बतासले सुकेर जाने बिहानीको शीतको थोपा जस्तो होइन भन्दै एक प्रहरको

जुनसँग होइन मायालाई उनले सदाबहार हरियालीसँग दाँजेका छन् । सदा सर्वदा एकनास भइरहने माया नै वास्तवमा माया हो भन्ने भाव उनले गीतमा अभिव्यक्त गरेका छन् । प्रेम दुई आत्माको विश्वासका आधारमा मात्र अगाडि बढ्न सक्छ भन्दै आफ्नो पवित्र मायामा शंकाको नजर नलगाउन आग्रह गरेका छन् । आफ्नो प्रेम एक प्रहरको जुन अनि बिहानीको शीतको थोपा र समयसँगै परिवर्तन भइरहने ऋतुजस्तो नभएको भन्दै माया त अजर अमर र पवित्र मनको सुन्दर र विशाल अभिव्यक्ति हो भन्ने भाव यसरी व्यक्त गर्छन् -

मेरो माया आकाशको जुन तारा होइन
रातसँगै बिहानीमा बिलाइ जाने छैन
ऋतु जस्तो नसम्झिदेऊ मेरो मायालाई

("हल्का नढान" पृ. ६)

यसरी नै माया अमूल्य छ यसको मूल्य तोक्न सकिदैन भन्ने भाव पनि उनका गीतमा भेटिन्छ । माया त मनको अभिव्यक्ति हो, यसलाई संसारको कुनै चिजसँग तुलना गर्न सकिदैन, यस्तो माया खोजेर कतै पाइदैन न त वसन्तमा टिप्न नै पाइन्छ भन्दै बजारमा किन्न पनि नपाइने मान्यता उनका गीतमा पाइन्छ । प्रेमको मूल्य नहुने कुरालाई उनी यसरी व्यक्त गर्छन्

भीरपाखा वनभरि माया टिप्न पाइदैन
खोजि हिडे बजार भरि किन्न कतै पाइदैन

("मायाका कुरा" पृ. १३)

मायाको अमूल्यतालाई आफ्ना गीतमार्फत सरल रूपमा व्यक्त गरेका गदालले यसलाई मनको अनुभूति र हृदयको अभिव्यक्तिका रूपमा प्रकट गरेका छन् । माया लगाएर लाइने होइन । यो त थाहै नपाई बस्छ भन्दै उनले मनको अभिव्यक्ति अर्को मनसँग साटासाट भएपछि माया बस्छ भन्ने भाव व्यक्त गरेका छन् ।

थाहै नपाई मुटुभित्र माया आफै बस्दो रैछ
मनको घाउ कहिले काहि बल्झिएर दुख्दो रैछ ।

("मायाका कुरा" पृ. १३)

मायालाई मुटुमा बस्ने अदृष्य वस्तु हो भन्ने गदाल मायाको अभिव्यक्ति आँखाबाट हुन्छ भन्ने भाव व्यक्त गर्दछन् । मुटुमा माया बसेपछि त्यसको अभिव्यक्ति आँखाले गर्छ भन्दै उनी मुटुलाई मायाको घर र आँखालाई हेर्ने स्थानका रूपमा यसरी लिन्छन्

मुटुबाट मायाहरू आँखातिरै बग्छन्

("सम्झना" पृ. ५६)

मायाको अभिव्यक्ति आँखाले गर्दछ भन्ने गदाल आफूले दिने माया अजम्बरी छ भन्दै क्षण भरिमै हराउने माया लाउन जान्दिन भनी चोखो माया दिने बाचा यसरी गर्छन् -

पिपलपाते माया म त लाउन जान्दिन

अमर माया जीवनभरि दिन्न भन्दिन

("साँचो बोल्नुपर्दा" पृ. ७०)

यसरी माया क्षणिक होइन अजम्बरी हुनुपर्छ भन्ने धारणा राख्ने गदाल जीवनको महत्त्वपूर्ण पाटोका रूपमा मायालाई लिन्छन् । माया अमर हुन्छ भन्ने भाव उनका गीतमा भेटिन्छ भने माया पाउने अपेक्षा गर्ने मान्छेले माया दिन पनि जान्नुपर्छ, लिन र दिन दुवै तहमा तयार हुनुपर्छ भन्ने मान्यता पनि उनका गीतमा पाइन्छ । मायामा संयोग र वियोगका दुईवटा पाटाहरू हुन्छन् । प्रेमीले कतै संयोगका सुन्दर क्षणहरू प्राप्त गर्दछन् भने कतै वियोगका क्षण पनि भोग्नुपर्ने अवस्था आउन सक्छ भन्दै प्रेम भनेको संयोग र वियोगको अवस्था हो र यसमा कुनैपनि अवस्थाको सामना गर्नुपर्ने हुनसक्छ भन्ने मान्यता गदालका गीतमा रहेको पाइन्छ । जे भएपनि मानिसलाई बाँच्नका लागि आवश्यक पर्ने माया लिन मात्र होइन दिन पनि जान्नुपर्छ माया अमूल्य छ यसलाई मुल्यमा तुलना गर्न सकिदैन भन्दै थाहै नपाई मुटुमा बस्ने मायाको अभिव्यक्ति चाँहि आँखाले गर्दछ भन्ने उनको धारणा रहेको छ । यस्तै प्रकारका प्रेम दर्शन वा मान्यता उनका गीतहरूमा पाइन्छन् ।

## ५. ज्ञानेन्द्र गदालका गीतमा काव्यमान्यता

ज्ञानेन्द्र गदालले आफ्ना गीतमा व्यक्त गरेका विविध मान्यताहरूमध्ये देखिने एक मान्यता गीत सिर्जनासम्बन्धी पनि हो । उनले आफ्ना सिर्जना सम्बन्धी मान्यता गीतमार्फत व्यक्त गरेका छन् । सिर्जना सम्बन्धी मान्यतालाई समालोचकीय र वादसिद्धान्तका आधारमा हेरिन्छ । विभिन्न सर्जक र उसका सिर्जनालाई काव्यगत मान्यताका आधारमा हेर्दा मुख्यतः

यिनै दुई आधारहरू नै आउँछन् । यसरी हेर्दा गदालका गीतहरूमा स्वच्छन्दतावादी भाव अभिव्यक्त हुन पुगेको देखिन्छ । उनका गीतहरूमा व्यक्त भएका भावहरूलाई हेर्दा उनी कृत्रिम लेखनलाई भन्दा स्वतस्फूर्त लेखनलाई मन पराउने सर्जकका रूपमा देखिन्छन् । आफ्ना सिर्जनामा प्रकृतिपनको पक्षपोषण गर्न रूचाउने गदाल अन्तरहृदयबाट सरल रूपमा बिनाप्रवाह प्रस्फूटन हुने सिर्जनाले मात्र मनको अभिव्यक्तिलाई गम्भिर रूपमा व्यक्त गर्न सक्ने भाव व्यक्त गर्छन् र यसरी सिर्जित सिर्जनाले मात्र जीवन्तता पाउन सक्छ भन्दछन् । जीवनलाई नजिकबाट नियालेर रचिएको गीत नै उत्कृष्ट हुन्छ भन्ने गदाल मानविय मनको अभिव्यक्ति मुखरित गर्ने नै गीत हो भन्छन् ।

गीत संगीत तरंग त मनको वह होला ।

("जिन्दगीको परिभाषा" पृ. ४६)

यसरी मनको अभिव्यक्तिलाई गीत मान्ने गदाल मनका भावनाहरूलाई आफ्ना गीतहरूमा सरल रूपमा पोख्छन् । स्वच्छन्दतावादी काव्य मान्यतालाई शिरोपर गर्दै गीतको सिर्जना गरेका गदालले उक्त मान्यतालाई यसरी व्यक्त गरेका छन् ।

घर मेरो पहाडमा सेतो टिनको छानो थियो
खेती कमाई गरी खाने व्यापार पनि सानो थियो
हाँसी हाँसी स्कुल जान्थे आई घरको काम गर्थे
ठूलालाई आदर भाव सानालाई माया गर्थे ।

("परदेशीको कथा व्यथा" पृ. ७२)

मनको भावनालाई स्वतस्फूर्त रूपमा अभिव्यक्त गर्ने गदाल गीतको अभिव्यक्ति सरल र सुबोध्य हुनुपर्छ भन्ने मान्यता राख्छन् । गीतले मानव मनको भावलाई व्यक्त गर्न सकेमात्र त्यो गीत अमर हुन्छ भन्ने उनको भनाई रहेको छ ।

## ६. ज्ञानेन्द्र गदालका गीतमा आध्यात्मिकता

ज्ञानेन्द्र गदालका गीतहरूमा विविध विषय वा चिन्तनहरूमध्ये ईश्वरीय चिन्तन वा आध्यात्मिक मान्यता पनि हो । उनको यस **मलाई छुने मन** गीतसङ्ग्रह भित्रका केही गीतहरूमा यस्तो मान्यता रहेको पाइन्छ । ईश्वर छन् भन्ने भाव गीतकारमा रहेको गीतमा प्रयुक्त चिन्तनबाट प्रष्ट हुन्छ । उनका गीतमा आध्यात्मिक वा धार्मिक मान्यताको चर्चा

नगरिए तापनि चिताएको कुरा ईश्वरले पुरा गरिदिन्छन् भन्ने छाप स्पष्ट रूपमा देख्न सकिन्छ। आफ्नो बितेको समय वा बाल्यकाल पुनः पाऊँ भन्दै उनी यसरी ईश्वर पुर्काछन् -

आजसम्म कमाएको सुख चैन लगे हुन्छ
प्रभु मेरो वालापन फर्काइदिए पुग्छ।

("प्रार्थना" पृ. ६३)

ईश्वरसँग आफ्नो बालापन फर्काइमाग्ने प्रार्थना रूपी अभिव्यक्ति गर्दै चाहेको कुरा पाउने आशामा ईश्वरका सामुन्ने आज्ञा गरेको देखिन्छ । अर्को जुनिप्रति विश्वास गरेका गीतकारले आफ्नो भावनात्मक भक्तिभावलाई सुन्दर सिर्जना गर्न सकौ भन्ने अभिव्यक्ति गरेको पनि देखिन्छ । बिना छलकपटको जीवन पाउँ भन्दै उनी आफ्ना अभिव्यक्ति यसरी व्यक्त गर्छन् -

भक्ति मेरो भावनाको लक्ष्य सिर्जनाको
फेरी एउटा जीवन पाउँ छलकपट बिनाको

("प्रार्थना" पृ. ६३)

यसरी गीतकार गदालले आफ्ना गीतहरूमा चाहेको पुरा गरिदेउ भन्ने आज्ञात्मक भावबाट प्रभावित भएर ईश्वरप्रतिको आफ्नो भक्ति भावना प्रकट गरेको देखिन्छ । हरेक मानिसको मनमा रहेको ईश्वरप्रतिको चिन्तन गीतकारका मनमा पनि रहेको देखिन्छ। उनले न्याय र अन्याय अनि शान्ति र अशान्तिको परिधिबाट ईश्वरलाई हेर्ने गरेको देखिन्छ । आफ्नो मनको इच्छा र आकांक्षालाई पुरा गर्न ईश्वरप्रतिको आफ्नो लगावले सहयोग गर्छ भन्ने निश्चितता उनमा नदेखिएता पनि उनी भित्रको ईश्वरीय चिन्तन चाँही देख्न सकिन्छ। उनमा रहेको अभिलाषाको तुष्टिका लागि ईश्वरको प्रार्थना गरेको देखिन्छ।

## ६.२.४ पर्याधार

पर्याधारका आधारमा हेर्दा गदालको **मलाई छुने मन** गीतसङ्गह भित्रका गीतहरू सामाजिक पर्याधारका कम र व्यक्तिगत पर्याधारका बढी रहेको पाइन्छ। गदालका वैयक्तिक पर्याधार भएका गीतमा प्रणयका संयोगात्मक र वियोगात्मक अवस्थाका भावनाहरू अभिव्यक्त भएका छन् । यस्ता अनुभूति गदालकै आत्मकेन्द्रित अनुभूति हुन् । सामाजिक पर्याधार अभिव्यक्त भएका गीतहरूमा मुख्यतः राष्ट्रिय भाव मुखरित भएका गीतहरू नै

छन् । सामाजिक पर्याधार र वैयक्तिक पर्याधारका आधारमा गदालका गीतहरूलाई निम्न रूपमा हेर्न सकिन्छ ।

### १. सामाजिक

सामाजिक पर्याधारका आधारमा गदालका गीतहरूलाई हेर्दा उनका राष्ट्रिय भावना भएका गीतमा सामाजिक पर्याधार पाउन सकिन्छ । यस्ता गीतहरूमा राष्ट्रप्रतिको श्रद्धाभाव र राष्ट्र विकासका लागि सम्पूर्ण एकजुट भएर उठ्नुपर्ने भाव मुखरित भएको पाइन्छ । यस सङ्ग्रहभित्र सामाजिक पर्याधार भएका गीतहरू निम्न रहेका छन् -

१. अघि बढौं

२. परदेशीको व्यथा

माथि उल्लेख गरिएका दुईवटा गीतहरूमा सामाजिक पर्याधार रहेको पाउन सकिन्छ । नेपाली उच्च हिमाली शिखरहरूलाई आफ्नो शानको रूपमा लिदै हरियाली वनपाखा र निरन्तर बहने नदीनालालाई प्राण मानेर देशको उन्नति र विकासमा एकजुट भएर लाग्न आग्रह गरेका छन् । प्राकृतिक विविधताको गुणगान गाउँदै त्यसलाई सदासर्वदा अटल राखिरहन एक भएर लाग्नुपर्छ भन्दै नेपालीपन नभूल्न आग्रह गरेका छन् । यिनै परिवेशमा आधारित रहेर नै गीतमा सामाजिकताको भाव व्यक्त हुन आएकाले उनका गीतमा सामाजिक पर्याधार रहेको देखिन्छ । उनले आफ्ना गीतमा यसरी व्यक्त गरेका छन् -

आकाश छुने शिखर हेर हाम्रो शान हो
खोलानाला हरियाली हाम्रो प्राण हो
वरिपरी गुराँसघारी हेरौ साथी हो
गाउँदै चढौ उकालो माथि माथि हो ।

("अघि बढौ" पृ. ४५)

यहाँ गीतकारले नेपाली सम्पदाका रूपमा रहेका हिमाली शिखरहरूलाई आफ्नो शानको रूपमा देख्नु अनि त्यहीँबाट बगेर आएका खोलानाला र हरियाली वातावरणलाई प्राण मानेर देशको विकासमा लागौ भन्ने भावनाबाट सामाजिक पर्याधार आएको छ । देशका प्राकृतिक स्रोतका रूपमा रहेका हिमाल, नदीनाला र हरियाली जंगलका जुन कुराहरू आएका

छन्, ती सबै नेपालीपन भएका वस्तु भएकाले सामाजिक पर्याधारका रूपमा आएको छ । यसरी नै सामाजिक पर्याधार रहेको अर्को उदाहरण प्रस्तुत छ -

बुट्टा बुट्टा गुराँसको सल्लाघारी लुकामारी
खेली खेली हुर्किएका पहाडको काखभरि

("परदेशी कथा व्यथा" पृ. ७२)

नेपाली राष्ट्रिय फूल लालीगुराँस र सल्लाघारीमा लुकामारी खेल्दै पहाडको काखमा रमाएर हुर्किएका नेपालीहरूको वर्णन यहाँ गरिएका कारण सामाजिक पर्याधारको सिर्जना भएको छ । आफ्नै प्राकृतिक परिवेशको सुन्दर चित्रण गरेर सम्पूर्ण नेपालीको महानतालाई अभिव्यक्त गरेका कारण यी सम्पूर्ण कुराहरू सामाजिक पर्याधारमा बाँधिएर आएका छन् ।

यसरी माथि उल्लेख गरिएका सम्पूर्ण कुराहरू नेपाल र नेपालीका साझा भावना हुन् । ती सम्पूर्ण भावनाले नेपाल र नेपालीको गुणगान गाउन सफल भएका कारण यी सबैमा सामाजिक पर्याधार रहेको छ ।

## २. वैयक्तिक

यस्ता गीतहरूले व्यक्ति स्वयंका मनका भावनाहरूलाई अभिव्यक्त गरेका हुन्छन् । गदालका अधिकांश गीतमा वैयत्तिक अनुभूति नै प्रकट भएको छ । यस्ता वैयक्तिक पर्याधार भएका गीतमा प्रणयको संयोग र वियोग अवस्थाका भावहरू प्रकट भएका छन् । गदालका जीवनचिन्तन सम्बन्धी गीतहरूमा पनि आत्मकेन्द्रित अनुभूति नै प्रकट भएकाले यस्ता सबै गीत वैयक्तिक पर्याधारमा आधारित छन् । स्रष्टाले आफ्ना मनको अनुभूतिलाई अभिव्यक्त गर्ने हो भने ती वैयक्तिक अनुभूति भएर प्रकट हुन्छन् । गदालका यस्ता भाव बोकेका गीतहरू धेरै रहेका छन् । ती गीतका अनुभूति पनि फरक फरक नै रहेका छन् । केही उदाहरणहरूलाई निम्न रूपमा हेर्न सकिन्छ -

यो विश्वासको मुटु तिमीलाई दिएथे
बदलामा तिम्रो प्रिती चाहेथे
तर आज चोखो प्रिती चाल पाए
मुटु बिझाउने उपहार पाएँ ।

("तिमीलाई बधाई" पृ. १०)

यहाँ विश्वास गरेर माया दिएको अनि चोखो मायाको बदलामा न्यानो प्रित चाहेको तर प्रेयसीले मुटु बिझाउने उपहार दिएको भन्ने भाव वैयक्तिक पर्याधारमा रहेर व्यक्त गरिएको छ । यसरी यहाँ व्यक्त भएका जुन भावहरू छन् ती सर्जकका आत्मकेन्द्रित भाव भएकाले यहाँ वैयक्तिक पर्याधार रहेको छ । आफ्नो मनको वेदनालाई गीतमार्फत पोखेकाले यहाँ वैयक्तिक पर्याधार पाउन सकिन्छ ।

बाचा थियो सँगसँगै जिन्दगीको नाउ तर्ने
आँसु हाँसो सँगलोर उमंगको राग भर्ने
मझधारमै अल्मलिने कबुल गरेजस्तो लाग्यो
कसैसित माया लाउने भूल गरे जस्तो लाग्यो ।

("महसुस" पृ. १७)

मायामा गरेका सम्पूर्ण बाचाहरू खेर गएको जस्तो लाग्यो भन्दै उनले मनको वहलाई व्यक्त गरेका छन् । सँगै जिन्दगी बिताउने कसम खाएकी प्रेयसीले धोका दिदा आफ्ना मनमा उब्जिएका भावनाहरू पोखेका कारण यसमा वैयक्तिक पर्याधार रहेको छ ।

आशा उमारी पलपल खोली मुटुको दैलो
उज्यालो चुम्नलाई धोएर मनको मैलो
पर्खिबसे यतिन्जेल रित्तो परेछ पोला
विक्षिप्त मनको आँधी यो कसले बुझिदेला ।

("यो मनको आँधी" पृ. ३२)

मनमा विविध आशाहरू सजाएर प्रेयसीको आगमनका लागि मुटुको दैलो उघारेर सम्पूर्ण अध्यारोलाई पर हटाएर उज्यालोको प्रतिक्षामा बसिरहदा पाएको रित्तोपनले मनमा विक्षिप्तता तुल्याइदिएको छ भन्दै उनी आफ्नो मनको वह पोख्छन् । यहाँ उनले धेरै आशा सहितको प्रतीक्षाको फल नपाएको आत्मकेन्द्रित अभिव्यक्ति प्रस्तुत गरेका छन् । यसरी व्यक्ति मनको भावनालाई पोखेका कारण यहाँ वैयक्तिक पर्याधार पाइन्छ ।

यस प्रकार माथि उल्लेख गरिएका गदालका गीतमा वियोगले जन्माएका पीडा र दुःखका कारण हुन पुगेका क्रियाकलाप आत्मकेन्द्रित अनुभूतिहरू हुन् । ती सम्पूर्ण वैयक्तिक पर्याधारमा समाहित भएर आएका छन् ।

यसरी गीतकार गदालका गीतमा सामाजिक र वैयक्तिक दुवै पर्याधार पाउन सकिन्छ । उनका सामाजिक पर्याधार भएका गीतहरू कम छन् भने वैयक्तिक पर्याधार भएका गीतको सङ्ख्या अत्याधिक रहेका छन् ।

## ६.२.५ ढाँचा

ढाँचा भनेको गीतको बुनोट हो । यो बृतात्मक र चक्रात्मक गरी २ प्रकारको हुन्छ । संसारका गीतहरूको बुनोटलाई हेर्दा प्रायः गीतहरू वृत्तात्मक किसिमका नै रहेका पाइन्छन् । यस प्रकार ज्ञानेन्द्र गदालको प्रस्तुत **मलाई छुने मन** गीतसङ्ग्रह भित्रका गीतहरू वृत्तात्मक ढाँचामा नै रहेका छन् । कुनै कथ्य वा वस्तुलाई घुमाउँदै जोड्दै प्रारम्भमा सुरू भएको भावलाई नै अन्तिममा लगेर टुङ्ग्याएमा वृत्तात्मक ढाँचा हुन्छ । गदालका गीतले पनि यसै ढाँचालाई अंगिकार गरेको देखिन्छ ।

सम्झे पनि तिम्रै हुँ
भुले पनि तिम्रै हुँ
ओइली जाने फूल हो जीव्न
फुले भने तिम्रै हुँ ।

(“सुम्पेको छु” पृ. १५)

यहाँ तिम्रै हु भन्ने शब्दको पुनरावृत्तिले गीतलाई वृत्तात्मक ढाँचामा ढालेको छ । यहाँ जे गरेपनि तिम्रै हुँ भन्ने भाव गीतले बोकेर आएको छ जुन आरम्भमा र अन्त्यमा एउटै रहेको हुनाले वृत्तात्मक ढाँचा रहेको छ । त्यस्तै अर्को उदाहरण हेरौं

हाँसो के नै रहेछ र
खुशी के नै रहेछ र
मरिमेट्ने तिम्रो माया
आखिर के नै रहेछ र ।

(“तिम्रा बाचाहरू” पृ. ५२)

यहाँ के नै रहेछ र भन्ने शब्द दोहोरिएर वृत्तात्मक रूपमा आएका कारण यसले गीतलाई वृत्तात्मक बनाएको छ । हाँसो, खुसी पनि यहाँ समभावका रूपमा आएका कारण यी शब्दले पनि गीतलाई वृत्तात्मक बनाएको छ । यस्तै अर्को गीतको उदाहरण यस्तो छ :

हराएका आँखाहरू फेरि आज भेटिएछन्
पिरतीका भाकाहरू दिलमै समेटिएछन्
मेटिएका मुस्कानहरू फेरी याद आयो
हृदयको संघारमा नौलो रहर छायो ।

("मौसम रमायो" पृ. ५९)

यहाँ आशाको भाव बढेर गएको कुरालाई प्रस्तुत गर्ने क्रममा आएका हराएका र मेटिएका २ शब्दहरू भावगत रूपले समान अर्थ प्रकट गर्न सफल छन् । यिनै शब्दहरूको अर्थ समान लाग्ने भएकाले वृत्तात्मक ढाँचा पाइन्छ ।

यसरी हेर्दा गीतकार गदालका **मलाई छुने मन** गीतसङ्ग्रह भित्रका अधिकांश गीतहरूको ढाँचा वृत्तात्मक रहेको छ । भावगत अर्थलाई गीतको सुरू र अन्त्यको भाव समान रहेकाले सबै गीतहरूमा वृत्तात्मक ढाँचा रहेको छ ।

## ६.२.६ भाषाशैलीय विन्यास

गीत उत्कृष्ट हुनमा भाषाशैलीले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । गीतकार ज्ञानेन्द्र गदालको **मलाई छुने मन** गीतसङ्ग्रहभित्र समेटिएका गीतहरूमा प्रयुक्त भाषाशैली सरल, सरस र मिठासपूर्ण रहेको छ । उनका गीतमा स्तरीय कथ्य नेपाली भाषाका तत्सम, तद्भव र अनुकरणात्मक शब्द तथा केही आगन्तुक शब्दको प्रयोग भएको छ । स्वभाविक अलङ्कार लाक्षणिकता आदिको कलात्मक प्रयोग गर्दै उनले गीतको शैलीलाई आकर्षक बनाएका छन् । संरचनात्मक रूपमा सहज रहेका गीतमा सरल शब्दको प्रयोगबाट गहन विषयलाई प्रस्तुत गर्न गदालको विशेषता रहेको छ । उनका गीतहरूमा शब्दको सरल प्रवाह पाइन्छ । आफ्नो चिन्तनलाई प्रस्तुत गर्न उनले स्वभाविक भाषाको प्रयोग गरेका छन् । सरल वाक्यगठन र भावको उच्चतम समायोजनका कारण उनका गीतहरू सफल छन् । बौद्धिकताको भारले थिचिएका क्लिष्ट अभिव्यक्ति नभएका कारण उनका गीतहरू सबैले बुझ्न सक्ने छन् ।

कैयौ खोला जिन्दगीको
तर्न अझै बाँकी नै छ
अधुरा छन् कति कुरा
गर्न अझै बाँकी नै छ

सम्हाल मेरो प्रित सजाउ गीत मेरो
सुख दुःख झन्कारिने बनिदेऊ संगीत मेरो

("दाम्पत्य जीवन" पृ.१)

प्रस्तुत गीतमा जिन्दगीमा धेरै कुराहरू अझै गर्न बाँकी रहेको अधुरा कुराहरू पुरा गर्न र सफलताको शिखरमा पुग्न चोखो प्रित र मिठो साथ देउ भन्ने आग्रह उनले आफ्नी प्रेयसीलाई गरेका छन् । सरल भाषाको प्रयोग मिठासपूर्ण रूपमा गरी आफ्ना मनका भाव व्यक्त गर्न गीतकार सफल छन् ।

तिम्रो हाम्रो विछोडमा गाउँ घर नै शून्य होला
वन डाँडाले पर्खी पर्खी हाम्रै बाटो हेर्दै होला
फुकाई कण्ठ सुरिलो भाका लैवरी गाउँदैछु
प्रितीको बन्धन सकिन भूल्न फर्केर आउँदैछु ।

("प्रेयसीको सम्झना" पृ. ३३)

यहाँ विछोडका कारण आफ्ना मनमा रहेका इच्छा भावहरूलाई गीतकारले व्यक्त गरेका छन् । शुन्य भएको गाउँघर, पर्खि बसेका डाँडा अनि वियोगमा छटपटीएको मायालुको मनलाई सान्त्वना दिन मुक्त कण्ठले लैवरीको भाका गाउन आउदैछु भन्ने भाव सरल भाषाशैलीमा व्यक्त गरेका छन् । उनले मनको भाव व्यक्त गर्दा प्रयोग गरेको भाषामा सरलता र सुमधुरता पाइन्छ ।

ज्ञानेन्द्र गदालको **मलाई छुने मन** गीतसङ्ग्रह भित्रका गीतहरूमा प्रयोग गरिएको भाषा सरल र सम्प्रेष्य छ, गीतहरूमा भाषागत दुरूहता पाइदैन । यसरी हेर्दा गदाल सरल र सरस भाषाशैलीका प्रयोगकर्ता हुन् भन्न सकिन्छ । उनका गीतमा प्रयोग गरिएको भाषा लाक्षणिक र व्यञ्जनात्मक कम अनि अविधात्मक किसिमको ज्यादा पाइन्छ । सरल भइकन पनि भाव गम्भीर्यतालाई बहन गर्न सक्नु गदालको भाषाशैलीगत वैशिष्ट्य मान्न सकिन्छ । विषयवस्तुको प्रस्तुतिमा स्वच्छन्द रूपमा प्रकट भएका गदालको मुख्य शैलीगत बैशिष्य स्वच्छन्दतावादी नै रहेको छ । गदालका गीतहरूमा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग भएको पाइन्छ । जसलाई निम्न रूपमा प्रस्तुत गरिन्छ :

तत्सम - हृदय, प्रीत, प्राण, यौवन, भ्रम, दर्शन, दिव्य किरण आदि ।

तद्भव - वीर, घाउ, पिरती, आकाश, गुँरास, जून, फूल, आँखा, आँसु, रात आदि ।

आगन्तुक - जिन्दगी, जवानी, नजर, प्यार, मुस्कान शान आदि ।

यसरी विविध शब्दहरूको प्रयोग सुन्दर रूपले गरेर आफ्नो भावनालाई अभिव्यक्त गर्न सफल गीतकार गदालका सम्पूर्ण गीतहरूमा सरल र सरस भाषाशैलीको प्रयोग पाइन्छ । भाषाशैलीय सहजताका कारण उनका गीतहरू पाठक स्रोताको मन जित्न सफल छन् ।

## १. अभिव्यक्ति

भाषाशैलीय विन्यास अर्न्तगत आउने अभिव्यक्ति भनेको सम्बोधनका माध्यमबाट गीतको वर्णन गर्नु वा अभिव्यक्त गर्नु हो । यो एकलापीय र संवादात्मक गरी २ प्रकारको हुन्छ । अभिव्यक्तिका आधारमा ज्ञानेन्द्र गदालका यस **मलाई छुने मन** गीतसङ्ग्रह भित्र सङ्गृहीत गीतहरूलाई हेर्दा उनका गीतहरूमा दुवै किसिमको अभिव्यक्ति रहेको देखिन्छ । एकालापीय अभिव्यक्ति अर्न्तगत उनको एकोहोरो आत्माभिव्यक्तिको प्रस्तुति पाइन्छ भने संवादात्मकमा युगल केटा र केटी पक्ष बिच भएको संवादलाई व्यक्त गरिएको पाइन्छ । उनका धेरै गीतहरूमा एकालापीय अभिव्यक्ति पाइन्छन् । यसलाई तल प्रस्तुत गरिन्छ :

### क. एकालापीय

यस्तो गीत कसैप्रति उद्दिष्ट हुन पनि सक्छ र नहुन पनि सक्छ । ज्ञानेन्द्र गदालको **मलाई छुने मन** गीतसङ्ग्रह भित्रबाट केही उदाहरणहरू तल उल्लेख गरिन्छ ।

मलाई खुशीको गीत चाहिदैन
केही छिन् भुलाउने प्रित चाहिदैन ।

("मलाई बुझ्नेनौ" पृ. ४)

यस उदाहरणमा केही क्षणको लागि खुसी र प्रित आवश्यक नभएको जुन अभिव्यक्ति व्यक्त गरिएको छ त्यो गीतकार स्वयंको भनाइ भएका कारण एकालापीय वर्णन भएको गीत हो । यस्तै -

कति रोउँ रूँदा रूँदा सुकिसके आँसुहरू
म देखि दूर भई गए म भित्रका हाँसोहरू
(“चोट” पृ. २०)

यहाँ पीडाहरूले किचिएर ज्यादै दर्द भएको र आफ्ना मनका खुशीहरू हराइसकेको भाव व्यक्त गर्न गीतकार स्वयं म पात्रका रूपमा आएकाले यहाँ गीतकार स्वयंको मनको वह पोखिएको छ । त्यसैले यहाँ एकालापीय प्रस्तुति रहेको छ । यस्तै :

दिन ढल्यो अँधेरी रातमा
यो मन जल्यो निष्ठूरीको यादमा ।
(“दिन ढल्यो” पृ. २९)

यसमा दिन ढल्दै जाँदा मन निष्ठूरीको यादमा जल्ने गरेको जुन मार्मिक अभिव्यक्ति आएको छ त्यो गीतकारको एकालापीय अभिव्यक्ति हो । अतः यस गीतमा पनि म पात्रका माध्यमबाट एकालापीय अभिव्यक्ति नै प्रस्तुत भएको देखिन्छ ।

**ख. संवादात्मक**

एक भन्दा बढी पात्र वा वर्णनकर्ताबाट अभिव्यक्त गरिने गीत संवादात्मक हुन्छ । ज्ञानेन्द्र गदालको **मलाई छुने मन** गीतसङ्ग्रहभित्रका गीतहरूमा यस्तो अभिव्यक्ति भएका गीतहरू कम सङ्ख्यामा रहेका छन् । जसलाई तल उल्लेख गरिन्छ :

केटा - सागर बनिरहेछु तिमी भेल भएर आऊ
हाम्रो सुखद मिलनमा संसार नयाँ बसाउँ
केटी - सम्पूर्ण मेरो तिमी अरू के कुरा बताउँ
जीवन रहदासम्म तिम्रै हुन म पाउँ ।
(“मिलन” पृ. ६५)

यसमा केटा र केटी दुई पात्रहरूको दोहोरो अभिव्यक्ति रहेको छ । मायाको नयाँ संसार बसाउने केटाको आग्रहमा केटीले स्वीकृति जनाएकी छ । यसरी यहाँ दोहोरो रूपमा प्रश्न उत्तरको शैलीमा गीत प्रस्तुत भएका कारण संवादात्मक बन्न पुगेको छ । यस्तै -

केटा - फूल हौ तिमी

केटी - नभन है डर लाग्छ ओइली झर्छ भन्ने

("उपमा" पृ. ६७)

यसमा प्रेमीले प्रेमिकालाई फूलको उपमा दिएको अनि प्रेमीकाले त्यो त क्षणिक हुन्छ समयक्रमसँगै ओइलिएर झर्न सक्छ भन्ने दोहोरो अभिव्यक्ति प्रस्तुत भएका कारण यहाँ संवादात्मक बन्न पुगेको छ । यस्तै -

केटा - आकाशका तारा सबै गन्न सक्दिन

जीवनभरि सुख दिन्छु भन्न सक्दिन

हृदयको चोखो माया छैन भन्दिन

केटी - झुटो बाचा गर्नेहरू व्यर्थै सम्झन्छु

सुख दुःख आफ्नै हातको पौरख सम्झन्छु

चोखो माया सधै पाए भाग्य ठान्दछु ।

("साँचो बोल्न पर्दा" पृ. ७०)

प्रस्तुत गीतमा जिन्दगी भर सुख दिन नसकेता पनि चोखो माया अवश्य दिनेछु भन्ने प्रेमीको भनाइमा सुख- दुःख भनेको जिन्दगीमा आफूमा नै भर पर्ने कुरा भएकाले चोखो माया जिन्दगीभर पाउन सके आफूलाई भाग्यमानी ठान्ने छु भन्ने अभिव्यक्ति प्रेमिकाको भएका कारण यहाँ संवादात्मक अभिव्यक्ति आएको छ । यसरी अभिव्यक्तिका दृष्टिबाट हेर्दा गदालका गीतहरूमा एकालापीय र संवादात्मक दुवै अभिव्यक्ति पाउन सकिन्छ । उनका गीतहरू एकालापीय र संवादात्मक दुवै रूपमा सफल भएका कारण गदाल अभिव्यक्ति प्रधान गीत रचना गर्न सफल छन् भन्न सकिन्छ ।

## २. प्रस्तुति

गीतलाई प्रस्तुत गर्ने माध्यमका रूपमा आउने यो वक्तव्यपरक र सम्बोधनात्मक गरी २ प्रकारको हुन्छ । यस प्रकारका गीतमा सर्जकले आफ्ना भावना सहभागी वा पात्रलाई सम्बोधन गरी व्यक्त गर्दछ । ज्ञानेन्द्र गदालका गीतमा रहेका वक्तव्यपरक र सम्बोधनात्मक प्रस्तुतिलाई अलग अलग तरिकाले उदाहरण सहित प्रस्तुत गरेर देखाइन्छ ।

**१. वक्तव्यपरक**

ज्ञानेन्द्र गदालको प्रस्तुत **मलाई छुने मन** गीतसङ्ग्रहभित्र वक्तव्यपरक प्रस्तुति भएका गीतको सङ्ख्या ३६ वटा रहेको छ । उनका यी गीतहरूलाई तल उदाहरण सहित व्याख्या गरिन्छ ।

छातिभरि दुःखाई छ आँखाभरि पानी
आफैलाई बिझाउने भयो जिन्दगानी
("जीवन" पृ. ९)

यहाँ मनको पीर र वेदनाले सधैँभरि रोइरहेर बाँच्नु पर्ने भयो भन्दै आफ्नै जिन्दगी आफैलाई भार भएको कुरा गीतकारको आफ्नो वक्तव्यको रूपमा आएको कारण यहाँ वक्तव्यपरक प्रस्तुति रहेको छ ।

धेरै आए आजसम्म मलाई माया गर्नेहरू
किन होला मेरो मनलाई छुन सकेनन् ।
("छुन सकेनन्" पृ. १४)

यहाँ माया गर्ने मनहरू धेरै पाएपनि आफूले खोजेजस्तो पाउन नसकेको अभिव्यक्ति गीतकारको आफ्नै वक्तव्यका रूपमा आएका कारण यो वक्तव्यपरक बन्न पुगेको छ ।

दिन ढल्यो अँधेरी रातमा
यो मन जल्यो निष्ठूरीको यादमा
("दिन ढल्यो" पृ. २९)

यहाँ दिन अँधेरी रातमा ढल्दै जाँदा मन निष्ठूरीको यादमा जल्ने गरेको भाव गीतकारले व्यक्त गरेका छन् । जुन भाव उनको वक्तव्यका रूपमा आएका कारण यो वक्तव्यपरक बन्न पुगेको छ ।

साहारा भएन कोही भएछु सबको हेला
विक्षिप्त मनको आँधी यो कसले बुझिदेला
("यो मनको आँधी" पृ. ३२)

यहाँ गीतकारको आफ्नो साहारा नभएर एक्लो र हेलाको पात्र बन्नु परेको र यसलाई बुझिदिने कोही नभएर मनमा उथलपुथल भएको भाव वक्तव्यपरक अभिव्यक्तिका रूपमा आएको छ। मनका कुरा व्यक्त गरेका कारण यो वक्तव्यपरक बन्न पुगेको छ।

**२. सम्बोधनात्मक प्रस्तुति**

ज्ञानेन्द्र गदालको **मलाई छुने मन** गीतसङ्ग्रह भित्रका गीतमा सम्बोधनात्मक प्रस्तुति रहेको छ। उनले आफ्ना गीतहरूमा तिमी भनेर आफ्नी प्रेयसीलाई सम्बोधन गरेका छन्। यस प्रकारका संबोधनात्मक प्रस्तुति भएका गीतहरू ४४ वटा रहेका छन्। यसलाई उदाहरण सहित निम्न उल्लेख गरिन्छ।

किन माफी माग्छौ मेरो दिल रूवाई
तिमी सुखी बन्नु तिमीलाई बधाई।

("तिमीलाई बधाई" पृ. १०)

यहाँ आफूलाई ढाटेर जाने प्रियसीलाई तिमी भनेर सम्बोधन गर्दै धोका दिएर गइसकेपछि माफी माग्नु पर्दैन भनी आफ्नो अभिव्यक्ति दिएका कारण गीत सम्बोधनात्मक बनेको छ।

तिमी पुग्यौ टाढा टाढा
तिम्रो माया होइन
सपनीमा साथै हुन्छ्यौ
विपनीमा छैन

("टाढा टाढा" पृ. ३६)

यहाँ टाढा गएकी प्रेयसीलाई गीतकारले तिमी भनेर सम्बोधन गर्दै सधै सपनीमा साथमा पाउने गरेको तर विपनीमा एक्लै भएको भाव व्यक्त गरेकाले सम्बोधनात्मक बन्न पुगेको छ।

हिमाल चढ्न हिडेका छौ हिडौ साथी हो
गाउँदै चढौ उकाली माथि माथि हो।

("अघि बढौ" पृ. ४५)

यहाँ गीतकारले प्रगतिपथमा अगाडि बढीरहेका सम्पूर्णलाई रमाउदै माथि माथि जान आग्रह गरेका छन् । आग्रहका क्रममा उनले साथी भनेर संबोधन गरेका कारण यहाँ सम्बोधनात्मक प्रस्तुति बन्न पुगेको छ ।

वर्ष दिनको खुशीसँगै मेरो बाटो हेर
यस पालीको दशैमा त आँउछु प्रिये घर ।

("घरको सम्झना" पृ. ५३)

यहाँ गीतकारले आफू वर्ष दिनपछि खुसी र सुख साथमा लिएर घर आउने सन्देश प्रियसीलाई पठाएका छन् । गीतमा घर आउँछु पर्खी बस भनि प्रियसीलाई सम्बोधन गरेका कारण यहाँ सम्बोधनात्मक प्रस्तुति बन्न पुगेको छ ।

यसरी गदालको प्रस्तुत **मलाई छुने मन** सङ्ग्रह भित्रका गीतमा सम्बोधनात्मक प्रस्तुति रहेको पाइन्छ । प्रायः जसो उनका गीतमा प्रथम पुरूषको म पात्रले द्वितीय पुरुष तिमीलाई सम्बोधन गरेको छ भने कतै कतै तृतीय पुरूषको पात्रलाई पनि सम्बोधन गरेको पाइन्छ ।

### ३. बिम्ब/प्रतीक र अलङ्कार

बिम्बले काव्यको अर्थलाई स्पष्ट गर्दछ भने भावमा सरलता र सौन्दर्य चित्रण गर्न सहयोग गर्दछ । गीतकार ज्ञानेन्द्र गदालको **मलाई छुने मन** गीतसङ्ग्रह भित्र समेटिएका केही गीतहरूमा बिम्ब र प्रतीकहरूको प्रयोग भएको पाइन्छ । उनले बिम्बहरू धेरैजसो प्रकृतिबाट लिएको पाइन्छ । आफ्ना मनका भावहरूलाई विभिन्न बिम्बहरूको प्रयोग गरी सार्थक र सशक्त बनाउने प्रयास गरेका छन् । गदालले आफ्ना गीतहरूमा नयाँ बिम्बको प्रयोग गरेको पाइदैन । उनले गीतमा प्रयोग गरेको बिम्बको प्रयोगलाई यसरी उदाहरण सहित हेर्न सकिन्छ ।

हरेक बिहान
एउटा झिनो आशा लिई उदाउँछ
साँझ पर्छ फेरी उही छटपटीमा निदाउँछ
झुपडिमा जिन्दगानी दुःख लुकाई हाँसेको छ
महल सधै सन्त्रास र कोलाहालमा बाँचेको छ । ("जीवनको रीत" पृ. ३)

प्रस्तुत गीतमा गदालले प्राकृतिक, आर्थिक, आणविक बिम्बको प्रयोग गरेका छन् । यहाँ बिहान प्राकृतिक बिम्बका रूपमा आएको छ, छटपटी आर्थिक बिम्बका रूपमा छ भने सन्त्रास र कोलाहाल आणबिक बिम्बका रूपमा आएका छन् ।

यसै गरी गदालले आफ्ना गीतमा प्रतीकको प्रयोग गरेका छन् । यसलाई उदाहरण सहित तल प्रस्तुत गरिएको छ ।

जीवन कैले घामजस्तो कैले पानी जस्तो
कैले आस्था बढ्दै जाने कैले विश्वास सस्तो

("सम्झना" पृ. ५६)

यहाँ घाम र पानीलाई क्रमशः सुख र दुःखको प्रतीकका रूपमा प्रयोग गरिएको छ । प्रयुक्त प्रतीकले गीतको प्रस्तुतिलाई सहज र सशक्त बनाएको छ । यस्तै

तृष्णासरि छ जीवन जलन र छटपटी छ
रातीको शुन्यतामा कोही हिडे झै लाग्छ ।

("जलन" पृ. ३७)

यहाँ तृष्णा र जलनलाई क्रमशः अभाव र पीडाको प्रतीकका रूपमा प्रयोग गरिएको छ । यो प्रतीकको प्रयोगले गीतको भावलाई सशक्त बनाएको छ ।

यसरी नै ज्ञानेन्द्र गदालको **मलाई छुने मन** गीतसङ्ग्रह भित्रका गीतहरूमा शब्द अलङ्कार र अर्थालङ्कार दुबैको प्रयोग गरेको देखिन्छ । शब्दालङ्कारमा अनुप्रास, यमक आदिको प्रयोग गरिएको पाइन्छ भने अन्त्यानुप्रासको अत्यन्तै सुन्दर रूपमा प्रयोग गरेका छन् । गदालको अर्थालङ्कारका रूपमा उपमा, रूपक जस्ता अलङ्कारको प्रयोग गरेको पाइन्छ । गदालका यस सङ्ग्रहभित्रका गीतमा प्रयोग गरिएको अलङ्कारलाई उदारण सहित देखाइन्छ ।

(१) **शब्दालङ्कार**

क) **छेकानुप्रास**

गहिराइमा हुन्छ मोती भेट्न अति कठिन छ ।

यहाँ त र त अनि न र न वर्णको पुनरावृत्ति भएकाले छेकानुप्रास रहेको छ ।

तृष्णा सरि छ जीवन जलन र छटपटी छ ।

("जलन" पृ. ३७)

यहाँ ज र ज अनि न र न वर्णको पुनरावृक्ति भएकाले छेकानुप्रास छ ।

(ख) **वृत्यानुप्रास**

हिमाल चढ्न हिडेका छौ हिडौँ साथी हो ।

("अघि बढौँ" पृ. ४५)

यहाँ ह शब्दको दुई भन्दा बढी पटक पुनरावृक्ति भएकाले वृत्यानुप्रास रहेको छ ।

सुनाउदै छु सुन साथी कथा मेरो सानो छँदाको

("परदेशीको कथा व्यथा" पृ. ७२)

यहाँ स शब्दको दुई भन्दा बढी पटक पुनरावृत्ति भएकाले वृत्यानुप्रास रहेको छ ।

(ग) **अन्त्यानुप्रास**

ज्ञानेन्द्र गदालको यस सङ्ग्रह भित्रका गीतहरूमा अन्त्यानुप्रासको प्रयोग गरिएको पाइन्छ । कुनै अनुच्छेदको सम्पूर्ण पंक्तिमा त कुनैको दुई वटामा मात्र प्रयोग गरिएको पाइन्छ । यसरी हेर्दा गदालका गीतमा अन्त्यानुप्रासगत विविधता पाउन सकिन्छ । केहि उदाहरणहरू तल प्रस्तुत गरिन्छ :

भेटिन मान्छे कोही मान्छेहरूकै हुलमा
फुलेर मात्र के भो सुगन्ध छैन फूलमा
सुगन्धी फूल जति फालिन्छन् बगरमा
बित्ने पो हो कि जीवन रहरै रहरमा ("वास्तवमा" पृ. २६)

यस अनुच्छेदको सम्पूर्ण पंक्तिमा अन्त्यानुप्रास मिलेर आएको छ । हुलमा, फूलमा बगरमा, रहरमा, शब्दमा क्रमशः अन्त्यानुप्रास मिलेर आएको छ । यस्तै

अप्सरासरि तिम्रो रूप मुटुमा सजाउँछु
हृदय छुने तिम्रो हाँसो आँखामा लुकाउँछु
भावना सधैं कल्पिरहने मनभित्र अटाउँछु ।

("वर्णन" पृ.७१)

यस गीतमा पनि अनुच्छेदका सम्पूर्ण पंक्तिमा अन्त्यानुप्रास मिलेर आएको छ । सजाउँछु, लुकाउँछु, अटाउँछु शब्दमा क्रमशः अन्त्यानुप्रास मिलेर आएको छ । यस्तै

जहाँ टेक्यो पाइलाहरू काँडामाथि पर्छन्
हाँसो छाए मुहारमा सबले डाहा गर्छन् ।

("जीवन" पृ. ९)

यहाँ दुई पंक्तिबीच अन्त्यानुप्रास मिलेको छ । पर्छन् र गर्छन् शब्दमा अन्त्यानुप्रास मिलेको छ ।

यसरी ज्ञानेन्द्र गदालको यस गीतसङ्ग्रह भित्र सङ्गृहीत गीतहरूमा अनुप्रासगत विविधता रहेको छ । कुनै अनुच्छेदको सम्पूर्ण पङ्क्तिमा छ भने कतै दुईवटा पङ्क्तिमा अनुप्रास रहेको छ । गदालको यस सङ्ग्रह भित्रका गीतमा अनुप्रासगत विविधता पाइन्छ ।

(२) **अर्थालङ्कार**

अर्थका आधारमा रहने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ । गदालको यस सङ्ग्रह भित्रका गीतमा उपमा, रूपक आदि अलङ्कारको प्रयोग पाइन्छ । विविध अलङ्कारको प्रयोग भएता पनि गदालका गीतहरू अलङ्कारिक रूपमा त्यति सशक्त भने छैनन् । गीतमा रहेको अलङ्कारलाई तल उल्लेख गरिन्छ :

**(क) उपमा**

तिम्रो मुहार जुनेलीको जुन जस्तो लाग्छ ।

("भ्रम" पृ. २८)

यहाँ नायिकाको मुहारलाई जुनेलीको जुनसँग तुलना गरिएका कारण उपमा अलङ्कार रहेको छ ।

**(ख) रूपक**

मीठो बोली मात्र केवल आफन्तको माप होइन ।

("साथी" पृ. १६)

आफन्तलाई मीठो बोलीमा आरोप गरिएका कारण यहाँ रूपक अलङ्कार रहेको छ । यसरी यस सङ्ग्रहभित्रका गीतहरूमा अलङ्कारको प्रयोग भएता पनि ती सशक्त रूपमा भने आएका छैनन् ।

**४. लय/गेयता/सङ्गीतात्मकता**

गीतमा साधक बनेर आउने सङ्गीतले गर्दा नै गीत वास्तवमा गीत बन्न पुगेको हुन्छ । यसले गीतमा प्रयुक्त शब्दहरूको भावनालाई अझ तिख्खर बनाउन सहयोग गर्दछ । सङ्गीतले शब्दको सामान्य अर्थलाई पनि संवेद्य र प्रभावकारी बनाइदिन्छ ।

यसरी हेर्दा ज्ञानेन्द्र गदालको **मलाई छुने मन** गीतसङ्ग्रह भित्रका गीतहरू गेय र सङ्गीतात्मक रूपले भरिएका पाइन्छन् । सङ्ग्रहभित्रका केही गीतहरू वरिष्ठ सङ्गीतकारका सङ्गीतमा आबद्ध भएर प्रसिद्ध गायक/गायिकाहरूले स्वरबद्ध समेत गरेकाले उनका गीतमा गेयात्मकता र सङ्गीतात्मकता रहेको छ भन्ने कुरा पुष्टि हुन्छ । गीतहरू गेयात्मक हुनुमा सङ्गीतले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । यसरी हेर्दा उनका गीतहरूमा सङ्गीतात्मकता गीतमा भएका शब्दहरूको छनौटबाट पनि सफल भएको देखिन्छ ।

अक्षरगत लय व्यवस्थाबाट हेर्दा गदालका गीतहरू मुलतः १३, १४, १५, १६, १७, १९, २० र २१ अक्षरको लय व्यवस्थामा आधारित छन् । उनका प्रायजसो गीतहरू १५ र १७ अक्षरमा आधारित लय विधान अंगालिएको देखिन्छ । जस्तै :

सम्झेर हो की मायाले आज यो बाडुली बल्झियो
बिर्सन खोज्थे तस्बीर उनको आखैमा अल्झियो

("बाडुली" पृ. ४८)

यस उदाहरणमा ३+२, ३+३, ३+३ को अक्षरगत संरचनामा आधारित भएर गीत सिर्जना भएको छ ।

वसन्तको डाली डाली पात पातमा तिमी
झलमल्ल दियो बन्यौ मेरो रातमा तिमी

("मेरो रातमा" पृ. ८०)

यस उदाहरणमा ४+२, २+२, ३+२ को अक्षरगत संरचनामा आधारित भएर गीत सिर्जना भएको छ ।

यसरी हेर्दा गदालको प्रस्तुत सङ्ग्रह भित्रका गीतहरू विभिन्न लयमा आधारित भएता पनि लोकलय नै मुख्य रूपमा आएको देखिन्छ ।

**५. अग्रभूमीकरण**

अग्रभूमीकरण पनि भाषाशैलीय विन्यास अर्न्तगत नै आउँछ । यसले गीतलाई आकर्षक र प्रभावकारी बनाएको हुन्छ । आफ्नो सिर्जनामा कुनै खास कुराको प्रवेश गराएर पाठक वा श्रोतालाई उक्त विषयवस्तुतर्फ आकर्षण गर्नु नै अग्रभूमीकरण हो । अग्रभूमीकरणको विचलन र समानान्तरता दुवैको प्रयोग गदालले यस सङ्ग्रहभित्रका गीतहरूमा गरेका छन् ।

टाढाको माया झस्केछ क्यारे बाडुली बल्झियो
बिर्सन खोज्थे तस्बीर उनको आँखैमा अल्झियो

("बाडुली" पृ. ४८)

यस उदाहरणमा बल्झियो र अल्झियो जस्ता समानान्तर पदावलीको प्रयोगले गीतलाई लयात्मक बनाएको छ । यस गीतमा समानान्तर अग्रभूमीकरणको प्रयोग भएको छ ।

सागर हौ तिमी
नभन है डर लाग्छ सुकि जाला भन्ने

("उपमा" पृ. ६७)

यहाँ अन्त्यानुप्रासमा विचलन छ साथै सुकेर शब्दको सट्टामा सुकि शब्दको विचलनगत प्रयोग गरिएको छ । शब्दगत विचलन आएतापनि अभिव्यक्तिको तिब्रता यहाँ भएको छ । यसरी गदालको प्रस्तुत सङ्ग्रह भित्रका गीतमा अग्रभूमीकरणको पनि प्रयोग भएको देखिन्छ । विषयवस्तुगत रूपले हेर्दा गदालका गीतमा प्रेम र प्रणय नै मुख्य रूपमा आएको छ भने राष्ट्रप्रेम जीवनदर्शन प्रकृतिवर्णन आदि पनि विषयवस्तुका रूपमा गीतमा प्रयुक्त भएका छन् ।

## ६.२.७ निष्कर्ष

ज्ञानेन्द्र गदालको **मलाई छुने मन** गीतसङ्ग्रह २०६० सालमा प्रकाशन भएको हो । अर्न्तराष्ट्रिय नेपाली साहित्य समाज अमेरिकाद्वारा प्रकाशित यस सङ्ग्रहभित्र ८० वटा गीतहरू समावेश गरिएको छ । प्रणयात्मक र प्रणयेतर विषयवस्तु समावेश गरिएको यस सङ्ग्रहभित्र प्रणयअर्न्तगत मानवीयप्रेम, राष्ट्रप्रेम, ईश्वरप्रेम रहेका छन् । प्रणयेतर अर्न्तगत जीवनचिन्तन, मानवता, प्रकृति वर्णन रहेका छन् । प्रणय अर्न्तगतको मानवीय प्रेमसँग सम्बन्धित गीतहरूको सङ्ख्या अधिक रहेको छ । मानवीय प्रेममा संयोग भन्दा वियोगको अवस्थालाई उनले आफ्ना गीतमा ज्यादा चित्रण गरेका छन् । प्रणय अर्न्तगतको राष्ट्रप्रेम सम्बन्धी गीतमा गदालले आफ्नो देशप्रतिको स्नेहलाई व्यक्त गरेका छन् । सबै मिलेर देश विकासमा लाग्न आग्रह गरेका छन् । यस्तै ईश्वरप्रेम सम्बन्धी गीतमा गदालले ईश्वरको भक्तिभाव गरेका छन् । आफ्नो मनोकामना पूरा हुने आशामा उनले ईश्वरलाई आफ्ना गीतमार्फत सम्भिmएका छन् । यस्तै प्रणयेतर भावको जीवनचिन्तन अर्न्तगत उनले जीवनलाई सुख र दुःखको मिश्रणका रूपमा चित्रण गरेका छन् । जीवनमा हिम्मत नहारी अगाडि बढ्न सबैलाई आग्रह गरेका छन् । प्रकृति वर्णनका गीतमा गदालले नेपालको हिमाली, पहाडी र तराईका प्राकृतिक रूपहरूको वर्णन गरेका छन् । गदालले आफ्ना गीतहरूमा समग्र पक्षहरूलाई समेट्न सफल भएका छन् ।

यसैगरी उनले आफ्ना गीतमार्फत आफ्नो प्रेमप्रतिको धारणा पनि व्यक्त गरेका छन् । प्रेमलाई शारीरिक परिधिको सीमाभित्र सिमित नराखी यसको विशालतालाई अभिव्यक्त गरेका छन् । मायालाई आध्यात्मिक दर्शनबाट हेरेर यसको क्षणिकतालाई होइन सम्पूर्णतालाई बोध गराउने अभिव्यक्ति दिएका छन् । स्वच्छन्दतावादी भावधारालाई आत्मसात गर्दै गीत रचना गरेका गदालका सिर्जनाहरूमा कृत्रिम र जबरर्जस्त लेखनलाई भन्दा स्वतस्फूर्त लेखनलाई

आत्मसात गरेको पाइन्छ । पर्याधारका आधारमा हेर्दा गदालका गीतहरू सामाजिक भन्दा वैयक्तिक पर्याधारका नै धेरै रहेका छन् । उनका वैयक्तिक पर्याधारका गीतहरूमा व्यक्ति मनको आत्मकेन्द्रित अभिव्यक्ति ज्यादा पाइन्छ । गदालका यस सङ्ग्रहभित्रका गीतहरू ढाँचागत रूपमा हेर्दा वृतात्मक ढाँचा नै पाइन्छ । गीतको आरम्भ र अन्त्यको भाव एउटै रहेका गीतहरू नै रहेका छन् । भाषाशैलीय अभिव्यक्तिका आधारमा गदालका यस सङ्ग्रहभित्र सङ्गृहीत गीतहरू एकालापीय र संवादात्मक दुबै प्रकारका छन् । प्रस्तुतिका रूपमा वक्तव्यपरक र सम्बोधनात्मक दुबै रहेका गदालका गीतहरूमा बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग गरेका छन् । उनले आफ्ना गीतहरूमा प्राकृतिक, आणविक बिम्बको प्रयोग गरेका छन् भने अलङ्कारका रूपमा शब्दालङ्कार र अर्थालङ्कार दुबैको प्रयोग गरेका छन् । लयगत रूपमा १४, १५, १६, १७ अक्षरगत लोकलयको प्रयोग गरेका गदालका गीतहरू लयका आधारमा उत्कृष्ट छन् । उनले आफ्ना गीतमा सहभागीका रूपमा म पात्रको प्रयोग गरेका छन् भने राष्ट्रप्रेमका गीतमा सम्पूर्ण नेपालीलाई प्रयोग गरेका छन् । परिवेशका आधारमा हेर्दा यस सङ्ग्रह भित्रका गीतमा मायाको सम्झना र वियोगले गर्दा आएको भावलाई पोखिएको परिवेश देखिन्छ भने जीवनको उतार चाढवमा आएको अप्ठ्यारो परिवेश पनि देखिन्छ । बाह्य परिवेशका रूपमा नेपालका प्राकृतिक र सांस्कृतिक धरोहरहरू आएका छन् । प्रायः जसो गीतहरूमा पात्र वा सहभागीको मनका उहापोह, कल्पनाको चित्रण गरिएका कारण आन्तरिक परिवेश बाह्य परिवेशका तुलनामा सशक्त रूपले प्रस्तुत भएको छ । यस्तै स्थानगत परिवेशका रूपमा हिमाल, पहाड आदि छन् भने समयगत परिवेशका रूपमा साँझ, विहान, र विश्व परिवेशका रूपमा आकाश, धर्ती, चन्द्र, सूर्य, आदि आएका छन् ।

यसरी समग्र विषयवस्तु, विचार, दर्शन, मान्यता, चिन्तन, पर्याधार, ढाँचा, प्रस्तुति, सहभागी, परिवेश आदिका आधारमा हेर्दा ज्ञानेन्द्र गदालको यस **मलाई छुने मन** गीतसङ्ग्रह भित्र सङ्गृहीत सम्पूर्ण गीतहरू उत्कृष्ट रहेका छन् । नेपाली गीतिसाहित्यका क्षेत्रमा यस सङ्ग्रहले समग्रतालाई समेट्न सफल छ ।

## ६.३ झरीपछिको आकाश गीतसङ्ग्रहको विश्लेषण

## ६.३.१ परिचय

**झरीपछिको आकाश** गीतसङ्ग्रह २०७० सालमा प्रकाशन भएको हो । सङ्गमगृह प्रकाशन कोलोराडो अमेरिकाद्वारा प्रकाशित यस सङ्ग्रहमा प्रतीक ढकाल, डा. कृष्णहरि बराल, कृष्णप्रसाद पराजुली, बुलु मुकारूङ्गको समालोचनात्मक भूमिका र गीतकार स्वयंको मन्तव्य रहेको छ । २०६० साल देखि २०७० साल सम्म रचना गरिएका ६५ वटा विविध शीर्षकका आधुनिक गीतहरू समावेश गरिएको यस सङ्ग्रहको नाम यसै सङ्ग्रहभित्र पृष्ठ नं. १४ मा सङ्गृहीत गीतबाट राखिएको छ ।

यस सङ्ग्रहको बाहिरी आवरण रङ्गिन चित्रले ढाकिएको छ । पृष्ठगत लम्बाइको आयाम ७४ रहेको यस सङ्ग्रहको पृष्ठ क देखि पृष्ठ थ सम्म भूमिका र विषयसूची रहेको छ भने पृष्ठ १ देखि पृष्ठ ६५ सम्म विविध शीर्षकका गीतहरू रहेका छन् । यस सङ्ग्रहभित्रका गीतहरू मानवीयप्रेम, राष्ट्रप्रेम, ईश्वरभक्ति, जीवनचिन्तन, प्रकृति वर्णन, मातृप्रेम, व्यङ्ग्य भाव, घटना वर्णन लगायतका विषयवस्तु समेटिएका छन् । मानवीय प्रेमका गीतमा संयोग र वियोग दुबै अवस्थाको चित्रण गरिएको छ । ईश्वर भक्तिका गीतमा सम्पूर्ण मानवलाई सद्वुद्धि देऊ भनि ईश्वरसँग प्रार्थना गरिएको छ, माया प्रेमका गीतमा प्रेमि प्रेमिकाको मायाको वर्णन गरिएको छ, त्यस्तै जीवनचिन्तनका गीतमा दुई दिने मानवचोला सबैसँग मिलेर बिताऔ भन्ने भाव रहेको छ भने प्रकृति वर्णनका गीतमा प्राकृतिक सुन्दर मनमोहकताको वर्णन गरिएको छ । राष्ट्रप्रेमका गीतमा भने देश विकासमा लाग्न सम्पूर्ण नेपालीलाई आह्वान गरिएको छ । समग्रमा सम्पूर्ण विषयवस्तुलाई समेट्न गदालका यस सङ्ग्रह भित्रका गीतहरू सफल छन् । यस **झरीपछिको आकाश** गीतसङ्ग्रह भित्र सङ्गृहीत केही गीतहरू विभिन्न समयमा नेपाली तथा भारतिय गायक गायिकाद्वारा स्वर सङ्गीतवद्ध गरिएका छन् । जसलाई तल प्रस्तुत गरिन्छ :

| क्र.सं. | शीर्षक | गायक/गायिका | रेकर्ड समय |
|---|---|---|---|
| १ | देश चाहिन्छ | बुलु मुकारूङ्ग र साथीहरू | २०५० |
| २ | उठ नेपाली | कुवेर राई | २०५१ |
| ३ | नेपालीको चाहाना | किरण प्रधान, रुवी जोशी, मिरा राणा, रामकृष्ण | २०६१ |

| | | | |
|---|---|---|---|
| | | ढकाल तथा साथीहरू | |
| ४ | नेपाल रहिरहोस् | यसोदा र गणेश पराजुली | २०६२ |
| ५ | हातेमालो | सत्यराज आचार्य, मिरा राणा, अम्बु गदाल र साथीहरू | २०६५ |
| ६ | नेपाल मनोहर | जगदिश समाल र साथीहरू | २०६८ |
| ७ | बुद्ध | लक्ष्मी महर्जन | २०६८ |
| ८ | तिमी बिना | फत्तेमान राज भण्डारी | २०६८ |
| ९ | तिमीसँग बितेका | आशा भोश्ले | २०६९ |
| १० | जन्मदिनको गीत | साधना सरगम | २०६९ |
| ११ | प्रेम दिवस | कुवेर राई/अन्जना गुरूङ्ग | २०६९ |
| १२ | बोलि र बातहरू | उद्य र मनिला सोताङ्ग | २०६९ |
| १३ | मेरो माया | राजेश पायल राई | २०६९ |
| १४ | दार्जिलिङ्ग शहर | प्रशान्त तामाङ्ग | २०६९ |
| १५ | विना शर्तको माया | उदय र मनिला सोताङ्ग | २०६९ |
| १६ | जागिबसे रातभर | दीप श्रेष्ठ | २०६९ |
| १७ | जुन हेर्‍यो | शम्भू राई | २०७१ |
| १८ | फेरी एउटा घात | अशोक धमला | २०७० |

## ६.३.२ संरचना

ज्ञानेन्द्र गदालको **झरीपछिको आकाश** गीतसङ्ग्रह मझौला आयमको छ । ७४ पृष्ठमा रहेको यस सङ्ग्रहका गीतहरू घटीमा ३ अनुच्छेददेखि बढीमा ४ अनुच्छेद सम्मका छन् । कुनै अनुच्छेद २ पङ्क्तिका छन् भने कुनै ८ पंक्तिका पनि छन् । यसरी हेर्दा अनुच्छेद योजनामा र पङ्क्ति योजनामा विविधता पाइन्छ । आत्मपरकता ज्यादा पाइने उनका गीतमा प्रणयभाव अर्न्तगत संयोग भन्दा वियोगको अवस्थालाई बढी चित्रण गरिएको छ । आयामगत रूपमा सानो रहेता पनि भावगत रूपमा बृहत रहेको यस सङ्ग्रहभित्रबाट केही उदाहरण तल प्रस्तुत गरिन्छ :

सुस्त सुस्त छामीछामी पाइलाहरू चाल्दै थिएँ
केही गल्ती कमजोरीको दुलाहरू टाल्दै थिएँ
अति भए खति भन्छन् अनायासै हुरी आयो
निर्दोष मनलाई ढाँटेको फल धुरीबाटै करायो
बेहोसपनको मातले आज
अमूल्य जीवनमा आगो लगाएँ
नयनको बाँधलाई सकेसम्म रोकी
यो शहरको भीडबाट बिदा हुदैछु ।

(“एक घुम्ती एक मोड” पृ. २६)

रोइदिन्छ दुःखमा मलाई हेरीहेरी
मुस्कुराउँछ सुखमा भाका फेरीफेरी
जतन गरी राख भन्छ कलेजोमा बेरी ।

(“कसरी पसेछ” पृ. ४२)

भाषा भासिन सक्छ भाषमा बोल्नेहरू मासिए
नुग्दो शिर उचालिदैन कहिल्यै लेख्नेहरू नासिए
भण्डारै भरिलो बनाउन भनी खेरै नफाली पलक
तङ्ग्रायौ तिमीले अजम्बरी ध्वनि भाषा तपस्या गरी

(“आदिकवि भयौ तिमी” पृ. ५१)

भाषा चाहिन्छ आफ्नो भेष चाहिन्छ
शिर उठाई बाँच्न आफनो देश चाहिन्छ ।

(“देश चाहिन्छ” पृ. ६४)

## ६.३.३ वस्तु : भाव वा विचार

ज्ञानेन्द्र गदालका गीतको केन्द्रीय विषयवस्तुलाई हेर्दा उनका गीतहरू गीतकारको अनुभूतिलाई बोकेर प्रस्तुत भएका छन् । गीतकारले आफूले व्यक्त गर्न चाहेका भावनाहरू गीतमार्फत सरल रूपमा व्यक्त गर्न सफल छन् । विषयवस्तुका आधारमा गदालका गीतहरूलाई प्रणयात्मक र प्रणयेतर दुबै रूपमा बिभाजन गर्न सकिन्छ । यस सङ्ग्रहभित्रका

६५ वटा गीतहरूमध्ये ३७ वटा गीतहरू प्रणय भावनामा आधारित छन् भने २८ वटा गीतहरू प्रणयेतर भावनाका छन् । प्रणयका मुलतः मानवीयप्रेम, ईश्वरप्रेम र राष्ट्रप्रेम गरी तीन रूपहरू रहेका छन् भने प्रणयेतरका जीवनचिन्तन, मानवता, प्रकृति, मातृत्व प्रेम, व्यक्तित्व वर्णन, व्यङ्ग्य भावना रहेका छन् । प्रणयमुलक र प्रणयेतर दुबै भावहरूको उपस्थिति रहेको यस सङ्ग्रहभित्रका गीतहरू मूलतः मानवीय प्रेमसँग सम्बन्धित छन् । मानवीय प्रेममा संयोग भन्दा वियोगको अवस्थालाई उनका गीतहरूले बढी चित्रण गरेका छन् । प्रणयको चित्रण गरेका गदालका गीतमा उच्शृङ्खलता पाइदैन । आत्मिय प्रेमका पक्षपाती देखिएका गदालले प्रेमको अभिव्यक्ति दिदा प्रेममा निहित सौन्दर्यको मिठासयुक्त शब्दहरूको प्रयोग गरी वर्णन गरेका छन् ।

यसैगरी प्रणयअर्न्तगतको राष्ट्रप्रेम पनि उनले गीतमार्फत व्यक्त गरेका छन् । पूर्खाहरूको वीरगाथा गाउँदै देशको विकासमा लाग्न सम्पूर्ण देशवासीलाई आग्रह गरेका छन् । राष्ट्रभक्ति भावका गीतमा उनको देशप्रतिको अगाध श्रद्धाभाव पोखिएको छ । बुद्धको देशमा शान्तिको कामना गर्ने गदाल आफ्नो भाषा र भेषलाई जोगाउँदै निहित स्वार्थ भूलेर सबैसँग मित्रताको हात बढाउदै विश्वमा नेपालको नाम चम्काउन एकजुट भएर लाग्न सम्पूर्ण नेपालीलाई आह्वान गरेका छन् ।

गदालका केही गीतहरूमा ईश्वरप्रेम पनि पाइन्छ । विद्यादातृ सरस्वतीको वन्दनाबाट गीतको आरम्भ गरेका गीतकार सरस्वतीले सबैमा सद्बुद्धि दिउन् भन्ने कामना गर्छन् । ईश्वर भक्तिका गीतमा सर्वे भवन्तु सुखिन भन्ने भाव सर्वथा व्यक्त भएको पाइन्छ ।

यसैगरी प्रणयेतर भाव अर्न्तगत मातृप्रेमका गीतहरूमा आमाले दिने निश्वार्थ मायाको वर्णन गरिएको छ । गदालले आमाको मायालाई अन्य केहीसँग पनि तुलना गर्न सकिदैन भनेका छन् । घटनाप्रधान गीतमा राजारानीको मृत्युको वर्णन गर्दै सम्पूर्ण नेपाली जनता मात्र होइन नेपाली भूगोल नै रून पुगेको यथार्थ व्यक्त गर्छन् । आदिकवि भानुभक्तले नेपाली साहित्यमा दिएको योगदानलाई पनि उनले स्मरण गरेका छन् । व्यङ्ग्यप्रधान गीतमा नेपाली नेताहरूको चालामाथी कटाक्ष प्रहार गरिएको छ । नेताको चालाबाट दिक्क बनेका गीतकार आफ्नो मात्र होइन देश र जनताको बारेमा सोच्न सम्झाउदै सहमतिको रटानलाई छाड्न आग्रह गर्छन् ।

यसरी हेर्दा गदालका यस सङ्ग्रहभित्रका गीतहरूमा विषयवस्तु र भावहरूको विविधता रहेको पाइन्छ । यिनै भावप्रधान गीतहरू प्रणयात्मक र प्रणयेतर विषयवस्तुका आधारमा विभाजन गरी संरचनात्मक गीत विश्लेषण प्रारूपका आधारमा प्रत्येक उपशीर्षक अर्न्तगत राखेर व्याख्या विश्लेषण गरिन्छ :

**१. मानवीय प्रेम**

प्रेम मानव सभ्यताको आरम्भदेखि नै प्रवाहित हुँदै आएको छ । मानवीय अनुभूतिको सबैभन्दा सशक्त अनुभूति प्रेम नै रहेको छ । प्रेम मानवमा मात्र सिमित नभएर सृष्टिका सम्पूर्ण प्राणीहरूमा रहेको हुन्छ । प्रेमका विविध रूपहरू हुन्छन् यहाँ युवा सुलभ प्रेमको मात्र चर्चा गर्नुपर्ने हुन्छ । वासनाजन्य स्थितिबाट आरम्भ भएको प्रेम आध्यात्मिक स्तरसम्म पुगेको हुन्छ । साहित्यकारले आफ्ना सिर्जनामा पवित्र, निश्वार्थ र आध्यात्मिक प्रेमको स्वरूपलाई अटाएको हुन्छ । प्रणयजन्य प्रेमले साहित्यमा प्रमुख रूपमा स्थान पाएको हुन्छ । ज्ञानेन्द्र गदालका यस सङ्ग्रहभित्रका अधिकांश गीतमा प्रणयजन्य क्रियाप्रतिक्रियाबाट उत्पन्न संयोग, वियोग, अवस्थाको वर्णन गरिएको पाइन्छ उनले निश्वार्थ प्रेमका मान्यता वा दर्शनलाई पनि प्रस्तुत गरेका छन् । प्रेमलाई धर्मभन्दा माथि र कर्म भन्दा जाति हुन्छ भन्दै नैराश्य र बिरक्तिको महाऔषधि अनि धर्मको बन्धन भन्दा माथि, फलको आशाको अपेक्षा नगर्ने भन्दै प्रेमको रूपलाई यसरी व्यक्त गर्दछन् :

हुँदैन धर्मको बन्धन, धर्म भन्दा माथि छ यो
फलको आशा नगर्ने कर्मभन्दा जाति छ यो
प्रेम नै हो महौषधि नैराश्य र विरक्तिको
रूप अन्तिम प्रेमको, अन्नय भक्ति हो ।

("प्रेमको महिमा", पृ. ३६)

यहाँ प्रेमलाई धर्मभन्दा माथि अनि कर्मभन्दा जाति भन्दै नैराश्यको औषधिका रूपमा व्याख्या गरेका छन् । यसरी प्रेमको महिमा गाउने गीतकार आफ्नी प्रेयसीलाई आफ्नो माया अनेक अस्त्रबाट बचाउने हो भन्दै यसलाई सस्तो नमान भन्ने आग्रह यसरी गर्छन्

शीत पर्दा धुप चल्दा छल्ने वस्त्र मेरो माया
चोखो मुटु बचाउन चल्ने अस्त्र मेरो माया

आँधी-हुरी छेक्न सक्छ, कमजोर नठान है
अमूल्य छ मेरो माया, सस्तो नमान है ।

("मेरो माया" पृ. ३२)

आफ्नो मायाप्रतिको विश्वासलाई गाढा बनाउन यहाँ गीतकारले हरेक समस्याहरूमा सदा साथ दिएर जन्मभर स्नेह पूर्वक राख्न सक्ने भएका कारण आफ्नो मायालाई सस्तो नठान्न आग्रह गरेका छन् । बर्खायामको पानी अनि चैतको घामबाट बचाउन सक्ने भन्दै बिम्बात्मक रूपमा सुख र दुःख दुबै समयमा साथ दिन सक्छु भन्ने भाव व्यक्त गरेका छन् । आफ्नो माया साँचो भएको र अमूल्य समेत भएका कारण झूठो र सस्तो नमान्न आग्रह गरेका छन् ।

साँचो छ मेरो माया झुठो नमान है
अमूल्य छ मेरो माया, सस्तो नमान है ।

("मेरो माया" पृ. ३२)

यसरी आफ्नो मायालाई अमूल्य छ भन्दै हेला नगर्न आग्रह गर्ने गीतकार प्रेयसीलाई के उपहार दिउँ भनी सोध्छन् । जुनको शीतलता या फूलको कोमलता के दिउँ भन्दै उनी यसरी सोध्छन् :

जुन दिउँ कि तिमीलाई शीतलता जुनको
फूल दिउँ कि तिमीलाई, कोमलता फूलको

("दिलको पुकार" पृ. १०)

आफ्नी प्रयेसीलाई उपहार के दिउँ भन्दै सोध्ने गीतकार कतै प्रेयसीको व्यवहारबाट वाक्क भएर विश्वासमा घात हुन पुगेको भाव व्यक्त गर्छन् । मिठो बचन बोले पनि मनमा विषको थैलो अनि अनुहारमा हाँसो भए पनि मन मैलो रहेछ भन्ने भाव यसरी व्यक्त गर्छन्:

अमृत बचन बोलिभरि विषैविषको थैलो रैछ
अनुहारमा हाँसो तर भित्री मनमा मैलो रैछ
झलमल्ल घाम छदै दिन पनि रात भयो
विश्वास गरे कसैलाई फेरि एउटा घात भयो । ("फेरी एउटा घात" पृ. १६)

प्रेयसीको बोली र व्यवहारमा पाएको फरकपनले विश्वासमा प्रश्नचिन्ह खडा हुन पुगेको भाव व्यक्त गर्ने गदाल कतै दुई मुटु एउटै भएर रहोस् भन्ने चाहाना व्यक्त गर्छन् । मनको भाषा मुखले नबोली मनले नै चालपाओस् भन्दै तिम्रो दिलको चोट मेरो मनले थाहा पाओस् अनि मेरो मनको रहर तिम्रो मुहारले बताओस् भन्ने मायालु भाव यसरी व्यक्त गर्छन्:

तिमीलाई चोट लाग्दा
मेरो मनले चाल पाओस्
मलाई तिम्रो रहर जाग्दा
तिम्रो मुहार उज्यालो होस् ।

("विवाह" पृ. ३०)

मनले मनको भाषा बुझोस् भन्ने अपेक्षा राख्ने गीतकार घामसरि आकाशमा फैलिएर मेरो जीवनलाई सदा चम्काइरहु भन्दै दिलको धड्कन बनेर चोखोमाया युगयुग बाँचिरहोस् भन्ने चाहान व्यक्त गर्छन् :

घामसरि फैलिरहु तिमि आकाशमा
मेरो जीवन चम्किरहोस् तिम्रै प्रकाशमा
तिमी मेरो दिलको धड्कन, म त तिम्रै छायाँ
युग युग बाँचिरहोस्, हाम्रो चोखो माया

("हामी हासौं" पृ.३३)

यसरी गदालको यस सङ्ग्रहभित्रका गीतमा प्रणयभावना अत्यन्त तीब्र रूपमा अभिव्यक्त भएको छ । उनले आफ्ना गीतमा प्रेम दर्शन देखि प्रेमी प्रेमिकाका मनका भावनाहरूसम्म अटाएका छन् । संयोग र वियोग दुबै भावका प्रणय चेतनाका करीब २६ वटा गीतहरू यस सङ्ग्रह भित्र रहेका छन् जसमा मायाका भाव सरल र स्तरीय रूपमा अभिव्यक्त भएका छन् । यसरी गदालका यस सङ्ग्रह भित्रका माया प्रेम सम्बन्धी भाव व्यक्त भएका गीतहरूमा पाइने मूल भावको संक्षिप्त रूप यस प्रकार रहेको छ :

| शीर्षक | मूलभाव |
|---|---|
| विरह | एक्लो हुँदा नैराश्यताले मनमा खटपटी भएर भोक, निन्द्रा, तिर्खा नै हराउन पुगेको र केही गर्ने जाँगर अनि इच्छा हराएको भाव व्यक्त । |
| दिलको पुकार | आफ्नी प्रेयसीलाई के उपहार दिउँ भनी दोधारमा रहेको, जुन या फूल अनि आकाशको विशालता या उज्यालो के दिउँ भन्ने भाव व्यक्त । |
| जब तिमी आयौ | मन बहलाउने साथी खोजी रहदा प्रयेसीको आगमनले मनमा शान्ति मिलेको र मुहारमा कान्ति छाएको भाव व्यक्त । |
| माया प्रिति | प्रेयसीको मनमा आफूप्रति माया भन्दा घृणाको भाव बढेर गएको, हर वचन र कर्ममा रूखोपन झल्किन थालेको भाव व्यक्त । |
| फेरी एउटा घात | कसैलाई विश्वास गर्दा घात गरेको बचनमा अमृत भएपनि व्यवहारमा कुटीलता देखिएको भाव व्यक्त । |
| मनमै रहयो | प्रेम व्यक्त गर्न नसक्दा तड्पिएर बाँच्नु परेको, मनले मनको भाषा बुझेपनि मुखले खोल्न नसकेको भाव व्यक्त । |
| आत्मीय धुन | चोखो माया पिरतीलाई लत्याएर नहिँड प्रेमको पाप लाग्ला भन्दै माया धर्म र कर्म अनि मनको मर्म भएको भाव व्यक्त । |
| तिमी बिना | सम्पूर्ण जीवन तिमीसँग बिताउन पाउँ भन्दै मुहारको मुस्कार नखोस भन्नेभाव व्यक्त । |
| एक घुम्ती एक मोड | विश्वासमा आएको सङ्कटका कारण छाडेर हिड्नु पर्दाको कारूणिक भाव व्यक्त । |
| प्रीतिको गीत लेखियोस् | तिम्रो आगमनले दुःख र दरिद्रता भागेर मनमा शान्ति छाओस् अनि स्पर्शले नयाँ जीवन पाउँन सकु भन्ने भाव व्यक्त । |
| जन्म दिनको शुभकामना | बितेका दिनलाई सम्झिएर बस्नु भन्दा आउने दिनलाई उज्वल बनाउन लाग्नुपर्छ भन्दै नयाँ सिर्जनाका क्षेत्रमा लाग्न उत्साह र उमंग जागोस् भन्ने भाव व्यक्त । |
| प्रेम दिवस | प्रेमलाई मन्दिरको रूप मानेर तिमी पूजा बन म पुजारी बन्छु भन्दै प्रेयसीलाई सम्झाउदै पवित्र प्रेमको ज्योति अनि सुवास बनोस भन्ने भाव व्यक्त । |
| विवाह | दुई मुटुलाई एक बनाएर नयाँ जीवनको सुरूवात गर्दै नौलो विहानीले |

| | |
|---|---|
| | मनको सङ्घार उज्यालियोस् र त्यो मनको कुरा यो मनले थाहा पाओस् भन्ने भाव व्यक्त । |
| बोली र बातहरू | हरक्षण हरसमय तिमीसँग बिताउन पाउँ भन्दै सङ्गीतमा झुमेर तिम्रै गीत लेखी अनि जुनी जुनीसम्म प्रित बनेर रहुँ भन्ने भाव व्यक्त । |
| मेरो माया | आफ्नो माया अमूल्य र चोखो छ भन्दै तिमीसँग जीवन बिताउन पाउँ भन्ने भाव व्यक्त । |
| हामी हासौँ | आकाशमा घामसरि फैलिरहु भन्दै त्यही प्रकाशमा आफ्नो जीवन चम्कियोस् र तिम्रै छायाँ बनेर युग युग बाँचिरहन पाउँ भन्ने भाव व्यक्त । |
| प्रेमको महिमा | धर्म भन्दा माथि र कर्म भन्दा जाति छ प्रेम भन्दै नैराश्यताको महा औषधिका रूपमा प्रेमलाई लिएर प्रेमीको आनन्दमा रमाउने भाव व्यक्त । |
| परदेशमा दशैं | मीठो मालसिरीको धुनले दशैंको सम्झना दिलाएता पनि घर आउन नपाएको कारण विछोडीएर बस्नु परेको भाव व्यक्त । |
| बादल नलागोस् | आफ्नो जीवनमा जुन बनेर उदाएकी प्रेयसीलाई सदा साथमा रहिरहु भन्दै कहिल्यै विछोड नहोस् भन्ने भाव व्यक्त । |
| यो मन मान्दैन | मनमा प्रेयसीको स्नेहले बास गरिसकेका कारण छुट्न नमानेको भन्दै गल्ति भएता पनि साथै रहने भाव व्यक्त । |
| शिखरचुम्ने रहर | हर चुनौतीलाई पाखा लगाउदै आफ्नी प्रेयसीसँगको नाता तोड्ने छैन भन्दै मनको कुना कुनामा तिम्रै माया भरेर बस्नेछु भन्ने भाव व्यक्त । |
| मदनहरी | धर्ती आकाश फरक भएपनि एकापसको मित्रता नटुटी सदा एक भएर रहने भाव व्यक्त । |
| कसरी पसेछ | मनमा मायाको प्रवेशले ल्याएको तरङ्गले मुहारमा मुस्कान ल्याएको छ भन्दै कलेजोमा सधै बेरेर राख्नु भन्ने भाव व्यक्त । |
| जुन हेऱ्यो | माया मनको चाहाना रहेछ र यसलाई नपाएका कारण सधै एक्लोपनको आभाष भएको भन्दै आफ्नो भन्ने केही नभएको भाव व्यक्त । |
| बुझ्नै नसकिने | आफ्नो मनमा प्रेयसीको मायाको प्रवेशले बहार ल्याएको छ भन्दै हाँसो, खुसी बनेर आई नयाँ उमङ्ग छाएको भाव व्यक्त उमङ्गको छाल बगायो भन्ने भाव व्यक्त । |

| | |
|---|---|
| श्रृङ्खला | प्रेयसीको सामिप्यतामा पुगेपछि नछुटिने रहर जागेको र मन मिलेर एउटा सुन्दर घर बसेको भाव व्यक्त । |

मानवीय प्रेम सम्बन्धी ज्ञानेन्द्र गदालका यस सङ्ग्रहका गीतहरूको मूलभावलाई हेर्दा मुख्यत संयोग र वियोगजन्य परिस्थिति नै मुख्य भाव बनेको देखिन्छ । प्रणयको सरल र सजिब चित्रण गरिएका उनका गीतहरूमा अश्लिलताको तडकभडक नभएर शिष्टताको आभाष पाइन्छ । प्रेमजन्य बिरह-वेदनाको प्रस्तुत गरेका गीतकार घमण्ड नभएर क्षमाको याचना गर्दछन् । चोखो मायालाई अजम्बरी ठान्ने गीतकारले यसरी व्यक्त गरेका छन् :

धर्ती भासिए पनि
आकाश मासिए पनि
फुल्छ बरू फक्रिएर
चोखो माया मर्दैन कहिल्यै ।

("अजम्बरी माया" पृ. ५०)

यसरी चोखो माया कहिल्यै नाश भएर जाँदैन भन्दै गीतकारले मायालाई अमरत्त्व प्रदान गरेका छन् । प्रेमको महिमा गाउने क्रममा उनले धर्मभन्दा माथि अनि फलको आशा नगर्ने कर्मभन्दा जाति छ भन्दै प्रेम नैराश्य र विरक्तिको औषधि हो भन्ने भाव यसरी व्यक्त गरेका छन्:

हुँदैन धर्मको बन्धन धर्म भन्दा माथि छ यो
फलको आशा नगर्ने, कर्मभन्दा जाति छ यो,
प्रेम नै हो महौषधि नैराश्य र विरक्तिको
रूप अन्तिम प्रेमको, अनन्य प्रणय भक्ति हो ।

("प्रेमको महिमा" पृ. ३६)

यस प्रकार प्रेमलाई धर्मको बन्धन भन्दा माथि अनि कर्मको फलको आशा नगर्ने, नैराश्य र विरक्तिको औषधिका रूपमा लिएका छन् । आफ्नो जीवनमा प्रेयसीको आगमनले बहार ल्याएको छ भन्दै रातको अन्धकारमा जुन बनेर छाएकी छौ अब छाडेर नजान आग्रह गर्छन्:

तिमी उदायौ जुन बनेर
यो रातको अँधेरीमा
चाहिन्न बिहानी मझेरीमा

("बादल नलागोस्" पृ. ३८)

यसरी मनमा छाएको अन्धकारलाई हटाएर उज्यालो प्रकाश छरिदिएकी प्रेयसीलाई छाडेर नजान आग्रह गर्दै जीवनमा बहार ल्याउन आग्रह गरेका छन् । आकाशमा घामसरि फैलिएर त्यसकै प्रकाशमाझ् आफ्नो जीवन चम्कियोस् भन्ने चाहाना यसरी पोखेका छन् :

घामसरि फैलिरहु तिमी आकाशमा
मेरो जीवन चम्किरहोस तिम्रै प्रकाशमा
तिमी मेरो दिलको धड्कन म त तिम्रै छायाँ
युगयुग बाँचिरहोस, हाम्रो चोखो माया

("हामी हासौ" पृ. ३३)

चोखो मायाको आभाष जीवनमा पाइरहुँ भन्ने आशा गरेका गीतकार कतै प्रेयसीले छाडेर जाँदाको नराम्रो अनुभवपनि गीतमार्फत व्यक्त गर्छन् । मायाका सौगातहरू दिलाएर आफै टाढा हुने प्रेयसीलाई आफू सदा साथमै रहन चाहेको भाव यसरी व्यक्त गर्छन् -

तिमी आयौ नजिकियौ
फेरी आफै टाढा गयौ
मनमा फुल्यौ केहीबेर
आज तिमी काँडा भयौ
गल्ती तिम्रै भए पनि, त्यस्तो ठान्दैन
तिमीबाट टाढा बस्न यो मन मान्दैन ।

("यो मन मान्दैन" पृ. ३९)

मायालुको मायाबाट अलग बस्न नचाहेका गीतकार गदाल प्रेयसीको आगमनले मनमा हलचल मच्चाएर दुई मुटुलाई एक बनाएको भाव यसरी व्यक्त गर्छन् -

आज अचानक तिमी आयौ
यो मनमा हलचल मच्चायौ
ख्यालठट्टा पो चल्दै थियौ
दुई मुटुलाई एउटै गरायौ ।

("जब तिमी आयौ" पृ. १३)

यसरी गदाल आफ्ना गीतहरू मार्फत एकातिर वियोगको भावलाई व्यक्त गर्छन् भने अर्कातिर प्रेमको आनन्दको सरल र सजीव रूपमा अभिव्यक्ति दिन्छन् । प्रणय चेतनाका आधारमा उनका गीतहरू सशक्त रहेका छन् ।

प्रेमलाई विविध तरिकाले व्याख्या र विश्लेषण गर्न सकिन्छ । संस्कृत साहित्यमा युवा सुलभ प्रेमलाई नवरसहरू मध्ये शृङ्गार अर्न्तगत राखेर विश्लेषण गरिन्छ । शृङ्गार अर्न्तगत पनि नायक-नायिकाको मिलनको अवस्थालाई सम्भोग शृङ्गार अर्न्तगत राखेर वर्णन गरिएको पाइन्छ भने बिछोड, वेदना वा विरहको अवस्थालाई विप्रलम्भ अर्न्तगत वर्णन गरिन्छ । शृङ्गार अर्न्तगत नायक नायिकाको एक अर्का प्रतिको प्रेमको वर्णन गरिएको भएमा शृङ्गार रस हुन्छ । शृङ्गार रसमा आलम्बन अर्न्तगत परस्पर प्रेममा बाँधिएका नायक-नायिका हुन्छन् भने उद्दीपन एकान्त ठाउँ उद्यान आदि हुन्छन् । ज्ञानेन्द्र गदालका यस सङ्ग्रहभित्रका गीतहरूलाई शृङ्गार अर्न्तगत राखेर हेर्दा करिब २६ वटा गीतहरूमा सम्भोग शृङ्गारको चित्रण पाइन्छ । उनका यस सङ्ग्रहभित्रका करिब ९ वटा गीतहरू विप्रलम्भ शृङ्गार अर्न्तगत रहेका छन् । यहाँ गदालका मानवीय प्रेमसँग सम्बन्धित गीतहरूलाई सम्भोग र विप्रलम्भ शृङ्गार अर्न्तगत राखेर विश्लेषण गरिन्छ ।

**अ) सम्भोग शृङ्गार**

सम्भोग शृङ्गार अर्न्तगत नायक-नायिकाको प्रेममा मिलनको अवस्थाको वर्णन हुन्छ र यो आधुनिक गीतको प्राण हो । यसलाई मनन् गर्दै गदालले आफ्नो गीतमा शृङ्गारिक चेतनालाई प्रस्तुत गरेका छन् । आफ्नै अनुभूतिजन्य रूपमा व्यक्त गरेका कारण उनका गीतहरू मर्मस्पर्शी बन्न पुगेका छन् । यसकारण उनका गीतहरू पाठक श्रोताको मनलाई छुन सफल छन् । सम्भोग शृङ्गारसँग सम्बद्ध गदालका गीतहरूले प्रेमीकाको साथमा रहदाको प्रेममय अनुभूतिलाई खुलस्त रूपमा व्यक्त गरेका छन् । मायामा जिउँदाको त्यो पल

संसार नै सुन्दर र आनन्द लाग्ने हुन्छ भन्दै जिउनुको वास्तविक आनन्द मायामा मात्र पाइने भाव व्यक्त गरेका छन् । मनमा माया बसेपछि हरक्षण, हरपल सँगै रहिरहुँ लाग्ने, मायालुलाई भेट्ने चाहानामा एकपल पनि एकयुग लाग्ने, भन्दै माया पाएपछि मात्र जीवनले सहि मार्ग पहिल्याउन सक्छ भन्ने भाव व्यक्त गरेका छन् । उनका यस सङ्ग्रह भित्रका गीतहरूमा प्रेमको शिष्ट अभिव्यक्ति पाइन्छ । गदालका यस सङ्ग्रहभित्रका ६५ वटा गीतहरू मध्ये २६ वटा गीत मानवीय प्रेमसँग सम्बन्धित रहेका छन् भने त्यसमा पनि १७ वटा गीतहरू सम्भोग शृङ्गार अर्न्तगत रहेका छन् । ती गीतहरूको सूची निम्न उल्लेख गरिन्छ :

१. दिलको पुकार
२. जब तिमी आयौ
३. प्रीतिको गीत लेखियोस्
४. जन्मदिनको शुभकामना
५. प्रेम दिवस
६. विवाह
७. बोली र वातहरू
८. मेरो माया
९. हामी हाँसौ
१०. प्रेमको महिमा
११. बादल नलागोस्
१२. यो मन मान्दैन
१३. शिखर चुम्ने रहर
१४. मदन हरी
१५. कसरी पसेछ
१६. जुन हेऱ्यो
१७. श्रृङ्खला

यसरी ज्ञानेन्द्र गदालको यस सङ्ग्रहभित्रका गीतमा सम्भोग शृङ्गारिक भावना कमै गीतमा व्यक्त भएता पनि ती गीतहरू सम्भोग शृङ्गारिक चेतनालाई व्यक्त गर्न सफल छन् । प्रेयसीको प्रेमको वर्णन गर्ने क्रममा आएका यस्ता गीतहरू सरल रहेका छन् ।

आँखामा रहेको अनन्त चाह र मुटुमा रहेको गहिरो प्यारलाई व्यक्त गर्ने के उपहार दिऊँ भन्दै गीतकार मायालुसँग यसरी सोध्छन् -

आँखामा अनन्त चाह छ
मुटुमा गहिरो प्यार
तिमी नै भन न प्रियतम
म के दिऊँ उपहार ।

("दिलको पुकार" पृ. १०)

मनको प्यारलाई व्यक्त गर्न नसक्दा के उपहार दिऊँ भनी सोध्ने गीतकार मायालुको आगमनले मनमा नौलो तरङ्ग सिर्जना भएको भाव व्यक्त गर्दै ख्याल ख्यालैमा दुई मुटु एक भएको मिलनको अभूतपूर्व क्षणलाई यसरी व्यक्त गर्छन् -

आज अचानक तिमी आयौ
यो मनमा हलचल मच्चायौ
ख्यालठट्टा पो चल्दै थियो
दुई मुटुलाई एउटै गरायौ

("जब तिमी आयौ" पृ. १३)

प्रेमिकाको आगमनले मनमा नौलोपनको आभाष भएको र दुईमुटु एक भएको भाव व्यक्त गर्ने गीतकार प्रेमीकालाई पूजा बन्न आग्रह गर्दै आफू पुजारी बन्ने चाह राख्छन् अनि प्रेयसीको गुनगुनावटलाई अर्थ खुलाएर सुन्नेछु भनि यसरी भन्छन् -

पूजा बन तिमी मेरो म तिम्रो पुजारी हुन्छु
तिमी गुनगुनाऊ मनमनै, म अर्थ खुलाई सुन्छु ।

("प्रेम दिवस" पृ. २९)

यसरी सम्भोग शृङ्गारको भावलाई व्यक्त गर्दै गदाल प्रेमीकालाई मनमा पूजा बनेर बस्न आग्रह गर्छन् । प्रेयसीको नाममा नै गीत लेखेर शब्द-शब्दमा उनलाई नै पाउने चाहाना राख्ने गदाल सङ्गीत बनेर छाउन आग्रह गर्छन् ।

सङ्गीतमा झुमी लेखिरहुँ तिम्रै गीत
शब्द-शब्दमा तिमीलाई पाऊँ

घात/आघात छल्दै साथ रहुँ तिम्रै
सङ्गीत भएर गुञ्जिरहुन् तिम्रा बोली र बातहरू ।

("बोली र बातहरू" पृ. ३१)

यसरी आफ्ना प्रत्येक पलहरूमा प्रेयसीको चाहाना राख्ने गदालले आफ्ना गीतमा व्यक्त गरेका भावहरू आफ्नै भोगाइ नै हुन् कि भन्ने भान हुन्छ । प्रेमी प्रेमीकाको सदा सामिप्यताको चाहाराख्छ, मनलाई एक बनाउने रहर गर्छ अनि पूजा र सङ्गीतका रूपमा पाउँने आशा व्यक्त गर्छ । यो अभिव्यक्ति प्रेमको कोमल अभिव्यक्ति हो । आफ्ना मनका चाहानाहरू हार्दिक रूपमा गीतमा व्यक्त गरेका गीतकार आफ्नो सिर्जनशीलतालाई देखाउन सफल छन् ।

गदालले प्रेमको संयोग अवस्थाको चित्रण गर्ने क्रममा मायालाई अमर राख्ने चाह गरेका छन् । गीतमार्फत मायाका प्रेमील पक्षहरूको सुन्दर वर्णन गर्न सफल छन् ।

### आ. विप्रलम्भ शृङ्गार

गीतकार गदालको यस सङ्ग्रहभित्रका गीतमा विप्रलम्भ शृङ्गारको प्रयोग कम मात्रामा भएको छ । कम भएता पनि विप्रलम्भ अर्न्तगतका गीतहरू यस भावनालाई व्यक्त गर्न सफल छन् । प्रेमी प्रेमीकाको कारूणिक स्थितिको चित्र प्रस्तुत गरिएका यस्ता गीतहरू सामान्य र असामान्य विप्रलभ्म अर्न्तगत रहेका छन् । नायक-नायिकाको विछोडपछि मिलनको अवस्था रहन्छ भने त्यसलाई सामान्य विप्रलभ्म भनिन्छ भने विछोडपछि मिलनको अवस्था नरहनेलाई असामान्य विप्रलभ्म भनिन्छ । विप्रलम्भको अवस्था बाध्यता, इच्छा र मृत्युको कारणले गर्दा सिर्जना भएको हुन्छ ।

गदालका विप्रलम्भ शृङ्गारका भाव भएका गीतमा विछोडको पीडा र वेदनाले ल्याएको नैराश्यताको भाव अभिव्यक्त छ । कसै प्रतिको विश्वासले जीवनमा नराम्रो वेदना भरिएको भाव व्यक्त गरेका गदाल प्रेयसीको गल्तिलाई आफ्नै जीवनमा घटेको घटना जस्तै गरी व्यक्त गरेका छन् । मीठो बोली र सुन्दर हाँसो भित्रको असली व्यवहारले घात गरेको भाव यसरी व्यक्त गर्छन् -

अमृत बचन बोली भरि विषैविषको थैलो रैछ
अनुहारमा हाँसो तर भित्री मनमा मैलो रैछ

झलमल्ल घाम छदै दिन पनि रात भयो
विश्वास गरे कसैलाई फेरी एउटा घात भयो ।

("फेरी एउटा घात" पृ. १६)

विश्वासको फल घात पाएको भन्दै गीतकारले मिठो बचन भित्रको विष र मुस्कान भित्रको आघातलाई चिन्न नसकेको भाव व्यक्त गरेका छन् । चोखो मायाको बदलामा धोका पाएका गीतकार प्रेयसीसँग विताएका पलहरू स्मृतिको पानाभरि छरपष्ट रहेको र तिनले बारम्बार झस्काइ रहने भाव यसरी व्यक्त गर्छन् -

तिमीसँग बितेका कतिपय क्षणहरू
स्मृतिको पानाभरि छरपष्ट छन्
कैले छातीमा घाउ भै बल्झिन्छन्
कैले अधरमा मुस्कान भै अल्झिन्छन्

("तिमीसँग बितेका" पृ. २५)

यसरी गदालका विप्रलम्भात्मक गीतमा वियोग अवस्थाको पीडा र दुःख अनि मिलनको झिनो आशा अभिव्यक्त भएको पाइन्छ । बितेका पलहरूले सदा-सर्वदा मनमा पीडा दिइरहेका कारण चाहेर पनि भूल्न नसकेका गीतकार कतै आफ्नो गल्ति देख्छन् भने कतै प्रेयसीको गल्ति महशुस गर्छन् । गदालका गीतमा प्रेयसीलाई तिमी भनेर सम्बोधन गरिएको छ । त्यो तिमी गदालकी आफ्नै प्रेमिका हो या कल्पना लोककी हो त्यसको खुलस्तता भएको छैन । गदालका यस सङ्ग्रह भित्रका २६ वटा गीतहरू मानवीय प्रेमसँग सम्बन्धित छन् । यसरी शृङ्गारिक चेतनामा रहेर आफ्ना मनका भावनाहरू व्यक्त गर्न गदाल सफल देखिन्छन् ।

## २. राष्ट्रप्रेम

आफू जन्मिएको देशलाई आफ्नी आमा समान ठानेर यसको विकासमा लाग्नु पर्छ भन्ने भाव नै राष्ट्र प्रेमका गीतमा आएको हुन्छ । जन्मभूमिप्रति माया र ममता दर्साउदै यसका लागि केही गरौ भन्ने भावना जब देशबासीमा पलाउँछ तबमात्र देशको विकास सम्भव हुन्छ । प्रत्येक मानिस देशको भू-भागले गर्दा नै त्यस देशको नागरिक बन्न सफल बनेको हुन्छ । आफ्नो जीवनलाई देश र देशबासीका निम्ति सुम्पिँदै यसैका खातिर प्राण

त्याग्न पनि जो पछी पर्दैन ऊ सच्चा देशभक्ति कहलाउँदछ र मरेर पनि सदा बाँचेको हुन्छ । देशका असल सपूतहरू आफ्ना पूर्खाले आर्जेको भूमिलाई सदा अक्षुण राख्दै यसैका लागि मरिमेट्न तयार हुन्छन् । इतिहासको काल खण्डमा विभिन्न देशभक्त योद्धाहरूले आफ्नो देशमा बैरीको छायाँ पर्न नदिन हाँसी-हाँसी ज्यानको बाजी थापेका थिए जसको फलस्वरूप राष्ट्रियताको जर्गेनार्थ उनीहरूको नाम सदा सुनौलो अक्षरले कोरिएको छ । राष्ट्रियताको भावलाई मानिसले विविध तरिकाबाट प्रकट गर्दछ । यस मध्ये साहित्य पनि एक प्रमुख विधा हो जसमा सर्जकले आफ्नो देशप्रतिको मायालाई व्यक्त गरेको हुन्छ । यसरी साहित्यका माध्यमबाट देशभक्तिको भाव चेतनालाई प्रखर गर्ने काम यस देशका सपुतहरूले गरेका छन् । देवकोटा, भानुभक्त, माधव घिमिरे लगायतले साहित्यका माध्यमबाट देशभक्ति भावको चेतनालाई प्रखर गर्ने काम गरेका छन् । यही देशको परिवेशको गाथा गाएर नेपाल आमाका कति सन्तान गए भने कैयौ सन्तान आज पनि नेपाली आस्था र भावनालाई जगाइरहन सिर्जनशीलतालाई निरन्तरता दिइरहेका छन् ।

राष्ट्रलाई आफ्नो आमासमान ठानेर यसैको उन्नती र प्रगतिका निम्ति लाग्न प्रेरणा र प्रोत्साहन दिदै ज्ञानेन्द्र गदालले आफ्ना गीतहरूमा राष्ट्रभक्ति भावलाई अभिव्यक्त गरेका छन् । ज्ञानेन्द्र गदालको प्रस्तुत **झरीपछिको आकाश** गीतसङ्ग्रह भित्र सङ्गृहीत ६५ वटा गीतहरू मध्ये ७ वटा गीतहरूमा राष्ट्रभक्तिभाव पाउन सकिन्छ । उनले भृकुटी र बुद्ध जन्मिएको यो पवित्र देशमा सदा शान्ति फैलिरहोस् भन्ने चाहाना व्यक्त गरेका छन् । नेपाली श्रम र सीपले देशको मुहार सदा हाँसिरहोस् भन्ने कामना गर्दै आफ्नो निहित स्वार्थलाई भूलेर पौरखी हातहरू खोलेर देश विकाशमा लाग्न आह्वान गरेका छन् । भाषा र भेष मात्र भएर पुग्दैन शिर ठाडो पारेर बाँच्न आफ्नो देश चाहिन्छ भन्ने भावनाहरू समेटिएका उनका गीतहरू सङ्ख्यात्मक रूपमा कम भएता पनि गुणात्मक र राष्ट्रिय चेतनाका आधारमा ज्यादै सबल बन्न पुगेका छन् । गदालका प्रस्तुत सङ्ग्रहभित्रका राष्ट्रवादी गीतहरूको सूची र मूलभावलाई तल क्रमशः प्रस्तुत गरिन्छ :

| **शीर्षक** | **मूलभाव** |
|---|---|
| नेपालीको चाहाना | विश्वमा शान्तिको सन्देश फैलाउने बुद्ध अनि भृकुटिको पवित्र देशमा अब शान्ति फैलियोस् भन्दै जोशिला हात पाखुरामा नयाँ नयाँ सृजना गर्ने शक्ति जागेर सम्पूर्ण नेपाल धर्ती हाँसेको हेर्न पाउँ भन्ने भावका साथै सम्पूर्ण |

| | |
|---|---|
| | नेपालीले देखेको सुन्दर सपना पुराहोस् भन्ने भाव व्यक्त । |
| चिनारी नेपालको | आफ्नै कला- संस्कृतिले भरिपूर्ण देशलाई माया नमारौ, यो देश रहे मात्र हामी रहन्छौ अनि रहन्छन् चन्द्र सूर्य र हिमाल भन्दै देशको माटोको टिका लगाएर, पसिनाको धारा देशकै माटोमा बगाऔ हिमालको पानी पिएर शरीरमा तागत भरी नेपालमै हाँसेर बाँचौ अनि हाँसेरै मरौ भन्ने भाव व्यक्त । |
| हातेमालो | सम्पूर्ण नेपालीलाई एकतामा बाँधिएर अघी बढ्न आह्वान गर्दै भिन्न संस्कृति र धर्मका आधारमा विभेद होइन समानताको विगुल फुकेर विश्वलाई मित्रताको पाठ पढाउनु पर्छ भन्ने भाव व्यक्त । |
| नेपाल रहिरहोस् | महापुरूषको तपोभूमि अनि वीरहरूको यो देश चन्द्र, सूर्य, ताराहरू रहेसम्म रहिरहोस् विश्वमा गौरब बढाई रहोस भन्दै प्राकृतिक छटाहरूको वर्णन गरेर सबैलाई कर्तव्य पथमा अघि बढौ भन्ने भाव व्यक्त । |
| नेपाल मनोहर | आफ्नो देश आफै बनाउनुपर्छ कोही आएर बनाइ दिदैंन जहाँ रहेपनि नेपालीपनलाई माया नमारौ र नेपाल आमाको मुहारमा सदा हाँसो र खुसी छाइरहन पाओस् भन्ने भाव व्यक्त । |
| देश चाहिन्छ | भाषा र भेषमा आफ्नो पन चाहिन्छ शिर ठाडो पारेर बाँच्न देश चाहिन्छ भन्दै गाउँ बस्तीहरूमा खुसीको लहर फैलन र भेदभाव हटेर जान सके मात्र समानताको आभाष मिल्छ भन्ने भाव व्यक्त । |
| उठ नेपाली | देशको विकास गर्न अनि विश्वसामु नेपालको पहिचान दिलाउन सबैले आफ्नो स्वार्थ भूलेर देश विकासमा लाग्न आग्रह गर्दै म भन्नु नै मेरो देश हो भन्ने भावना बोकेर अघि बढ्ने भाव व्यक्त । |

यसरी ज्ञानेन्द्र गदालको प्रस्तुत सङ्ग्रह भित्रका राष्ट्रिय भावनाले ओतप्रोत गीतहरूलाई हेर्दा राष्ट्र भावनाका विविध पक्षहरूको प्रस्तुतीकरण गरिएको पाइन्छ । उनको पहिलो गीतले बुद्धको भूमिका शान्ति फैलियोस् भन्ने कामना गरेको छ । नेपाली जनका हातहरूमा सृजना शक्ति जागेर देश विकासमा लाग्न भन्दै नेपाली धर्ती हाँसेको हेर्ने चाहाना व्यक्त गरेका छन् । मुख्यत उनले शान्ति फैलियोस् भन्ने चाहाना नै व्यक्त गरेका छन्-

जोशिला हात पाखुरामा सृजना शक्ति जागिरहून्<br>
टाकुरा छुने यात्रा छ हाम्रो, श्रम र सीप लागिरहून्

नेपाली धर्ती हाँसेको हेर्ने, यही छ चाहना
अब त शान्ति फैलियोस, यही छ हाम्रो कामना ।

("नेपालीको चाहाना" पृ. ५९)

आफ्नै छुट्टै कला र संस्कृति भएको हाम्रो देश विश्वका अन्य देश भन्दा विविधतामा सबैभन्दा माथि छ । यस्तो देशलाई जहाँ रहेपनि माया नमारौ भन्दै नेपाल रहेमात्र नेपालीको परिचय रहने भएका कारण यसको विकासमा लागौ भनेका छन् । नेपालको झण्डालाई उचालेर यही माटोमा पसिनाका धारा बगाई देशको उन्नती र प्रगतिमा लाग्न आग्रह गरेका छन् । नेपालीका हरेक धड्कनमा सोरठी र झ्याउरे भाका कहिल्यै नहराओस् अनि हिमाली कञ्चन पानीले प्यास मेटाएर यही बाँचौ अनि यही मरौं भन्दै उनी आफ्नो भाव यसरी पोख्छन् -

नेपाल रहे रहन्छौ, विश्वमा हामी नेपाली
हिमाल पनि हाँस्दछ नेपालकै झण्डा उचाली
पवित्र माटो नेपालको, निधारमा टीका लगाई
उन्नति गरेर स्वदेशको, पसिना धारा बगाई ।

("चिनारी नेपालको" पृ. ६०)

यसैगरी जसरी विभिन्न पत्रहरू मिलेर एउटा सिङ्गो फूलको थुङ्गो बनेको हुन्छ त्यसरी नै सम्पूर्ण नेपाली मिलेमा मात्र नेपाल सुन्दर बन्छ भन्दै मेचीकाली अनि हिमाल, पहाड र तराई भित्र बसोबास गर्ने सम्पूर्ण एक हौ कोही पराई छैनौ भन्ने भाव आफ्ना गीत मार्फत पोखेका छन् । फरक धर्म संस्कृति अनि जिन्दगी जिउने शैली पनि फरक भएर एकता भित्र अनेकतामा मिलेर बसी सारा विश्वलाई एकताको उदाहरण बन्न सक्नुपर्छ भन्ने भाव उनले यसरी पोखेका छन् -

मेची-काली हाम्रो घर, हिमाल, पहाड, तराई
नेपाली हौँ सबै आफ्ना, कोही छैनौँ पराई
एक औँलाले केही हुन्न, पाँच औलाको मुठ्ठी
मुठ्ठी भित्रै देख्छन् सबले, एकताको बुटी ।

("हातेमालो" पृ. ६१)

विश्वमा शान्तिको सन्देश फैलाउने बुद्ध अनि भृकुटीको देश हाम्रो देश नेपाल ब्रह्माण्डमा चन्द्र, सूर्य रहेसम्म रहिरहोस् भन्ने चाहाना गीतकारमा देखिन्छ । महापुरूषको तपोभूमि अनि वीरहरूको यो देश अनुपम प्राकृतिक सुन्दरताको खानी सगरमाथाको देशले हिजोको इतिहासलाई कसैले मेट्न नदिउँ भन्दै यही देशको उन्नति र प्रगतिका लागि जातजाति, भाषाभाषी अनि धर्ममा कित्ताकाट गरेर होइन सबै एकजुट भएर लागौ भन्दै उनी आफ्नो भाव यसरी पोख्छन्-

चन्द्र सूर्य ताराहरू रहेसम्म नेपाल रहोस्
स्वभिमानी भै विश्वमा गौरब बढाइ चम्किरहोस् ।
महापुरूषको तपोभूमि, वीरहरूको देश यो
अनुपम प्राकृतिक सुन्दरता नेपाली माटो विशेष यो
गहना हुन नदीनाला टोपी छ सगरमाथाको
सुनौलो इतिहास साक्षी छ गोर्खाली वीरगाथाको

("नेपाल रहिरहोस्" पृ. ६२)

नेपाललाई उन्नतिको मार्गमा अघि बढाउने काम नेपालीकै हो, अरू कसैले आएर यहाँ काम गरिदिदैन भन्दै नेपालको छातीमा खेलेर हुर्किएका हामी नेपालीहरूले यस भूमिमा पराईको आँखा पर्न दिनु हुदैन । विश्वको जुनसुकै कुनामा बसेपनि हामी नेपालीले आफ्नो भाषा र बाँसुरीको धुन हाम्रो पहिचान हो यसलाई कदापी मर्न दिनु हुदैन भन्दै नेपालीकै स्वाभिमानले देशको शिर सदा उच्च रहन्छ भने नेपालीकै सङ्कल्पले देश मनोहर बन्छ भन्दै गीतकार आफ्नो भाव यसरी पोख्छन् -

नेपालीको परिश्रमले हाँस्छ नेपालको मुहार
नेपालीकै सङ्कल्पले, बन्छ नेपाल मनोहर ।
मेची-काली हामी खेल्ने हाम्रै घर आँगन
पराइको गिद्धेनजर पर्न दिनु हुन्न
हामीलाई जन्म दिने हाम्री नेपाल आमा
आँखाबाट यिनको आँसु झर्न दिनु हुन्न ।

("नेपाल मनोहर" पृ. ६३)

मानिस भएर बाँच्नका लागि आफ्नो भाषा र भेष मात्र भएर हुँदैन देश पनि चाहिन्छ भन्ने गीतकार स्वतन्त्रता भएमात्र शान्ति पाइन्छ भन्छन् । गाउँ बस्ती र झुपडीमा खुसी छाउनुपर्छ अनि समाजमा भएका भेदभाव र कुरीतिलाई मेटाएर सबैलाई समानताको व्यवहार गर्न सकेमात्र देश वास्तवमा सम्पूर्ण जनताको हुन्छ भन्दै सबैमा देश निर्माणका लागि चेतना पनि छाउँछ भन्ने भाव यसरी व्यक्त गर्छन् :

भाषा चाहिन्छ, आफ्नो भेष चाहिन्छ
शिर उठाई बाँच्न आफ्नो देश चाहिन्छ
गाउँ बस्ती झुपडीमा खुसी फुल्नुपर्छ
भेदभाव कुरीतिलाई मेटाउनुपर्छ
न्याय निम्ति समानताको गीत चाहिन्छ
शिर उठाई बाँच्न आफ्नो देश चाहिन्छ ।

("देश चाहिन्छ" पृ.६४)

देश विकाशमा लाग्न सम्पूर्ण नेपालीलाई एकजुट भएर लाग्न आग्रह गर्ने गीतकार आ-आफ्नो स्वार्थ भूलेर सबैसँग मित्रताको हात बढाउदै अघि बढ्नुपर्छ भन्छन् । अर्काको बाटो हेरेर कहिलेसम्म बस्ने भन्ने प्रश्न गर्दै गीतकार म भन्नु नै मेरो देश हो भन्ने मूल मन्त्रलाई बोकेर स्वाभिमानी छातिभरि साहस बोकेर देश विकासमा लाग्न यसरी आह्वान गर्छन् -

पौखरी हात खोलेर
निहित स्वार्थ भुलेर
सबैसित मित्रताको हात मिलाउँदै
विश्वसामु नेपालको नाम चिनाउन
उठ नेपाली जुट नेपाली

("उठ नेपाली" पृ. ६५)

आफ्नो देशको विकासमा अरूको मुख नताकेर आफ्नै स्रोत साधनले भ्याएसम्म सम्पूर्ण नेपालीले कर्तव्य पूरागर्ने हो भने मात्र जन्मिएको माटोको आशिर्वाद लाग्छ भन्दै गीतकार भाषा र संस्कृतिको जर्गेना गर्न आह्वान गर्छन् । विश्वलाई शान्तिको पाठ पढाउने बुद्धको जन्मथलोमा जन्मिएका हामी एकापसमा लडेर होइन मिलेर अगाडि बढ्नुपर्छ

अनिमात्र महापुरूष र वीर पूर्खाहरूले दिएको त्यागको सच्चा कदर हुन्छ भन्ने भाव गीतमार्फत पोखेका छन् । आफ्नो पहिचान भनेको भाषा, संस्कृति र धर्म नै हुन् भन्दै शिर ठाडो पारेर बाँच्नलाई देश चाहिन्छ भन्ने गीतकार गदाल आफ्नो स्वार्थ भूलेर देश विकासमा लाग्न सम्पूर्ण नेपालीलाई आह्वान गर्छन् ।

### ३. प्रणयेतर/रागेतर वस्तु/भाव

गदालको यस गीतसङ्ग्रह भित्रका गीतहरूमा प्रणयेतर विषयवस्तुका रूपमा जीवनचिन्तन, मानवता, प्रकृति, मातृप्रेम, घटना प्रधान र व्यङ्ग्यात्मक विषयहरू रहेका छन् । जीवनचिन्तन नै मुख्य रूपमा रहेको यसमा जीवन जिउने क्रममा आरोह, अवरोह, सफलता, असफलता, जीवन भोगाइका अनुभूति नै मुख्य रूपमा आएका छन् । जीवनलाई व्यथित गर्ने क्रममा आफूले पाएका अनुभवहरू नै गदालले व्यक्त गरेका छन् । यसका साथै उनका गीतमा पाइने अर्को भाव भनेको मानवता हो, मानव भएर जन्मिएपछि मानव सेवामा लाग्नुपर्छ भन्ने गदालको भाव रहेको छ । यसैगरी उनले प्रकृतिको सुन्दर चित्रण गरेका छन् भने कतै प्रकृतिलाई बिम्बका रूपमा प्रयोग गरी मानव जीवनको व्याख्या पनि गरेका छन् । मातृप्रेम सम्बन्धी उनका गीतमा आमाले दिने मायाको वर्णन गरिएको छ । संसारमा निश्वार्थ प्रेम आमाले मात्र दिन्छिन् भन्दै आमाको ममतालाई अन्य केहीसँग तुलना गर्न सकिदैन भन्ने भाव रहेको छ । यसैगरी प्रणयेतर अर्न्तगत अर्को भाव घटना वर्णन रहेको छ यसमा गीतकारले प्रत्यक्ष रूपमा नेपालमा घटेको दरबार हत्याकाण्डको वर्णन गरेका छन् । यस घटनाले सम्पूर्ण नेपाली मात्र नभएर नेपाली भूगोल पनि रोएको भाव व्यक्त गरेका छन् । यस्तै व्यङ्ग्य भाव पनि उनले आफ्ना गीतमार्फत व्यक्त गरेका छन् । नेपालको राजनीतिक नेतृत्वसँग रूष्ट बनेका गदाल आफ्नो लागि मात्र होइन देशका लागि पनि सोच्न नेताहरूलाई आग्रह गर्छन् । सहमतिको रटान छाडी एक भएर देश र जनताको हितमा सोच्नपनि सुझाएका छन् । यसरी प्रणयेतर विषयवस्तुमा विविधता रहेको पाइन्छ ।

गदालका रचनामा जीवनगत अभिव्यक्ति सामान्य नभएर विशिष्ट रूपमा आएको छ । जीवनका हर पलहरूमा नहडबडाई पाइला चाल्न सके अवश्य सफल भइन्छ भन्दै एकवारको मानव चोला हाँसेर सबैसँग मित्रता कायम गरेर बिताउन सुझाएका छन् । जीवन

संघर्ष हो भन्दै हर दुःख सुखको सामना गरी अगाडि बढ्न सके अवश्य लक्ष्यमा पुग्न सकिन्छ भन्दै जीवनको वास्तविकता संघर्षमा बुझ्न सकिन्छ भनेका छन् ।

यसैगरी गदालका गीतमा प्रणयेतर भाव अन्तर्गत मानवता पनि रहेको छ । उनले मानवहीतमा लाग्न सुझाउदै अर्काको असल साथी बन्न सके मात्र अरुपनि आफ्ना साथी हुन्छन् भन्ने भाव व्यक्त गरेका छन् ।

प्रणयेतर अर्न्तगत गदालका गीतमा पाइने अर्को भाव प्रकृति चित्रण पनि रहेको छ । कुनै स्थानको प्राकृतिक परिवेशको खुलेर वर्णन गरेका छन् भने कतै माया प्रेमको भाव व्यक्त गर्ने क्रममा प्रकृतिलाई बिम्बात्मक रूपमा पनि प्रयोग गरेका छन् ।

प्रणयेतर अर्न्तगतको अर्को भाव मातृप्रेम पनि रहेको छ । आमाको मायालाई अन्य केहीसँग पनि तुलना गर्न सकिदैन भन्दै निस्वार्थ प्रेम आमाले मात्र दिन्छिन् भन्दै सम्पूर्ण परिवारमा बराबर प्रेमको प्रसार गराउदै आफू रोएर पनि अरूलाई हसाउन गुण भएको आमाको आर्शिवाद पाएर नै सन्तान अगाडि बढ्न सक्छ भन्ने भाव व्यक्त गरिएको छ ।

गदालका गीतमा व्यक्त भएको अर्को भाव घटनाको वर्णन हो । नेपालको इतिहासमा घटेको दरबार हत्याकाण्डको दिनलाई कालो दिनका रूपमा लिदै सम्पूर्ण लोकबेँसी, हिमाल, पहाड, तराई अनि मेची काली र समग्र नेपाली जनतामा छाएको शोकको अवस्थाको वर्णन गरेका छन् । शान्ति एकता र भरोसाका खानी रहेका राजारानीको सम्पूर्ण वंश नै नष्ट भएका कारण नेपालीको आस्था र विश्वास नै गुम्न पुगेको भन्दै नेपालीको वीरगाथा रोएको भाव व्यक्त गरिएको छ ।

यसैगरी गदालका गीतमा अभिव्यक्त भएको प्रणयेतर भाव अर्न्तगतको अर्को विषय व्यङ्यात्मकता पनि हो । नेपाली राजनीति र नेताको चालाबाट वाक्क भएका गीतकार नेपाल र नेपालीको बारेमा सोच्न आग्रह गर्दै खाली आफ्नो दुनो सोझ्याउन मात्र नलाग्न आग्रह गर्छन् । देशको ढुकुटीमा हालिमुहाली गरेर समाज सेवा र राष्ट्र सेवाका नाममा जनताको जिन्दगीमा खेलवाड नगर्न आग्रह गर्छन् । कोही खालिखुट्टा हिड्नुपर्ने अनि कोही चाँहि पजेरोमा कुद्ने यो चलन कहिले सम्म रहन्छ भन्दै प्रश्न गर्छन् । सहमतिको रटान छाडेर देश विकासमा नलागे सगरमाथा र लुम्बिनीको अस्तित्व नै चुनौतिमा पुगिसकेको भाव व्यक्त गरेका छन् । यसै विविध शीर्षक भित्र रहेको अर्को भाव व्यक्तित्व वर्णन पनि

हो । यसमा गदालले नेपाली भाषा साहित्यमा योगदान दिन सफल भानुभक्तको बारेमा उल्लेख गरेका छन् । रामायणको नेपाली अनुवाद गरी भाषागत रूपमा सारा नेपालीलाई एकताको सुत्रमा बाध्न सफल छन् भन्दै भानुभक्तलाई युगपुरूषका रूपमा चिनाएका छन् ।

यसरी गदालको यस गीतसङ्ग्रह भित्रका प्रणयेतर रागेतर वस्तु वा भाव अर्न्तगतका गीतहरूमा विविध विषयवस्तु समेटीएर आएका छन् ।

**१. जीवनचिन्तन**

जीवनका भोगाइ र अनुभवले तथा विविध चिन्तनले गर्दा मान्छे जीवनगत चिन्तन तथा मान्यतालाई अभिव्यक्त गर्न थाल्दछ । पूर्वीय र पाश्चात्य दुवै तर्फको परम्परालाई हेर्दा सदियौदेखि साहित्य दर्शनबाट र दर्शन साहित्यबाट प्रभावित हुँदै आएको पाइन्छ । ज्ञानेन्द्र गदालको यस **झरीपछिको आकाश** गीतसङ्ग्रह भित्रका गीतमा पनि जीवनदर्शन व्यक्त भएको पाइन्छ । उनका गीतमा जीवनलाई हेर्ने र विश्लेषण गर्ने दृष्टिकोण व्यापक रहेको देखिन्छ । सपनामा होइन बिपनामा रमाउन सक्नुपर्छ भन्दै जीवन संघर्ष हो यसलाई सामना गरेर अगाडि बढ्न सक्नुपर्छ भन्ने भाव उनका गीतमा पाइन्छ । एकवारको जिन्दगीमा नैतिकता गुमाएर देश र समाजलाई अहित हुने काम गर्नुहुन्न र मृत्यु शाश्वत सत्य भएकाले यसबाट आतिएर होइन बाचुञ्जेल शान्तिसँग बाच्नुपर्छ भन्ने जीवनचिन्तन सम्बन्धी मान्यता उनका गीतमा पाइन्छ । यस्तो जीवनचिन्तन अभिव्यक्त गर्ने उनका गीतको मूल भावलाई तल संक्षिप्त रूपमा प्रस्तु गरिन्छ :

| **शीर्षक** | **मूलभाव** |
|---|---|
| बेहोशी नहुनु | जीवनमा पलपल होस सम्हालेर अगाडि बढ्नुपर्छ । देखिएका सपनामा होइन विपनामा जिउने मानिस नै सफल हुन्छ भन्दै जवानीमा होस पुऱ्याउनुपर्छ भन्ने भाव व्यक्त । |
| भेटेँ बजारमा | असल मानिसको संगतले मात्र सफल हुन सकिन्छ भन्दै खराब संगतले जिन्दगी नै बेतुक हुन पुग्छ, हतारमा, सम्हालिएर अगाडि बढ्नुपर्छ भन्ने भाव व्यक्त । |
| घेरियो जिन्दगी | जिन्दगी एकबारको मात्र भएकाले नैतिकता गुम्ने कार्य गरेर तल पर्नु हुन्न भन्दै समयलाई चिनेर अगाडि बढ्ने भाव व्यक्त । |
| कामना | जिन्दगीमा सुख र दुःख आइरहने भएकाले यसलाई सहज रूपमा सहेर अगाडि |

| | |
|---|---|
| | बढ्नुपर्छ भन्ने भाव व्यक्त । |
| मित्रता | सबैसँग मिलेर बस्नुपर्छ, ईर्ष्या र घमण्डले होइन कृष्ण र सुदामाको जस्तो मित्रवत व्यवहार सबैमा गर्नुपर्छ भन्ने भाव व्यक्त । |
| ए मान्छे | जसरी पूर्णिमाको जूनमा दाग हुन्छ त्यस्तै हरेक मानिसको जीवनमा पनि एउटा न एउटा खोट अवश्य नै हुन्छ । आफूलाई सर्वज्ञानी ठानेर जे मन लाग्यो त्यही गर्नु हुँदैन भन्ने भाव व्यक्त । |
| धर्ती हाँस्छ | जिन्दगी खुलेर जिउनुपर्छ हरेक मानिसको जीवनमा सुख दुःख आइरहन्छ भन्ने भाव व्यक्त । |
| बुद्ध | जीवनमा सत्कर्म, सत्धर्म अनि अहिंसाको मार्ग रोजेमा सदा अगाडि बढ्न सकिन्छ भन्ने भाव व्यक्त । |
| निरन्तर यात्रा | अमूल्य जिन्दगीलाई सुन्दर रूपमा बिताउनु पर्छ । हिजोका नराम्रा कुरालाई बिर्सिएर भोलीको सुन्दर भविष्यको लागि सत्कर्म गर्नुपर्छ भन्ने भाव व्यक्त । |
| नयाँ वर्ष | बिगत बितेर गइसकेका कारण वर्तमानमा असल काम गर्न लाग्नुपर्छ किनकी भविष्य हाम्रो हातमा छ भन्ने भाव व्यक्त । |
| मायाको वृष्टि | वरदानको रूपमा पाएको मनुष्य जीवन हाँसेर बिताउनुपर्छ, सबैलाई माया प्रेम बाडेर बाँचौ भन्ने भाव व्यक्त । |
| स्वभाव | जिन्दगी अमूल्य भएकाले यसलाई त्यतिकै खेर फाल्नुहुन्न, कर्तव्य पथमा लम्किएर अगाडि बढ्नुपर्छ भन्दै यति मेरो र उति मेरो भन्दा भन्दै आखिरिमा केही नलिएर एक दिन मरिन्छ भन्ने भाव व्यक्त । |
| अर्ति | जिन्दगीमा हरेस मानेर होइन सानातिना दुःख कष्टलाई पन्छाएर सफल मानिस बन्नतिर लाग्नुपर्छ भन्दै कसैप्रति ईर्ष्या नगरी अगाडि बढ्नुपर्छ भन्ने भाव व्यक्त । |

यसरी गदालका यस सङ्ग्रहभित्रका गीतको मूलभावलाई हेर्दा जीवन संघर्ष हो र यसलाई सामना गर्दै आशावादी भएर अगाडि बढ्नुपर्छ भन्ने नै मूल रूपमा आएको देखिन्छ । सुख र दुःख जीवनको रीत हो र यसलाई सहन गर्नु नै पौरखीको जित हो भन्दै गीतकार यसरी व्यक्त गर्छन :

उक्लनु र ओर्लनु नै जिन्दगीको रीत भन्छन्
यसैलाई सहन गर्नु, पौरखीको जित भन्छन् ।

("कामना" पृ. १४)

कहिले माथि त कहिले तल (सुख, दुःख) जीवनमा आइरहने भएकाले नआत्तिकन धैर्यताका साथ यसलाई सहन गरेर अगाडि बढ्नु नै सफल जीवनयापन हो भन्दै उनी सम्पूर्णमा यही आग्रह गर्छन् । जन्म पछि मृत्यु अवश्यमभावी छ भन्दै बाचुञ्जेल शान्तिसँग बाँच्न अहिंसाको बाटो रोज्न उनी आग्रह गर्छन् ।

मृत्यु आखिर मानिसको अन्तिम सत्य हो
जीवन हुँदा शान्तिसँग बाँच्ने लक्ष्य हो
अहिंसाको बाटो रोज युद्ध जितिन्छ
आफ्नै मनभित्र खोज बुद्ध भेटिन्छ ।

.("बुद्ध" पृ.२०)

यसरी जन्मपछि मृत्यु सम्पूर्ण प्राणी जगतको अन्तिम सत्य भएकाले बाचुञ्जेल शान्तिसँग सबैसँग मिलेर बाँच र यसका लागि अहिंसाको बाटो रोज भन्ने आग्रह गीतकार गदाल व्यक्त गर्छन् । यो अमूल्य जीवनलाई सुखमय बनाउन र प्रितिको सन्देश सबैमा सुनाउन सदा सत्कर्ममा लागौ भन्दै गीतकार यसरी व्यक्त गर्छन् :

अमूल्य जिन्दगीलाई हराभरा बनाउन
अनुपम सुखका गीत दिल खोलेर गाउन
यो बुद्धिविवेक हाम्रो सत्मार्गमा लागिपरोस्
भोलि आउने नयाँ नौलो, दिनले उत्साह भरोस् ।

("निरन्तर यात्रा" पृ. ४४)

यसरी अमूल्य जिन्दगीलाई अझ सुन्दर बनाएर सुख प्राप्त गर्न हाम्रो बुद्धि विवेकलाई सत्मार्गमा लगाउदै भोलिका दिनमा प्रगति गर्न सकिन्छ भन्ने भाव गीतकारको रहेको छ । जिन्दगीलाई अगाडि बढाउन निराश र हतास नबनि साना-तिना ठक्करबाट हरेस नखाई अघि बढ्नुपर्छ भन्दै उनी आफ्नो भाव यसरी व्यक्त गर्छन् :

जिन्दगीको रथ हाँक्न हिम्मत लिन सक्नुपर्छ
सानातिना ठक्करबाट हरेस खाई गल्नु हुन्न ।
(“अर्ति” पृ. ५६)

साँच्चै जीवनमा आउने उतारचढावबाट कति पनि पछि नहटी निरन्तर अगाडि बढ्न सके सफल जीवनयापन गर्न सकिन्छ । यसका लागि हिम्मत लिएर अघि बढ्नुपर्छ ।

यसरी गदालका प्रस्तुत सङ्ग्रहभित्रका जीवनचिन्तनगत गीतहरूलाई हेर्दा सार्थक जीवनयापनको लागि सदा प्रयास गर्नुपर्छ भन्ने मान्यता रहेको देखिन्छ । जन्मपछि मृत्यु अकाट्य सत्य भएकाले बाँचुञ्जेल सार्थक जीवन जिउनुपर्छ भन्ने भाव नै प्रमुख रूपमा देखिन्छ । सुख र दुःख जीवनका दुई पाटा भएकाले यसबाट आत्तिएर होइन त्यसलाई सामना गरेर लक्ष्यसम्म पुग्नुपर्छ भन्ने जीवनवादी धारणा व्यक्त गरेको पाइन्छ । जीवन र संघर्षलाई पर्यायका रूपमा लिएर संघर्षशील जीवन जिउनु नै मानिसको पहिचान हो भन्ने भाव पाइन्छ । अहिंसाको मार्ग रोजेर हाम्रो सम्पूर्ण जीवन सत्मार्गमा लाउनसके सार्थक बन्छ भन्ने मान्यता उनका गीतमा भेटिन्छ ।

## २. मानवता

ज्ञानेन्द्र गदालका यस सङ्ग्रह भित्रका गीतहरूलाई हेर्दा उनी मानवतावादी गीतकार हुन् । मानवताका पक्षमा उनले आफ्ना गीतमार्फत अभिव्यक्ति दिएका छन् । उनका गीतमा मानवता सम्बन्धी भाव कतै प्रत्यक्ष रूपमा त कतै अप्रत्यक्ष रूपमा व्यक्त भएका छन् । अरूको दुःखमा साथ दिएर मुहारमा मुस्कान छर्न सक्नुपर्छ भन्ने गदालका आफ्ना गीतहरूमा एकता, स्वतन्त्रता, समानता र विश्व बन्धुत्वको भावलाई अभिव्यक्त गरेका छन् । धर्ती भिजाउन आकाश रोएजस्तै अरूको दुःख हटाउन आफू पनि लाग्नुपर्छ अनि कोमल मुटु भएमात्र दुनियाँ रिझाउन सकिन्छ भन्दै परोपकार नै मानवताको सही मर्म हो भन्ने भाव आफ्ना गीतमा यसरी व्यक्त गरेका छन् :

आकाश पनि रूनुपर्छ, धर्ती भिजाउन
कोमल मुटु हुनुपर्छ दुनियाँ रिझाउन
भन्छन् हजुर परोपकार नै साँचो धर्म हो
परोपकार नै मानवताको सही मर्म हो । (“बैगुनीलाई” पृ.४)

परोपकार गरी मानवको सेवा गर्न आग्रह गर्ने गीतकार एकदिन अवस्य मरेर जाने यो मानिसको चोला बाचुञ्जेल सबैसँग हाँसी खेली मिलेर शान्तिसँग बाचौं भन्छन् । आफ्नै मनमा बुद्धको वास गराएर शान्तिको सन्देश दिएर अहिंसा हटाउन लाग भन्ने भाव यसरी व्यक्त गर्छन् :

मृत्यु आखिर मानिसको अन्तिम सत्य हो
जीवन छँदा शान्तिसँग बाँच्ने लक्ष्य हो
अहिंसाको मार्ग रोज युद्ध जितिन्छ
आफ्नै मनभित्र खोज बुद्ध भेटिन्छ

("बुद्ध" पृ.२०)

यसरी अहिंसाको मार्ग रोजेर शान्ति फैलाई सम्पूर्ण जगतमा मानवताको सन्देस दिन सक्नुपर्छ भन्दै मानवता नै महान् कार्य हो भन्ने कुरा व्यक्त गरेका छन् । समग्र मानिसलाई जात, भाषा, भूगोलका आधारमा विभाजन भएर होइन मानवताका आधारमा मिलेर अगाडि बढ्न आग्रह गरेका छन् । वर्तमान समयमा विश्वमा छाएको सङ्कट मानवतालाई भूलेर नै आएको हो भन्दै मानवको हितमा लागे सम्पूर्ण विश्वमा शान्ति छाउँछ भन्ने भाव गीतकारले व्यक्त गरेका छन् ।

यसप्रकार मानवतालाई धर्म मानेर सबैले अङ्गीकार गर्नुपर्छ अनि मात्र मावनको हित हुन्छ भन्दै गीतकारले परोपकारमा लाग्न आह्वान गरेका छन् । मेरो होइन हाम्रो भन्ने भावना सबैमा रहेमात्र त्यसले समानताको सन्देश दिन्छ भन्दै विश्वमा भइरहेको मानवताको क्षयिकरणप्रति दुःख व्यक्त गरेका छन् । हराउँदै गएको मानवतालाई पुनः ब्युझाउन गदालका गीतहरू सफल छन् ।

### ३. प्रकृति

सर्जकले आफ्ना रचनामा प्रकृतिको विविध रूपले प्रयोग गरेको हुन्छ । आफ्ना अनुभूति र भावनालाई पोख्न प्रकृतिका अनेक रूपसँग तुलना गर्दै व्यक्त गरेको हुन्छ कतै प्रकृतिको सुन्दरताको वर्णन पनि आफ्ना रचनामा गर्न पुग्दछ । मनका भावनाहरू पोख्ने क्रममा कतै प्रकृतिको सौम्य वातावरणसँग तुलना गर्छ भने कतै रौद्र रूपसँग तुलना गरेको हुन्छ । यस्तै गीतकार ज्ञानेन्द्र गदालले पनि उनको यस गीतसङ्ग्रह भित्रका गीतहरूमा

आफ्ना भावना पोख्न प्रकृतिको साहारा लिएको देखिन्छ । कुनै गीतमा खुलस्त रूपमा कुनै प्राकृतिक वातावरणको पनि वर्णन गरेको पाइन्छ । यसरी रचना गरिएका गीतमा स्वच्छन्दतावादी भावधारालाई आत्मसात गर्न पुगेको देखिन्छ । कतै मायाका भावहरूलाई व्यक्त गर्ने क्रममा त कतै संघर्षपूर्ण मानवजीवनको चित्रण गर्ने क्रममा प्रकृतिको प्रयोग गरिएको पाइन्छ । प्रकृतिका विभिन्न सन्दर्भ मध्ये घाम, जुन, धर्ती, आकाश, पहाड, डाँडा, मेची काली, हिमाल, पहाड, तराई आदि उनका गीतमा परेका छन् । प्राकृतिक सुन्दरतालाई गीतमा समेटेका गदाल जिन्दगीमा केही गर्नुछ भने आफै शुभारम्भ गर्नुपर्छ भन्दै आफ्नो भाव यसरी व्यक्त गर्दछन् :

घाम, जून, धर्ती आकाश आफै बन्नुपर्छ
आफ्नो लागि जिउने बाटो, आफै खन्नुपर्छ

("आफै बन्नुपर्छ" पृ.३)

यहाँ हरेक मानिसले आफ्नो जिन्दगी जिउने क्रममा आवश्यक पर्ने सम्पूर्ण साधन आफै निर्माण गर्नुपर्छ भन्ने भाव घाम, जून, धर्ती, आकाशका माध्यमबाट व्यक्त गरेका छन् । घामको जस्तो ताप, जूनको जस्तो शितलता, धर्तीको जस्तो सहनक्षमता र आकाश जस्तो विशालता हुनुपर्छ भन्ने भाव यस गीतमा प्रकृतिका विविध पक्षको प्रयोगबाट खुल्न आएको छ । यहाँ प्रकृतिका विविध पक्षलाई बिम्बका रूपमा लिएर आफ्नो भावना अभिव्यक्त गरेका छन् । यस्तै,

चियाबारी बुट्टा बुट्टा यौवनको फूल फूलेको
मीठो बोली मुस्कानमा, सिङ्गै बस्ती खुलेको
उभो हेऱ्यो कञ्चनजङ्घा हिमचुलीको मेल
घुम पहाड र कग्फोडामा मानिसको भेल ।

("दाजिलिङ्ग" पृ.३४)

यहाँ स्थान विशेष दाजिलिङ्गको प्राकृतिक छटाहरूको वर्णन गरिएको छ । चियावारीमा यौवनको फूल फुलेझैं सुन्दरताले भरिएको देखिएको छ भने माथि कञ्चनजङ्घा हिमाल सेतै हिउँ लिएर मिलेर बसिरहेको देखिन्छ । घुम पहाड र कग्फोडामा मानिसहरूको आवतजावत बढी रहेकाले मेला जस्तै देखिएको छ भन्दै गीतकारले त्यस ठाउँको व्याख्या गरेका छन् । यस्तै,

मेची काली हाम्रो घर हिमाल, पहाड, तराई
नेपाली हौ सबै आफ्ना कोही छैनौं पराई ।
(“हातेमालो” पृ.६१)

यहाँ नेपाली नेपालीको एकताको भावलाई वर्णन गर्ने क्रममा प्रकृतिलाई साधन बनाइएको छ । मेची काली र हिमाल पहाड तराई यहाँ प्रकृतिका रूपमा आएका छन् । यहि भौगोलिक बनावटभित्र सम्पूर्ण नेपाली मिलेर बसेका छन् भनी गीतकारले व्यक्त गरेका छन् ।

यसरी गदालको यस गीतसङ्ग्रह भित्रका गीतमा प्रकृतिको वर्णन गरिएको छ । कतै मानवजीवन सुखमय बनाउने क्रममा आएको छ भने कतै कुनै स्थान विशेषको प्रकृतिको वर्णन गरिएको छ । गदालले आफ्ना भावहरूलाई व्यक्त गर्न प्रकृतिको अंशलाई गीतमा प्रयोग गरेका छन् । प्रकृतिको सुन्दरतासँग मानव जीवनलाई दाँजेर ॠतुहरू परिवर्तन भएजस्तै जीवनमा पनि कहिले सुख कहिले दु:ख आइरहन्छन् भन्ने भाव व्यक्त गरेका छन् । हिमालको शितलता, पहाडको हावापानी अनि तराईको समथर भुभागको वर्णन उनले आफ्ना गीतमा गरेका छन् ।

### ४. विविध

प्रणयेतर/रागेतर वस्तु वा भाव अर्न्तगत यहाँ व्यक्तित्व वर्णन, मातृप्रेम, घटना प्रधान र व्यङ्ग्य भावका गीतहरूको विश्लेषण गरिन्छ । ज्ञानेन्द्र गदालको यस सङ्ग्रहभित्र रहेका यी भाव प्रधान गीतहरू कम रहेका छन् । कम भए तापनि तिनको भाव सशक्त रूपमा आएको पाइन्छ । यी शीर्षकलाई भिन्दा भिन्दै रूपमा राखेर विस्तृत रूपमा अध्ययन गरिन्छ :

### (१) घटना प्रधान

यस शीर्षक अर्न्तगत ज्ञानेन्द्र गदालको यस गीतसङ्ग्रह भित्र एउटा गीत रहेको छ । नेपालको इतिहासमा घटेको दरबार हत्याकाण्डको बारेमा रहेको यसमा राजारानीको निधनले सम्पूर्ण देशवासीमा परेको शोक र पीडाको व्याख्या गरिएको छ । २०५८ साल जेष्ठ उन्नाइस गते राती घटेको यस घटनाले धर्ती आकाश अनि सम्पूर्ण नेपाली जनता शोकमग्न

हुन पुगेका भन्दै शान्तिप्रेमी नेपालीको अस्तित्व नै खतरामा पुगेको र नीलो आकाशमा कालो बादल मडारिन पुगेको भाव यसरी व्यक्त गरेका छन् :

धर्ती रोयो आकाश रोयो, डाँडा पाखा पहरा नै रोयो
प्यारा राजा रानी गुम्दा नदीनाला छहरा नै रोयो ।
मस्त निद्रा छिचोलेर जेष्ठ उन्नाइस गते राति
अनायासै बज्र पऱ्यो नेपालीको छातीमाथि
नीलो नीलो आकाशमा, कालो बादल मडारियो
शान्तिप्रेमी नेपालीको अस्तित्व नै बढारियो ।

("तिम्रो सम्झना" पृ. ८)

नेपाली जनताका एकता र भरोसाका खानी अनि सम्पूर्ण नेपालीका प्यारा राजारानी एकै चिहान भएकाले कारूणिक दृश्य देखियो भन्दै जेष्ठ उन्नाईस इतिहासमा कालो अक्षरले लेखियो भन्ने भाव यसरी व्यक्त गरेका छन् :

शान्ति थियो, एकता र भरोसाका खानी थिए
जनताका सबै भन्दा, प्यारा राजा रानी थिए
सारा सन्तान एउटै चिहान यो कस्तो दृश्य देखियो
इतिहासमै जेष्ठ उन्नाइस, कालो अक्षरले लेखियो ।

("तिम्रो सम्झना" पृ. ८)

यसरी गदालले घटना वर्णन गर्ने क्रममा जेष्ठ उन्नाइस गतेको दरबारमा भएको कारूणिक हत्याकाण्डलाई व्याख्या गरेका छन् । सत्य घटनालाई आधार मानेर लेखिएको यस गीतले सम्पूर्ण नेपाली जनतामा यस घटनालाई स्मरण गराएको छ ।

**२. मातृप्रेम**

गदालको यस सङ्ग्रहभित्र रहेको दुईवटा गीतमा मातृप्रेमको वर्णन गरिएको छ । आमाको ममताको वर्णन गरेका गदालले निस्वार्थ प्रेम आमाले मात्र दिन्छिन् भन्दै जिउनलाई साहस दिने र आफू रोएपनि सबैलाई हसाउने अनि बाँच्ने आधार आमाको माया नै हो भनी यसरी व्यक्त गरेका छन् :

जिउनलाई साहस दिन्छिन्, आफू रूँदै जिए पनि
सबैलाई हँसाउछिन्, आफू आँसु पिए पनि
निःस्वार्थ उनको भक्ति, हामी रम्ने संसार हो
वात्सल्य प्रेम आमाको बाँच्ने ठूलो आधार हो ।

("आमा" पृ.४७)

आमाको मायाभित्र संसार नै अटाउन सक्छ भनि आमाको त्यो मायालु अमृत भरिएको बोलीले दुःख मेटाउन सक्छ भन्दै आमाको आत्मिय स्पर्शले सम्पूर्ण दुःख कष्ट दुर भएर जान्छ भन्दै उनी यसरी व्यक्त गर्छन् ।

तिम्रो मायाको झोलीभित्र संसार अटाउन सक्छ
अमृतभरि त्यो बोलीले दुःख मेटाउन सक्छ ।

("आमा २" पृ. ४८)

आमाको मुहारको हाँसोभित्र सारा जगतको हाँसो लुकेको हुन्छ अनि उदास मनको पाखामा खुसीको फूल फूल्छ भन्दै आमा लामो समय बाँचेर सन्तानलाई ममताको सञ्जिवनी पिलाउन सकिरहु भन्ने भाव यसरी व्यक्त गरेका छन् :

तिमी हाँसे हामी सबको अनुहार हाँसोले खुल्दछ
उदास मनको पाखाभरि झपक्क फूल फुल्दछ
आमा तिमी बाँचिदेऊ सारा सन्तान जिउन सकून
तिम्रो न्यानो ममताको सञ्जिवनी पिउन सकून् ।

("आमा २" पृ.४८)

यसरी सबैको मनमा हाँसो छर्ने आमाको जन्म नै धर्तीमा मानवको सेवा गर्न र अबोधहरूको अनुहारमा उज्यालो छर्न भएकाले युगयुग बाँचिदेउ भन्ने शुभकामना यसरी दिएका छन् :

तिम्रो जन्म यस धर्तीमा मानव जातिको सेवा गर्न
तिम्रो कर्म अबोधहरूको अनुहारमा उज्यालो छर्न
यसका लागि सहेकी छ्यौ दुःख सारा ती याममा
युग युग बाँचिदेऊ तिमीलाई शुभकामना ("आमा २" पृ.४८)

आमाको ममताको निस्वार्थपनको व्याख्या गरेका गदालले मातृआशिषले सबैमा सफलताको सिढी उक्लिएर अगाडि बढ्न हौसला मिलिरहोस् भन्दै युगयुग बाँचिदेउ भन्ने शुभकामना दिएका छन् ।

**३. व्यङ्ग्य भाव**

गदालको यस सङ्ग्रह भित्रका केही गीतमा व्यङ्ग्यात्मक अभिव्यक्ति रहेको छ । नेपाली राजनीति प्रति कटाक्ष प्रहार गरेका गीतकारले देशको अवस्थामा सुधार ल्याउन नेताहरूलाई आग्रह गरेका छन् । यस्तै चाला रहिरहे नेपाल नै नरहन सक्ने खतराप्रति अंकित गर्दै गीतकारले जिवित र मृत्यु भइसकेका पात्रहरूलाई व्यङ्ग्य गरेका छन् । आफूभन्दा ठूलो कोही छैन भन्दै छिमेकीको इसारामा आफ्नो घर बिगार्न भिनो स्वार्थमा लिप्त भएका पात्रलाई यसरी व्यङ्ग्य गरेका छन् :

कोही छैनन् मलाई छुने, ठानी देश लुटाइरहे
इसारामा छिमेकीको, आफ्नो घर दुखाइरहे ।
राष्ट्रको गरिमा बिर्से, भिनो स्वार्थमा लिप्त भै
लागे परमधाम आज, देशलाई उँधो लगाई ।

(“सम्भनामा ऊ” पृ. ५२)

यसरी मृत्यु भइसकेका पात्रलाई उनले देशको प्रगति भन्दा अधोगति तर्फ लान उन्मुख भएका भनेका छन् । छिमेकीको इसारामा लागि राष्ट्रको गरिमा बिर्सिएर भिनो स्वार्थमा लिप्त भई देशलाई उँधो लगाई मृत्यु भएका पात्रको बारेमा उनको चरित्रको पर्दाफास गरेका छन् । सम्पूर्ण जनताले उसको मृत्युमा पनि शोक नमनाएको कारण देशलाई खोक्रो बनाउने मुख्य कारक उनी नै भएकाले हो भन्ने भाव यसरी व्यक्त गरेका छन् :

गिज्याउँदै छन् दुनियाँले उसको मृत्युमा पनि
रित्तियो देश खोक्रो भो, कारण उनै भए भनी

(“सम्भनामा ऊ” पृ. ५२)

यसरी दुनियाँको नजरमा खराब व्यक्ति बनेका पात्रहरूलाई व्यङ्ग्य गर्ने गीतकार सकेसम्म लिन मात्र चाहने र आफ्नो मात्र स्वार्थ पुरा गर्न खोज्नेलाई यसरी व्यङ्ग्य गर्छन् :

सकेसम्म लिने मात्रै दिने कुनै नामै छैन
आफ्नो भुँडी भरे पुग्यो अरूलाई ठामै छैन ।

("जुकाहरू" पृ. ५३)

आफ्नो मात्र स्वार्थ हेर्ने अनि आफूलाई पुग्यो भने सबैलाई पुगे सरह ठान्ने भन्दै कोही खालीगोडा हिड्ने अनि कोहीचाँही पजेरोमा सरर कुद्ने असमानताको विरोध गर्छन् । साथै साँझ बिहान छाक टार्न धौ धौ हुनेहरूलाई नै चुसेर भुडी भर्छन् जुकाहरू भन्ने भाव यसरी व्यक्त गर्छन् :

कोही हिड्ने खाली गोडा, पाइतालामा ठेला पार्दै
आफुहरू मस्तसँग पजेरोमा सवार गर्दै छन्
कसैलाई साँझ बिहान पुग्नेसम्म खाना छैन
यिनैलाई चुसीचुसी जुकाहरू भुँडी भर्दै छन्

("जुकाहरू" पृ. ५३)

यसरी नेपाली नेताहरूको चालालाई व्यङ्ग्य गर्ने गदाल व्यङ्ग्यात्मक रूपमा यथार्थ भावको प्रस्फूटन गर्न सफल छन् । वर्तमान समयको नेपाली समाजमा देखिएको दृश्यलाई गदालले आफ्ना गीतमा शब्दमार्फत राम्ररी उतारेका छन् । नेपाली नेताहरूको सहमतिको रटान लगाउँदा लगाउदै देशको अवस्था खराब भइसकेको छ भन्दै आफ्नो स्वार्थ छाडेर नेपाल जोगाउन, तर्फ लाग्न आग्रह गरेका छन् । आज भोलि भन्दा भन्दै मेचीकालीको अस्तित्त्वमा खतरा आउन लागि सक्यो भन्ने भाव यसरी व्यक्त गर्छन् :

कैले बन्ला सहमति, निहुँ मात्रै खोज्दा खोज्दै
मस्त भए नेताहरू, आफ्नै स्वार्थ रोज्दा रोज्दै
हिजो बित्यो आज बित्यो यसै गरी भोलि बित्ला
मेची काली डुब्न लाग्यो, अरूलाई पुज्दा पुज्दै

("नेताको चाल" पृ. ५८)

यसरी सहमति नगरेर दिन गुजारी रहने नेताहरूले कुर्सीलाई प्यारो मानेर देशको स्थिति नै बेहाल पार्नलागे भन्दै उनी यसरी व्यक्त गर्छन् :

यी नेताले बेहाल पारे नेपाल र नेपालीको
कुर्सीलाई प्यारो मानी, जिन्दगानी बाँच्दाबाँच्दै ।

("नेताको चाल" पृ. ५८)

गीतकार गदालले आफ्ना गीतमार्फत नेपाली नेताहरूको चालालाई व्यङ्ग्य गरेका छन् । उनी देशको र जनताको हीतमा आफ्नो स्वार्थलाई भुलेर सोच्न आग्रह गर्छन् । यस्तै चाला रहिरहने हो भने एक दिन नेपालको अस्तित्व नै नरहने पो होकी भन्ने चिन्ता पनि व्यक्त गरेका छन् ।

### ४. व्यक्तित्व वर्णन

प्रणयेतर भाव अर्न्तगत गदालको यस सङ्ग्रहभित्र व्यक्तित्व वर्णन पनि रहेको छ । उनले आफ्नो एउटा गीतमा यस भावलाई व्यक्त गर्दै नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यले नेपाली साहित्यका क्षेत्रमा पुऱ्याएको योगदानको वर्णन गरेका छन् । साहित्यको वर्तमान, भूत अनि भविष्यको बारेमा सोचेर आफ्नो विचार व्यक्त गर्न सफल भयौ भन्दै घाम बनेर साहित्यका क्षेत्रमा ज्योति फैलाउदै सम्पूर्ण जनमा विद्याको चेतना भरेर पुण्य कमाउने कार्य गर्न सफल भयौ भन्ने भाव व्यक्त गरेका छन् ।

आदि मध्य अनन्तकाल तकको सोचेर दृष्टि दियौ
दिनको घाम बनेर तेज रसिलो ज्योति फिजाइदियो
कर्मैका बलले बल्यौ झलझली उज्यालो ज्योति भयौ
विद्यादान दियौ समस्त जनमा, पुण्य कमाई लियौ ।

("आदिकवि भयौ तिमी" पृ. ५१)

नेपाली भाषाको विकास गरी भाषालाई मासिनबाट जोगाउन सफल भयौ भन्दै भाषा हराएमा देशै नरहन सक्छ त्यस कारण समय खेर नफाली नेपाली भाषाको भण्डार भरिलो बनाउन योगदान दिन सफल भएका आदिकविलाई भाषाको तपस्या साधकका रूपमा लिएका छन् ।

भाषा भासिन जान्छ भासहरूमा बोल्नेहरू मासिए
नुग्दो शिर उचालिँदैन कहिल्यै लेख्नेहरू नासिए
भण्डारै भरिलो बनाउन भनी खेरै नफाली पलक्
तङ्ग्रायौ तिमीले अजम्बरी ध्वनि 'भाषा' तपस्या गरी

("आदिकवि भयौ तिमी" पृ. ५१)

यसरी आफ्नो सम्पूर्ण ध्यान भाषाको उन्नति र विकासमा लगाएका उनले रामभक्ति धारामा कलम चलाउदै 'रामायण' लाई नेपालीमा लेखेर राम नै पृथ्वीलोकमा आएजस्तो भानपार्न सफल भयौ भन्दै एउटा अमर भाषिक कीर्तिको कथा रचना गरी समग्र संसारमा फैलाउन सफल भयौ भन्ने भाव व्यक्त गरेका छन् ।

आफ्नो ध्यान सधैं समष्टि रूपमै भाषै भज्यौ केवल
चार्बाकको अति भौतिकी त्याजिदियौ राम्भक्ति धारा बल
यस्तो भान भयो स्वयम् धरतीमा राम्को रथै ओर्लियो
ज्यूँदो भाषिक कीर्तिको युगकथा संसारमा फैलियो ।

("आदिकवि भयौ तिमी" पृ. ५१)

यसरी गदालले नेपाली भाषा साहित्यका क्षेत्रमा एक नक्षत्रका रूपमा रहेका भानुभक्तको योगदानलाई स्मरण गरेका छन् । आफ्ना गीतमार्फत उनले सोचेर दृष्टि दिएर नेपाली भाषाको उन्नयनमा लागि घाम जस्तै फैलाउन सक्यौ भन्दै भाषाको भण्डारलाई भरिलो बनाई सम्पूर्ण नेपालीलाई भाषिक एकताको सुत्रमा बाध्न सफल भएका भानुभक्तलाई सम्झिएका छन् । संस्कृतको रामायणलाई नेपालीमा उल्था गरेर सारा नेपालीलाई पढ्न सक्ने बनाएका कारण उनको योगदानलाई कहिल्यै भुल्न नसकिने भाव व्यक्त गरेका छन् ।

प्रणयेत्तर अर्न्तगतको यस विविध शीर्षक भित्र गदालका मातृप्रेम, घटना वर्णन व्यङ्ग्य भाव, लगायतका विषयलाई समावेश गर्दै उक्त भावप्रधान गीतहरूको व्याख्या विश्लेषण गरिएको छ । यसमा गदालले सरल भाषाशैलीको प्रयोग गरी आफ्ना भावनाहरूलाई सटीक रूपमा व्यक्त गरेका छन् । कल्पनाभन्दा सत्यता प्रधान यस्ता गीतहरू व्यक्त भावलाई सुन्दर रूपमा अभिव्यक्त गर्न सफल छन् ।

## ४. लेखकीय प्रेमदर्शन वा मान्यता

ज्ञानेन्द्र गदालले **झरीपछिको आकाश** गीतसङ्ग्रह भित्रका गीतहरूमा आफ्ना प्रेमसम्बन्धी मान्यता वा दर्शनलाई प्रकट गरेका छन् । यसरी उनले मायाप्रति प्रकट गरेको जुन मान्यता वा दृष्टि छ त्यो नै गदालको प्रेम दर्शन हो । गदालले मायाका विविध रूपहरूको वर्णन गर्ने क्रममा नै आफ्ना दर्शन वा मान्यतालाई प्रकट गरेका छन् । शारीरिक परिधिको सीमाभन्दा पर पुगेर जब मायाको स्वरूप देखापर्छ त्यति खेर भौतिक नभई आध्यात्मिक मायाले संसार जित्न सक्छ भन्दै मायाको अमरतालाई व्याख्या गरेका छन् । साँचो मायाले हरक्षण साथ दिन्छ मृत्यु पछि यस्तो माया अर्को लोकमा पनि भेट हुन्छ भन्दै संसारका कुनै पनि भौतिक धनसम्पत्तिमा मायालाई तुलना गर्न सकिदैन र जब दुई मुटु एक हुन्छ त्यसलाई कुनै बाधा अवरोधले छुटाउन पनि सक्दैन भन्ने भाव यसरी व्यक्त गर्दछन् :

साँचो छ यो मेरो माया झुठो नठान है
अमूल्य छ मेरो माया सस्तो नमान है
शीतपर्दा धूप चल्दा छल्ने वस्त्र मेरो माया
चोखो मुटु बचाउन चल्ने अस्त्र मेरो माया
आँधी हुरी छेक्न सक्छ, कमजोर नठान है
अमूल्य छ मेरो माया, सस्तो नमान है ।

("मेरो माया" पृ. ३२)

यसरी नै पवित्र प्रेमको अगाडि ईश्वरले पनि झुक्छ भन्दै प्रेममा कुनै पनि स्वार्थ हुनुहुँदैन दुई आत्मा बिचको मिलन भए त्यो अजम्बरी हुन्छ भन्दै मायालाई मनमा भेटिन्छ भन्ने दृष्टिकोण गीतकारको रहेको छ । पवित्र प्रेम देख्न र बुझ्न पनि पवित्र मन नै चाहिन्छ भन्ने भाव यसरी व्यक्त गर्छन् :

चाहिन्न केही प्रेमका लागि
केबल मन भए पुग्छ
पवित्र मनको अगाडि हेर
मान्छे ईश्वर सबै झुक्छ ।

("मायाको वृष्टि" पृ. ४६)

यसरी मायाको विशालतालाई प्रष्ट्याउने क्रममा गीतकारले धर्ती भासिए पनि र आकाश मासिए पनि चोखो माया अझ गाढा बन्नपुग्छ तर कहिल्यै हराएर जादैन भन्दै मनसँग मनको मिलनलाई यो लोकमा मात्र होइन अर्को लोकमा पनि छुटाउन सक्दैन भन्ने भाव यसरी व्यक्त गरेका छन् :

धर्ती भासिए पनि
आकाश मासिए पनि
फुल्छ बरू फक्रिएर
चोखो माया मर्दैन कहिल्यै

("अजम्बरी माया" पृ. ५०)

मनमा चाहाना भएपछि प्रेम कहिल्यै अधुरो हुँदैन । कुनै न कुनै बहानाले प्रेमलाई मिलन गराएरै छाड्छ भन्ने गीतकार सृष्टिको नियम रोकिए पनि चोखो माया कदापी मर्दैन भन्छन् । एउटा मनले अर्को मनलाई मनैदेखि चाहेको छ भने संसारको त के प्रकृतिको पनि केही लाग्दैन त्यसको मिलन अवस्य भएरै छाड्छ भन्दै उनी आफ्नो भाव यसरी व्यक्त गर्छन् :

चाहना मात्र रहेन भने अपूरो हुँदैन मन
बहाना मात्र भएन भने अधुरो हुँदैन प्रेम
नदी छेकिए पनि
हावा रोकिए पनि
निरन्तर यो बगिरहन्छ
चोखो माया मर्दैन कहिल्यै ।

("अजम्बरी माया" पृ. ५०)

यसरी समग्रमा गदालले मायाको अमर र शाश्वत रूपलाई अभिव्यक्त गर्दै दुई मनको मिलनले संसार जित्न सक्छ भन्ने भाव व्यक्त गरेका छन् । चोखो मायाका अगाडि ईश्वर पनि झुक्न बाध्य हुन्छ भन्दै मायामा सदैव मिलनको अवस्था मात्र आउँछ भन्न सकिदैन । कहिले वियोग पनि हुन्छ भन्दै संयोग र वियोगको दुई वटा पाटाहरू मायामा हुन्छन् प्रेमिले कतै संयोगका सुन्दर क्षण प्राप्त गर्दछ त कतै वियोगको क्षणहरू पनि भोग्न बाध्य हुन्छन् । संयोग र वियोगको चक्रमा माया सदा घुमिरहन्छ भन्ने मान्यता गदालका

गीतमा रहेको पाइन्छ । जे भएतापनि माया सदैव रहिरहन्छ यो सृष्टि रहुन्जेलसम्म रहिरहन्छ भन्ने लेखकीय प्रेम दर्शन हो ।

## ५. ज्ञानेन्द्र गदालका गीतमा काव्यमान्यता

गीतकारले आफ्ना गीतमा व्यक्त गरेको गीत सम्बन्धी मान्यतालाई नै काव्य मान्यता भनिन्छ । गदालले यस सङ्ग्रह भित्रका गीतहरूमा पनि गीत लेखनमा मान्यता अपनाएका छन् । सिर्जना सम्बन्धी मान्यताका रूपमा उनले स्वच्छन्दतावादी मान्यतालाई अपनाएको देखिन्छ । आफ्ना गीतहरूमा मनका भावना र त्यस सम्बन्धी दृष्टिकोण स्वच्छन्द रूपमा व्यक्त गरेका छन् । यसरी हेर्दा गदाल जर्बजस्ती लेखन भन्दा स्वतस्फूर्त लेखनलाई मन पराउने सर्जकका रूपमा देखिन्छन् । हृदयको भित्रि तहबाट निस्किएको भावले सजिएको गीतले मात्र जीवन्तता पाउँछ भन्ने गदाल कसैको जीवनको घटनासँग मेल खाने गीतहरू रचना गर्छन् । आफ्नो माया सम्बन्धी धारणालाई स्वतन्त्र रूपमा खुलस्त पारेर स्वच्छन्दतावादी भाव चेतनाका आधारमा गदाल यसरी व्यक्त गर्छन् :

चाहना मात्र रहेन भने अपूरो हुँदैन मन
बहाना मात्र भएन भने अधुरो हुँदैन प्रेम
नदी छेकिए पनि
हावा रोकिए पनि
निरन्तर यो बगिरहन्छ
चोखो माया मर्दैन कहिल्यै ।

("अजम्बरी माया" पृ. ५०)

यसरी माया मनको भाव हो जुन निरन्तर प्रवाह भइरहन्छ भन्ने गीतकार नदी छेकिए पनि अनि हावा रोकिए पनि यो रूक्दैन भन्दै मायाको आफ्नो भावनालाई स्वच्छन्द रूपमा अभिव्यक्त गर्छन् । प्रेमका बारेमा उनको दृष्टिकोण आफ्नै रहेको छ । आनन्द र प्रशन्नता अनि खुसीको बहार हो प्रेम भनेको भन्ने गदाल यो स्वार्थ बिहिन हुन्छ भन्ने भाव यसरी पोख्छन् :

माग्दैन ऊ कुनै कुरा, खोज्दछ दिन नै बरू
प्रेमीको आनन्द बाहेक, चाहदैन केही अरू,

प्रेम नै हो प्रसन्नता, खुसीको यो आशक्ति हो
रूप अन्तिम प्रेमको, अनन्य प्रणय भक्ति हो ।

("प्रेमको महिमा" पृ. ३६)

यसरी प्रेमलाई आफ्नै हिसाबले वर्णन गर्ने गीतकार प्रेमको वर्णनमा स्वच्छन्द रूपले आएका छन् । प्रकृतिको वर्णन पनि गीतकारले गीतमार्फत सुन्दर रूपमा गरेका छन् ।

चियाबारी बुट्टा बुट्टा यौवनको फूल फुलेको
मीठो बोली मुस्कानमा सिङ्गै बस्ती खुलेको
उभोहेऱ्यो कञ्चनजंघा हिमचुलीको मेल
घुम पहाड र कग्भोडामा, मानिसको भेल ।

("दार्जिलिङ् शहर" पृ. ३४)

यसरी स्थान विशेषको प्राकृतिक परिवेशलाई सुन्दर रूपमा वर्णन गरेका गीतकारले आफ्नो वर्णनमा स्वच्छन्दतावादी धारणालाई आधार बनाएका छन् । प्रेमको वर्णनमा होस् या मायालुको मायाको वर्णनमा अनि प्राकृतिक परिवेशको वर्णनमा गीतकारले स्वतन्त्र रूपमा आफ्नै शैलीको प्रयोग गरेका छन् । यसरी हेर्दा गीतकारको स्वच्छन्दतावादी काव्य मान्यता रहेको देखिन्छ ।

## ६. ज्ञानेन्द्र गदालका गीतमा आध्यत्मिकता

ज्ञानेन्द्र गदालको प्रस्तुत **झरीपछिको आकाश** गीतसङ्ग्रह भित्र विविध विषय वा चिन्तनहरू मध्येकै एक चिन्तनका रूपमा ईश्वरीय मान्यता वा आध्यत्मिकता पनि प्रस्तुत भएको पाइन्छ । गदालले आफ्ना गीतमा आध्यत्मिकता सम्बन्धी आफ्ना मान्यता प्रस्तुत गर्ने क्रममा ईश्वर प्रतिको आफ्नो मान्यतालाई प्रष्ट व्यक्त गरेका छन् । उनले ईश्वर सम्बन्धी स्पष्ट आध्यात्मिक मान्यतालाई व्यक्त गर्ने क्रममा कतै विद्याकी देवी सरस्वतीको बन्दना गरेका छन् भने कतै दुःखको समयमा ईश्वरले साथ दिन्छन् भन्छन् भने कतै स्वर्ग र नर्कको पनि व्याख्या गरेका छन् । यस विश्व ब्रह्माण्डमा ईश्वर छन् भन्ने भाव उनले गीत मार्फत व्यक्त गरेका छन् । गीतकारले विद्यादातृ सरस्वतीको बन्दनाबाट गीतको आरम्भ गर्दै सरस्वतीले सबैलाई सद्बुद्धि दिऊन भनेका छन् भने मानव सृष्टि सुन्दर होस् भन्ने चाहना राखेका छन् ।

दयाकी खानी हे महारानी
भरिदेऊ ज्ञानका घैलाहरू
पखालिदेऊ अन्तरमनको
विकृत भाव र मैलाहरू ।

("भाव बन्दना" पृ. १)

यसरी नै उनले सरस्वतीको बन्दनाले सम्पूर्ण मानवभित्र भक्ति, भाव र प्रेम जगाओस् भन्दै यो सम्पूर्ण जगतमा सुन्दरता छाओस् तिम्रो कृपाले भन्ने भाव व्यक्त गरेका छन् । सबैमा ज्ञानको ज्योति बलोस्, मनमा शान्ति र तनमा कान्ति मिलोस् भन्दै उनी यसरी व्यक्त गर्छन् ।

भक्ति भाव र प्रेम जगाओस्
हृदयभरि नै तिम्रो दयाले
सुन्दर होस यो मानव सृष्टि
माता सरस्वती तिम्रो कृपाले ।

("भाव बन्दना" पृ. १)

मानिसको दु:खका संघर्षका साथीका रूपमा ईश्वरलाई लिएका गदालले मनैदेखि तिनको भक्ति भावमा लाग्न आग्रह गरेका छन् । दुष्ट प्रवृत्ति भएका असुरहरूको नाश गरेर मानवको रक्षा गर्ने सबैलाई सत्यमार्गमा हिड्न सिकाउने तिमीलाई कोटी कोटी प्रणाम भन्दै उनी यसरी व्यक्त गर्छन :

सुकर्म गर्नेहरू सबैलाई, सत्य मार्गमा हिडँन सिकायौ
भावना भन्दा कर्तव्य ठूलो भन्ने सबमा ज्ञान दिलायौ ।
हरि नामको कीर्तन गर्न
हिंसाविरूद्ध उज्यालो छर्न
पृथ्वीतलमा आयौ श्याम
तिमीलाईकोटी कोटी प्रणाम

("कर्मयोगी" पृ. २)

यसरी सबैलाई अध्यात्मको बाटोमा हिड्न प्रेरित गर्ने गीतकार गदालले स्वर्ग र नर्कको पनि व्याख्या गरेका छन् । मरेपछि असल काम गरेमा स्वर्ग र खराब काम गरेमा नर्क पुगिन्छ भन्ने विश्वासलाई अवलम्बन गरेर होइन मृत्यु पश्चातको कुरा कसैलाई थाहा हुँदैन तर बाँचुन्जेल असल काम गर्नुपर्छ भन्ने भाव यसरी व्यक्त गरेका छन् :

स्वर्ग नर्क देखिदैन, आफै नमरी
आफै भाग्य लेखिदैन, कर्म नगरी

("आफै बन्नुपर्छ" पृ. ३)

यस प्रकार गदालले आफ्ना आध्यात्मिक भावयुक्त गीतमा मानवको आस्थाका प्रतीकका रूपमा रहेका ईश्वरलाई सम्झिएर समग्र मानव समाजमा शान्तिको चाहाना व्यक्त गरेका छन् । विद्याकी देवी सरस्वतीले सबैमा ज्ञानको लहर फैलाउन सफल होउन् भन्ने गदाल सम्पूर्ण मानव सृष्टि सुन्दर रहोस् भन्ने कामना गर्छन् । कर्म गरे मात्र फल पाइन्छ भन्दै स्वर्ग नर्क छ वा छैन त्यसलाई आधार मानेर होइन, समाज र मानव हीतका लागि असल कार्य गर्न सुझाउँछन् । उनका यस भावले ओतप्रोत गीतहरूले सुन्दर, शान्त र विशाल समाजको कामना गरेका छन् ।

## ६.३.४ पर्याधार

पर्याधारका दृष्टिले हेर्दा ज्ञानेन्द्र गदालको **झरीपछिको आकाश** गीतसङ्ग्रह भित्रका गीतहरू दुवै पर्याधारमा फैलिएका छन् । यसमा सामाजिक भन्दा वैयक्तिक पर्याधारमा रहेका गीतको संख्या बढी छ । वैयक्तिक पर्याधारका गीतमा व्यक्ति मनको अन्तर्मुखी अनुभूतिको प्रस्तुति भएका हुन्छ भने सामाजिक पर्याधार भएको गीतमा बहिर्मुखी अनुभूतिको अभिव्यक्ति हुन्छ ।

यसरी हेर्दा गदालको प्रस्तुत सङ्ग्रह भित्रका अधिक गीतहरूमा अर्न्तमुखी भावना पाइन्छ । विविध विषयवस्तु भएता पनि त्यसमा गदालले आफ्नो वैयक्तिक अनुभूतिलाई ज्यादा प्रस्फुटन गरेका छन् । सामाजिक पर्याधार भएका गीतहरूको सङ्ख्या थोरै छ र ती गीतहरू प्रायः राष्ट्रिय भावनालाई मुखरित गर्ने किसिमका छन् । यस पर्याधारमा गदालका गीतलाई सामाजिक र वैयक्तिक दुई भागमा राखेर हेरिन्छ ।

**१. सामाजिक**

सामाजिक पर्याधारका गदालका प्रस्तुत सङ्ग्रह भित्रका गीतहरूलाई हेर्दा राष्ट्रिय भावना भएका गीतहरू नै रहेका छन् । यस्ता गीतहरूमा राष्ट्र निर्माणमा एक जुट भएर लाग्न सम्पूर्ण नेपालीलाई आह्वान गरिएको छ । यस प्रकारको सामाजिक पर्याधार भएका गीतहरूको सूची यस प्रकार छ :

१. नेपालीको चाहना

२. चिनारी नेपालको

३. हातेमालो

४. नेपाल रहिरहोस्

५. नेपाल मनोहर

६. उठ नेपाली

यिनै माथि उल्लेख गरिएका गीतहरूका कथ्यगत आयाममा बाधिएर गदालका गीतहरूमा सामाजिक पर्याधार रहेको छ । यी गीतहरूमा कतै नेपालमा शान्तिको कामना गरिएको छ भने कतै मेचीदेखि कालीसम्मको हाम्रो भू भागलाई बचाएर राख्न सक्नुपर्छ भन्ने भाव पाइन्छ । नेपाली सामाजिक धार्मिक, साँस्कृतिक, भौगोलिक आदि परिवेशलाई नै आधार बनाएर सामाजिकता व्यक्त हुन आएका कारण उनका गीतमा सामाजिक पर्याधार रहेको देखिन्छ । उनका गीतमा रहेको सामाजिक पर्याधारलाई यसरी व्यक्त गरिएको देखिन्छ -

भृकुटी, बुद्ध जन्मेको पवित्र देश नेपालमा
अब त शान्ति फैलियोस् यही छ हाम्रो कामना ।

("नेपालीको चाहाना" पृ. ५९)

यहाँ समग्र नेपालीको शान्तिको चाहानालाई मुखरित गरिएका कारण सामाजिक पर्याधारमा बाँधिएर आएको छ । शान्तिका अग्रदूत गौतम बुद्ध र भृकुटी जन्मिएको हाम्रो देशमा अशान्तिको कालो बादल हटेर शान्ति छाओस् भन्ने जुन चाहाना छ त्यो सम्पूर्ण नेपालीकै चाहाना भएको हुनाले यसले सामाजिक पर्याधारलाई समेटेको छ । यसरी नै

मेची काली हाम्रो घर हिमाल पहाड तराई
नेपाली हौँ सबै आफ्ना कोही छैनौ पराई ।

एक औलाले केही हुन्न पाँच औलाको मुठ्ठी
मुठ्ठी भित्रै देख्छन् सबले एकताको बुटी ।

("हातेमालो" पृ. ६१)

यहाँ नेपालको भौगोलिक सिमाका रूपमा रहेका मेची र काली नदी बिचको सारा भूभाग हिमाल पहाड र तराई हाम्रो साझा घर हो भन्दै एउटै घरभित्रका हामी नेपाली सबै एकै हौ कोही पराई छैन त्यसैले नेपालको विकासमा सम्पूर्ण एक जुट भएर लाग्नुपर्छ जसरी पाँचै औला मिलेमा धेरै शक्ति आउँछ त्यस्तै सम्पूर्ण नेपाली मिलेमा एकताको शक्तिले सबैलाई पराजित गर्न सक्छौ भन्ने भाव व्यक्त भएको छ । जुन सामाजिक पर्याधारका रूपमा आएको छ । यसरी नै

महापुरूषको तपोभूमि, वीरहरूको देश यो
अनुपम प्राकृतिक सुन्दरता नेपाली माटो विशेष यो
गहना हुन् नदीनाला, टोपी छ सगरमाथाको
सुनौलो इतिहास साक्षी छ, गोर्खाली वीरगाथाको ।

("नेपाल रहिरहोस्" पृ. ६२)

ऋषिमुनिहरूले तपस्या गरेको यो देश अनि विश्वमा वीरता फैलाएका पुर्खाहरूको देश सुन्दर प्राकृतिक छटाहरूले भरिएको जस्ता कुराहरू यहाँ सामाजिक पर्याधारका रूपमा आएका छन् । विश्वकै उच्च सगरमाथा अनि बाह्रैमास पानी बहिरहने नदीनालाहरूले संसारमा चिनिएको भन्ने कुराहरू पनि सामाजिक पर्याधारकै रूपमा आएका कारण यसमा सामाजिक पर्याधार पाउन सकिन्छ । यसरी नै

म भन्नु मेरो देश हो यो मूल मन्त्र गाउँदै
संस्कृति र सभ्यतालाई माथि उठाउँदै
स्वाभिमानी छाती भरि साहस बोकेर
उठ नेपाली जुट नेपाली

("उठ नेपाली" पृ. ६५)

माथि उल्लेखित सम्पूर्ण कुराहरू समग्र नेपालीका भावना हुन् । आफ्नो देशलाई माथि उठाउन सम्पूर्ण नेपालीलाई एक जुट भएर लाग्न आग्रह गरिएका कारण यहाँ सामाजिक पर्याधार रहेको छ ।

## २. वैयक्तिक पर्याधार

वैयक्तिक पर्याधार भएका गीतमा सर्जकको आत्मकेन्द्रित अनुभूति रहेको हुन्छ । गदालका प्रस्तुत सङ्ग्रहभित्रका अधिकांश गीतहरूमा वैयक्तिक अनुभूति नै प्रकट भएको छ । यहाँ प्रस्तुत गरिएका सामाजिक पर्याधारका गीतहरू बाहेक अन्य सबैमा वैयक्तिक पर्याधार रहेको देखिन्छ । यस्ता वैयक्तिक पर्याधार भएका गीतहरूमा प्रणयका संयोगात्मक र वियोगात्मक दुवै अनुभूतिहरू प्रकट भएका छन् । यसरी प्रस्तुत भएको अनुभूतिहरू गदालका आत्मकेन्द्रीत अनुभूति हुन् । यसरी नै प्राकृतिक छटाको वर्णन गरिएका गीत हुन् वा जीवनचिन्तन र ईश्वरीय भक्ति भावका गीतहरू हुन् ती सबैमा गदालको आत्मकेन्द्रीत अनुभूति नै प्रकट भएको छ । यस कारण यी सम्पूर्ण गीतहरू वैयक्तिक पर्याधारका नै छन् । स्रष्टाले आफ्ना मनका भावनाहरू सिर्जनाका माध्यमबाट पोख्ने भएका कारण यी कुनै व्यक्तिगत र कुनै सामाजिक भएर व्यक्त भएका हुन्छन् । गदालका वैयक्तिक भाव भएका गीतहरू धेरै छन् र तिनले भिन्न भिन्न अनुभूतिहरू पनि बोकेका छन् । जसलाई तल उदाहरण सहित व्याख्या गरिन्छ :

दयाकी खानी हे महारानी
भरिदेऊ ज्ञानका घैलाहरू
पखालिदेऊ अन्तरमनको
विकृत भाव र मैलाहरू

("भाव बन्दना" पृ. १)

यहाँ दयाकीखानी अर्थात सरस्वतीलाई आफ्ना मनमा बास गरी सम्पूर्ण अज्ञानतालाई हटाएर ज्ञानको भण्डार भरिदेउ भन्दै आफ्ना मनका खराब कुराहरू हटाएर असल मानिस आफूलाई बनाइदेउ भन्ने भाव गीतकार स्वयंको भएका हुनाले वैयक्तिक पर्याधार रहेको छ ।

एक्लै बस्दा सारै नै खटपटी
रातमा पनि भैरहन्छ छटपटी

भोक निद्रा केही छैन, तिर्खा लाग्दैन
केही गर्ने जाँगर अनि, इच्छा जाग्दैन

("विरह" पृ. ७)

यहाँ गीतकारले एक्लो हुँदाको आफ्नो अवस्थालाई चित्रण गरेका छन् । एक्लो भएको अवस्थामा खटपटी हुने, रातमा निन्द्रा पनि नलाग्ने अनि भोक, तिर्खा, सम्पूर्ण हराएर केही गर्न समेत जाँगर नचलेको अवस्था उनको व्यक्तिमनको बेदना भएका कारण यहाँ वैयक्तिक पर्याधार रहन पुगेको छ ।

नानी हुँदा रोए पनि सानी हुँदा कराए नि
वयस्क भई इज्जत जाला भन्ठानेर डराए नि ।
पीरै पीरले घेरिरह्यो, सुख चैन कहिल्यै आएन
छटपटीमा जीवन बित्यो रहर पुरा हुनै पाएन ।

("घेरियो जिन्दगी" पृ. ११)

यहाँ सानो छदा रोइकराई गरेपनि वयस्क भएपछि त्यसो गर्न नमिल्ने भएकाले सम्पूर्ण जिन्दगी पिरै पिरले घेरिएर बितेको सुख चैन कहिल्यै नआएका कारण रहरहरू पुरा गर्न नपाएर त्यसै जोवन बितेको कुरा व्यक्तिमनका भावहरू भएकाले यहाँ वैयक्तिक पर्याधार रहेको छ । यस्तै

अमृत बचन बोलिभरि विषै विषको थैलो रैछ
अनुहारमा हाँसो तर भित्री मनमा मैलो रैछ
झलमल्ल घाम छँदै दिन पनि रात भयो
विश्वास गरे कसैलाई फेरि एउटा घात भयो ।

("फेरि एउटा घात" पृ. १६)

यहाँ बाहिर हेर्दा राम्रो र मिठो बचन बोल्ने तर भित्री मनमा षड्यन्त्रको जालो भएको प्रेयसीको साथ पाएपछि दिन छदै अँधेरी रात परेको र सम्पूर्ण जीवन नै अन्धकारमा परिणत भएको व्यक्ति मनको भाव अभिव्यक्त भएका कारण यहाँ वैयक्तिक पर्याधार रहेको छ । यस्तै

दिन बिते वर्ष बिते परदेशमै कति बसौ
सम्झनामा पिरोलिँदै आँखाबाट कति खसौँ ।
पसिनाको धारा बग्यो साट्न खोज्दा सुनसँगै
टोलाउन थाल्यो मन आकाशको जुनसँगै ।

("परदेशमा दशै" पृ. ३७)

यहाँ धन कमाउन परदेश गएर लामो समय बितिसकेको तर घर आउन नपाएका कारण सम्झनामा मात्र टोलाएर आँखाबाट आँसुका धारा बगाउँदै बस्नु परेको भाव व्यक्त गरिएको छ । यो व्यक्ति मनको भाव भएका कारण यहाँ वैयक्तिक पर्याधार रहेको छ । यस्तै :

जति भेट्न चाहे पनि सुख भेटिएन
जति मेट्न चाहे पनि दुःख मेटिएन
आज हो कि भोलि राजै चोला जिन्दगीको
आफ्नो भन्ने केही छैन, रहर गर्नु के को ?

("जून हेऱ्यो" पृ. ४३)

यहाँ दुःखले कहिल्यै नछाडेको जिन्दगीमा सुख भोग गर्न नपाई मरिने भइयो भन्ने भाव व्यक्त छ । यसरी व्यक्ति मनको भाव अभिव्यक्त भएका कारण यहाँ वैयक्तिक पर्याधार रहेको छ ।

यसरी गदालको यस **झरीपछिको आकाश** गीतसङ्ग्रह भित्रका गीतहरूलाई पर्याधारका आधारमा हेर्दा वैयक्तिक र सामाजिक दुवै पर्याधारका भेटिन्छन् । त्यसमा पनि सामाजिक पर्याधारका गीतहरू कम छन् भने वैयक्तिक पर्याधारका गीतहरूको संख्या अधिक रहेको छ ।

### ६.३.५ ढाँचा

कुनै कथ्य वा वस्तुलाई घुमाउँदै जोड्दै प्रारम्भमा सुरू भएको भावलाई नै अन्तिममा लगेर टुङ्ग्याइएमा ढाँचा हुन्छ । ज्ञानेन्द्र गदालको प्रस्तुत **झरीपछिको आकाश** गीतसङ्ग्रह भित्रका गीतहरू वृत्तात्मक ढाँचाका नै छन् । जस्तै :

रिसले होइन मायाले पो संसार जितिन्छ
आफ्नै मनभित्र खोज बुद्ध भेटिन्छ ।
सत्कर्मले हामीलाई बाटो देखाउँछ
सत्धर्मले हामीलाई जिउन सिकाउँछ
शान्ति छाउँछ जिन्दगीको दुःख मेटिन्छ
आफ्नै मनभित्र खोज बुद्ध भेटिन्छ ।

(“बुद्ध” पृ. २०)

यहाँ बुद्ध शब्दको पुनरावृत्तिले माथिको गीतलाई वृत्तात्मक बनाएको छ । यस्तै आफ्नै शब्द पनि दोहोरिएको छ । शान्त भएर आफूभित्रै खोजेमा बुद्ध भेटिन्छ भन्ने कुरा शुभारम्भ र अन्त्यमा दोहोरिएर आएका कारण यसले गीतलाई वृत्तात्मक ढाँचामा ढालेको छ ।

शीत पर्दा धूप चल्दा, छल्ने वस्त्र मेरो माया
चोखो मुटु बचाउन, चल्ने अस्त्र मेरो माया
आँधी हुरी छेक्न सक्छ, कमजोर नठान है
अमूल्य छ मेरो माया, सस्तो नमान है ।

(“मेरो माया” पृ. ३२)

यहाँ माया शब्दले गीतलाई वृत्तात्मक बनाएको छ । हरेक कुराहरूबाट बचाउन सक्छ मायाले भन्ने कुरालाई पुष्टि गर्ने क्रममा माया दोहोरिएर आएको हुनाले यसले गीतलाई वृत्तात्मक ढाँचा प्रदान गरेको छ । मायाको महिमागान गर्ने सन्दर्भमा शब्दको पुनरावृत्ति भएको छ ।

नेपालीकै परिश्रमले हाँस्छ नेपालको मुहार
नेपालीकै सङ्कल्पले बन्छ नेपाल मनोहर ।

(“नेपाल मनोहर” पृ. ६३)

यहाँ नेपाली र नेपाल शब्दको पुनरावृत्तिले गीतलाई वृत्तात्मक ढाँचा प्रदान गरेको छ । पहिलो र दोस्रो लाइनमा क्रमशः दुवै शब्दको प्रयोग भएका कारण यो गीत वृत्तात्मक ढाँचाको भएको छ ।

यसरी ज्ञानेन्द्र गदालको **झरीपछिको आकाश** गीतसङ्ग्रह भित्रका गीतको ढाँचा वृत्तात्मक रहेको छ । सुरूको भावलाई घुमाउदै अन्त्यमा पनि त्यही भाव नै आएको हुनाले सबै गीतहरू वृत्तात्मक ढाँचामा नै रहेका छन् ।

## ६.३.६ भाषाशैलीय विन्यास

अनुभूतिको प्रस्तुति गर्ने र आफ्नो विचार वा भावना स्रोता वा पाठकसमक्ष सम्प्रेषण गर्ने महत्त्वपूर्ण बाहक भाषा हो भने भाषाले अवलम्बन गरेको प्रस्तुतिको तरिका नै शैली हो । गीत उत्कृष्ट हुनमा भाषाशैलीले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । उपयुक्त वर्ण छनोट र बुनोटले लय प्रकट हुने हुँदा कोमल तथा तीब्र अनुभूतिलाई साङ्गीतिकता प्रदान गरी श्रुतिमधुरता ल्याउनका लागि गीतमा कोमलकान्त पदावलीको प्रयोग हुनुपर्दछ ।

ज्ञानेन्द्र गदालको यस **झरीपछिको आकाश** गीतसङ्ग्रह भित्रका गीतहरूको भाषाशैलीलाई हेर्दा उनका गीतमा सरल सहज भाषाको प्रयोग गरिएको पाइन्छ । स्वभाविक अलङ्कार लाक्षणिकता आदिको कलात्मक प्रयोग गर्दै उनले गीतको शैलीलाई आकर्षक बनाएका छन् । सरल सहज ढङ्गबाट गहन विषयलाई प्रस्तुत गर्नु गदालको विशेषता रहेको छ । उनका रचनामा भाषाको दुरूहता नभएर सबैले बुझ्न सक्ने सरल प्रस्तुति पाइन्छ । सरल शब्दको प्रयोग गर्दै सरल वाक्य गठनबाट गहन विचार प्रेषित गरिएका कारण यहाँ भावको उच्चतम समायोजन भएको पाउन सकिन्छ । जस्तैः

सुन्दर हुन्छ सपना तर, टुटिजाने खेल हो त्यो
होश पुऱ्याउनू जवानीमा खहरेको भेल हो त्यो
उमेर छँदा बैंस छँदा स्याल पनि घोर्ले हुन्छ रे
बत्ती देख्दा पुतलीझैँ नभ्याम्मिनु ज्यान गुन्छ रे ।

("बेहोशी नहुनु" पृ. ५)

यहाँ गीतकारले सपना सुन्दर हुन्छ तर विपनामा आफू जस्तो अवस्थामा रहेको हो त्यस्तै नै भइन्छ भन्दै यो त केवल टुटी जाने खेल मात्र हो र हरेक मानिसले उमेरमा होस पुऱ्याउनु पर्छ भन्ने उपदेशात्मक भनाई अभिव्यक्त गर्ने क्रममा प्रयोग गरिएको भाषा सरल छ । यस गीतले भन्न खोजेको भावलाई सबैले स्पष्ट रूपमा बुझ्न सक्ने किसिमको छ । यस्तै :

मान्छे नै हो धर्ती नभमा, विध्वंशको बारूद खसाल्ने
मान्छे नै हो ब्रहमाण्डको, ग्रह ग्रहमा बस्ती बसाल्ने
हाँसीहाँसी, बाँच्नका लागि शान्ति चाहन्छ मान्छे नै
कुरू क्षेत्रको युद्ध रचेर, संघार गराउँछ मान्छे नै ।

("ए मान्छे" पृ. १९)

यहाँ मानिसको चरित्रलाई वर्णन गर्ने क्रममा गीतकारले धर्तीमा विध्वंसको बारूद खसालेर शान्तिसँग बाँच्न खोज्ने ग्रह ग्रहमा पुगेर बस्ति बसाउने पनि यही मान्छे नै हो भन्दै सरल भाषाशैलीको प्रयोगबाट व्यङ्ग्यात्मक रूपमा मानिसलाई प्रहार गरेका छन् । मानिसको हर व्यवहारको चित्रण गर्ने क्रममा आएको भाषा सरल सहज र बोधगम्य रहेको छ । यस्तै :

मेची काली हाम्रो घर, हिमाल पहाड तराई
नेपाली हौं सबै आफ्ना कोही छैनौ पराई ।
एक औंलाले केही हुन्न पाँच औंलाको मुठ्ठी
मुठ्ठी भित्रै देख्छन् सबले एकताको बुटी ।

("हातेमालो" पृ. ६१)

यहाँ सम्पूर्ण नेपालीको एउटै घर नेपाल हो र नेपाल भित्रका कोही पनि पराई होइनौ भन्दै सबै मिलेर देशको विकास गर्न लाग्नुपर्छ जसरी एक औँलाले केही हुन्न तर पाँचैवटा औंला मिलेर बनेको मुठ्ठीमा धेरै शक्ति हुन्छ त्यस्तै शक्ति सम्पूर्ण नेपाली मिलेमा पाइन्छ र देशको विकास हुन्छ भन्ने भाव व्यक्त गरिएको छ । यहाँ एकताको भाव फैलाउन प्रयोग गरिएको भाषा सरल छ ।

ज्ञानेन्द्र गदालको यस **झरीपछिको आकाश** गीतसङ्ग्रह भित्रका गीतहरूमा प्रयोग गरिएको भाषा सरल रहेको छ । उनका गीतमा प्रयोग गरिएको भाषामा भाषागत दुरूहता पाइदैन । भाषा सरल भइकन पनि भाव गम्भीर्यलाई बहन गर्न सक्नु गदालको भाषाशैलीगत वैशिष्ट्य मान्न सकिन्छ । गदालका गीतहरूमा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग भएको पाइन्छ । जसलाई निम्न रूपमा देखाइन्छ :

तत्सम - यौवन, दर्शन, हृदय, प्राण आदि ।

तद्भव - आकाश, गुराँस, आँशु, वीर, फूल, आँखा आदि ।

आगन्तुक - जवानी, जिन्दगी, प्यार, शान आदि ।

यसरी विविध शब्दहरूको प्रयोग गरेर आफ्ना भावनालाई सरल रूपमा अभिव्यक्त गर्न सफल गीतकार गदालका सम्पूर्ण गीतहरूमा प्रयोग गरिएको भाषाशैली सरल र सहज रहेको छ । सबैले सजिलै बुझ्न सक्ने शब्दहरूको प्रयोगका कारण उनका गीतहरू पाठक स्रोताको मन जित्न सफल छन् ।

भाषाशैलीय विन्यास अन्तर्गत अभिव्यक्ति प्रस्तुति, बिम्ब, प्रतिक, अलङ्कार, लय, सङ्गीत, अग्रभूमीकरण आदि पर्दछन् । यी भाषाशैलीय विन्यास अर्न्तगत आउने सम्पूर्ण तत्वहरू गदालको प्रस्तुत **झरीपछिको आकाश** गीतसङ्ग्रह भित्रका गीतहरूमा के कस्ता रहेका छन् ती सम्पूर्णलाई तल भिन्न भिन्न रूपमा विश्लेषण गरिन्छ :

**१) अभिव्यक्ति**

भाषाशैलीय विन्यास अन्तर्गत आउने अभिव्यक्ति भनेको सम्बोधनका माध्यमबाट गीतको वर्णन गर्नु वा अभिव्यक्त गर्नु हो र यो एकालापीय र संवादात्मक गरी २ प्रकारको हुन्छ । यस अभिव्यक्तिलाई ज्ञानेन्द्र गदालको यस गीतसङ्ग्रह भित्रका गीतहरूमा राखेर हेर्दा एकालापीय अभिव्यक्ति पाइन्छ । गदालका यस सङ्ग्रह भित्रका कुनै पनि गीतमा सम्बादात्मक अभिव्यक्ति देखिदैन । उनका सबै गीतहरू एकालापीय अभिव्यक्ति भएका छन् । जस्तै :

उनले मलाई मन पराउँथिन्, मैले पनि चाहेकै हो
मनको कुरा फुकाउने मौका पनि पाएकै हो
आम्नेसाम्ने भेट हुँदा, सुरू गर्नै गाह्रो भयो
लेखिसकें चिठ्ठी तर कुरा सबै बाँकी रह्यो । (“मनमै रहयो” पृ. २२)

यहाँ मन पराए पनि एकापसमा भेट हुँदा कुरा गर्ने गाह्रो भएको र चिठी लेख्दा पनि मनको कुरा सबै बाँकी नै रहेको भाव एकालापीय रूपमा व्यक्त भएको छ । त्यसैले यो एकालापीय अभिव्यक्ति हो । यस्तै

तिमीसँगै डुल्छु सधै नीदभरि सपनीमा
तिमीसँगै भुल्छु सधैं साथ रही विपनीमा

चाहना हो तिमी मेरो मित्थ्या नजान है
अमुल्य छ मेरो माया, सस्तो नमान है ।

("मेरो माया" पृ. ३२)

आफूले दिएको मायालाई सस्तो नमान्न आग्रह गर्दै सपनीमा सँगै रहने गरेको र विपनीमा पनि प्रेयसीसँगै झुल्ने गरेको भाव व्यक्त गरेका छन् । यसमा गीतकारको एकालापीय अभिव्यक्ति प्रस्तुत भएको छ । यस गीतमा पनि म पात्रका माध्यमबाट एकालापीय अभिव्यक्ति नै प्रस्तुत भएको छ । यस्तै :

तगारो छ चारैतिर चाहे जति गर्नलाई
मनको कुना कुनासम्म तिम्रो माया भर्नलाई
बाधाहरू आए पनि यो मन अन्त जोड्ने छैन

("शिखर चुम्ने रहर" पृ. ४०)

यहाँ आफूले चाहे जति गर्नलाई चारैतिर बाधाहरू रहेको तर ती बाधाहरूलाई छिचोलेर भएपनि तिमीलाई माया गरिरहन्छु भन्ने म पात्रको एकालापीय अभिव्यक्ति प्रस्तुत भएको छ । यसरी गदालका यस सङ्ग्रह भित्रका सम्पूर्ण गीतहरू एकालापीय अभिव्यक्तिका छन् ।

## २. प्रस्तुति

प्रस्तुति भनेको गीतलाई अरूका सामु प्रस्तुत गर्ने तरिका हो, यो वक्तव्यपरक र सबोधनात्मक गरी २ प्रकारको हुन्छ । वक्तव्यपरक गीतमा आफ्ना भावना सहभागी वा पात्रलाई सम्बोधन नगरी व्यक्त गरिन्छ भने सम्बोधनात्मक गीतमा पात्र वा सहभागीलाई सम्बोधन गरेर व्यक्त गरिन्छ । ज्ञानेन्द्र गदालको **झरीपछिको आकाश** गीतसङ्ग्रह भित्रका गीतहरूलाई वक्तव्यपरक र सम्बोधनात्मक प्रस्तुतिलाई अलग अलग रूपमा उदाहरण सहित प्रस्तुत गरेर देखाइन्छ ।

### क. वक्तव्यपरक

गदालका प्रस्तुत गीतसङ्ग्रह भित्रका १९ ओटा गीतहरूमा वक्तव्यपरक प्रस्तुति रहेको छ । जस्तै :

लालीगुराँस फुलेसरि फुल्दै छु म भीरैभीरमा
बाँच्ने रहर सँगालेर, रम्दै छु म पिरैपिरमा
गगन चुम्ने रहर थियो सपनाहरू मरिसके
हराभरा पात्रहरू लत्रिएर झरिसके ।

("धुजाधुजा" पृ. ९)

यहाँ जिन्दगी सधैं पीडै पीडामा बित्ने भयो भन्ने चिन्ता गीतकारलाई परेको भाव व्यक्त छ । केही गरेर बाँच्ने जिन्दगीका रहरहरू मरिसकेको र सपनाहरू टुटिसकेको भाव गदालको व्यक्तिगत भएका कारण यहाँ वक्तव्यपरक प्रस्तुति रहेको छ । यस्तैः

पिएको त होइन
न त पिउने कुनै रहर
के के कुरा खेल्यो मनमा
जागी बसेँ रातभर ।

("जागि बसेँ रातभर" पृ. १२)

यहाँ रातभर ननिदाइकन मनमा अनेक कुराहरू खेलेर बितेको भाव व्यक्त छ । गीतकारको पिउने रहर पनि नभएको र नपिएको पनि अवस्थाको वर्णन आफ्नै वक्तव्य हो । कसैलाई सम्बोधन नगरी आफ्ना मनका कुरा व्यक्त गरेको हुनाले यहाँ वक्तव्यपरक प्रस्तुति रहेको छ । यस्तै :

भाषा चाहिन्छ आफ्नो भेष चाहिन्छ
शिर उठाई बाँच्न आफ्नो देश चाहिन्छ ।

("देश चाहिन्छ" पृ. ६४)

यहाँ आफ्नो मौलिक पहिचानको कुरालाई गीतकारले व्यक्त गरेका छन् । भाषा र भेष अनि नागरिक भएर बाँच्न आफ्नो देश चाहिन्छ भन्ने कुरा गीतकारको आफ्नो मनको भाव वक्तव्यका रूपमा आएको छ । यहाँ कसैलाई सम्बोधन नगरी आफ्नो मनको भाव व्यक्त गरिएका कारण वक्तव्यपरक प्रस्तुति रहेको छ ।

**ख. सम्बोधनात्मक प्रस्तुति**

सर्जकले आफ्ना सिर्जनामा पात्र वा सहभागीलाई सम्बोधन गरी आफ्ना भाव व्यक्त गर्दछ भने त्यहाँ सम्बोधनात्मक प्रस्तुति हुन्छ । ज्ञानेन्द्र गदालको प्रस्तुत गीतसङ्ग्रहभित्रका अधिकांश गीतहरूमा सम्बोधनात्मक प्रस्तुति नै रहेको पाइन्छ । उनका ४६ ओटा गीतहरूमा यस्तो प्रस्तुति रहेको छ । उनले आफ्ना गीतमा सम्बोधन गरी भावना व्यक्त गर्ने क्रममा 'तिमी' भनी आफ्नी प्रेमिकालाई र कतै 'प्रिया' र कतै 'हे युवा' भनी राष्ट्रका युवावर्ग अनि कतै 'हे महारानी' भनी विद्यादेवी सरस्वतीलाई सम्बोधन गरेका छन् । जस्तै :

दयाकी खानी हे महारानी
भरिदेऊ ज्ञानका घैलाहरू
पखालिदेऊ अन्तरमनको
विकृत भाव र मैलाहरू ।

("भाव वन्दना" पृ. १)

यहाँ ज्ञानकी देवी सरस्वतीलाई 'हे महारानी' भनी सम्बोधन गरी आफूलाई ज्ञान दिन आग्रह गर्दै मन भित्रका सम्पूर्ण विकृत भाव र मैलाहरू हटाइदेउ भनेका छन् । यसमा गदालले सरस्वतीलाई सम्बोधन गरेका कारण यहाँ सम्बोधनात्मक प्रस्तुति रहेको छ । यस्तै :

आँखामा अनन्त चाह छ
मुटुमा गहिरो प्यार
तिमी नै भन न प्रियतम
म के दिउँ उपहार ।

("दिलको पुकार" पृ. १०)

यहाँ आफ्नी प्रेयसीलाई मनैदेखि चाहेको छु भन्दै आँखाको अनन्त चाह वा मुटुको गहिरो प्यार के उपहार दिउँ तिमीलाई भनी प्रेयसीलाई सम्बोधन गरेका कारण यहाँ सम्बोधनात्मक प्रस्तुति रहेको छ । यस्तै :

तिम्रै थिएँ म सधैंभरि, तिमै हुनेछु यो जुनीभर
पुनर्जन्म कहीँ हुन्छ भने, तिमी नै पाऊँ यही छ रहर ।

("श्रद्धासुमन" पृ. २१)

यहाँ सधैंभरि तिम्रै हुन्छु भन्दै गीतकारले प्रेयसीलाई भनेका छन् । यो जुनीमा मात्र होइन यदि पुनजर्न्म हुन्छ भने तिमीलाई नै पाउँने सदिक्षा रहेको भावमा प्रेयसीलाई सम्बोधन गरेका कारण सम्बोधनात्मक प्रस्तुति रहेको छ । यस्तै :

चेली आज तिमीलाई पराइघर जानु छ
तिम्रो बुद्धि विवेकले नयाँ संसार बसाउनु छ ।
ईश्वर सधैँ दाइना रहून् सुखमा पाइला परिरहुन्
नहुन् बैरी कोही कसैको सबै नै आफ्ना भइरहून्
("प्रीतिको गीत लेखियोस" पृ. २७)

यहाँ पराई घर जान लागेकी चेलीलाई सम्बोधन गर्दै नयाँ घरमा सुख शान्ति मिलोस ईश्वर सधै दाइना रहुन्, कदापी दुःख झेल्नु नपरोस, सबैसँग मित्रता बढोस कोही शत्रु नहुन् भन्ने कुरा सम्बोधनात्मक रूपमा आएका कारण सम्बोधनात्मक प्रस्तुति रहेको छ । यस्तै :

हराभरा फूलको जोवन, फूलेसरी फुल्नु तिमी
बर्खे झरीपछि आकाश, खुलेसरि खुल्नु तिमी
("तिमी" पृ. ५७)

यहाँ प्रेयसीलाई फूल फुले जसरी सुन्दरता छर्दै जानु अनि बर्खेझरीमा आकाश खुले जसरी खुल्नु भनी सम्बोधन गरेका कारण यहाँ सम्बोधनात्मक प्रस्तुति रहेको छ ।

यसरी गदालको प्रस्तुत **झरीपछिको आकाश** गीतसङ्ग्रह भित्रका गीतहरूमा वक्तव्यपरक र सम्बोधनात्मक दुवै किसिमका गीतहरू रहेका छन् । वक्तव्यपरकमा गीतकारले आफ्ना मनका भावना स्वतः रूपमा उल्लेख गरेका छन् भने सम्बोधनात्मक गीतमा कतै म पात्रले द्वितीय पुरूष तिमीलाई र कतै तृतीय पुरूषको पात्रलाई समेत सम्बोधन गरिएको छ ।

### ३. बिम्ब/प्रतीक/अलङ्कार

गीतको शैलीमा सौन्दर्य थप्न र प्रस्तुतिलाई कलात्मक बनाउन केन्द्रीय कथ्यसँग जोडिई आउने अलङ्कार विशेष नै बिम्ब र प्रतीक हो । बिम्बले काव्यको अर्थ पूर्ण रूपले

स्पष्ट गर्दछ भने कृतिको भावलाई सरल बनाउदै सौन्दर्य चित्रण गर्न सहयोग गर्दछ । गीतकार ज्ञानेन्द्र गदालको यस गीतसङ्ग्रह भित्रका केही गीतहरूमा बिम्ब र प्रतीकहरूको प्रयोग भएको पाइन्छ । त्यसको प्रयोगले गीतको शैली उपर्युक्त र सौन्दर्यपूर्ण बनेको छ । गदालले आफ्ना रचनामा कुनै नयाँ शब्द र बिम्बहरूको प्रयोग गरेको भेटिदैन । आफ्ना मनका भावहरूलाई विभिन्न बिम्बहरूको प्रयोग गरी सार्थक र सशक्त बनाउने प्रयास गरेका छन् भने उनले धेरैजसो बिम्बहरू प्रकृतिबाट नै लिएका छन् । उनको गीतमा रहेको बिम्बको उदाहरणलाई यसरी देखाउन सकिन्छ ।

घाम, जुन, धर्ती, आकाश आफै बन्नुपर्छ
आफ्नो लागि जिउने बाटो आफै खन्नुपर्छ ।

"आफै बन्नुपर्छ" पृ. ३

प्रस्तुत गीतमा प्राकृतिक बिम्ब विधानको सिर्जना गरी गदालले आफ्ना भावना प्रस्तुत गरेका छन् । घाम, जुन, धर्ती, आकाश जस्ता शब्दहरूको प्रयोगबाट बिम्ब विधान सिर्जना गरिएको छ । यस्तै :

रिसले होइन मायाले पो संसार जितिन्छ
आफ्नै मनभित्र खोज बुद्ध भेटिन्छ ।

'बुद्ध' पृ. २०

यहाँ शान्तिको प्रतीकको रूपमा बुद्धको प्रयोग गरी शान्तिसँग जीवन बिताउने भावबोध व्यक्त भएको छ ।

यसरी नै ज्ञानेन्द्र गदालले यस गीतसङ्ग्रह भित्रका गीतमा विभिन्न अलङ्कारको पनि प्रयोग गरेका छन् । उनले आफ्ना गीतमा शब्दालङ्कार र अर्थालङ्कार दुवैको प्रयोग गरेको देखिन्छ । शब्दालङ्कारमा छेकानुप्रास, वृत्यानुप्रासको प्रयोग गरेको पाइन्छ भने अन्त्यानुप्रासको पनि प्रयोग पाइन्छ । यसैगरी अर्थालङ्कारमा उपमा, रूपक, उत्प्रेक्षा जस्ता अलङ्कारको प्रयोग गरिएको पाइन्छ । गदालले प्रयोग गरेका केही अलङ्कारहरूलाई तल उदाहरण सहित उल्लेख गरिन्छ ।

### १. शब्दालङ्कार

#### अ. छेकानुप्रास

दुःखमा गम्न सुखमा रम्न पछाडि कहिल्यै पर्दैनन् ।

("बिनासर्तको माया" पृ. ३५)

यहाँ गम्न र रम्न शब्द प्रयोगमा न र न शब्दको पुनरावृत्ति भएकाले छेकानुप्रास रहेको छ ।

पवित्र प्रेमको शीतलता, सबै सबैमा छाइरहोस् ।

("प्रेम दिवस" पृ. २९)

यहाँ पवित्र र प्रेम शब्दप्रयोगमा प र प शब्दको पुनरावृत्ति भएकाले छेकानुप्रास रहेको छ ।

#### आ. वृत्यानुप्रास

हिजो बित्यो आज बित्यो यसै गरी भोलि बित्ला

("नेताको चाल" पृ. ५८)

यस पङ्क्तिमा ब शब्दको दुई भन्दा बढी पटक पुनरावृत्ति भएकाले वृत्यानुप्रास रहेको छ ।

भाषा भाषिन जान्छ भाषामा बोल्नेहरू मासिए

("आदिकवि भयौ तिमी" पृ. ५१)

यस पङ्क्तिमा भ शब्दको दुई भन्दा बढी पटक पुनरावृत्ति भएकाले वृत्यानुप्रास रहेको छ ।

#### इ. अन्त्यानुप्रास

ज्ञानेन्द्र गदालको प्रस्तुत गीतसङ्ग्रह भित्रका गीतमा अन्त्यानुप्रासको प्रयोग पाइन्छ । यसले गीतलाई गेयात्मक बनाउनमा ठूलो भूमिका खेलेको छ । अन्त्यानुप्रास प्रयोगमा

विविधता पाइने उनका गीतमा कतै दुई पङ्त्ति बीचमा कतै एउटै अनुच्छेद भित्र चारै पंत्तिमा अन्त्यानुप्रासको प्रयोग गरेको पाइन्छ। जस्तै :

जोगाऊ आफ्नो धर्मलाई
बचाऊ दिलको मर्मलाई।

("आत्मिय धुन" पृ. २३)

यहाँ दुई पङ्क्ति बीच अन्त्यानुप्रास मिलेको छ। धर्मलाई र मर्मलाई शब्दमा अन्त्यानुप्रासः मिलेको छ। यसरी नै

हसिला छन् हरिवंश भद्र मान्छे मदन दाई
बोली मीठो सरल स्वभाव अहम् छैन दवैलाई
कति शान्त सारा संसार आकाशमा उड्ने चरीलाई
यसरी नै मिलाई राखुन् भगवानले मदन हरिलाई

("मदन हरिलाई" पृ. ४१)

यहाँ एक अनुच्छेदभित्र सम्पूर्ण पङ्क्तिमा अन्त्यानुप्रास मिलेको छ। दाई, दुवैलाई, चरीलाई र मदन हरिलाई मा अन्त्यानुप्रास मिलेको छ। यस्तै :

खोला रून्छ सुसाउँछ, बग्छ तीरैतीर
खुकुरीलाई थाहा हुन्न अचानोको पिर
खुम्ची बसे जिन्दगानी दुख्छ मायालु
घाइते हुन्छ अनि मुटु दुख्छ मायालु

("धर्ती हाँस्छ" पृ. १८)

यहाँ एक अनुच्छेदभित्र दुई दुई वटा पङ्क्तिका बीचमा अन्त्यानुप्रास मिलेको छ। पहिलोमा तीरैतीर र पिरमा अन्त्यानुप्रास छ भने दोस्रोमा मायालु, मायालुमा अन्त्यानुप्रास रहेको छ। यसरी गदालको यस सङ्ग्रहभित्रका गीतहरूमा अन्त्यानुप्रासगत विविधता पाइन्छ।

## २. अर्थालङ्कार

अर्थका आधारमा रहने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ । गदालको यस गीतसङ्ग्रह भित्रका गीतमा उपमा, रूपक, विरोध आदि अलङ्कारको प्रयोग पाइन्छ । अलङ्कारको प्रयोग भएता पनि उनका गीतमा त्यति आलङ्कारिक सशक्तता चाँहि छैन । गीतमा रहेका केही अलङ्कारलाई तल देखाइन्छ :

### अ. उपमा

हराभरा फूलको जोवन फूलेसरी फुल्नु तिमी
बर्खे झरीपछि आकाश खुलेसरी खुल्नू तिमी

(“तिमी” पृ. ५७)

यहाँ उपमेय तिमी उपमान आकाश बाचक शब्द सरी समान धर्म खुल्नु भएकाले बर्खेझरी पछि आकाश खुलेसरी नायिकालाई खुल्नु भनेका कारण उपमा अलङ्कार छ ।

### आ. रूपक

तिमी उदायौ जुन बनेर

(“बादल नलागोस्” पृ. ३८)

यहाँ उपमेय तिमी र उपमान जुनका बीच अभेद आरोप गरिएको हुँदा रूपक अलङ्कार रहेको छ ।

## ४. लय/गेयता/सङ्गीतात्मकता

सङ्गीत गीतको महत्त्वपूर्ण तत्व हो भने यसले आफूभित्र रहेका तत्वका सहयोगले गीतलाई गेय बनाउने, लयको तीव्रतामा जोड दिने र कविताका तुलनामा गीतलाई बढी साङ्गीतिक मात्राले भरी गीत र कवितालाई छुट्याउने काम गर्दछ । गीतमा सङ्गीत साधकका रूपमा आउँछ । यसकै कारण गीत वास्तवमा गीत बन्न पुगेको हुन्छ । सङ्गीतले गीतमा प्रयुक्त शब्दहरूको भावनालाई अझ तिख्खर बनाउन सहयोग गर्दछ । गीतमा प्रयुक्त सङ्गीतले शब्दको सामान्य अर्थलाई पनि संवेद्य र प्रभावकारी बनाइदिन्छ ।

ज्ञानेन्द्र गदालको **झरीपछिको आकाश** गीतसङ्ग्रह भित्रका गीतहरूको गेयता र सङ्गीतात्मकतालाई हेर्दा उनका गीत गेय र संगीतात्मक गुणले भरिएका छन् । सङ्ग्रह भित्रका केही गीतहरू बरिष्ठ सङ्गीतकारका सङ्गीतमा आबद्ध भएर प्रसिद्ध गायक गायिकाहरूले स्वरबद्ध समेत गरेका कारण उनका गीतमा गेयात्मकता र सङ्गीतात्मकता रहेको कुरा पुष्टि हुन्छ । उनका गीत गेय बन्नमा सङ्गीतले महत्त्वपूर्ण भूमिका खेलेको छ भने लयको तीव्रतामा पनि सघाउ पुऱ्याएको छ । उनका गीतहरूमा सङ्गीतात्मकता आउन गीतमा भएका शब्दहरूको छनौटबाट पनि सफल भएको देखिन्छ ।

अक्षरगत लय व्यवस्थालाई हेर्दा गदालका गीतहरू मूलतः १३, १४, १६, १७, १९, २० र २१ अक्षरको लय व्यवस्थामा आधारित छन् । उनका प्रायजसो गीतहरू १६ र १७ अक्षरमा आधारित झ्याउरे लोक लय विधान अंगालिएको देखिन्छ । जस्तै :

सयपत्री लालुपाते ढकमक्क बनैभरि
सुख खोज्न हिडेको त विरह पो मनै भरि

("परदेशमा दशैं" पृ. ३७)

यहाँ उदाहरणमा ४+४+४+४ को संरचनामा आधारित भएर गीतसिर्जना भएको छ । यो झ्याउरे लोकलय हो । यस्तै

जिन्दगीका पानाहरू धुजाधुजा पारिसके
हराभरा पातहरू लत्रिएर झरिसके ।

("धुजाधुजा" पृ. ९)

यस उदाहरणमा ४+४+४+४ को अक्षरगत संरचनामा आधारित झ्याउरे लोकलयमा आधारित भएर गीतसिर्जना भएको छ ।

यसरी गदालको प्रस्तुत गीतसङ्ग्रह भित्रका गीतहरूमा १६ अक्षर झ्याउरे लोक लयको प्रयोग भएता पनि अन्य लयहरूको प्रयोग पनि भएको पाइन्छ । यसमा लोकलय नै मुख्य रूपमा आएको देखिन्छ ।

### ५. अग्रभूमीकरण

अग्रभूमीकरणले पनि गीतलाई उत्कृष्ट बनाएको हुन्छ । यस आधारमा हेर्दा ज्ञानेन्द्र गदालको प्रस्तुत गीतसङ्ग्रह भित्रका गीतहरूमा विचलन र समानान्तरता दुवैको प्रयोग गरेको देखिन्छ । अग्रभूमीकरणले गदालका गीतहरूमा लयोत्कर्ष र लयोत्पादनमा प्रशस्त भूमिका खेलेको पाइन्छ । जस्तै :

सारा सन्तान एउटै चिहान यो कस्तो दृश्य देखियो
इतिहासमै जेष्ठ उन्नाइस कालो अक्षरले लेखियो ।

(“तिम्रो सम्झना” पृ. ८)

यस उदाहरणमा देखियो र लेखियो जस्ता समानान्तर पदावलीको प्रयोगले गीतमा लयोत्कर्ष बढाएको छ । यसमा समानान्तरताको प्रयोग भएको पाइन्छ । यस्तै :

चिसोलाई राप दिनु, न्यानो पारी सेक्नु मात्र
मनै सखाप पार्ने गरी, आगो कैल्यै बाल्नु हुन्न ।

(“अर्ति” पृ. ५६)

यहाँ अन्त्यानुप्रासगत विचलन आएको छ साथै कहिल्यै शब्दको सट्टामा कैल्यै शब्द विचलनका रूपमा प्रयोग गरिएको छ । यस्तो विचलन भए तापनि अभिव्यक्तिमा यसले कुनै प्रभाव चाही पारेको छैन । यस प्रकार गदालका यस गीतसङ्ग्रह भित्रका गीतहरूमा अग्रभूमीकरणको पनि प्रयोग भएको देखिन्छ । यसरी हेर्दा गदालका गीतहरू मायाप्रेम लगायत प्रणयसँग आउने विषयवस्तुसँग सम्बन्धित छन् भने राष्ट्रप्रेम, जीवनदर्शन मानवता, प्रकृति चित्रण पनि विषयवस्तुका रूपमा आएका छन् ।

## ६.३.७ निष्कर्ष

ज्ञानेन्द्र गदालको **झरीपछिको आकाश** गीतसङ्ग्रह २०७० सालमा प्रकाशन भएको हो । सङ्गमगृह प्रकाशन कोलोराडो अमेरिकाद्वारा प्रकाशित यस सङ्ग्रहभित्र ६५ वटा विविध शीर्षकका गीतहरू रहेका छन् । यस सङ्ग्रह भित्रका गीतहरू कुनै ३ अनुच्छेदका छन् भने कुनै ४ अनुच्छेदका पनि छन् भने कुनै अनुच्छेद २ पंक्तिका छन् कुनै ८ पंक्तिका छन् । यसरी हेर्दा अनुच्छेद योजना र पंक्ति योजनामा विविधता पाइन्छ । विषयवस्तुका आधारमा

यस सङ्ग्रह भित्रका गीतहरू प्रणयात्मक र प्रणयेतर दुबै किसिमका रहेका छन् । प्रणयअर्न्तगत मानवीय प्रेम, ईश्वरप्रेम र राष्ट्रप्रेम रहेका छन् भने प्रणयेतर अर्न्तगत जीवनचिन्तन, मानवता, प्रकृति वर्णन, मातृत्व प्रेम, व्यक्तित्व वर्णन, घटना वर्णन, व्यङ्ग्य भाव रहेका छन् । प्रणय अर्न्तगत मानवीय प्रेमसँग सम्बन्धित गीतहरूको सङ्ख्या अधिक रहेको छ । मानवीय प्रेममा संयोग भन्दा वियोगको अवस्थालाई उनले ज्यादा चित्रण गरेका छन् । यस्तै प्रणय अर्न्तगतको राष्ट्रप्रेम सम्बन्धी गीतमा राष्ट्रलाई आफनै आमा समान ठानेर, पूर्खाले दिएको योगदानलाई सम्भिएर राष्ट्र विकासमा लाग्न सम्पूर्ण नेपालीलाई आग्रह गरेका छन् । ईश्वरप्रेम सम्बन्धी गीतमा विद्यादातृ सरस्वतीको बन्दना गाउँदै सबैलाई सद्वुद्धि देऊ भनेका छन् । उनले ईश्वरलाई मानवको आस्थाका प्रतीकका रूपमा व्यक्त गरेका छन् । प्रणयेतर अर्न्तगत जीवनचिन्तनका गीतमा गदालले एकवारको मानवचोला सबैसँग हाँसेर, बोलेर बिताऔं भन्दै बाँचुञ्जेल शान्तिसँग बाँच्न आग्रह गरेका छन् । मानवतासँग सम्बन्धित गीतमा गदालले परि आउँदा सहयोग गर्ने नै महान् हुन्छ भन्ने भाव व्यक्त गरेका छन् । यस्तै प्रकृति वर्णनका गीतमा गदालले ग्रामिण प्राकृतिक परिवेशको सुन्दर चित्रण गरेका छन् । प्रकृतिका सुन्दर पक्षहरूलाई जीवनमा छाउने खुसीसँग तुलना गरेका छन् । प्रणयेतर अर्न्तगतको अर्को भाव घटना वर्णन पनि रहेको छ । यस अर्न्तगत गदालले नेपालको इतिहासमा घटेको राजदरबार हत्याकाण्डलाई व्याख्या गर्दै यस घटनाले सम्पूर्ण नेपाल र नेपाली जनतामा पारेको प्रभावलाई अभिव्यक्त गरेका छन् । मातृप्रेमका गीतमा आमाको माया अतुलनिय हुन्छ भनी व्यक्त गरेका छन् । व्यङ्ग्य भाव प्रधान गीतमा नेपालका नेताहरूमाथि व्यङ्ग्य गरेका छन् । व्यक्तिगत स्वार्थमा लागेर देशको विकास गर्न भूलेका नेताहरूलाई यस्तै रहे देशको अस्थित्व नै गुम्न सक्छ भनी सुझाएका छन् । यस्तै व्यत्तित्व वर्णनका गीतमा आदिकवि भानुभक्त आचार्यले नेपाली साहित्य क्षेत्रमा दिएको योगदानलाई व्याख्या गरेका छन् ।

यसैगरी गदालले आफ्ना गीतमार्फत आफ्नो प्रेम सम्बन्धी मान्यता पनि प्रकट गरेका छन् । उनले प्रेमलाई भौतिक नभई आध्यात्मिक रूपमा व्याख्या गरेका छन् । साँचो प्रेमका अगाडि ईश्वरपनि झुक्छ भन्दै मायाको अमर, शास्वत रूपको व्याख्या गरेका छन् । कृत्रिम र जवरर्जस्त लेखनभन्दा स्वतस्पूर्त लेखनलाई आत्मसात गर्दै गीत रचना गरेका गदालका गीतहरूमा स्वच्छन्दतावादी अभिव्यक्ति पाइन्छ । गदालका गीतहरू सामाजिक भन्दा वैयक्तिक पर्याधारका नै रहेका छन् । सामाजिक पर्याधारका गीतमा राष्ट्रप्रेमको आभाष

पाइन्छ भने वैयक्तिक पर्याधारका गीतमा प्रणयका संयोगात्मक र वियोगात्मक दुबै भावहरू रहेका छन् । ढाँचाका आधारमा हेर्दा गदालका यस सङ्ग्रहभित्रका गीतहरू वृत्तात्मक ढाँचामा रहेका छन् । उनका सम्पूर्ण गीतहरूमा शब्द र भावको पुनरावृत्ति भएको छ । भाषाशैली आधारमा गदालका गीतहरूमा सरल, सहज भाषाशैलीको प्रयोग पाइन्छ । भाषागत दुरूहता छैन भने तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरेका छन् । अभिव्यक्तिका आधारमा गदालका यस सङ्ग्रह भित्रका सम्पूर्ण गीतमा एकालापीय अभिव्यक्ति पाइन्छ । यस्तै प्रस्तुतिका आधारमा वक्तव्यपरक र सम्बोधनात्मक दुबै रहेका छन् । कुनै गीतमा आफ्ना मनका पीडा व्यक्त गरेका छन् भने कतै कसैलाई सम्बोधन गरेका छन् । प्रस्तुतिका आधारमा सम्बोधनात्मक प्रस्तुतिका गीतहरू धेरै रहेका छन् ।

गदालको यस **झरीपछिको आकाश** गीतसङ्ग्रहमा बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग पनि गरिएको छ तर त्यो त्यति शसक्त भने छैन । उनले आफ्ना गीतमा प्राकृतिक बिम्बको प्रयोग गरेका छन् भने व्यक्तिलाई प्रतीकका रूपमा प्रयोग गरेका छन् । अलङ्कारका रूपमा शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग गरिएको छ । शब्दालङ्कारमा छेकानुप्रास, वृत्यानुप्रास र अन्त्यानुप्रासको प्रयोग गरिएको छ भने अलङ्कारमा उपमा र रूपकको प्रयोग गरिएको छ । अक्षरगत लय व्यवस्थालाई हेर्दा उनका गीतहरूमा १६ र १७ अक्षरमा आधारित झ्याउरे लोकलय विधान अंगालिएको देखिन्छ । अग्रभूमीकरणका आधारमा हेर्दा गदालका गीतहरूमा विचलन र समानान्तरता दुबैको प्रयोग पाइन्छ । सहभागीताका दृष्टिले हेर्दा यस सङ्ग्रह भित्रका गीतमा 'म' पात्र सहभागीका रूपमा आएको छ भने उसले आफ्नी प्रेयसीलाई तिमी, प्रिय अनि कतै माया भनेर सम्बोधन गरेको छ । राष्ट्रप्रेमका गीतमा सम्पूर्ण नेपली पनि सहभागिका रूपमा आएका छन् । गदालको यस गीतसङ्ग्रह भित्रका गीतहरूको परिवेशलाई हेर्दा मायाको सामिप्यता र बिछोडको परिवेश पाइन्छ । जीवन जिउनेक्रमको टिठलाग्दो परिवेश, आमाप्रतिको स्नेह र देशविकाशमा नलागेर अन्यत्रै लम्किने नेताको चालाप्रति कटाक्ष गर्दै शान्तिको कामना गरिएको परिवेश पनि पाइन्छ । यहाँ बाह्य परिवेशका रूपमा नेपालका हिमाल, पहाड, तराई, नदी आदि आएका छन् भने आन्तरिक परिवेशका रूपमा गीतमा प्रयुक्त सहभागीको मनमा उठेका विभिन्न चिन्तन र कल्पनाको बाहुल्यता पाइन्छ । यस सङ्ग्रहभित्रका गीतहरूमा बाह्य भन्दा आन्तरिक परिवेश नै सशक्त देखिन्छ ।

यसरी विषयवस्तु प्रेम सम्बन्धी मान्यता, काव्यगत मान्यता, आध्यात्मिकता, पर्याधार, ढाँचा, भाषाशैली, प्रस्तुति, बिम्ब, प्रतीक, अलङ्कार, उपमा, रुपक, लय, गेयता, अग्रभूमीकरण आदिका आधारमा गदालको यस **झरीपछिको आकाश** गीतसङ्ग्रह उत्कृष्ट रहको छ ।

# सातौँ परिच्छेद

# ज्ञानेन्द्र गदालका गीति एल्बमहरूको अध्ययन

## ७.१ विषयप्रवेश

२०४० सालदेखि नेपाली गीतिसाहित्यका क्षेत्रमा प्रवेश गरेका गदालले हालसम्म १५० भन्दा बढी गीतहरू रचना गरेका छन् । २०४१ सालमा रेडियो नेपालमा गीत रेकर्ड गराएर औपचारिक रूपमा गीत प्रसारण गरेका गदालका नेपाली लोक र आधुनिक गरी ५ वटा गीतिएल्बमहरू प्रकाशित भएका छन् । नेपाल तथा भारतका ख्यातिप्राप्त गायक गायिकाद्धारा स्वर सङ्गीतवद्ध गरिएका ती गीतहरू धेरैजसो उनका गीतसङ्ग्रहमा सङ्गृहीत छन् भने केही बाहिरका छन् । नेपाली सङ्गीत बजारमा गदालका एल्बमहरूमा सङ्गृहीत केही गीतहरूले राम्रो स्थान पाउन सफल भएका छन् । माया प्रेम, विरह, वेदना, प्राकृतिक सुन्दरताको वर्णन अनि देशप्रेमका भावहरूलाई मुख्य विषयवस्तु बनाएर रचना गरिएका गदालका गीतिएल्बमहरू निम्नलिखित छन् :

१. यौवन (२०५१)

२. आँखी झ्यालैमा (२०५३)

३. मौनता (२०५४)

४. परदेश (२०६२)

५. सम्झनाका छालहरू (२०७०)

यसरी २०५१ देखि २०७० सम्म ५ वटा लोक तथा आधुनिक गीतिएल्बमहरू प्रकाशन गरी नेपाली गीति साहित्यका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका गदालका प्रत्येक एल्बमहरूलाई क्रमशः अध्ययन गरिन्छ :

## ७.२ एल्बमहरूको अध्ययन

### ७.२.१ यौवन एल्बमको अध्ययन

ज्ञानेन्द्र गदालको एकल शब्द रचनामा प्रकाशराज गुरूङ्ग, कमल गुरूङ्ग र मिलन मोक्तानको सङ्गीत रहेको यस एल्बमलाई म्यूजिक नेपालले उत्पादन गरेको हो । २०५१ सालमा प्रकाशित यस एल्बममा छ वटा आधुनिक गीतहरू रहेका छन् भने नेपालका चर्चित गायक/गायिकाले स्वर दिएका छन् । **मलाई छुने मन** (२०६०) गीतसङ्ग्रहमा सङ्गृहीत यस एल्बमका सम्पूर्ण गीतहरूको व्याख्या अगाडि कृति विश्लेषणका क्रममा गरिएको छ । यस एल्बमभित्र सङ्गृहीत गीत सङ्गीतकार र गायकको नाम निम्न उल्लेख गरिन्छ:

| **क्र.सं.** | **गीतको शीर्षक** | **गायक/गायिका** | **सङ्गीतकार** |
|---|---|---|---|
| १ | गीत सङ्गीत तरंग त | प्रकाश श्रेष्ठ | प्रकाशराज गुरूङ्ग |
| २ | मन किन भयो चञ्चल | सुक्मित गुरूङ्ग र बिमला राई | प्रकाशराज गुरूङ्ग |
| ३ | धेरै भयो यी आँखामा | कुवेर राई र लरेटो सिंह | प्रकाशराज गुरूङ्ग |
| ४ | शुभकामना छ मेरो | यम बराल | प्रकाशराज गुरूङ्ग |
| ५ | मलाई तिम्रो परेलीमा | कुबेर राई र बिमला राई | कमल गुरूङ्ग |
| ६ | आकाशको तारा सबै | प्रदीराज पाण्डे र उषाकिरण अधिकारी | मिलन मोक्तान |

### ७.२.२ आँखी झ्यालैमा एल्बमको अध्ययन

ज्ञानेन्द्र गदालको एकल शब्द सङ्कलन रहेको यो गदालको लोकगीति एल्बम हो । बालन्द राईको लय र संगीत संयोजन रहेको यस एल्बमलाई श्रद्धा रेर्कडिङ्ग स्टुडियोले उत्पादन गरेको हो । २०५३ सालमा प्रकाशित यस एल्बमका गीतहरूमा बालन्द राई र उषाकिरण अधिकारी, लरेटो सिंह र बलराम समालको स्वर रहेको छ । यस एल्बमभित्र सङ्गृहीत गीत र सङ्गीतकार र गायकको नाम निम्न उल्लेख गरिन्छ :

| क्र.सं. | गीतको बोल | गायक/गायिका | सङ्गीतकार |
|---|---|---|---|
| १ | सागुरीको हावाले | बालन्द राई र उषाकिरण अधिकारी | बालन्द राई |
| २ | बतास चल्यो हुरूरू | बालन्द राई र बलराम समाल | बालन्द राई |
| ३ | हाँस न साईली | बालन्द राई | बालन्द राई |
| ४ | इलामको बजार रमाइलो | बालन्द राई | बालन्द राई |
| ५ | साउनेको लेकमा | बालन्द राई र उषाकिरण अधिकारी | बालन्द राई |
| ६ | आँखी झ्यालेमा | बालन्द राई र उषाकिरण अधिकारी | बालन्द राई |
| ७ | छिनमा हुर्केकी | बालन्द राई उषाकिरण अधिकारी | बालन्द राई |
| ८ | वर्षा लाग्यो | बालन्द राई र बलराम समाल | बालन्द राई |
| ९ | इलामको बजार | लरेटो सिंह | बालन्द राई |

पूर्वेली लोकलयमा रहेका ९ वटा गीतहरू रहेको यस एल्बमको नाम यस एल्बमकै 'बी' साइडमा रहेको आँखीझ्यालैमा बोलको गीतबाट राखिएको छ । इलामका विभिन्न प्राकृतिक स्थानहरूको वर्णनका साथै माया प्रेमका भावहरू पनि गीतमा पाइन्छ । मायाका भावहरूलाई दोहोरिका रूपमा प्रस्तुत गरिएका कारण रोचक र मनछुने गीत बनेको छ । साँगुरीको हावाले, साउनेको लेकमा, आँखीझ्यालैमा जस्ता गीतमा संवादात्मक अभिव्यक्ति र अन्यमा एकालापीय अभिव्यक्ति पाइन्छ । सम्पूर्ण गीतहरू सम्बोधनात्मक रहेको यस एल्बमका गीतको भाषा सरल छ । बिम्ब-प्रतीकको प्रयोग न्यून रहेका गीतमा अन्त्यानुप्रासको राम्रो प्रयोग पाइन्छ । अग्रभूमीकरणको प्रयोग स्वभाविक गरिएका यस एल्बमका गीतहरूमा प्रयुक्त स्वर र सङ्गीतका कारण गीत सुमधुर रहेका छन् ।

## ७.२.३ मौनता एल्बमको अध्ययन

ज्ञानेन्द्र गदालको एकल शब्दरचनामा गणेश पराजुली, पारस मुकारूङ्ग, टीका भण्डारी, नातिकाजी, शम्भु राई, राजु सिंह धनन्जय थापाको सङ्गीत रहेको यस एल्बमलाई श्रद्धा रेकडिङ्ग स्टुडियोले उत्पादन गरेको हो । २०५४ सालमा प्रकाशित यस एल्बममा गदालले यस भन्दा अगाडि रेकर्ड भइसकेका आफ्ना उत्कृष्ट गीतहरूलाई समावेश गरेका छन् । नेपालका चर्चित सङ्गीतकार र गायक/गायिकाको स्वर रहको ९ वटा गीतहरू सङ्गृहीत यस एल्बमका सम्पूर्ण गीतहरू **मलाई छुने मन** गीतसङ्ग्रहमा सङ्गृहीत छन् र यी

गीतहरूको विश्लेषण कृति विश्लेषणका क्रममा अगाडि नै गरिसकिएको छ । यस एल्बममा सङ्गृहीत गीत, गायक र सङ्गीतकारको नाम निम्न उल्लेख गरिन्छ :

| क.सं. | गीतको बोल | गायक/गायिका | सङ्गीतकार |
|---|---|---|---|
| १ | दिन ढल्यो अँधेरी रातमा | यसोदा पराजुली | गणेश पराजुली |
| २ | सम्हाल्दै जाउ यो मनलाई | रामकृष्ण ढकाल | पासर मुकारूङ्ग |
| ३ | कुन शहरमा घुम्दै होला | लेखु विवस | बुलु मुकारूङ्ग |
| ४ | पर्ख है मेरी प्रेयशी | कुबेर राई | टीका भण्डारी |
| ५ | चर्किसकेको हृदयलाई | धन बहादुर गोपाली | नातिकाजी |
| ६ | दिलभरी रहुँ आँखाभरि | शम्भु राई | शम्भु राई |
| ७ | हिड्दा हिड्दै ठेस लाग्यो | कुवेर राई | धनन्जय थापा |
| ८ | मुस्कानले मात्रै पनि | केशव उप्रेती | शम्भु राई |
| ९ | सम्झनाका घाउहरू | शम्भु राई | शम्भु राई |

## ७.२.४ परदेश एल्बमको अध्ययन

ज्ञानेन्द्र गदालको एकल शब्द रचना र टीका भण्डारीको एकल सङ्गीत रहेको यस एल्बमलाई धवलागिरी क्यासेट सेन्टरले उत्पादन गरेको छ । २०६२ सालमा प्रकाशित यस एल्बमका ९ वटा आधुनिक गीत र एउटा राष्ट्रिय गीत रहेको छ । नेपालका चर्चित गायक/गायिकाद्धारा स्वरवद्ध यस एल्बम भित्रको एउटा गीत **झरीपछिको आकाश** गीतसङ्ग्रहमा सङ्गृहीत छ भने अन्य गीतहरू **मलाई छुने मन** गीतसङ्ग्रहमा सङ्गृहीत छन् । यस एल्बम भित्रका सम्पूर्ण गीतहरू कृतिको विश्लेषण गर्ने क्रममा विश्लेषण गरिसकिएको छ । यस भित्र सङ्गृहीत गीत, गायक/गायिका र सङ्गीतकारको नाम निम्न उल्लेख गरिन्छ :

| क.सं. | गीतको बोल | गायक/गायिका | सङ्गीतकार |
|---|---|---|---|
| १ | भृकुटी बुद्ध जन्मेको | किरण प्रधान, रूवी जोशी, रामकृष्ण ढकाल, ज्ञानु राणा, सिन्धु मल्ल | टीका भण्डारी |
| २ | दुःखमा आँशु झार्ने | यम बराल | टीका भण्डारी |
| ३ | कति घाउनु लेकबेंशी | मदनकृष्ण श्रेष्ठ | टीका भण्डारी |
| ४ | खोलानाल पहाडले | टीका भण्डारी | टीका भण्डारी |
| ५ | बर्षदिनको खुशीसँगै | जगदिश समाल | टीका भण्डारी |
| ६ | संझेर हो कि मायाले आज | सम्झना भण्डारी | टीका भण्डारी |
| ७ | कथा हाम्रो बेग्लै | घिरज श्रेष्ठ | टीका भण्डारी |
| ८ | तिमीलाई बिर्सु भन्थे | सपना श्री | टीका भण्डारी |
| ९ | तिम्रो मुहार जुनेलीको | धिरज श्रेष्ठ | टीका भण्डारी |
| | चकिसकेको हृदयलाई | नारायण श्रेष्ठ | टीका भण्डारी |

## ७.२.५ सम्झनाका छालहरू एल्बमको अध्ययन

ज्ञानेन्द्र गदालको एकल शब्द रचना र रञ्जित गजमेरको एकल सङ्गीत रहेको यस एल्बमलाई इभरग्रीन क्रियसन प्रा.लि. काठमाडौंले उत्पादन गरेको हो २०७० सालमा प्रकाशित यस एल्बममा ८ वटा आधुनिक गीतहरू रहेका छन् । नेपाल र भारतका चर्चित गायक/गायिकाद्धारा स्वरवद्ध यस एल्बम भित्रका सम्पूर्ण गीतहरू **झरीपछिको आकाश** गीतसङ्ग्रहमा सङ्गृहीत छन् । यस एल्बम भित्रका सम्पूर्ण गीतहरू कृति विश्लेषणका क्रममा विश्लेषण गरिसकिएको छ । यस एल्बमभित्रका सङ्गृहीत गीत, गायक/गायिका र सङ्गीतकारको नाम निम्न उल्लेख गरिन्छ :

| क.सं. | गीतको बोल | गायक/गायिका | सङ्गीतकार |
|---|---|---|---|
| १ | तिमीसँग बितेका | आशा भोस्ले | रञ्जित गजमेर |
| २ | बोली र बातहरू | उदय र मनिला सोताङ्ग | रञ्जित गजमेर |
| ३ | जागीबसे रातभर | दीप श्रेष्ठ | रञ्जित गजमेर |
| ४ | साँचो छ मेरो माया | राजेश पायल राई र माण्डवी त्रिपाठी | रञ्जित गजमेर |
| ५ | प्रणय दिवस | कुवेर राई र अञ्जना गुरूङ्ग | रञ्जित गजमेर |
| ६ | दार्जिलिङ्ग शहर | प्रसान्त तामाङ्ग | रञ्जित गजमेर |
| ७ | जन्मदिनको शुभकामना | साधना सरगम | रञ्जित गजमेर |
| ८ | जुन मायामा सर्त नहोस् | उदय र मनिला सोताङ्ग | रञ्जित गजमेर |

## ७.३ निष्कर्ष

ज्ञानेन्द्र गदालका २०५१ सालदेखि हालसम्म ५ वटा गीति एल्बमहरू प्रकाशित भएका छन् । एउटा लोकगीति एल्बम सहित ४ वटा आधुनिक तथा राष्ट्रिय गीतहरू समावेश गरिएका एल्बमका गीतहरू मध्ये धेरै जसो गीतहरू चर्चित छन् । आधुनिक र राष्ट्रिय गीतहरू उनका गीतिसङ्ग्रहहरू **मलाई छुने मन** र **झरीपछिको आकाश** मा सङ्गृहीत छन् भने लोक गीतसङ्ग्रहीत छैनन् । गदालका गीतसङ्ग्रह र एल्बममा समावेश गरिएका गीतहरूको नामाकरणमा समानता पाइदैन । कुनै गीतको नाम गीतको शीर्षकबाट राखिएको छ भने कुनैमा गीतको प्रथम हरफको आरम्भको शब्दका आधारमा राखिएको छ । नेपाली तथा भारतीय गायक गायिकाद्धारा स्वरवद्ध गीतहरूमा सङ्गीत संयोजन नेपाली र भारतीय सङ्गीतकारहरूले नै गरेका छन् । प्रायःजसो गीतमा गदालले पूर्वेली गायक/गायिका र सङ्गीतकारलाई लिएका छन् । गदालका एल्बमहरूमा समावेश गीतहरूमा एकरूपता पाइदैन, कुनै एल्बममा १० वटा सम्म गीतहरू समावेश गरेका छन् भने कुनै एल्बममा ६ वटा पनि छन् ।

यसरी गदालका गीतिएल्बमहरूले नेपाली गीत सङ्गीतका क्षेत्रका आफ्नो छुट्टै पहिचान बनाएका छन् भने महत्त्वपूर्ण योगदान दिनपनि सफल छन् । नेपाली लोक जनजीवन, प्राकृतिक सुन्दरता, राष्ट्रिय एकता, लगायत मायाप्रेम, विरह, बेदनालाई समेट्न सफल छन् ।

# आठौँ परिच्छेद

# उपसंहार तथा निष्कर्ष

## ८.१ उपसंहार

ज्ञानेन्द्र गदालको जीवनी, व्यक्तित्व र कृतित्व शीर्षकको यस शोधपत्रलाई व्यवस्थित बनाउनका निम्ति विभिन्न परिच्छेदमा विभाजन गरी प्रस्तत् गरिएको छ । यसरी अध्ययनका क्रममा विभाजन गरिएका परिच्छेदहरूलाई परच्छिेदगत रूपमा समेटेर निष्कर्ष दिइएको छ ।

पहिलो परिच्छेदमा शोध परिचय रहेको छ । यस अर्न्तगत ज्ञानेन्द्र गदालको परिचय सहित उनका प्रकाशित कृतिहरूको सामान्य परिचय दिदै शोधपत्र कसरी तयार गर्ने बारेमा उल्लेख गरिएको छ । यस अर्न्तगत समस्याकथन, शोधकार्यका उद्देश्यहरू, पूर्वकायको समीक्षा, अध्ययनको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको सीमाङ्कनका साथै सामग्री सङ्कलनको विधि, शोधविधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।यस परिच्छेदमा शोधकार्य कसरी सम्पन्न गर्ने र यसका लागि कसरी सामग्रीको सङ्कलन गर्ने साथै शोधपत्रको ढाँचा प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेदमा ज्ञानेन्द्र गदालको जीवनीको अध्ययन गरिएको छ । यसमा उनको जन्म, बाल्यकाल, शिक्षाको आरम्भ र उच्च शिक्षा सम्मको अध्ययनको बारेमा अध्ययनका साथै विवाह, सन्तान, बसोबास, पारिवारिक अवस्था, शैक्षिक अवस्था, आर्थिक स्थिती, कार्यक्षेत्रमा संलग्नता सामाजिक संलग्नता, उनको व्यक्तिगत रूचि, व्यक्तिगत स्वभाव र बानी व्यवहार, भ्रमण, अविस्मरणीय क्षण, सुख दुःखका क्षणहरू लगायत उनको जीवन दर्शन, साहित्यप्रतिको दृष्टिकोण, लेखनका लागि पाएको प्रेरणा, प्रकाशित कृतिहरूको जानकारी, उनले हालसम्म पाएका सम्मान तथा पुरस्कारहरूको बारेमा समग्रमा अध्ययन गरी निष्कर्ष पनि दिइएको छ । यस दोस्रो परिच्छेदमा गदालको समग्र जीवनको अध्ययन गरिएको छ ।

तेस्रो परिच्छेदमा गदालको व्यक्तिगत विविध पक्षहरूको अध्ययन गरिएको छ । यस अर्न्तगत पृष्ठभूमिमा व्यक्तित्व निर्माणमा सहयोग पुऱ्याउने पक्षहरूको परिचय दिइएको छ । व्यक्तित्वको अध्ययनका क्रममा प्रथमत : शारीरिक व्यक्तित्वको चर्चा गरिएको छ भने

व्यक्तित्वका अन्य पक्षहरूलाई साहित्यिक र साहित्येतर अर्न्तगत विभाजन गरी साहित्यिक व्यक्तित्वमा गीतकार र सम्पादक व्यक्तित्वको बारेमा चर्चा गरिएको छ । साहित्येत्तर व्यक्तित्व अर्न्तगत समाजसेवी, जागिरे, सङ्गठक, अर्न्तवार्ताकार, चिन्तनशील र प्रेरक व्यक्तित्वको बारेमा भिन्न-भिन्न शीर्षक अर्न्तगत व्यवस्थित रूपमा अध्ययन गरिएको छ । यसका साथै उनको जीवनी र व्यक्तित्वले उनका लिखित साहित्यिक कृतिहरूमा पारेको प्रभावलाई जीवनी, व्यक्तित्व र कृतित्वबिचको अर्न्तसम्बन्ध शीर्षकमा अध्ययन गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

चौथो परिच्छेदमा गदालको साहित्य यात्राको विभाजन गरिएको छ । यस अर्न्तगत पृष्ठभूमिमा लेखनको रूचि, आरम्भ र प्रेरणाका स्रोतहरूको बारेमा उल्लेख गर्दै उनका साहित्यिक कृतिहरूको नाम र प्रकाशित मिति प्रस्तुत गरिएको छ । यसपछि उनको साहित्यक यात्रालाई पहिलो र दोस्रो चरणमा विभाजन गरी विभाजनको आधार प्रस्ततु गरिएको छ । यसरी उनको साहित्य यात्राको निरूपण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

पाँचौ परिच्छेदमा गीत विश्लेषणको प्रारूप प्रस्तुत गरिएको छ । यस अर्न्तगत संरचनावादी अवधारणाका आधारमा प्रारूप तयार गरी त्यसभित्रका तत्वहरूको परिभाषा दिइएको छ । यसमा विषयका आधारमा प्रणयात्मक र प्रणयेतर, पर्याधारका आधारमा वैयक्तिक र सामाजिक, ढाँचाका आधारमा वृत्तात्मक र चक्रात्मक अनि भाषाशैलीय विन्यास अर्न्तगत अभिव्यक्ति, प्रस्तुति, बिम्ब/प्रतीक अलङ्कार, लय/गेयाता/सङ्गीतात्मकता र अग्रभूमीकरण अनि वक्तव्यपरक र  सम्बोधनात्मक गरी विभाजन गरिएको छ ।

छैटौ परिच्छेदमा ज्ञानेन्द्र गदालका गीतसङ्ग्रहहरूलाई संरचनावादी प्रारूपका आधारमा विश्लेषण गरिएको छ । यस अर्न्तगत आरम्भमा उनको गीत लेखनको औपचारिक आरम्भ र प्रेरणाका स्रोतहरूको बारेमा उल्लेख गरिएको छ । सर्वप्रथम गदालको **मलाई छुने मन** गीतसङ्ग्रहको विश्लेषण गरिएको छ भने त्यसपछी **झरी पछिको आकाश** गीतसङ्ग्रहको विश्लेषण गरिएको छ । यसपछी गीतसङ्ग्रहको संरचनाको बारेमा उल्लेख गर्दै अनुच्छेद र पङ्क्ति योजनाको बारेमा पनि उदाहरण सहित व्याख्या गरिएको छ । विषयवस्तुका आधारमा प्रणयात्मक र प्रणयेतरका रूपमा विभाजन गरी प्रणयात्मक अर्न्तगत मायाप्रेमका गीत र तिनको मूलभाव उल्लेख गरिएको छ । प्रणय अर्न्तगतका गीतलाई पनि सम्भोग शृङ्गार र

विप्रलम्भ शृङ्गार अर्न्तगत विभाजन गरी तिनको मूलभावको व्याख्या गरिएको छ । यसै गरी प्रणय अर्न्तगत नै राष्ट्र प्रेमका गीतहरूको पनि उदाहरण सहित व्याख्या गरिएको छ ।

यसैगरी प्रणयेतर/रागेतर भाव अर्न्तगत जीनव चिन्तन, मानवता, प्रकृति वर्णनका गीतहरूलाई फरक-फरक शीर्षक अर्न्तगत राखेर व्याख्या गरिएको छ । त्यस्तै लेखकको प्रेम सम्बन्धी धारणा, काव्यमान्यता, आध्यात्मिकता पनि प्रस्तुत गरिएको छ । यसैगरी पर्याधारका आधारमा समाजिक र वैयक्तिक, ढाँचाका आधारमा, वृतात्मक, चक्रात्मक, भाषाशैलीय विन्यास अर्न्तगत अभिव्यक्ति, प्रस्तुति, बिम्ब, प्रतीक अलङ्कार, लय, गेयता र सङ्गीतात्मकता र अग्रभूमीकरण अर्न्तगत विभाजन गरिएको छ । यसरी विभाजन गरिसकेपछि त्यसको निष्कर्ष प्रस्तुत गरिएको छ ।

सातौ परिच्छेदमा ज्ञानेन्द्र गदालका गीति एल्बमहरूको विश्लेषण गरिएको छ । यस अर्न्तगत एल्बम प्रकाशनको समयलाई हेरी क्रमवद्ध रूपमा राखेर त्यस एल्बममा सङ्गृहीत गीतको बोल, गायक र सङ्गीतकारको नाम प्रस्तुत गरिएको छ । यसमा गदालका गीति सङ्ग्रह भित्र रही एल्बममा समावेश गरिएका गीतहरूको अध्ययन गरिएको छैन भने सङ्ग्रहभित्र नरहेका गीतहरूको अध्ययन गरिएको छ । यसमा गदालका हालसम्म प्रकाशित ५ वटा गीति एल्बमहरूको अध्ययन गरिएको छ । उनका ४ वटा आधुनिक गीति एल्बममा सङ्गहभित्रका गीतहरूनै समावेश गरिएको छ भने एउटा लोकगीतको एल्बममा सङ्ग्रह बाहिरका गीतहर रहेका छन् । गीति एल्बमको अभावका कारण केही गीतहरू म आफूले पहिला रेडियो मार्फत सुनेको आधारमा व्याख्या, विश्लेषण गरिएको छ । सम्पूर्ण गीतहरूको विश्लेषण गरिएको छैन ।

## ८.२ निष्कर्ष

पूर्वी नेपालको इलाममा एक मध्यम वर्गीय परिवारमा जन्मिएका ज्ञानेन्द्र गदालको बाल्यकाल सामान्य रूपमा बितेको देखिन्छ । आफ्नै जन्मथलो, काठमाडौं र अमेरिकाबाट उच्चशिक्षा हासिल गरेका गदाल अग्रज साहित्यकार र प्राकृतिक सुन्दरताले पारेको प्रभावका कारण साहित्य सिर्जनामा लागेको देखिन्छ । सरल व्यक्तित्वका धनी गदालका हालसम्म २ गीतसङ्ग्रह र ५ वटा एल्बमहरू प्रकाशित छन् । साहित्य लेखनका आधारमा उनको साहित्य यात्रालाई २ चरणमा विभाजन गरिएको छ । यस आधारमा हेर्दा उनी स्वच्छन्दतावादी लेखक

हुन भन्न सकिन्छ । उनका गीतहरू मानवीयप्रेम, प्रकृति वर्णन र देशप्रेमका कारण अनि बिम्ब र उपमाको प्रयोगले सरल बन्न पुगेका छन् । शैली, प्रस्तुति र सरल भाषा प्रयोगले उनका गीतहरू सम्प्रेष्य बनेका छन् । लोक र आधुनिक लयलाई लिएर विभिन्न बिम्ब, प्रतीक, अलङ्कारको प्रयोग गरी रचिएका उनका गीतहरू विभिन्न समयमा नेपाली तथा भारतीय गायक/गायिका र सङ्गीतकारका स्वर र सङ्गीतवद्ध भएका कारण गेयात्मक रहेका छन् । यसरी गदाल नेपाली साहित्यका एक कुशल साहित्यकारको कोटिमा देखिन्छन् ।

## परिशिष्ट

## ज्ञानेन्द्र गदालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्ने क्रममा लिइएको इमेल अन्तवार्ता

**१. तपाईको जन्म कहाँ र कहिले भयो?**

उत्तर- मेरो जन्म २०२० साल माघ २० गते शुक्रबार (January 17th, 1964) मा इलाम जिल्लाको फिक्कल गा.वि.स. ६, फिक्कल बजारमा भएको हो ।

**२. तपाइका आमा, बुबाको नाम के हो?**

उत्तर - मेरा बुबाको नाम स्व. चन्द्र बहादुर गदाल र आमाको नाम भक्तकुमारी गदाल हो ।

**३. तपाइको बाल्यकाल कसरी बित्यो ?**

उत्तर - सामन्य रूपमै जुन एक मध्यम वर्गीय परिवारका बच्चा हुर्किन्छन् त्यसरी नै बित्यो । मेरो सम्झनामा भएसम्म एक दिन घरको उत्तरपट्टि फागो सुब्बाहरूको फाटिलो बारी छ, त्यही बारीमा हामी साथीहरू तिलक, अम्बिर, सुजन मेरी दिदी लगायत खेल्दै थियौ । कात्तिकको समयमा मटर लटरम्म फलेको थियो, देविथानको मास्तिर रहेको त्यस मटरबारीमा खेल्दा बारी धनिकी छोरी रुकमिनीले देखेर लखेटन् थालिन् । म अलिक मोटो भएको कारण भाग्न नसकी लडे, अन्य साथी र दिदीहरू चाँहि भागे पछि मलाई रूकमिनीले गाली गर्दै माथि बाटा सम्म ल्याइदिइन् । साँझ घर आउदा आमाले सबैकुरा थाहा पाइसक्नु भएको रहेछ । दिदीलाई भाईलाई किन एक्लै छाडेर आइस भनेर गाली गर्नुभयो । त्यही साँझ देखि म बिरामी परे, लिम्बुको नयाँ बाली नचढाई खाएको र देविथानमा लडेका कारण मेरो सातो गएको भनि धामी झाँक्री लगाइयो । लामो समय सम्म निको नभएपछि बा-आमा चिन्तित हुनुभयो । त्यस समयमा उपचारका लागि गाउँघरमा स्वास्थ्य चौकी थिएन साधारण विरामी धामी झाँक्रीकै भरमा हुन्थे । अलि ठूलो विरामी भए भारतीय बजार दार्जिलिङ्ग लैजानु भयो । त्यस समय त्यहाँ नामी डाक्टर थिए खाडा उनले नै मेरो उपचार गरे । उपचारका क्रममा शरिरभरी प्लास्टर गरेर एक महिना पछि आउने भनी विदा दिए । तर घर आएपछि मेरो विराम झन् बढेर गयो र बुबाले त्यो प्लास्टर चक्कुको सहायताले काटेर फालिदिनु भयो । त्यस पछि गाउँघरकै वैद्य र धामी झाँक्रीले अनि व्यामकै कारण म हिड्न सक्ने भएँ । यसले गर्दा मेरो शरीरको पछाडि भाग मेरूदण्डको हाड केही माथि उठेको छ ।

**४. तपाइले शिक्षादिक्षा के कसरी लिनु भयो ?**

उत्तर : विमारका कारण म ढिलो मात्र विद्यालय जान पाएँ । मैले शिशु कक्षा देखि कक्षा सात सम्म स्थानिय फिक्कल नि.मा.वि. मा अध्ययन गरे । २०२८ सालमा करफोक मा.वि. बाट एस.एल.सि. उत्तिर्ण गरे । २०४७ मा व्यवस्थापन विषयमा त्रि.वि. बाट स्नातकोत्तर र सन् २००१ मा अमेरिकाको कोलोराडो युनिभर्सिटिबाट M.S.I.T अनि सन् २०१० मा अमेरिकाको कोलोराडो टेक्निकल युनिर्भसिटिबाट MBA in Account गरे ।

**५. तपाइको पारिवारिक पृष्ठभूमि कस्तो छ?**

उत्तर - हामी ५ जना दाजुभाइ र चार जना दिदी बहिनी सहित नौ जना मध्ये म तेस्रो सन्तान । म भन्दा माथि १ दाई र १ दिदी हुनुहुन्छ ।

**६. तपाइको विवाह कहिले को सँग भयो ?**

उत्तर- मेरो विवाह २०५४ साल असार महिनामा विराटनगर निवासी लता विश्वकर्मासँग भएको हो ।

**७. तपाइका छोराहरूको नाम र शैक्षिक अवस्था कस्तो रहेको छ ?**

उत्तर - दुई छोरा सरगम र सरल क्रमशः Middle School मा Grade III र Primary school Grade VI मा अध्ययनरत छन् । दुबैको शैक्षिक प्रगति सन्तोष जनक नै छ ।

**८. तपाइको साहित्य लेखनको प्रारम्भ कहिले बाट भयो र को बाट प्रेरित हुनुभयो ?**

उत्तर - म विद्यालय स्तर देखिनै लेखनमा रूचि राख्थे औपचारिक रूपमा २०३९ सालमा सेवा पत्रिकामा एउटा कविता छपाएको थिए । जसको शिर्षक हाल थाहा छैन । लेखनका लागि प्रेरणा भनेको आफ्नै गाँउघरबाट राष्ट्रिय व्यक्तित्वका रूपमा ख्याति कमाएका डा. तारानाथ शर्मा, विरेन्द्र खुजेली, विष्णु नवीन, पासाङ्ग गोपर्मा अनि इलाम र दार्जिलिङ्गको प्राकृतिक मनमोहकताले नै गर्दा म लेखनमा लागे ।

**९. तपाइका हाल सम्म प्रकाशित कृतिहरु के के छन्?**

उत्तर- मेरा हालसम्म दुईवटा गीतसङ्ग्रह मलाई छुने मन र झरीपछिको आकाश अनि पाँच एल्बमहरु यौवन, आँखीझ्यालैमा, मौनता, परदेश र सम्झनाका छालहरु प्रकाशित छन् ।

**१०. तपाइको रुची तथा स्वभाव कस्तो छ?**

उत्तर - साहित्य र संगीतको माध्यमबाट जनचेतना जागृत गराउने काममा लाग्ने रूचि रहेको छ । मानवीय संवेदनाप्रति सचेत छु । विशुद्ध शाकाहरी आहार सेवन गरी अरूलाई

यसै प्रति आकर्षित हुन प्रेरित गर्ने रूचि छ । जीवनमा पैसा भन्दा प्रतिष्ठालाई महत्त्व दिदै आफ्ना कारणबाट अरूको हानी नहोस भन्ने स्वभावबाट अभिप्रेरित छु ।

**११. तपाइको आफ्नो र पिताको आर्थिक स्थिति कस्तो थियो र छ ?**

उत्तर - हाम्रो परिवार मध्यमवर्गीय शिक्षित वर्गमा पर्ने परिवार हो । बुबाको सुन चाँदीको व्यवसाय थियो । आमा खेतिपातिमा साथै घर गृहस्थी सञ्चालन सामाजिक सेवा र राजनीतिक सक्रीय हुनुहुन्छ । मेरो आर्थिक स्थिति सामान्य नै रहेको छ । व्यवसाय र पेशाप्रति सन्तुष्ट छु ।

**१२. तपाइको जीवनको अविस्मरणीय घटना के रहेको छ?**

उत्तर - २०४७ सालमा तत्कालिन राजा विरेन्द्रसँग नारायणहिटी दरबारमा पाएको दर्शनभेट र सन् २०११ सेप्टेम्बर २७ मा कोलोराडोस्थित लिंकन हाइस्कुलमा अमेरिकी राष्ट्रपति बाराक ओबामासँगको प्रत्यक्ष भेट मेरा लागि अविस्मरणीय रहेको छ ।

**१३. तपाइले कहाँ-कहाँ को भ्रमण गर्नुभयो ?**

उत्तर- नेपालभित्र काठमाडौ, पोखरा लगायत ६० भन्दा बढी जिल्लाको भ्रमण गरेको छु । नेपाल बाहिर अमेरिका, जापान, कोरिया, भारत, सिङ्गापुर, हङ्कङ् लगायतका देशको भ्रमण गरेको छु ।

**१४. तपाइको सामाजिक संलग्नता के-कस्तो छ?**

उत्तर - म मेरो चेतनाले काम गरेदेखिनै गाउँ घरमा हुने सामाजिक, सांस्कृतिक कार्यमा संलग्न र सहभागि हुन्थे । सांगीतिक, साहित्यिक माहौल रूचाउने स्वभाव सानै देखि थियो ।

**१५. तपाइको शिक्षाप्रतिको धारणा कस्तो रहेको छ?**

उत्तर - सैद्धान्तिक भन्दा व्यवहारिक शिक्षालाई जोड दिन्छु । शिक्षाले जगतलाई उज्यालो बनाउँछ भन्ने सोच रहेको छ । पैसा जीवन चलाउने माध्यम हो, शिक्षा जीवन उजिल्याउने साधन हो ।

**१६. तपाइको बैचारिक जीवन दर्शन के हो?**

उत्तर- संकीर्णताबाट माथि उठ्न सके मात्र जीवनको असल मार्ग पहिल्याउँछ । यसका लागि मानसिक रूपमा धेरैखाले चुनौतिका पहाडहरू छिचोल्नुपर्छ । जानी जानी होस गुमाएर गल्ति दोहोऱ्याउनका कारण मानिसले जीवनभर दुःख भेल्नु परेको हो । पलपलमा होस सम्हालेर काम गर्न सके गल्ति नदोहोरिने सम्भावना बढी रहन्छ र दुःख कम हुन्छ ।

**१७. तपाइको बैचारिक निष्ठा के-हो?**

उत्तर- इमान्दारिता र सत्यवादिताले मानिसको शिर कहिल्यै कसैसामु झुकाउदैन । दुःखमा परेका जो कोहीलाई सकेको सहयोग पुऱ्याउनु धर्म हो । अरूको कुभलो चिताउनु पाप हो । यी दुबै सुकर्म र कुकर्मका पाटाहरू हुन । धार्मिक प्रवृत्ति र आचरणले नै सबैको कल्याणको मार्ग तय हुन्छ यो मेरो मान्यता हो ।

**१८. तपाइको पेशागत संलग्नता के-कस्तो रह्यो ?**

मेरो पेशागत संलग्नता निम्न लिखित रहेको छ-

६. उत्तर - २०४१-२०४७ सालसम्म खाद्यसंस्थान, राष्ट्रिय कम्प्युटर केन्द्र, रेडियो नेपालमा कर्मचारीका रूपमा कार्य गरेको छु ।

७. २०४७-२०५४ साल तत्कालिन श्री ५ को सरकारको निजामति सेवामा रही निर्वाचन आयोग र वन मन्त्रालयमा अधिकृतका रूपमा कार्य गरेको छु ।

८. सन् २०००-२००५ सम्म State of Colorado अर्न्तगत Auraria Higher Education Center मा Financial Assistant

९. सन् २००६-२००९ सम्म American Health and Science university मा Senior Accountant

१०. सन् २०१०-२०१३ सम्म विभिन्न कम्पनिहरूमा Database Administrator (It professional).

**१९. तपाइको संस्थागत संलग्नता के कस्तो रहेको छ?**

**अ. नेपालमा रहँदा**

१. नेपाल साहित्य पत्रकार संघको आजीवन सदस्य (२०४३)

२. इलामेली समाज काठमाडौंको संस्थापक सदस्य (२०४३)

३. नेपाल साँस्कृतिक संघ काठमाडौंका संस्थापक सदस्य (२०४७)

४. राजा पुस्तकालय फिककलका संस्थापक सदस्य (२०४८)

५. नारायण गोपाल संगीत कोषका कार्यकारी सदस्य (२०४८ देखि २०५४)

**आ. अमेरिकी जीवनमा रहँदा**

१. संस्थापक सदस्य Academy of Nepalese pots and writers D.C. America - 2001

२. विशिष्ट सदस्य International Society of poets U.S.A. - 2001

३. Counselor Nepalese Academy of North America 2009

४. सल्लाहकार विश्व साहित्य महासंघ - 2001

५. प्रथम निर्वाचित अध्यक्ष अनेसास केन्द्रीय कार्य समिति २०१०-२०१२

६. सल्लाहकार Nepali Association in South east America 2013-2015

७. Chairmen MD/SG Publications, Colorado U.S.A. 2013 to present

८. सल्लाहकार Rocky Mountain Friends of Nepal Colorado - 2015

९. सल्लाहकार अन्तर्राष्ट्रिय नेपाली कलाकार समाज कोलोराडो अमेरिका २०१५

**इ. विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय गोष्ठी तथा सेमिनारको आयोजनामा संलग्नता**

१. Coordinator Poetry and literature committee ANDA convention 2003 U.S.A.

२. Member of coordination committee poetry and literature committee – 2004

३. Advisor of coordination committee poetry and literacute committee ANA convention 2005 U.S.A.

४. Sub coordinator 1st International Nepalese literary festival 15 August 2009 New York

५. Chief coordinator INCS/NRN Literacy festival on 2nd NRN Global conference in Kathmandu October 12, 2009.

६. Chair for 2nd international Nepalese literacy festival organized by INLS in London UK 2011.

७. Chair for INLS NRN literacy festival on 3rd Global conference in Kathmandu October 2011.

**२०. तपाइले हालसम्म पाउनु भएका मानसम्मान तथा पुरस्कारहरु के-के छन्?**

मैले हाल सम्म पाएका पुरस्कार र सम्मान निम्न लिखित छन् -

१४. उत्कृष्ट लेखक पुरस्कार तथा सममान २०५० दायित्व प्रकाशन काठमाडौं

१५. सर्वोत्कृष्ट गीत रचना पुरस्कार २०५४ रेडियो नेपाल काठमाडौं

१६. उत्कृष्ट गीत लेखनका लागि अनेसास हरिभक्त कटुवाल स्मृति पुरस्कार २०६० अमेरिका

१७. एपेक सम्मान (२०६८ APE – Nepal) काठमाडौं

१८. लेखनका माध्यमद्वारा विश्वमा नेपाली साहित्यको प्रचार प्रसारमा योगदान गरेवापत काभ्रे जिल्लाका विभिन्न १६ वटा साहित्यिक संघसंस्थाद्वारा सामुहिक रूपमा अभिनन्दन तथा सम्मान २०६८ बनेपा काभ्रे ।

१९. व्यथित काव्य पुरस्कार २०६८ काठमाडौं

२०. अभियान श्री सम्मान २०६८ काठमाडौं

२१. ज्योति साहित्य सम्मान २०६९ काठमाडौं

२२. नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा सम्मान २०६९ काठमाडौं

२३. इलामेली समाजद्वारा सम्मान २०६९ काठमाडौं

२४. Dr. Ambedkar International Brotherhood Award 2012 भारतीय दलित साहित्य एकेडेमी नयाँ दिल्ली ।

२५. INLS Florida chapter and INLS Colorado chapter द्वारा सम्मान - 2012, USA.

२६. नेपाली साहित्यमा योगदान गरेवापत Rocky mountain friends on Nepal Colorado द्वारा - 2006

**२१. तपाईका हाल सम्म रेकर्ड भएका गीत र एल्बम अनि गायक सङ्गीतकारको नाम बताइदिनु हुन्छ कि?**

१. एल्बमको नाम : यौवन

उत्पादक संस्था : म्युजिक नेपाल (२०५१)

| क.सं. | गीतको शीर्षक | गायक/गायिका | संगीतकार |
|---|---|---|---|
| १ | गीत सङ्गीत तरंग त | प्रकाश श्रेष्ठ | प्रकाशराज गुरूङ्ग |
| २ | मन किन भयो चञ्चल | सुस्मित गुरूङ्ग र बिमला राई | प्रकाशराज गुरूङ्ग |
| ३ | धेरै भयो यी आँखामा | कुवेर राई र लरेटो सिंह | प्रकाशराज गुरूङ्ग |
| ४ | शुभकामना छ मेरो | यम बराल | प्रकाशराज गुरूङ्ग |
| ५ | मलाई तिम्रो परेलीमा | कुबेर राई र बिमला राई | कमल गुरूङ्ग |
| ६ | आकाशको तारा सबै | प्रदीराज पाण्डे र उषाकिरण अधिकारी | मिलन मोक्तान |

२.	एल्बमको नाम : आँखी झ्यालैमा

उत्पादक संस्था : श्रद्धा रेकडिङ्ग स्टुडियो, काठमाडौं (२०५३)

| क.सं. | गीतको बोल | गायक/गायिका | संगीतकार |
|---|---|---|---|
| १ | सागुरीको हावाले | बालन्द राई र उषाकिरण अधिकारी | बालन्द राई |
| २ | बतास चल्यो हुरूरू | बालन्द राई र बलराम समाल | बालन्द राई |
| ३ | हाँस न साईली | बालन्द राई | बालन्द राई |
| ४ | इलामको बजार रमाइलो | बालन्द राई | बालन्द राई |
| ५ | साउनेको लेकमा | बालन्द राई र उषाकिरण अधिकारी | बालन्द राई |
| ६ | आँखी झ्यालेमा | बालन्द राई र उषाकिरण अधिकारी | बालन्द राई |
| ७ | छिनमा हुर्केकी | बालन्द राई उषाकिरण अधिकारी | बालन्द राई |
| ८ | वर्षा लाग्यो | बालन्द राई र बलराम समाल | बालन्द राई |
| ९ | इलामको बजार | लरेटो सिंह | बालन्द राई |

३.	एल्बमको नाम : मौनता

उत्पादक संस्था : श्रद्धा रेकडिङ्ग स्टुडियो, काठमाडौं (२०५४)

| क.सं. | गीतको बोल | गायक/गायिका | संगीतकार |
|---|---|---|---|
| १ | दिन ढल्यो अँधेरी रातमा | यसोदा पराजुली | गणेश पराजुली |
| २ | सम्हाल्दै जाउ यो मनलाई | रामकृष्ण ढकाल | पासर मुकारूङ्ग |
| ३ | कुन शहरमा घुम्दै होला | लेखु विवस | बुलु मुकारूङ्ग |
| ४ | पर्ख है मेरी प्रेयशी | कुबेर राई | टीका भण्डारी |
| ५ | चर्किसकेको हृदयलाई | धन बहादुर गोपाली | नातिकाजी |
| ६ | दिलभरी रहुँ आँखाभरि | शम्भु राई | शम्भु राई |
| ७ | हिड्दा हिड्दै ठेस लाग्यो | कुवेर राई | धनन्जय थापा |
| ८ | मुस्कानले मात्रै पनि | केशव उप्रेती | शम्भु राई |
| ९ | सम्झनाका घाउहरू | शम्भु राई | शम्भु राई |

४.	एल्बमको नाम : परदेश

उत्पादक संस्था : धौलागिरी क्यासेट सेन्टर, काठमाडौं (२०६२)

| क.सं. | गीतको बोल | गायक/गायिका | संगीतकार |
|---|---|---|---|
| १ | भृकुटी बुद्ध जन्मेको | किरण प्रधान, रूवी जोशी, रामकृष्ण ढकाल, ज्ञानु राणा, सिन्धु मल्ल | टीका भण्डारी |
| २ | दु:खमा आँशु झार्ने | यम बराल | टीका भण्डारी |
| ३ | कति घाउनु लेकबेंशी | मदनकृष्ण श्रेष्ठ | टीका भण्डारी |
| ४ | खोलानाल पहाडले | टीका भण्डारी | टीका भण्डारी |
| ५ | बर्षदिनको खुशीसँगै | जगदिश समाल | टीका भण्डारी |
| ६ | संझेर हो कि मायाले आज | सम्झना भण्डारी | टीका भण्डारी |
| ७ | कथा हाम्रो बेग्लै | घिरज श्रेष्ठ | टीका भण्डारी |
| ८ | तिमीलाई बिर्सु भन्थे | सपना श्री | टीका भण्डारी |
| ९ | तिम्रो मुहार जुनेलीको | धिरज श्रेष्ठ | टीका भण्डारी |
| | चकिसकेको हृदयलाई | नारायण श्रेष्ठ | टीका भण्डारी |

५.	एल्बमको नाम : सम्झनाका छालहरु

उत्पादक संस्था : इभरग्रीन क्रियसन प्रा.लि., काठमाडौं (२०७०)

| क.सं. | गीतको बोल | गायक/गायिका | संगीतकार |
|---|---|---|---|
| १ | तिमीसँग बितेका | आशा भोस्ले | रंञ्जित गजमेर |
| २ | बोली र बातहरू | उदय र मनिला सोताङ्ग | रंञ्जित गजमेर |
| ३ | जागीबसे रातभर | दीप श्रेष्ठ | रंञ्जित गजमेर |
| ४ | साँचो छ मेरो माया | राजेश पायल राई र माण्डवी त्रिपाठी | रंञ्जित गजमेर |
| ५ | प्रणय दिवस | कुवेर राई र अञ्जना गुरूङ्ग | रंञ्जित गजमेर |
| ६ | दार्जिलिङ्ग शहर | प्रसान्त तामाङ्ग | रंञ्जित गजमेर |
| ७ | जन्मदिनको शुभकामना | साधना सरगम | रंञ्जित गजमेर |
| ८ | जुन मायामा सर्त नहोस् | उदय र मनिला सोताङ्ग | रंञ्जित गजमेर |

# सन्दर्भ सामग्री सूची

ढकाल, मुक्तिनाथ, **जी शाहको गीतकारिता,** अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि.नेपाली केन्द्रीय विभाग,२०६२ ।

ढकाल, प्रतीक, "मुटु छुने गीत लेख्छन् ज्ञानेन्द्र", गदाल ज्ञानेन्द्र **झरीपछिको आकाश,** गीतसङ्ग्रह अमेरिका : सङ्गम गृह प्रकाशन २०७० ।

पराजुली, कृष्णप्रसाद, "ज्ञानेन्द्रका गीतमाथि अलिकति फूलपात", गदाल ज्ञानेन्द्र **झरीपछिको आकाश,** गीतसङ्ग्रह अमेरिका : सङ्गम गृह प्रकाशन, २०७० ।

बराल, कृष्णहरि, **गीतसिद्धान्त र इतिहास,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार २०६० ।

.................., "आकाश पक्कै खुल्छ," गदाल ज्ञानेन्द्र **झरीपछिको आकाश,** गीतसङ्ग्रह अमेरिका : सङ्गम गृह प्रकाशन २०७० ।

मुकारुङ्ग, बुलु, "कुन शहरमा घुम्दै होला मलाई छुने मन", गदाल ज्ञानेन्द्र **मलाई छुने मन,** गीतसङ्ग्रह अमेरिका : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज २०५९ ।

लुइटेल, खगेन्द्रप्रसाद, **आधुनिक नेपाली समालोचना**, काठमाडौं : ने.रा.प्र.प्र. २०५७ ।

.................., **कविताको संरचनात्मक विश्लेषण**, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि. २०५८ । मानविकी तथा सामाजिक शास्त्र सङ्काय ।

................., "पुराना पिढीका नयाँ कवि हरिभक्त बुढाथोकीको सिर्जनधर्मिता", बुढाथोकी हरिभक्त, **हाम्रो देश हाम्रै भविष्य**, काठमाडौं : विराग बुढाथोकी २०६२ ।

विरही, गगन, "प्रिय ज्ञानेन्द्र" गदाल ज्ञानेन्द्र, **मलाई छुने मन,** गीतसङ्ग्रह, अमेरिका : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज २०५९ ।

शर्मा, तारानाथ, "छातिभित्र भुल्भुलिएका गीत", गदाल ज्ञानेन्द्र **मलाई छुने मन,** गीतसङ्ग्रह अमेरिका : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज २०५९ ।

सुवेदी होमनाथ, "दुई शब्द" गदाल ज्ञानेन्द्र **मलाई छुने मन** गीतसङ्ग्रह, अमेरिका : अन्तराष्ट्रिय नेपाली साहित्य समाज २०५९ ।